सबै अट्ने देश
सबैलाई जोड्ने कांग्रेस

## सुशासन र समुन्नतिको लागि



# नेपाली कांग्रेसको प्रतिज्ञा

प्रतिनिधिसभा निर्वाचन २०८२

# विषय सूची


| | |
|---|---|
| श्रद्धा र सम्मान | ३ |
| आजको राजनीति र बदलिएको कांग्रेस | ६ |
| बदलियो कांग्रेस : सम्हाल्छौं परिवेश, बदल्छौं देश | ८ |
| **VIS10N** | १६ |
| अबको नेपाल : सुशासित नेपाल | २२ |
| हाम्रो अर्थतन्त्र : उदार, उत्पादनमुखी र न्यायमूलक अर्थतन्त्र | ३२ |
| युवा शक्ति : देशको मूल शक्ति | ४३ |
| रोजगारी, सिप र श्रम | ४९ |
| वैदेशिक रोजगारी | ५७ |
| स्वास्थ्य | ६५ |
| शिक्षा | ७४ |
| कृषि | ८२ |
| गरिबी निवारण | ८८ |
| सामाजिक सुरक्षा | ९२ |
| दिगो भौतिक पूर्वाधार | ९५ |
| व्यवस्थित गाउँ सहर | १११ |
| प्राकृतिक स्रोत | ११४ |
| भू-उपयोग | १२१ |
| खानी तथा खनिज पदार्थ | १२३ |
| पर्याप्त ऊर्जा : दिगो पूर्वाधार | १२४ |
| दूरसञ्चार, सूचना प्रसारण, सूचना प्रविधि र डिजिटल रूपान्तरण | १२९ |
| समावेशी, सुरक्षित र डिजिटल नेपाल | १२९ |
| पर्यटन | १३६ |

सहकारी – लघुवित्त १४१
वातावरण संरक्षण र जलवायु परिवर्तन १४४
विपद् व्यवस्थापन १४८
सामाजिक न्याय, समावेशिता र समावेशी विकास १५१
नेपाली डायस्पोरा : अटुट सम्बन्ध; विस्तारित नेपाल १७०
हाम्रो सभ्यता, हाम्रो संस्कृति १७५
खेलकुद १८०
संविधानको संस्थागत विकास र सङ्घीयताको सबलीकरण १८४
कसरी कार्यान्वयन गर्छौं ? १९१

# श्रद्धा र सम्मान

**अभिवादन** नेपाली कांग्रेस देशभित्र र संसारभरि रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दिदीबहिनी तथा दाजुभाइमा आत्मीय सम्मान प्रकट गर्दै 'जय नेपाल' को न्यानो **अभिवादन** गर्दछ ।

**श्रद्धाञ्जली** नेपाली कांग्रेस २००७ सालको ऐतिहासिक जनक्रान्ति अघिदेखि २०८२ सालको 'जेन-जी' विद्रोहसम्म लोकतन्त्र र मानव अधिकारका लागि आफ्नो प्राण उत्सर्ग गर्ने अमर सहिदहरूप्रति उच्च सम्मानका साथ हार्दिक **श्रद्धाञ्जली** अर्पण गर्दछ ।

**सम्मान** नेपाली कांग्रेस लोकतान्त्रिक आन्दोलनको आदर्श र चेतनालाई जीवित राख्न कठोर सङ्घर्ष, कारावास, निर्वासन र आन्तरिक विस्थापनको पीडा ब्यहोरेका लाखौँ नेपालीको अदम्य साहस र समर्पणलाई स्मरण गर्दै उहाँहरूप्रति **उच्च सम्मान** प्रकट गर्दछ ।

**स्मरण** नेपाली कांग्रेस हाम्रा पथ-प्रदर्शक जननायक बिपी कोइराला, आदरणीय नेताहरू सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइरालालाई उच्च श्रद्धा गर्दै नेपालको लोकतन्त्रको सङ्घर्षशील यात्राका विभिन्न कालखण्डमा महत्त्वपूर्ण योगदान गर्नुहुने थिरबम मल्ल, दुर्गानन्द झा, योगेन्द्रमान शेरचन, सूर्यप्रसाद उपाध्याय, दिवानसिंह राई, रामनारायण मिश्र, महेन्द्रनारायण निधी, धनमानसिंह परियार, राधाकृष्ण थारू, तुरसा हेमरम, मङ्गलादेवी सिंह, द्वारिकादेवी ठकुरानी, देवव्रत परियार, शेख इद्रीश, नारदमुनि थुलुङ, आर. बी. गहतराज, शैलजा आचार्य, भीमबहादुर तामाङ, सिके प्रसाई, प्रेमराज आङदेम्बे, पदमबहादुर आले, बखानसिंह गुरूङ, बलबहादुर राई, लगायतका सयौँ अग्रज तथा योद्धाहरूलाई सम्मान र **हृदयदेखि स्मरण** गर्दछ ।

**गौरव** नेपाली कांग्रेस आफ्नो नेतृत्वमा भएको २००७ सालको क्रान्ति; २०४६ र २०६२-०६३ सालका ऐतिहासिक जनआन्दोलनहरू; नेपालको शान्ति प्रक्रिया; संविधानसभा निर्वाचन; सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना; संविधानसभाबाट संविधान निर्माण र त्यसपश्चात् तिनै तहको निर्वाचन सम्पन्न गरी नेपालको राजनीतिलाई नयाँ गति प्रदान गर्न तथा संविधानको रक्षा र कार्यान्वयनमा पार्टीले खेलेको उदार; समन्वयकारी र नेतृत्वदायी भूमिकाको स्मरण गर्दै संविधान निर्माणको त्यो ऐतिहासिक **क्षणप्रति गौरव** गर्दछ ।

**आत्मसात** नेपाली कांग्रेस महिला, युवा, मधेसी, दलित, आदिवासी जनजाति, मुस्लिम, थारू, पछाडी परिएका, विकट भौगोलिक क्षेत्र, अपाङ्ता, भूमिहीन, पूर्व कमैया र कमलरी, बादी, यौनिक अल्पसङ्ख्यक समुदाय लगायत देशका विभिन्न जाति, वर्ग, लिङ्ग र क्षेत्रले आफ्नो विशिष्ट भाषिक, जातीय र सांस्कृतिक पहिचान, प्रतिष्ठा र सङ्घीय एवम् समावेशी शासन प्रणाली र सुशासनका लागि गरेको शान्तिपूर्ण सङ्घर्ष लोकतन्त्रलाई जीवन्त, गतिशील र प्रभावकारी बनाउने दिशाका महत्त्वपूर्ण पाइला हुन् भन्ने **आत्मसात** गर्दछ ।

**प्रतिबद्धता** नेपाली कांग्रेस आफ्नो नेतृत्वमा हासिल भएका राजनीतिक, आर्थिक र सामाजिक उपलब्धिको सगौरव स्वामित्व लिँदै सरकार सञ्चालनको क्रममा वा प्रतिपक्षको भूमिकामा रहँदा जानेर वा नजानेर भएका कमजोरीबाट शिक्षा लिएर तिनलाई दोहोरिन नदिन **दृढ प्रतिबद्धता व्यक्त** गर्दछ ।

**प्रण** नेपाली कांग्रेस सङ्घीय लोकतन्त्रको सीमाभित्र 'बहुलता र विविधताबिचको एकता; आम नेपालीको सच्चा राष्ट्रियता' भन्ने मान्यताका साथ संविधान कार्यान्वयन गर्दै समुन्नत नेपालको ध्येयलाई पूरा गरी छाड्ने **प्रण गर्दछ** ।

**प्रतिज्ञा** नेपाली कांग्रेस विगतमा जस्तै भविष्यमा पनि नेपाली जनताले सुम्पिएको हरेक अभिभारालाई निष्ठा र इमादारीपूर्वक वहन गरी लोकतन्त्र, संविधान, मानव अधिकारको संरक्षण र संवर्धनका निम्ति प्रतिबद्ध छ

र स्वतन्त्रता, सुशासन र सहज सेवाप्रवाहका लागि नवयुवा विद्रोहबाट व्यक्त आकांक्षालाई सम्पूर्ण रूपले आत्मसात गर्दै तदअनुरूप पार्टी पूर्णतः रूपान्तरित भएको उद्घोषका साथ लोकतन्त्रको रक्षा, देशको समुन्नति र नागरिकको सम्मानलाई नै आफ्नो राजनीतिको मुख्य ध्येय बनाउने **प्रतिज्ञा गर्दछ** ।

**अठोट** नेपाली कांग्रेस सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको गतिशील कार्यान्वयन र सामयिक संशोधन गरी राष्ट्रका ज्वलन्त मुद्दाहरूको सम्बोधन गर्न नेतृत्वदायी सामर्थ्यका साथ तयार छ । जननायक बिपी कोइरालाले प्रतिपादन गर्नु भएको प्रजातान्त्रिक समाजवादको मार्गचित्रलाई बदलिएको युगको आवश्यकता र सन्दर्भसँग सामञ्जस्य कायम गरी सामाजिक न्याय र साझा समुन्नतिको मार्गमा अविचलित रहने **अठोट व्यक्त** गर्दछ ।

**आह्वान** नेपाली कांग्रेस जनताले सुम्पिएका हरेक युगान्तकारी र चुनौतीपूर्ण अभिभारालाई इमानदारी र निष्ठापूर्वक निर्वाह गरिआएको गौरवपूर्ण इतिहासको पुनः स्मरण गर्दै समुन्नत नेपाल निर्माणको महाभियानमा नवीन ऊर्जा, उच्च उत्साह र अटुट एकताका साथ एकाकार हुन देशविदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूमा **हार्दिक आह्वान** गर्दछ ।

**अपिल** नेपाली कांग्रेस यही फागुन २१ मा सम्पन्न हुने प्रतिनिधिसभा निर्वाचनमा उत्साहपूर्वक सहभागी भई आफ्नो मत प्रकट गर्न सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी र दाजुभाइमा हार्दिक **अपिल गर्दछ** ।

जय नेपाल !

# आजको राजनीति र बदलिएको कांग्रेस

## जनआवाजको सम्मान : पूर्ण रूपान्तरण र सुशासनको सङ्कल्प

*आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू*
*जय नेपाल !*

गत भदौमा भएको नवयुवा विद्रोहपछि नेपाली राजनीति एउटा विशिष्ट र चुनौतीपूर्ण मोडमा आइपुगेको छ । यो विद्रोह किन भयो ? यो आजको चुरो प्रश्न हो । यो विद्रोहपश्चात् समाजमा दुई प्रकारका चिन्ताजनक प्रवृत्ति देखिएका छन् ।

*पहिलो*, **परिस्थिति र परिवर्तनलाई स्वीकार नगर्ने प्रवृत्ति** अर्थात् यो कुनै ठुलो घटना होइन; यो केवल षड्यन्त्र हो भन्ने सोच । यसरी वास्तविकतालाई नकार्ने (डिनायल) प्रवृत्तिले न जिम्मेवारी लिन चाहन्छ न त दीर्घकालीन निकास दिन सक्छ बरू त्यसले विद्रोहको मूलभूत कारणलाई नै पन्छाउन खोज्छ । यस्तो प्रवृत्तिले नेपालको राजनीतिलाई भदौ २३ अगाडिकै अवस्थामा राखिरहन चाहन्छ र त्यसमै आफूलाई सुरक्षित ठान्दछ ।

*दोस्रो*, **परिस्थितिको फाइदा उठाउने प्रवृत्ति** अर्थात् नवयुवा विद्रोहलाई रणनीतिक रूपमा प्रयोग गरेर राजनीतिक अभीष्ट पूरा गर्ने प्रवृत्ति । यस्तो प्रवृत्तिले उत्तेजना र घृणामार्फत मुलुकलाई तीव्र ध्रुवीकरणतर्फ धकेल्न खोज्छ । यसले जनताको पीडा र खासगरी नवयुवाको सङ्घर्षलाई आफ्नो स्वार्थको पुँजी बनाउँदै त्यसको लाभांश (डिभिडेन्ड) लिन खोज्छ ।

नेपाली कांग्रेस यी दुबै प्रवृत्तिको विरूद्धमा छ । न हामी नवयुवाको विद्रोहलाई बेवास्ता गर्ने वा 'नकार्ने' राजनीतिमा विश्वास गर्छौं न त जनता र नवयुवाको पीडाबाट राजनीतिक लाभ उठाउने 'लाभांश' को राजनीतिमा विश्वास गर्छौं । नेपाली कांग्रेस सङ्कटबाट भाग्दैन र सङ्कटलाई पन्छाउन वा त्यसबाट लाभ उठाउन खोज्दैन ।

त्यो विद्रोह सार्वजनिक संस्थाहरूको गिर्दो साख; व्याप्त कुशासन र भ्रष्टाचार विरूद्ध सुशासन र जवाफदेहिताका लागि भएको एउटा विस्फोट हो भन्ने नेपाली कांग्रेसको

निष्कर्ष छ । विद्रोहमार्फत नवयुवाले हामीले अँगालेको लोकतन्त्रिक व्यवस्थालाई अस्वीकार गरेका होइनन् बरू यसमा व्यापक सुधार खोजेका हुन् । राजनीतिक दलहरूसँग पारदर्शिता, योग्यता, कार्यक्षमता र विश्वास मागेका हुन् । हामीले लिएका नीति, कार्यशैली, प्रवृत्ति र कतिपय पात्रमा समेत परिवर्तनको माग गरेका हुन् । त्यसैले भदौ २३ अगाडि र भदौ २५ पछाडिको नेपालको सामाजिक–राजनीतिक परिदृश्य एउटै होइन ।

एउटा जिम्मेवार राष्ट्रिय शक्ति भएका नाताले कांग्रेसले परिस्थितिलाई गहन रूपमा बुझ्छ, सम्हाल्छ र समाधान खोज्छ । त्यसैले हामी परिवर्तनका लागि मुखरित आवाजलाई ग्रहण गर्दै; तिनलाई संस्थागत ढाँचा प्रदान गर्दै नेपाली समाजलाई अगाडि लैजान चाहन्छौं ।

निश्चय नै यो परिस्थिति आउनुमा कुनै एक व्यक्तिको मात्रै दोष थिएन, तर संसदको सबैभन्दा ठूलो दल र तत्कालीन सरकारको प्रमुख हिस्सेदार हुनुका नाताले सरकार र राजनीतिक प्रणालीप्रति लक्षित जनअसन्तुष्टिलाई नेपाली कांग्रेसले गम्भीरतापूर्वक बोध गर्नै पर्थ्यो र गर्‍यो । यो नै अहिलेको आवश्यकता र अपरिहार्यता थियो ।

कांग्रेसको गौरवशाली परम्परा नै यही हो, जनआवाजलाई शिरोधार्य गरी हरदम आफूलाई बदल्न तत्पर रहनु । हाम्रा अग्रजहरूले मूलुक र पार्टीका सम्स्याको हल खोज्न कहिल्यै पनि आफ्ना व्यक्तिगत दृष्टिकोण र चाहनालाई प्राथमिकता दिनु भएन । कांग्रेसले सधैं देश र जनताको हित हुनेगरी पहलकदमी लिएको गौरवपूर्ण इतिहास छ। हामी महाधिवेशनमार्फत् त्यही आत्मबोध र सङ्कल्पका साथ आएका छौं ।

## हामी प्रस्ट छौं :

- वि. सं. २०८२ साल भदौ २३ र २४ गतेको नवयुवा विद्रोहको क्रममा भदौ २३ गते भएको दमन र २४ गतेको विध्वंसमा भएका मानवीय क्षतिलगायत गम्भीर मानवअधिकार उल्लङ्घन तथा हिंसाजन्य ज्यादतीका घटनाहरूको यथाशीघ्र स्वतन्त्र, निष्पक्ष छानबिनमार्फत सत्य अन्वेषण तथा न्याय निरूपण गरिनु पर्दछ। घटनामा संलग्न दोषीहरूलाई कानुनको कठघरामा उभ्याई पीडितलाई न्याय सुनिश्चित गर्ने विषयमा नेपाली कांग्रेसको अविचलित प्रतिबद्धता छ ।

- युवा पुस्तामा देखिएको अभूतपूर्व जागरण हाम्रो समाजको जीवन्त राजनीतिक पुँजी र युगीन चेतनाको संवाहक हो । युवाहरूमा देखिएको परिवर्तनको त्यो उत्कट चाहनालाई नेपाली कांग्रेस उच्च सम्मानका साथ ग्रहण गर्दै जेनजी पुस्ता र नेपाल सरकारबिच भएको सम्झौतालाई कानुनसम्मत कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दछ । राष्ट्र निर्माणमा युवा साझेदार र सहनिर्माता हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै राजनीतिमा युवाको अर्थपूर्ण सहभागिता र निर्णायक प्रतिनिधित्व सुनिश्चित गर्न नीतिगत र संरचनागत प्रबन्ध मिलाउने दृढ प्रतिबद्धता व्यक्त गर्दछ ।

- भ्रष्टाचारको समूल अन्त्य, सुशासनको प्रत्याभूति र सूचनाको हक सुनिश्चितताको माग युवाको मात्र होइन; हरेक नेपालीको माग हो । र, हक पनि हो । सुशासनको प्रत्याभूति र विधिको शासनका निम्ति नेपाली कांग्रेस सम्झौतारहित सङ्कल्प गर्दछ । संविधानको मर्म र लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात गर्दै जनभावना अनुरूप देशलाई सुशासनसहितको समुन्नतिको दिशामा अघि बढाउन नेपाली कांग्रेसले प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ ।

# बदलियो कांग्रेस : सम्हाल्छौं परिवेश, बदल्छौं देश

## विगतको गौरवपूर्ण स्मरण : भविष्यको सङ्कल्प

नेपाली कांग्रेस पार्टीले आफ्नो स्थापनाकालदेखि नै इतिहासका विशिष्ट मोडमा युगान्तकारी निर्णय गर्दै समाजलाई अघि बढाएको थुप्रै नजिर छन् । नेपाली कांग्रेसले २००३ सालदेखि शान्तिपूर्ण जनआन्दोलनको नेतृत्व गर्दै जहानियाँ राणा शासनका विरूद्ध २००७ सालमा जनक्रान्तिमार्फत् स्वतन्त्रता, नागरिक सर्वोच्चता, मानव अधिकार र प्रजातन्त्रको स्थापना जस्ता जनभावनालाई मुखरित गरेको थियो ।

२०१५ सालमा निर्वाचित बिपी कोइराला नेतृत्वको समावेशी सरकारले १८ महिनाको छोटो अवधिमा नेपाली कांग्रेसले राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका लागि समग्र राज्य संयन्त्रलाई गतिशील बनाएको तथ्यलाई नेपाली कांग्रेस सगौरव स्मरण गर्दछ ।

२०४६ सालको जनआन्दोलनमार्फत कांग्रेसको नरतृत्वमा जनाधिकारको बहाली र बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएको थियो । २०४८ सालको निर्वाचनपछि मुलुकमा द्रूत विकासको जगसमेत कांग्रेसले नै बसालेको थियो । विकेन्द्रीकरण, सहभागितामूलक विधि तथा सामाजिक सुरक्षाका कार्यक्रममार्फत भौगोलिक हिसाबले स्थानीय स्तर मा र वर्गीय हिसाबले सीमान्तकृत समुदायसम्म विकासको प्रतिफल सिधै पुऱ्याउने प्रक्रियाको थालनी पनि नेपाली कांग्रेसले नै गरेको हो ।

वि. सं. २०४८ देखि २०५० सालसम्मको अवधि भनेको उद्योग स्थापना र रोजगारी सिर्जना दुबै दृष्टिले देशको अर्थतन्त्रले उचाइ लिएको ऐतिहासिक कालखण्ड हो । यद्यपि लामो राजनैतिक अस्थिरता र हिंसात्मक द्वन्द्वमा अल्झिएर देशले अपेक्षित आर्थिक विकासको गति पकड्न सकेन र जुन जग बसेको थियो त्यसको प्रतिफल नागरिकलाई उपलब्ध गराउन सकिएन ।

नेपाली कांग्रेस के नेतृत्वमा २०६२/०६३ मा हिंसा र निरङ्कुशताको भूमरीबाट मुलुकलाई बाहिर निकाल्दै लोकतन्त्र, गणतन्त्र, सङ्घीयता र समावेशीताका मुद्दाहरूलाई लोकतान्त्रिक संविधानमार्फत संस्थागत गर्ने काम भयो ।

यस पृष्ठभूमिमा नेपाली कांग्रेसले करिब आठ दशकदेखि लोकतन्त्रका निम्ति पटक पटक भएका सङ्घर्ष र आन्दोलन, निरंकुश राजतन्त्रको अन्त्यदेखि माओवादी द्वन्द्वको शान्तिपूर्ण अवतरण, संविधानसभा निर्वाचन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माणदेखि सङ्घीय नेपालको तिनै तहको निर्वाचन र संविधान कार्यान्वयनसम्मको नेतृत्व गरेको विषयलाई पुनः स्मरण गर्दछौं । यी यावत् आन्दोलनले रोपेका समता, सम्मान र सहअस्तित्वका बिरूवालाई लोकतन्त्रकै उर्वर भूमिमा हुर्काउन सकिन्छ भन्ने कुरामा दृढ सङ्कल्पित रहँदै फेरि पनि आजको चुनौतीपूर्ण परिस्थितिमा मुलुक सम्हाल्ने र अगाडि लैजाने कामको नेतृत्व गर्ने प्रतिज्ञा गर्दछौं ।

यो प्रतिज्ञा गर्दैगर्दा, हामी के पनि बिर्सन मिल्दैन भने नेपाली राजनीतिमा मौलाएको निर्वाचनअघि र पछिका शृङ्खलाबद्ध गठबन्धनहरूले सत्ता र प्रतिपक्षबिचको वैचारिक लक्ष्मणरेखा नै मेटाइदिए ।

पछिल्लोपटक संसदका दुई ठुला दलहरू मिलेर सरकार सञ्चालन गरेपछि संसदीय राजनीतिमा भागबन्डा र कारोबारी राजनीतिले प्रश्रय पायो जसले आम जनतालाई

थप आक्रोशित बनायो । सरकार सञ्चालनका क्रममा पार्टीकै पहलकदमीमा भएका थुप्रै सुधारका प्रयास पनि ओझेल परे । व्यापक आर्थिक सुधार र लगानी सहजीकरण, सुशासन र सेवा प्रवाहका लागि हामीले गरेका प्रयास र सुरू गरिएका सुधारबारे समेत आमनागरिकलाई बताउन नसकेको यथार्थलाई हामीले स्वीकार्नै पर्छ ।

राजनीतिक दल र नेताहरूले केही सकारात्मक परिवर्तन गर्न सक्छन् भन्ने विश्वासको आधार नै धर्मराएको त्यो रिक्ततामा खासगरी नवयुवामा पलाएको निराशालाई प्रयोग गर्दै लोकरिझ्याइँ र भ्रमको राजनीतिले प्रश्रय पायो । निश्चय नै यो अप्रिय अवस्थाबाट पाठ सिक्नुपर्दछ ।

त्यसैले परिवर्तनका लागि मुखरित हरेक आवाजलाई ग्रहण गर्दै २०८२ पुस २७ देखि ३० गते सम्पन्न विशेष महाधिवेशनमार्फत आफ्नो गौरवशाली इतिहासको विरासत र वर्तमानको उत्तरदायित्व बोकेर एउटा निर्णायक मोडमा उभिएको नेपाली कांग्रेसले दृढतापूर्वक उद्धोष गरेको छ :

## बदलियो कांग्रेस
## बदल्छौं देश !

**यही सङ्कल्पका साथ नयाँ यात्रा प्रारम्भ गर्दैछौं हामी ।**
**हाम्रो केवल एक ध्येय छ; समुन्नत नेपाल : सम्मानित नेपाली ॥**

यो एउटा राजनीतिक नारा मात्र होइन पार्टी संरचनालाई विधि र पद्धतिको आधारमा पुनः जागृत गर्दै अर्थपूर्ण रूपान्तरणमार्फत् देशलाई समुन्नतितर्फ डोहोऱ्याउने आत्मविश्वास हो । यो नै हाम्रो महाअभियान हो ।

कांग्रेस बदलिएको छ । पार्टीको सोच बदलिएको छ, कार्यशैली बदलिएको छ । अब कांग्रेस परिवर्तित समयको चुनौतीलाई स्वीकार्दै देशको अवस्था बदल्ने दृढ प्रतिज्ञासहित आएको छ ।

नेपाली कांग्रेस केवल प्रश्न बोकेर होइन प्रष्ट उत्तर र ठोस समाधान लिएर आएको छ । जुन मूल्यमान्यताका लागि नेपाली कांग्रेसको स्थापना भयो र जुन आदर्शका लागि अग्रजहरू अविचलित लडिरहनु भयो, तिनै सङ्घर्षकालीन जुझारूपन, निष्ठा र आदर्शलाई पुनः जागृत गरेर आएको छ ।

लोकतन्त्र, मानव अधिकार, नागरिक स्वतन्त्रता लगायतका आफ्ना आधारभूत सिद्धान्तमा अडिग रहँदै समुन्नत भविष्यको मार्गचित्र सहित नेपाली कांग्रेस अब 'निरन्तरतामा नवीनता' को मन्त्रसहित अगाडि बढ्ने छ ।

- नेपाली कांग्रेस २००७ सालअघि देखि हालसम्म आफ्नो नेतृत्वमा भएका लोकतान्त्रिक उपलब्धिहरूप्रति गौरव गर्दछ र आजको लोकतान्त्रिक चेतनाको युगमा पुऱ्याउन विभिन्न कालखण्डमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रजहरूप्रति उच्च सम्मानसहित पुनः स्मरण गर्दछ ।

- नेपाली कांग्रेस आफ्नै नेतृत्वमा बनेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको रक्षा, समयानुकूल संशोधन र कार्यान्वयनको नेतृत्व गर्ने तथा मुलुकलाई सबै प्रकारका अतिवादबाट जोगाएर अघि बढाउने प्रण गर्दछ ।

- नेपाली कांग्रेसले विगतमा पार्टीले नेतृत्वदायी भूमिका निर्वाह गरेका असल कामको अनुशरण गर्छ । हिजोका कमीकमजोरीमाथि साहसपूर्वक सामूहिक जिम्मेवारी लिँदै र सच्याउने प्रतिज्ञाका साथ आएको छ ।

- नेपाली कांग्रेसले युवालाई भविष्यका कर्णधार मात्र होइन; वर्तमानका साझेदार र सहनिर्माता ठान्दछ एव्म युवाको भावना बमोजिम अब रूपान्तरणको वास्तविक संवाहक बनेको कांग्रेस आफ्नो नीति र राजनीतिक दृष्टिकोणमा समेत युगानुकूल परिवर्तन गरेर आएको छ ।

- नेपाली कांग्रेसले महिला, मधेसी, दलित, आदिवासी-जनजाति, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, किसान-मजदुर लगायतका समुदायलाई पार्टी र राज्यका प्रत्येक तह र निकायमा प्रतिनिधित्व र पहुँचसँगै सामाजिक न्यायको सुनिश्चितता गर्ने छ ।

- नेपाली कांग्रेस नवयुवा विद्रोहमा शहादत प्राप्त गर्ने तमाम युवाहरूको सपना र आम नागरिकको चाहना बमोजिम भ्रष्टाचारमुक्त देश एवम् सुशासनयुक्त समाज निर्माणका लागि अग्रसरता लिन आएको छ । विशेष महाधिवेशनमार्फत कांग्रेसले त्यो विद्रोहको मर्मलाई आत्मसात मात्र गरेको छैन; सुशासन र व्यापक सुधारका एजेन्डा पारित गर्दै त्यसको नेतृत्व लिने उद्घोष समेत गरेको छ ।

- नेपाली कांग्रेस पार्टीभित्र आमूल साङ्गठनिक सुधार गर्दै तमाम लोकतन्त्रवादीहरूको एक मात्र भरपर्दो राजनीतिक शक्तिको रूपमा काम गर्ने अठोट लिएर आएको छ । अब हाम्रो पार्टी बृहत्तर राष्ट्रिय हितमा समर्पित हुँदै गुटबन्दी र व्यक्तिगत स्वार्थको चक्रव्यूहबाट मुक्त भएको छ ।

- नेपाली कांग्रेसले अङ्कगणितीय जोडघटाउ र पदको भागबन्डा गरेर जसरी पनि सत्तामा पुग्न संस्कृति नै बनेको 'निर्वाचनअघिको गठबन्धन' लाई अन्त्य गरेको छ । निर्वाचनअघि गठबन्धन नगर्ने कांग्रेसको निर्णयलाई पच्याउँदै सबै प्रमुख दलहरू बिना गठबन्धन निर्वाचनमा होमिएका छन् । अब कांग्रेस कुनै पनि अवस्थामा सत्ताका लागि आफ्ना सिद्धान्तसँग सम्झौता गर्दैन ।

- नेपाली कांग्रेसले अब उम्मेदवार छनोट गर्दा पार्टी सदस्यहरूबिच 'प्राइमरी' निर्वाचनमार्फत् छनोट गर्ने पद्धति अँगालेको छ । पार्टीको विशेष महाधिवेशनले यस सम्बन्धी ठोस निर्णय गर्दै विधानसमेत संशोधन गरिसकेको छ । आगामी निर्वाचनहरूबाट यो निर्णय कार्यान्वयनमा आउने छ ।

- नेपाली कांग्रेसले सार्वजनिक संस्थाहरू र राज्य संयन्त्रमा हुने सबै प्रकारका दलीयकरणको अन्त्य गर्ने र त्यसविरूद्ध अविचलित रूपमा उभिने निर्णय गरेको छ । अब कुनै पनि नियुक्तिमा दलगत भागबन्डा हुने छैन र त्यस्तो प्रवृत्ति निषेध गरिने छ ।

- नेपाली कांग्रेसले उदार र उत्पादनशील अर्थतन्त्र, स्वच्छ प्रतिस्पर्धा तथा राज्यको नियमनकारी भूमिकाको माध्यमबाट सबैका लागि सामाजिक न्यायसहितको समान अवसर सुनिश्चित गर्ने छ ।

- नेपाली कांग्रेसले राजनीतिलाई पेसा होइन उच्चतम सेवाको रूपमा लिँदै आफ्ना गतिविधि र कार्यक्रमलाई जनता र समाजसँग जोड्ने छ र पार्टीलाई सामाजिक आन्दोलनको संवाहकको रूपमा पुन:स्थापित गर्ने छ ।

- नेपाली कांग्रेसले नागरिकका आकांक्षा अनुसार 'डेलिभरी' गर्ने लोकतान्त्रिक प्रणालीको संस्थागत विकास गर्नेछ। प्रक्रियामा मात्र अल्झिने नभई नागरिकका न्यूनतम आवश्यकता शिक्षा, स्वास्थ्य र रोजगारीमा प्रत्यक्ष र सकारात्मक

परिवर्तन ल्याउने छ । चुस्त सार्वजनिक सेवा र सुशासनमार्फत आम नागरिकमा राज्यको उपस्थिति महसुस गराउने छ ।

- नेपाली कांग्रेस नागरिक स्वतन्त्रताको रक्षा; समता र न्याय; राज्यका संस्थाहरूको सबलीकरण र तथ्यमा आधारित नीति निर्माण गर्दै 'समुन्नत नेपाल : सम्मानित नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न दृढ सङ्कल्पित रहने छ ।

## ऐतिहासिक परम्परा र हाम्रो जिम्मेवारी

नेपाली कांग्रेसको जन्मजात चरित्र नै राष्ट्रका सामु उत्पन्न विषम परिस्थितिलाई सम्हालेर सबैका लागि मान्य हुने निकास दिनु हो । न हिंसा, न उत्तेजना, सबैखाले अतिवादलाई निरूत्साहित गर्दै कांग्रेसले नै देशलाई समाल्नुपर्ने छ ।

लोकतन्त्रमा मूल्य मान्यतासँगै प्रक्रिया पनि उत्तिकै महत्वपूर्ण पक्ष हो । लोकतन्त्रमा शासनको वैधता निर्वाचन र जनअभिमतबाट प्राप्त हुन्छ । संविधानवाद र विधिको शासनमा अटुट विश्वास गर्ने पार्टी भएकाले नेपाली कांग्रेस निर्वाचनलाई जनताबाट अनुमोदित हुने निर्विकल्प माध्यम मान्दछ । वर्तमान संविधानको स्थायित्व, सामयिक सुधार र त्यसैको आधारमा अगाडि बढ्न पनि ताजा जनादेश नै उपयुक्त बाटो हो भन्ने ठान्दछ । निर्वाचनबाटै संविधान र लोकतन्त्रलाई सही मार्गमा ल्याउनु नै आजको हाम्रो मुख्य राष्ट्रिय जिम्मेवारी हो भन्ने मान्दछ ।

नेपाली कांग्रेस एउटा राजनीतिक दल मात्र होइन, यो एउटा जीवन्त वैचारिक आन्दोलन हो । स्वतन्त्रताको सङ्घर्षबाट जन्मिएको र लोकतन्त्रप्रतिको अविच्छिन्न आस्थाले टिकेको संस्था हो। हाम्रा अग्रजहरूले हामीलाई व्यक्तिगत स्वतन्त्रता, विधिको शासन र अवसरको समानता सिकाएका हुन् । नेपाली कांग्रेसका लागि लोकतन्त्र सत्ता प्राप्तिको माध्यम नभएर जीवन पद्धति र नागरिकप्रतिको उच्च नैतिक जिम्मेवारी हो ।

नेपालको लोकतान्त्रिक आन्दोलनको अग्रणी संवाहक नेपाली कांग्रेसकै नेतृत्वमा ऐतिहासिक संविधानसभामार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान बनेको गौरवपूर्ण क्षणलाई स्मरण गर्दै त्यसको अक्षरशः कार्यान्वयन गर्नु हाम्रो जिम्मेवारी हो ।

संविधान निर्माणका क्रममा उठेका पहिचानका आवाजलाई सम्बोधन गर्न नेपाली कांग्रेसले अगाडि सारेको 'पहिचान भेटिने, जातीय द्वन्द्व मेटिने' सङ्घीयताको मोडलमा समेट्न गरेको प्रयासलाई सम्झिँदै सङ्घीयतालाई जगैदेखि सबल बनाउनु हाम्रो कर्तव्य हो ।

यी यावत् लोकतान्त्रिक मूल्य, आदर्श, योगदान र उपलब्धिहरू कालातीत छन् । यी कुनै एक पुस्ताको मात्र सम्पत्ति होइनन् । हाम्रो ऐतिहासिक जिम्मेवारी ती मूल्यलाई बदल्नु होइन; तिनलाई सुदृढ पार्दै गतिशील र जीवन्त बनाउनु हो ।

नयाँ पुस्ताले हाम्रा यी आदर्श र उपलब्धिहरूलाई अस्वीकार गरेको होइन; आजको सन्दर्भमा केवल तिनको कार्यान्वयनमा भएका कमजोरीमाथि प्रश्न गरेका हुन् । त्यसैले उनीहरू र हामी दुबैले खोजेको परिवर्तन निरन्तरताभित्रको नवीनता हो । त्यसैले नेपाली कांग्रेस संविधानमा लिपिबद्ध लोकतान्त्रिक मूल्य र पार्टीका स्थापनाकालीन आदर्श र मान्यतालाई पुनर्जागृत गर्दै तिनलाई समयानुकूल परिमार्जनसहित कार्यान्वयन गर्नु आफ्नो दायित्व ठान्दछ ।

नेपाली कांग्रेस २०१५ सालको पहिलो आम निर्वाचन र प्रजातन्त्र पुनर्स्थापनापछि २०४८ सालको निर्वाचन घोषणापत्रमा व्यक्त 'सबै राष्ट्रसित समानताका आधारमा मित्रता कायम गर्नु नेपाली कांग्रेसको विदेश नीति हुने छ' भन्ने ऐतिहासिक सन्दर्भलाई स्मरण गर्दै नेपालको राष्ट्रिय हितलाई सर्वोपरी राख्न दृढ छ । विश्व समुदायसँग सार्वभौमिक समानताको सिद्धान्तको आधारमा सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति अवलम्बन गर्दै नेपाली कांग्रेस नेपाललाई एउटा आत्मविश्वास युक्त राष्ट्रको रूपमा विश्वमञ्चमा स्थापित गराउने प्रतिबद्धता व्यक्त गर्दछ ।

हामी सबैको मूल ध्येय देशभित्र र बाहिर रहेका नेपाली नागरिकहरूको स्वाभिमान र सम्मानलाई सुनिश्चित गर्नु हो । नागरिकत्वको भाव जगाउनु र नागरिक हक दिलाउनु तथा नागरिकहरूबिच सहअस्तित्वमा आधारित सुसम्बन्ध र भाइचारा कायम गराउनु पनि हाम्रो पार्टीको उद्देश्य हो ।

हामीले अङ्गीकार गरेको गणतन्त्र र लोकतन्त्रको वास्तविक मर्म नागरिकतन्त्र नै हो । नागरिकतन्त्रमार्फत नै नेपालीहरूले प्रगति गर्न सक्छन् र देश समुन्नत बन्छ भन्नेमा हामी विश्वस्त छौं ।

*आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू !*

नेपाली कांग्रेस एउटा राजनीतिक दल मात्र नभई आम नेपालीको साझा र सार्वजनिक पुँजी हो । परिणाममुखी लोकतन्त्र र समुन्नतिका निम्ति रूपान्तरित कांग्रेस देख्न चाहने देशभित्र र विदेशमा रहनु भएका लाखौं शुभेच्छुकहरू, ऊर्जावान नवयुवा र आम नागरिकसमक्ष नेपाली कांग्रेस यो विशेष प्रतिज्ञा गर्दछ :

*आम जनताको चाहना सम्बोधन गर्ने प्रस्ट दृष्टि, ठोस योजना र दृढ प्रतिज्ञासहित आएको नेपाली कांग्रेसले अब देशलाई सम्हाल्ने छ; देशको परिस्थिति बदल्ने छ । कांग्रेसले मूल्य र सिद्धान्त विपरीत सत्ताका लागि कसैसँग कुनै पनि सम्झौता गर्ने छैन । जसरी हिजोका दिनमा हाम्रा अग्रजहरू लोकतन्त्र र मानव अधिकारका लागि समर्पित रहे हामी पनि त्यसरी नै समर्पित रहेर काम गर्ने छौं ।*

तपाईंको घर-आँगनमा मत माग्न आइपुग्दा नेपाली कांग्रेस इतिहास बोकेको दल मात्र हुने छैन; विगतबाट प्रेरणा लिँदै त्यसमा योग्यता, क्षमतामार्फत नयाँ ऊर्जा र प्राण भरिएको 'निरन्तरतामा नविनता' सहित बदलिएको कांग्रेस अर्थात् 'Congress 2.0' हुने छ । नवीन दृष्टि र समुन्नत नेपाल निर्माणको प्रष्ट खाकासहित उपस्थित भएको नवीन कांग्रेस हुने छ । हामी नेपाली कांग्रेसलाई यस्तो नेतृत्व योग्य लोकतान्त्रिक शक्ति बनाउने छौं जसमा आउँदो पुस्ताले विश्वास र गर्वका साथ आफ्नो भविष्य देख्न सकोस् ।

तपाईंहरूको निरन्तर खबरदारी र तागतले नै आज कांग्रेस बदलिएको हो । जसरी तपाईंहरूको साथ पाएर हामीले कांग्रेस बदल्ने साहस गऱ्यौं त्यसरी नै अब तपाईंको अमूल्य मतको बलमा यो देश सम्हाल्ने छौं; देशको अवस्था बदल्ने छौं । आउनुहोस्, हामी सँगै मिलेर यो बेथिति र हैरानीको अन्त्य गरौँ र नेपाललाई हाम्रा सन्ततिका सपना साकार हुने साझा र सुन्दर घर बनाऔँ ।

तसर्थ नेपाली कांग्रेसलाई फेरि एकपटक माया, विश्वास र अमूल्य मत प्रदान गर्न सबै नेपाली आमाबुबा, दिदीबहिनी, दाजुभाइहरूमा हामी पुनः हार्दिक अपील गर्दछौं ।

जय नेपाल !

# VISION

## नेपाली कांग्रेसको ध्येय :
## समुन्नत नेपाल; सम्मानित नेपाली

*आदरणीय आमाबुबा, दिदीबहिनी, दाजुभाइ, जय नेपाल !*

नेपाली कांग्रेस *"जनता-जनार्दनको बलमा कोही पनि भोका, नाङ्गा वा अशिक्षित नरहने, जीवनलाई सुखी बनाउने कुनै कुराको अभाव नभएको"* व्यवस्था ल्याउने महान ध्येय बोकेर स्थापना भएको पार्टी हो । युग परिवर्तन भए पनि जनतालाई सम्पन्न र सम्मानित बनाउने सङ्घर्षकालीन इतिहासको त्यही लक्ष्य नै हाम्रो मूल प्रेरणा हो । परिवर्तित समयको चेतनालाई आत्मसात गरेर नयाँ सोच र युवा ऊर्जासहित परिमार्जित भएको नेपाली कांग्रेस विचारमा प्रष्ट र कार्यशैलीमा चुस्त बनेको छ । विगतका थुप्रै ऐतिहासिक उपलब्धिमाथि गर्व गर्दै र समस्त कमीकमजोरीको अनुभवबाट पाठ सिक्दै हामी देशको अवस्था बदल्ने र देशलाई सम्हाल्ने दृढ प्रतिज्ञाका साथ तपाईंको घरदैलोमा आएका छौं ।

आदर्श र कर्ममा आधारित हाम्रो अबको राजनीतिको एक मात्र उद्देश्य **नेपाललाई समुन्नत र नेपालीलाई सम्मानित** बनाउनु हुने छ । यसका निम्ति हामीले हाम्रो परिकल्पनाको नेपाल कस्तो हुन्छ तल लिपिबद्ध गरेका छौं । यो आगामी पाँच वर्षभित्रै हासिल हुन सक्ने लक्ष्य होइन; हामीले बनाउन चाहेको सुन्दर नेपालको तस्बीर हो । हाम्रो यो प्रतिज्ञापत्रमा प्रस्तुत गरिएका सिद्धान्त, नीति र आगामी पाँच वर्षका कार्यक्रमहरू त्यही लक्ष्यलाई हासिल गर्ने प्रारम्भिक पाइलाहरू हुन् ।

### १. सम्मानित भएर बाँच्न पाउने नेपाल

हाम्रो परिकल्पनाको लोकतान्त्रिक नेपालमा हरेक नेपालीको स्वतन्त्रता, पहिचान र स्वाभिमान सुरक्षित हुने छ । कानुनको परिधिभित्र रही इच्छाअनुसारको काम, पेसा-व्यवसाय गर्न र स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने हरेक नागरिकको अधिकार सुनिश्चित हुने छ । देश-विदेश जहाँ भए पनि कुनै पनि नेपाली पहुँचको अभाव वा पहिचानका कारण अपमानित हुने छैनन् ।

हामी यस्तो समाजको निर्माण गर्ने छौं, जुन कुनै पनि बहानामा हुने शारीरिक, मानसिक वा लैङ्गिक हिंसाबाट मुक्त हुने छ । वंश, जाति वा लिङ्गका आधारमा प्राप्त हुने विशेषाधिकार एवम् जन्म भएको परिवार वा स्थानको आधारमा नागरिकको भाग्य निर्धारण हुने अवस्थाको अन्त्य हुने छ ।

जात, धर्म, वर्ण, लिङ्ग, वर्ग वा भूगोलका आधारमा सिर्जना भएका छुवाछुत, विभेद र अवरोधलाई भत्काउँदै हामी प्रत्येक नागरिकले आत्मसम्मानका साथ निर्धक्क बाँच्न र सिर्जना गर्न सक्ने साझा घर र सहिष्णु समाज बनाउने छौं ।

## २. सपना देख्न सक्ने नेपाल

हाम्रो परिकल्पनाको नेपाल प्रगति र उन्नतिको सपना देख्ने नागरिकहरूको देश हुने छ । दिगो आर्थिक विकास, नीतिगत स्थिरता र हैरानी मुक्त सेवा प्रवाहसँगै अग्रज पुस्ताको अनुभव, युवाको नवीन सोच र नागरिकको साझा प्रयत्नले ती सपनाहरू साकार हुने छन् । राष्ट्रिय नवनिर्माणको भावनाले ओतप्रोत युवाहरू शासन र विकासका साझेदार बन्ने छन् ।

उज्यालो भविष्य खोज्ने युवाले परिवारसँगै रमाउँदै मर्यादित र आकर्षक अवसरहरू पाउने छन् जहाँ उनीहरूको सिर्जनशीलताको उच्च कदर र प्रोत्साहन हुने छ । हाम्रो राज्य प्रवास रहेर पौरख र सामर्थ्य खर्चिरहेका नेपालीहरूको पनि अभिभावक हुने छ । संसारभरि छरिएका नेपालीको भावना, ज्ञान, सिप र पुँजी मातृभूमिको पुनर्जागरणमा जोडिने छ । हाम्रो देश विदेशिएका नेपालीलाई 'फर्कन रहर लाग्ने' र स्वदेशमा रहेकालाई 'यहीँ सुनौलो भविष्य देखिने' जीवन्त देश हुने छ ।

## ३. सम्पत्ति र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्ने नेपाल

आँट गरेर लगानी गर्ने, रोजगारी र सम्पत्ति सिर्जना गर्ने एवम् उत्पादनमा जोडिने सबैलाई काँध थाप्ने राज्य हुने छ । सानादेखि ठूलासम्मका व्यवसाय गर्ने नागरिकलाई राज्यले हरतरहले प्रोत्साहन र साथ दिने छ । साथै, आर्थिक रूपमा पछाडि परेका नागरिकलाई पनि सम्पत्ति र आय आर्जन गर्न सक्ने गरी सक्षम बनाउने छ ।

श्रमिकको पसिना पवित्र छ; उसको मेहनतको उचित मूल्य, सामाजिक सुरक्षा र सम्मान राज्यको कर्तव्य हुने छ । राज्यले पारदर्शी र वैध नाफा आर्जनलाई

प्रोत्साहित गर्नेछ, तर अवैध तरिकाले सम्पत्ति थुपार्ने र उपभोग गर्ने प्रवृत्तिलाई निर्ममतापूर्वक नियन्त्रण गर्नेछ । आर्थिक स्वच्छता र सदाचारलाई संस्कृतिकै रूपमा अघि बढाउने काम राजनीतिक नेतृत्वले गर्ने छ ।

## ४. पेटभरी खुवाउने; देशलाई चिनाउने किसानको नेपाल

हाम्रो परिकल्पनाको नेपालमा किसानहरू सम्पन्न र मुलुकको प्रगतिका मुख्य सारथी हुने छन् । कृषि पेसा कुनै नागरिकको बाध्यता नभई आधुनिक र मर्यादित छनोट हुने छ । नेपाली किसानले मुलुकलाई चाहिने स्वास्थ्यकर खाद्यान्न आपूर्ति मात्र गर्ने छैनन्, प्रविधिको उच्चतम प्रयोग, बजारमा सहज पहुँच र आफ्नो उत्पादनको उचित मूल्यको सुनिश्चिचता समेत पाउने छन् ।

युवाहरूले कृषिमा आफ्नो भविष्य र भरोसा भेट्ने छन् । राज्यले सिँचाइ र मलको अभाव अन्त्य गर्दै, बिमा र भुक्तानीका सास्ती हटाएर बजार र मूल्य सुनिश्चित गर्नेछ । नेपालको उत्पादनलाई विश्व बजारमा 'ब्राण्ड' बनाउने भिजन बोकेका कृषि-उद्यमीहरूलाई राज्यले हरेक पाइलामा साथ दिने छ ।

## ५. ओखती र ओत दिने नेपाल

हाम्रो परिकल्पनाको नेपालमा गर्भावस्थादेखि वृद्धावस्थासम्म नै नागरिकको स्वास्थ्यप्रति राज्य संवेदनशील र जिम्मेवार हुने छ । परिवारमा कसैलाई रोग लागिहाले 'कसरी उपचार गर्ने' र 'अस्पतालको शुल्क कसरी तिर्ने' भन्ने डरबाट नागरिकहरू मुक्त हुने छन् ।

स्वास्थ्य सेवा राज्यले गर्ने परोपकार होइन, 'उपचार नागरिकको मौलिक अधिकार' भन्ने मान्यताका आधारमा हरेक नेपालीलाई औषधि र अस्पतालको ओत दिनु राज्यको प्रमुख कर्तव्य हुने छ । विकसित देशको स्तरको उन्नत स्वास्थ्य बिमा प्रणालीमार्फत राज्यले यो जिम्मेवारी पूरा गर्नेछ ।

## ६. छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल

हाम्रो परिकल्पनाको नेपालले शिक्षालाई खर्च होइन; राष्ट्रको सबैभन्दा महत्त्वपूर्ण लगानी मान्दछ । शिक्षाको सर्वसुलभता र पूर्वाधारमा आधारभूत परिवर्तन हुने छ । आर्थिक अभावका कारण कोही पनि गुणस्तरीय शिक्षा पाउने अधिकारबाट वञ्चित हुने छैन ।

शारीरिक पोषण पूरा भएका नानीबाबुहरूमा सिकाइको क्षमता बढ्छ त्यसैले राज्यले शिक्षासँगै जोडेर पोषणको पनि जिम्मा लिने छ । सबै किसिमका हिंसा र शोषणबाट मुक्त हाम्रा नानीबाबुले विद्यालय र खेलमैदानमा रमाउँदै बाल्यकाल बिताउन पाउने छन् । प्रि-प्राइमरीदेखि विश्वविद्यालयसम्मको सिकाइलाई प्रविधि र प्रयोगसँग जोड्ने शिक्षालयहरू विद्यार्थीको सिर्जनशीलता र नवप्रवर्तनको उच्चतम प्रयोग र प्रोत्साहन हुने केन्द्र हुने छन् । जीवनोपयोगी ज्ञान, विवेकपूर्ण चेतना र मूल्यमा आधारित शिक्षा प्रणालीले हाम्रा युवालाई विश्वभर प्रतिस्पर्धा गर्न सक्ने बनाउने छ ।

## ७. बेथिति र हैरानी मुक्त; विधिको शासन भएको नेपाल

आम नागरिकदेखि सत्ताको जुनसुकै ओहदामा बसेका मानिस पनि कानुनको नजरमा समान हुने छन् । 'निमुखालाई ऐन र ठूलालाई चैन' हुने विभेदकारी अवस्थाको अन्त्य हुने छ । सरकारी सेवाका ढोका सबैका लागि समान रूपमा खुला रहने छन् ।

अदालत, संवैधानिक निकाय, प्रहरी, विश्वविद्यालय लगायतका राज्यका संस्थाहरूमा दलीयकरणको अन्त्य हुने छ । स्वच्छ र पारदर्शी छनोट प्रक्रियामार्फत ज्ञान, इमान र क्षमता भएका योग्य एवम् संविधानप्रति वफादार नागरिकहरू नियुक्त हुने छन् ।

राज्यका हरेक सेवामा प्रविधिको उच्चतम प्रयोग गर्दै 'डिजिटल नेपाल' को अवधारणा साकार पारिने छ, जसले भ्रष्टाचार र सरकारी ढिलासुस्तीको जरैदेखि अन्त्य गर्नेछ । नागरिकले घरमै बसेर सहजतापूर्वक सरकारी सेवा पाउने छन् । निर्भयतापूर्वक सरकारसँग प्रश्न गर्न र जवाफ माग्न सक्ने लोकतान्त्रिक वातावरण सुनिश्चित हुने छ ।

## ८. मौलिकतामा गर्व गर्ने आधुनिक नेपाल

हाम्रो विविधता र विशिष्टता नै नेपालको मौलिक पहिचान हो । नेपालका हिमाल, पहाड र मधेसमा बस्ने सबै जातजाति, उनीहरूले बोल्ने भाषा, मान्ने धर्म, परम्परा, संस्कृति, कला र रीतिरिवाजहरूको विविधता नै नेपालको सुन्दर र विशिष्ट पहिचान हो । हाम्रा विविध भाषा, कला, साहित्य, संस्कृति र सम्पदाको संरक्षण हुने छ । हाम्रो परिकल्पनाको नेपालमा यी सबै विविधता र विशिष्टताहरूको समान रूपमा सम्मान र संवर्धन हुने छ ।

यिनै विविधता र विशिष्टताको जगमा उभिएर हामी आधुनिकतासँग कुममा कुम मिलाएर अघि बढ्ने नेपाल निर्माण गर्नेछौं । विश्व ज्ञान, विश्व अर्थतन्त्र र विश्व संस्कृतिसँग जोडिएको, तर आफ्नो मौलिकतामा गर्व गर्ने नेपाल निर्माण हुने छ ।

## ९. विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल

हाम्रो परिकल्पनाको नेपाल विश्व समुदायमाझ एक सार्वभौम, शान्त र स्वाभिमानी राष्ट्रको रूपमा स्थापित हुने छ । नेपालको परराष्ट्र नीति राष्ट्रिय हित र सार्वभौमिक समानताको जगमा उभिने छ । हाम्रो छिमेकी र मित्रराष्ट्रहरूसँगको सम्बन्ध समानता र आपसी सम्मानमा आधारित हुने छ र यस्तो सम्बन्धलाई पारस्परिक हित र आर्थिक साझेदारीका आधारमा अगाडि बढाउने छ ।

हामी नेपाललाई सगरमाथा, बुद्ध, पशुपति र जानकीका साथै विश्व समुदायको एक जिम्मेवार र प्रतिष्ठित सदस्यका रूपमा चिनाउने छौं । हामी यस्तो नेपाल बनाउने छौं, जहाँको राहदानीलाई अरूले सम्मान गरून् र हामीले सदैव गर्व गर्न सकौं ।

## १०. समुन्नतिमा लम्कने नेपाल

हाम्रो प्रणालीको कार्यसम्पादन क्षमता उत्कृष्ट र परिणाममुखी हुने छ । सबै योजनाहरूको गति र गुणस्तर विश्वस्तरको हुने छ । कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधि, खेलकुद, यातायातजस्ता क्षेत्रलाई आधुनिक र सबल बनाउँदै अत्यावश्यक पूर्वाधारहरूको द्रुत विकास हुने छ । हिमाल, नदी, वनजङ्गल जस्ता हाम्रा अमूल्य प्राकृतिक सम्पदाहरू भावी पुस्ताका लागि सुरक्षित रहने छन् । हाम्रो अर्थतन्त्र खुला, प्रतिस्पर्धी, प्रविधिमैत्री र पर्यावरण मैत्री हुने छ जसले अन्तर्राष्ट्रिय लगानी र प्रविधिलाई आकर्षित गर्नेछ ।

हाम्रो परिणाममुखी लोकतन्त्रमा सरकार सत्ताको निरन्तरतामा होइन, जनजीवनमा देखिने प्रत्यक्ष सुधार र उपलब्धिमा केन्द्रित हुने छ । देश निर्माणको अभियानमा सबै जात, जाति, धर्म, वर्ग, भूगोल र समुदायको सम्मानजनक सहभागिता रहने छ । समुन्नतिको लाभ सामाजिक न्यायका आधारमा सबै नागरिकले समान रूपमा पाउने अवस्था सुनिश्चित हुने छ ।

सबल, सक्षम, स्वतन्त्र र सम्मानित नेपाली नागरिकको साझा प्रयत्नबाट निर्माण हुने समुन्नत नेपालमा जातीय, भाषिक, क्षेत्रीय लगायतका विविधताको जोडबाट नयाँ भाव सिर्जना भई नेपाली राष्ट्रियता सुदृढ र सबल हुने छ ।

*आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू !*

हामीले 'VISION' मार्फत नेपालको परिकल्पना प्रस्तुत गर्‍यौँ । यो केवल शब्दहरूको सङ्ग्रह वा एउटा राजनीतिक दस्तावेज मात्र होइन; यो प्रत्येक नेपाली आमाको आँखामा झल्किने आफ्ना सन्तानको उज्यालो भविष्य; हरेक बुबाको मनबाट चिन्ताको भारी बिसाउने यो एउटा साझा सङ्कल्प हो । यो प्रत्येक नेपालीको घरको चुलो; छोराछोरीको शिक्षा-स्वास्थ्य; प्रत्येक युवाको आफ्नै माटोमा पौरख गरी उद्यमी बन्ने साहस र प्रत्येक वृद्धावृद्धीको सुखी, सम्मानित र निश्चिन्त जीवन जिउने एउटा जीवन्त सपना हो तर हामीलाई राम्रोसँग बोध छ - केवल सपनाले मात्र भोको पेट भरिँदैन र केवल कल्पनाले देशको नियति बदलिँदैन । सपनालाई यथार्थमा उतार्न दृढ इच्छाशक्ति, स्पष्ट मार्गचित्र र इमानदार नेतृत्व चाहिन्छ । 'बदलियो कांग्रेस, बदल्छौं देश' को यो नवीन यात्रामा हामी केवल आश्वासनका रङ्गीन सपनाहरू लिएर आएका छैनौँ; हामी त तपाईंको अटुट विश्वासको जगमा उभिएर कामका ठोस आधार र पसिनाको मूल्य बुझाउने दृढ अठोटका साथ उपस्थित भएका छौं ।

हामीसँग केवल सपना मात्र छैन; त्यो सपना पूरा गर्ने र सरकार सञ्चालन गर्ने 'प्रोजेक्ट गभर्मेन्ट' को स्पष्ट खाका छ । हामीसँग केवल आकांक्षा मात्र छैन ती पूरा गर्ने प्राथमिकताहरूको वस्तुगत पहिचान छ । काम कहिले गर्ने ? कुन स्रोत कहाँबाट परिचालन गर्ने र त्यसलाई कसरी नतिजामुखी बनाउने ? भन्ने वैज्ञानिक योजना र वित्तीय व्यवस्थापनको आधार समेत छ । के गर्ने, किन गर्ने र कसरी गर्ने ? भन्नेमा हामी पूर्णतः दृढ सङ्कल्पित छौं । सरकार गठन भएको पहिलो ३० दिनमा हरेक महिनाको कार्यविवरण सहित विस्तृत रोडम्याप सार्वजनिक गर्ने छौं र हरेक महिनाको पहिलो दिन अघिल्लो महिनाको समीक्षासहित एक महिनाको कार्ययोजना प्रस्तुत गर्ने छौं । आउनुहोस्; सँगै मिलेर यो सपनालाई सफलतामा बदलौँ ।

## हाम्रो प्रथमिकता र प्रतिज्ञा :

# अबको नेपाल : सुशासित नेपाल

## हैरानी मुक्त नागरिक, भ्रष्टाचार मुक्त समाज, जबाफदेही सरकार

*हामी राज्यका संस्थाहरूको कार्यक्षमता अभिवृद्धि; प्रभावकारी कानुन निर्माण तथा परिमार्जन; संस्थागत सुधार र* ***Digital Governance*** *मार्फत भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवाप्रवाहलाई चुस्त; हैरानी मुक्त र जनउत्तरदायी बनाउँदै देशमा सुशासनको नयाँ मानक स्थापित गर्ने छौं ।*

**नेपाली कांग्रेसको** नेतृत्वमा वि.सं २००९ सालमै पहिलोपटक भ्रष्टाचार निवारण ऐन जारी भएको थियो । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, भ्रष्टाचार निवारण ऐन, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, विशेष अदालत ऐन, सार्वजनिक खरिद ऐन, सुशासन ऐन, सम्पत्ति शुद्धीकरण निवारण ऐन, सूचनाको हक सम्बन्धी ऐन लगायत ऐन-कानुनहरू निर्माण गरी सो बमोजिम आवश्यक संरचनाहरूको स्थापना र संस्थागत प्रवर्धनमा नेपाली कांग्रेसले निर्वाह गरेको भूमिकालाई सगौरव स्मरण गर्दछौं ।

यद्यपि, विगतमा पटकपटक सरकार सञ्चालनका क्रममा कानुनको प्रभावकारी कार्यान्वयन गर्न नसक्दा सुशासन कायम हुन नसकेको, राज्यका संयन्त्रको दुरूपयोग र दलीयकरणका कारण विश्वासको सङ्क पैदा भएको, सेवाप्रवाहमा ढिलासुस्ती र झन्झटका कारण दैनिक लाखौं नागरिकले चरम हैरानी र बेवास्ता बेहोर्नुपरेको तथ्यलाई पनि हामी उत्तिकै जिम्मेवारीका साथ स्वीकार गर्दछौं ।

हामी स्पष्ट छौं, सार्वजनिक सेवा भनेको नागरिकलाई पर्खाउने र थकाउने प्रक्रिया होइन । सेवा पाउनु नागरिकको हक हो र त्यस्तो सेवा दिनु राज्यको जिम्मेवारी । कार्यालय र सेवा नागरिकको घरमा पुगोस, हातमा पुगोस् । भौतिक रूपमा उपस्थित हुन पर्ने केही अपवाद बाहेक, सबै सार्वजनिक सेवा डिजिटल माध्यमबाट **सातै दिन चौबिसै घण्टा** उपलब्ध होस् । सहज पहुँच नहुने वा नभएका नागरिकहरूले द्रुत सहायता केन्द्र मार्फत सेवा पाऊन् । सुशासन र सदाचारयुक्त शासन, प्रभावकारी र जवाफदेही सरकार, मर्यादित सार्वजनिक सेवा हाम्रो लक्ष्य हो । हाम्रो नारा छ - **भ्रष्टाचार र हैरानीको अन्त्य: कांग्रेसको गन्तव्य ।**

नीतिगत निर्णयका नाममा भएका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउने

अतः अबको नेपाल; सुशासित नेपाल भन्ने मान्यतासहित नेपाली कांग्रेस निम्न २१ प्रतिज्ञा गर्दछ :

## १. उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन

भ्रष्टाचारमा संलग्न कोही नउम्किऊन्, कोही नछुटून् 'भ्रष्टाचारको अन्त्यः कांग्रेसको गन्तव्य भन्ने मान्यताका साथ हामी भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्छौं । यसका लागि :

- २०४८ सालपछि सार्वजनिक जीवनका उच्च तहमा रहेका हरेक व्यक्तिको सम्पत्ति छानबिन गर्न ६ महिनाभित्र उच्चस्तरीय अधिकार सम्पन्न छानबिन आयोगको गठन गर्छौं ।

## २. नीतिगत भ्रष्टाचार र अनुचित कार्य नियन्त्रण

नीतिगत निर्णयको नाममा हुने भ्रष्टाचार अन्त्य गर्छौं । विगतमा नीतिगत निर्णयका नाममा भएका भ्रष्टाचारलाई छानविनको दायरामा ल्याउछौं । यसका लागि :

- **नीतिगत भ्रष्टाचारको स्पष्ट परिभाषा गरी नीतिगत निर्णय**बाट हुने भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन ६ महिनाभित्र संशोधन गर्छौं ।
- **समयमा निर्णय नगर्नु, काम अल्झाउनु भ्रष्टाचार नै हो ।** कानुनका छिद्रमा टेकेर वा कुनै विषयमा गर्नुपर्ने निर्णय नगरेर वा ढिलो निर्णय गरेर हुने भ्रष्टाचार र कानुनी व्यवस्थाको उल्लंघन गरी हुने भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्छौं ।
- अनुचित कार्यको प्रभावकारी अनुसन्धान र छानबिनका लागि राष्ट्रिय सतर्कता केन्द्रलाई अधिकारसम्पन्न बनाउन एक वर्षभित्रै कानुनी व्यवस्था गर्छौं ।
- आफ्नो वा परिवारको प्रत्यक्ष Conflict of Interest रहेको विषयमा निर्णय गर्न, नीति वा कानुन निर्माणमा संलग्न हुन वा प्रभाव पार्न नपाउने **स्वार्थको द्वन्द्व सम्बन्धी कानुन** एक वर्षभित्र बनाई लागु गर्छौं ।
- तीन महिनाभित्र **राष्ट्रिय सदाचार नीति** कार्यान्वयन गर्छौं ।

२०४८ सालपछि सार्वजनिक जीवनका उच्च तहमा रहेका व्यक्तिको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोग गठन

- नीति, कानुन निर्माण र निर्णयमा हुने बिचौलिया प्रवृत्ति (फिक्सिङ) लाई सम्पूर्ण रूपले अन्त्य गर्छौं ।

## ३. दलीयकरणको अन्त्य : नियुक्तिमा दल होइन अब्बल

अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत संवैधानिक निकाय र राज्यका सार्वजनिक संस्थालाई दलीयकरणबाट मुक्त गरिने छ । यसका लागि :

- संवैधानिक परिषद्को बनोट, नियुक्ति विधि, संरचना र आयोगको अधिकारको सीमा स्पष्ट गर्न संविधानमा आवश्यक संशोधन गर्छौं ।
- **योग्यता र इमानदारिताका आधारमा नियुक्ति :** संवैधानिक निकाय, विश्वविद्यालय, सार्वजनिक संस्थान तथा कूटनीतिक सेवामा हुने नियुक्तिहरू समावेशी सिद्धान्त बमोजिम 'योग्यता, क्षमता र इमान्दारिताका आधारमा (Merit-based Appointment) नियुक्तिको सुनिश्चित गर्छौं ।
- विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुने व्यवस्था खारेज गरी स्वच्छ, प्राज्ञिक व्यक्तित्व कुलपति हुनेगरी आवश्यक कानुन व्यवस्था र प्राज्ञिक स्वायत्तताको प्रत्याभूति गर्छौं ।
- नियुक्तिका लागि **इमानदारी तथा नैतिकता परीक्षण**को विधि लागु गर्छौं ।
- संवैधानिक आयोग लगायतमा नियुक्तिमा राजनीतिक पार्टीको सदस्यका लागि अनिवार्य दुई वर्ष कुलिङ अफ पिरियड लागु गर्छौं ।

संवैधानिक निकाय र राज्यका सार्वजनिक संस्थालाई दलीयकरणबाट मुक्त

## ४. संस्थागत सुधार र सबलीकरण : सुधारिने छ संस्था, फेरिने छ अवस्था

राज्यका संस्था र सार्वजनिक निकायमा हुने दलीय नियुक्ति र भागवण्डा अन्त्य गर्छौं । यसका लागि :

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय लगायत अनुसन्धान तथा नियमनकारी निकाय र संस्थाको संरचना सुधार गरी सबल बनाउछौं ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई आधुनिक प्रविधि र दक्ष अनुसन्धानकर्ता युक्त एवम् वित्तीय अपराध विश्लेषण गर्ने क्षमताको दृष्टिकोणले सबल बनाउछौं ।

संवैधानिक आयोग नियुक्तिमा राजनीतिक पार्टीको सदस्यका लागि अनिवार्य दुई वर्ष कुलिङ अफ पिरियड

भ्रष्टाचार तथा अन्य फौजदारी अभियोगको मुद्दा दर्ता भएको व्यक्तिका हकमा पदमा रहन वा निर्वाचन लड्न बन्देज

- नियमनकारी निकायलाई नियन्त्रणकारी होइन, नियमनमा अब्बल बनाउछौं । नियामक निकायहरूको बहु नियमन र दोहोरोपनको अन्त्य गर्छौं ।
- नियमनको नाममा नागरिक र व्यवसायीलाई दिने दुःख-हैरानी रोक्छौं । तोकिएको समयमा निर्णय नगर्नेलाई सजायको व्यवस्था गर्छौं ।
- अवैध र अपारदर्शी सम्पत्तिको आर्जन र कुलतलाई निर्मम रूपमा नियन्त्रण गरी भ्रष्टाचारमुक्त समाजको निर्माण गर्छौं । परिश्रम गरेर आफ्नो आम्दानी बढाउने र वैध सम्पत्ति जोड्ने कामलाई राज्यले प्रोत्साहन गर्छौं ।

## ५. अब्बल सार्वजनिक प्रशासन : एक वर्षभित्र सार्वजनिक सेवा ऐन

सार्वजनिक सेवालाई राजनीतिक दबाबबाट मुक्त, निष्पक्ष, सक्षम, जनउत्तरदायी र सेवाप्रति प्रतिबद्ध बनाउछौं । यसका लागि :

- एक वर्षभित्र एकीकृत सार्वजनिक सेवा ऐन जारी गर्छौं ।
- संवैधानिक निकायको नियुक्तिमा दुई वर्ष कुलिङ अफ पिरियडको व्यवस्था गर्छौं ।

## ६. फौजदारी अभियोगमा मुद्दा लागे जिम्मेवारीबाट बिदा : पदमा नैतिकता

भ्रष्टाचार तथा अन्य फौजदारी मुद्दा लागेको व्यक्ति निर्वाचन लड्न नपाउने, पदमा नरहने व्यवस्था गर्छौं । यसका लागि :

- भ्रष्टाचार तथा अन्य फौजदारी अभियोगको मुद्दा दर्ता भएको व्यक्तिका हकमा पदमा रहन वा निर्वाचन लड्न नपाउने कानुन बनाउछौं ।
- भ्रष्टाचारको अभियोगमा मुद्दा दर्ता भएको राजनीतिक दलका कुनै पनि तहका नेता र सदस्य पदबाट स्वतः निलम्वन हुने व्यवस्था गर्छौं ।
- **स्वच्छ राजनीतिक आचारसंहिता** बनाई कडाइका साथ लागु गर्छौं ।

एक वर्षभित्र एकीकृत सार्वजनिक सेवा ऐन, संवैधानिक निकायको नियुक्तिमा दुई वर्ष कुलिङ अफ पिरियडको व्यवस्था

## ७. शपथ लिनुपूर्व र पद छाडेपछि सम्पत्ति सार्वजनिक अनिवार्य

पारदर्शी र स्वच्छ नेतृत्व हाम्रो अठोट हो । यसका लागि;

- मन्त्री, सांसद वा उच्च पदस्थ व्यक्तिहरूले शपथ लिनुपूर्व र पद छाडेपछि आफ्नो सम्पत्तिको सार्वजनिक घोषणा गर्ने व्यवस्था अनिवार्य गर्छौं ।
- सम्पत्ति घोषणालाई पारदर्शी बनाउन एवम् अनुसन्धान र कारबाहीको दायरामा ल्याउन सम्पत्ति घोषणा सम्बन्धी कानुन ल्याउछौं ।

## ८. सार्वजनिक खरिदमा अनियमिता र मिलेमतोको अन्त्य

सार्वजनिक खरिदमा हुने मिलेमतोको अन्त्य गर्दै स्वच्छ खरिद, समयमै गुणस्तरीय काम सुनिश्चित गर्छौं। यसका लागि :

- **समयमै काम; गुणस्तरीय काम :** सुशासन सुनिश्चित गर्न, भ्रष्टाचार नियन्त्रण गर्न र पुँजीगत वा विकास खर्चको प्रभावकारिता बढाउन, सार्वजनिक खरिद र ठेक्का प्रक्रियामा हुने मिलेमतो, लागत बढाउने, काम नगरी भुक्तानी लिने प्रवृत्ति र सीमित ठेकेदारको एकाधिकार रोक्न एकवर्ष भित्र **सार्वजनिक खरिद सम्बन्धी कानुन संशोधन** गर्छौं।
- सूचना प्रविधि, स्वास्थ्य सामग्री तथा अन्य विशिष्ट प्रकृतिका वस्तु र सेवाको खरिदलाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐनमा विशेष र छुट्टै प्रावधानहरूको व्यवस्था गर्छौं।

सार्वजनिक सेवाप्रवाह र विकास निर्माणमा देखिने अवरोधहरूलाई 'फास्ट ट्र्याक' बाट हटाउने

## ९. सुशासन केन्द्र

सार्वजनिक सेवाप्रवाह र विकास निर्माणमा देखिने अवरोधहरूलाई 'फास्ट ट्र्याक' मा हटाउने छौं र मन्त्रालय र कार्यालय धाउने समयमा काम हुने सुनिश्चित गर्छौं। यसका लागि;

- समयमा काम सुनिश्चित गर्न प्रधानमन्त्री कार्यालयमा तीन महिनाभित्र सुशासन केन्द्र (Governance Lab) र प्रत्येक मन्त्रालयमा सुशासन इकाइ (Governance Unit) स्थापना गर्छौं।
- सम्पूर्ण सार्वजनिक सेवा प्रदायक निकायलाई सुशासन सूचकांक प्रणालीमा आबद्ध गरी र सेवाग्राहीले कार्यालयहरूको मूल्याङ्कन (रेटिङ) गर्ने प्रणालीको विकास गर्छौं।
- सरकारी कार्यालयमा 'टाइमकार्ड' राखिने छ।

समयमा काम सुनिश्चित गर्न प्रधानमन्त्री कार्यालयमा तीन महिनाभित्र सुशासन केन्द्र स्थापना

## १०. 'ग्रे लिस्ट' बाट मुक्त नेपाल

- कानुनहरूको संशोधन, संस्थागत सुधार र कार्यान्वयनमा देखिएका समस्याहरूको समाधान गरी एक वर्षभित्र नेपाललाई **'ग्रे लिस्ट' बाट मुक्त गर्छौं।**

सेवाप्रवाह र प्रक्रियागत झन्झटसँग असान्दर्भिक तीन दर्जन कानुन तीन महिनाभित्र खारेज वा संशोधन

## ११. संसदीय ज्ञान केन्द्र

कानुन निर्माण प्रभावकारी, तथ्य र प्रमाणमा आधारित बनाउदै स्वार्थ समुहको दवाव र प्रभावबाट मुक्त बनाउछौं । यसका लागि :

- विधायकलाई विधि निर्माणमा सहयोग गर्न सङ्घीय र प्रदेश संसदमा संसदीय ज्ञान केन्द्र स्थापना गर्छौं ।
- संसदीय समितिहरूलाई प्रभावकारी बनाउछौं ।
- तहगत समन्वय संयन्त्र क्रियाशील बनाउछौं ।

## १२. कार्यालय केन्द्रित होइन; नागरिक केन्द्रित सेवा

सार्वजनिक सेवा लिँदा नागरिकले भोग्नुपर्ने प्रक्रियागत हैरानीको समूल अन्त्य गर्नेछौं । यसका लागि :

- पद, कागजपत्र र आन्तरिक प्रक्रियालाई प्राथमिकता दिने परम्परागत 'कार्यालय केन्द्रित प्रणाली' लाई बदलेर आधुनिक र प्रभावकारी 'नागरिक केन्द्रित सेवा' अवलम्बन गर्छौं ।
- **प्रक्रियामुखी होइन नतिजामुखी सेवा :** सेवाप्रवाह र प्रक्रियागत झन्झटसँग असान्दर्भिक तीन दर्जन कानुन तीन महिनाभित्र एकैपटक खारेज वा संशोधन गर्छौं ।
- हरेक घण्टा, हरेक दिन वा हरेक हप्तामा सकिने सेवाको समय तोकी सो सेवा समयमै सुनिश्चित गर्ने छौं र नभएमा सम्बन्धित अधिकारी जवाफदेही हुनुपर्ने व्यवस्था गर्छौं ।
- राष्ट्रिय परिचयपत्र, ड्राइभिङ लाइसेन्स, राहदानी जस्ता प्रमाणपत्रहरू एक हप्ताभित्र सेवाग्राहीलाई उपलब्ध गराउने व्यवस्था गर्छौं ।
- सेवा निवृत्त राष्ट्रसेवकलाई निवृत्तिभरण लगायतका सुविधाहरू प्राप्त गर्न राजधानी आउनैपर्ने बाध्यता अन्त्य गर्छौं ।
- 'निमुखालाई ऐन र ठूलालाई चैन' हुने अवस्थाबाट मुक्त गर्दै आम नागरिकदेखि सत्ताको जुनसुकै ओहदामा बसेका सबैको सेवामा समान सम्मान र मर्यादा सुनिश्चित गर्छौं ।

राष्ट्रिय परिचयपत्र, ड्राइभिङ लाइसेन्स, राहदानी जस्ता प्रमाणपत्रहरू एक हप्ताभित्र सेवाग्राहीलाई उपलब्ध गराउने व्यवस्था

## १३. एकीकृत सेवा; घरमै सेवा

क्यासलेस भुक्तानी, फेसलेस सेवा र पेपरलेस प्रशासन

नागरिकलाई पटक पटक कार्यालयका झ्याल, ढोका धाउनुपर्ने झन्झटबाट मुक्त गर्छौं । यसका लागि :

- **One Stop Service Center :** जन्मदर्ता, नागरिकता, व्यवसाय दर्ता, कर, सामाजिक सुरक्षा लगायत सेवाहरू एउटै सेवा केन्द्रबाट, एउटै डिजिटल वा भौतिक प्लेटफर्मबाट उपलब्ध गराउन एकीकृत सेवा प्रणाली (One Stop Service Center) र **घर-आगनमा सेवा**को अवधारणा लागु गर्छौं ।
- राष्ट्रिय परिचयपत्रका आधारमा जुनसुकै जिल्लाबाट राहदानी लिन सकिने एवम् परिचयपत्र आवश्यक पर्ने सबै निकाय, संस्था तथा प्रत्येक सेवा लिने बिन्दुमा राष्ट्रिय परिचयपत्रबाटै काम गर्ने गरी अन्य परिचयपत्र समेत यसैमा आबद्ध गर्दै सेवालाई सहज र प्रभावकारी बनाउछौं ।
- सेवा प्रवाह गर्दा कर्मचारीले नागरिकलाई मर्यादापूर्वक संबोधन गर्ने र बुझ्ने भाषामा संवाद गरी पहुँचयुक्त सेवा दिनुपर्ने व्यवस्थालाई सेवाप्रवाहको न्यूनतम मान्यताको रूपमा स्थापित गर्छौं ।

## १४. डिजिटल सार्वजनिक सेवा : सातै दिन चौबिसै घण्टा

नागरिकता, राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र बनाउन, सिप परीक्षण गर्न, सम्पत्ति खरिदबिक्री गर्ने जस्ता केही अपवाद बाहेक अन्य सम्पूर्ण काम क्रमशः डिजिटलाइज्ड

डिजिटल प्रशासनमार्फत केही अपवादबाहेक सबै सार्वजनिक सेवा अनलाइन गराउने छौं । यसका लागि :

- **'फाइल होइन मोबाइल'** मान्यताका साथ सरकारी कार्यालयमा क्रमशः क्यासलेस भुक्तानी, फेसलेस सेवा र पेपरलेस प्रशासनको अवधारणा लागु गर्छौं ।
- नागरिक एप लाई थप कार्यमूलक बनाउँदै सार्वजनिक सेवालाई डिजिटल माध्यमबाट हप्ताको **सातै दिन र चौबिसै घण्टा** उपलब्ध हुने व्यवस्था गर्छौं ।
- नागरिक एप मा सहज पहुँच नहुने वा नभएका नागरिकहरूका सन्दर्भमा द्रुत सहायता केन्द्रमार्फत घर आगनमा सेवा प्रवाह गर्छौं ।
- नागरिकता, राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र बनाउन, सिप परीक्षण गर्न, सम्पत्ति खरिदबिक्री गर्ने जस्ता केही अपवाद बाहेक अन्य सम्पूर्ण काम क्रमशः डिजिटलाइज्ड गर्छौं ।

- नेपाल सरकारले विभिन्न समाजिक सुरक्षा भत्ता, कृषि अनुदान, छात्रवृत्ति, राहत वा राज्यबाट नागरिकले पाउने अन्य प्रत्यक्ष सुविधाहरूलाई सिधै नागरिकको बैङ्क खातामा पुग्ने व्यवस्था गर्छौं ।
- बाढीपहिरोले घरबारविहीन भएर महिनौंसम्म थोरै राहतका लागि पटकपटक सरकारी कार्यालय धाउने अवस्था अन्त्य गरी तत्काल सम्बन्धित व्यक्तिको खातामा राहत उपलब्ध हुने व्यवस्था गर्छौं ।
- कानुनी व्यवस्था र दिगो संस्थागत संयन्त्र विकास गरिसङ्घ, प्रदेश र स्थानीय तहमा **Digital Governance** लाई संस्थागत गरी सार्वजनिक सेवाहरू द्रुत, पारदर्शी र नागरिकमैत्री बनाउछौं ।
- सरकारी निर्णय तथा विवरणलाई पारदर्शी र सुरक्षित बनाउन सम्पूर्ण सरकारी दस्तावेजहरू 'ब्लकचेन' प्रविधिमार्फत व्यवस्थापन गर्छौं ।

प्रधानमन्त्री र मुख्यमन्त्री बढीमा दुई कार्यकाल, मन्त्री बढीमा तीन कार्यकाल, समानुपातिक सांसद एक पटक

## १५. सेवामा ढिलासुस्ती; नागरिकलाई क्षतिपूर्ति

सेवामा ढिलासुस्ती गरी नागरिकलाई दु:ख दिने प्रवृतिको जरा उखेल्न समयमै सेवा, ढिलाइमा क्षतिपूर्तिको व्यवस्था गर्छौं । यसका लागि :

- प्रत्येक सरकारी सेवा पुरा हुने निश्चित दिन र समय तोकी तोकिएको समयमा काम नहुने र समयमा निर्णय नगर्नु अख्तियारको दुरूपयोग हो भन्ने मान्यताका साथ कारवाही र क्षतिपुर्तिको व्यवस्था गर्छौं ।
- कर्मचारीको मूल्याङ्कन हाजिरको आधारमा होइन, काम फर्स्यौट गरेको आधार मा गरी राम्रो गर्नेलाई पुरस्कृत र ढिलासुस्ती गर्नेलाई तत्काल कारबाही गर्छौं ।
- सार्वजनिक सेवा प्रणालीको प्रभावकारिताका लागि कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतलाई बजार मूल्य अनुसारको सुविधा र उत्प्रेरणाको प्याकेजको व्यवस्था गर्छौं ।

## १६. निर्वाचन प्रणालीमा सुधार र कार्यकाल सीमा

- समानुपातिक र समावेशी निर्वाचन प्रणालीलाई थप सुदृढ, न्यायपूर्ण र फराकिलो बनाउँदै निर्वाचन प्रणाली पुनरावलोकन गरी राजनीतिक स्थायित्वको प्रत्याभूतिका लागि कानुनी र संवैधानिक व्यवस्था गर्छौं ।

- राष्ट्रपति एक कार्यकाल, प्रधानमन्त्री र मुख्यमन्त्री बढीमा दुई कार्यकाल, मन्त्री बढीमा तीन कार्यकाल मात्र रहन पाउने र समानुपातिकतर्फ सांसद एक पटक अन्तिम पटक हुने कानुनी र संवैधानिक व्यवस्था गर्छौं ।

## १७. सङ्घमा १६ प्रदेशमा ७ मन्त्रालय : अनावश्यक संरचना खारेज

सानो सरकार ठूलो नतिजाको मान्यता अनुरूप सरकारको आकार सानो र मितव्ययी बनाउछौं । यसका लागि :

सङ्घ बढीमा १५ + १ र प्रदेशमा बढीमा ६ + १ मन्त्रालय

- विभिन्न समयमा गठित आयोगका सिफारिस बमोजिम सङ्घमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित **बढीमा १५ + १ र प्रदेशमा मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित बढीमा ६ + १ वटा मन्त्रालय** मात्र रहने व्यवस्था गर्छौं ।
- राष्ट्रिय योजना आयोग र सङ्घीय सरकारका विभाग तथा कार्यालयहरूलाई आवश्यकता र औचित्यका आधारमा एकापसमा गाभ्ने वा प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण वा खारेज गर्नेछौं ।

## १८. तहगत अधिकारमा स्पष्टता : दोहोरोपनको अन्त्य

समन्वय सहकार्य र सह अस्तित्वको मान्यता अनुसार तहगत सरकारबिच प्रभावकारी समन्वय गर्छौं, दोहोरोपन हटाउछौं । यसका लागि :

- सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारमा भएको अष्पष्टतालाई स्पष्ट पार्न र दोहोरोपन हटाउन कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जन गर्दै एक बर्षभित्र तहगत सरकार सञ्चालन सम्बन्धी छाता ऐन तर्जुमा गर्छौं ।
- सबै प्रकारका नागरिक सेवाहरू स्थानीय तह, अझ वडा तहमै सहज उपलब्ध हुनेगरी सङ्घ तथा प्रदेशबाट प्रवाह हुने सेवाहरू समेत स्रोत साधन र जनशक्ति सहित पुऱ्याउँछौं ।
- संविधान कार्यान्वयन र सङ्घीयता कार्यान्वयनसंग बाझिएका, उपयोग नभएका औचित्यहिन कानुन खारेज गर्छौं, बनाउनुपर्ने र प्रक्रियागत सहजीकरणका लागि आवश्यक कानुनहरू एक बर्षभित्र बनाउछौं ।

एक बर्षभित्र तहगत सरकार सञ्चालन सम्बन्धी छाता ऐन

## १९. तथ्य र प्रमाणमा आधारित समन्यायिक बजेट

- समन्यायको सिद्धान्तको आधारमा विकट र दुर्गम क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर तथ्य र प्रमाणका आधारमा बजेट विनियोजन गर्छौं ।

निर्वाचन र पार्टी सञ्चालनका नाममा राजनीतिक दलहरूले लिने अपारदर्शी आर्थिक सहयोग पूर्णरूपमा बन्द

- तहगत रूपमा दोहोरोपन हटाउन सङ्घले नीतिगत विषय र ठूला आयोजना, प्रदेशले विकास निर्माण र स्थानीय तहले सेवा प्रवाह तथा साना आयोजना कार्यान्वयन गर्छौं ।
- तीनै तहका सरकारका आयोजना निर्माण, प्राथमिकीकरण र छनोट प्रयोजनका लागि परियोजना बैङ्कको उपयोग गरी दोहोरोपना रोक्ने व्यवस्था गर्छौं ।
- तीनै तहका सरकारहरूले आयोजना छनोट गर्दा राष्ट्रिय विकास लक्ष्यसंग आबद्ध हुनेगरी मात्रै गर्ने बाध्यात्मक व्यवस्था गर्छौं ।

## २०. स्वच्छ र पारदर्शी दल

राजनीतिक दललाई पारदर्शी, स्वच्छ र जिम्मेवार बनाउनको लागि :

- निर्वाचन र पार्टी सञ्चालनका नाममा राजनीतिक दलहरूले लिने अपार दर्शी आर्थिक सहयोगलाई पूर्णरूपमा बन्द गर्छौं ।
- भ्रष्टाचार नियन्त्रणका लागि दलहरूलाई पारदर्शी बनाउन दलको लोकप्रिय मत प्रतिशत, संगठनात्मक संरचना, सक्रिय सदस्य संख्या, निर्वाचनमा सहभागिता र संगठनको समावेशी अवस्थाको आधारमा जनतालाई करको अतिरिक्त भार नपर्ने गरी राज्य कोषबाट वित्तीय सहयोग (**State Funding**) प्रदान गर्ने कानुनी व्यवस्था गर्छौं । अपारदर्शी आर्थिक कारोवारको अन्त्य गर्छौं ।
- प्रत्येक राजनीतिक दलले आफ्नो आम्दानी र खर्चका विवरणहरू नियमित रूपमा सार्वजनिक गर्ने र निर्वाचन आयोगले तोकेको पोर्टलमा अनिवार्य रूपमा प्रविष्ट गर्ने व्यवस्था गर्छौं ।
- दलको अन्तिम आयव्ययको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयमार्फत अनिवार्य रूपमा गरिनुपर्ने व्यवस्था गर्छौं ।
- दलहरूको आयव्ययको नागरिक अडिट गर्ने कानुनी व्यवस्था पनि गर्छौं ।

## २१. राइट टु रिजेक्ट; राइट टु रिकल

- मतदातालाई असन्तुष्टि जनाउने अधिकार प्रदान गर्न र विकल्पको सम्मान सुनिश्चित गर्न मतपत्रमा सम्बन्धित निर्वाचन क्षेत्रका उम्मेदवारहरूको सूचीको अन्त्यमा '**None of the Above (NOTA)**' अर्थात् 'माथिका कुनै पनि होइन भन्ने विकल्प र निर्वाचित जनप्रतिनिधिको कार्यसम्पादन अनुचित र गलत आचरण भएमा प्रत्याह्वानको व्यवस्था सहित एक वर्षभित्र कानुनी व्यवस्था गर्छौं ।

# हाम्रो अर्थतन्त्र : उदार, उत्पादनमुखी र न्यायमूलक अर्थतन्त्र

## उदार नीति, आफ्नै रोजगारी
## समुन्नत नेपाल; कांग्रेसको जिम्मेवारी

*हामी युवालाई उद्यमशीलताको साझेदार, निजी क्षेत्रलाई समुन्नतिको इन्जिन र पिँधमा रहेका विपन्न नागरिकलाई विकासको मूलप्रवाहमा ल्याएर सम्पत्तिको मालिक बनाउने 'उदार र उत्पादनमुखी' अर्थतन्त्र निर्माण गर्छौं ।*

२०४६ सालपछि नेपाली कांग्रेसले सुरू गरेको पहिलो पुस्ताको आर्थिक सुधारले निरन्तरता पाएको भए आज नेपालीको प्रतिव्यक्ति आय २५०० डलर नाघिसक्ने थियो । सशस्त्र द्वन्द्व र अस्थिरताका कारण गुमेको त्यही 'आर्थिक लाभ' पुनः प्राप्त गर्न हामी प्रतिबद्ध छौँ । आगामी पाँच वर्षलाई 'आर्थिक पुनरूत्थानको अर्धदशक' घोषणा गर्दै **दोस्रो पुस्ताको आर्थिक सुधार**मार्फत नेपालको अर्थतन्त्रलाई ११५ खर्ब रूपैयाँ र प्रतिव्यक्ति आयलाई २५०० अमेरिकी डलर पुऱ्याउने सङ्कल्प गर्छौं । यसका लागि कुल १३७.५ खर्ब रूपैयाँ बराबरको लगानी परिचालन गर्ने र त्यसमा ८० प्रतिशत हिस्सा निजी क्षेत्रको कायम गर्दै राज्यको भूमिकालाई केवल सहजकर्ता र निष्पक्ष नियामकमा सीमित गर्छौं । मुद्रास्फीति लाई पाँच प्रतिशतभित्र नियन्त्रण गर्ने र सीमान्त पूँजी उत्पादन अनुपातलाई ४.५:१ मा कायम राख्छौं ।

हामी नेपालको अर्थतन्त्रलाई **'प्रो-प्राइभेट', 'प्रो-ग्रोथ' र 'प्रो-सोसल जस्टिस'** बनाउन निम्न तीन स्तम्भमा केन्द्रित हुन्छौं :

**उदार अर्थतन्त्र :** निजी क्षेत्रलाई समृद्धिको मुख्य इन्जिनका रूपमा स्थापित गर्दै नीतिगत स्थिरता, स्वस्थ प्रतिस्पर्धा र **'प्रो-प्राइभेट'** वातावरण निर्माण गर्छौं; जहाँ सरकारले बजारको प्रतिस्पर्धी, निष्पक्षता र स्वच्छताका लागि एक कुशल नियामकको भूमिका मात्र निर्वाह गर्छ ।

**उत्पादनमुखी अर्थतन्त्र :** रोजगारीमूलक र 'उत्पादनमा आधारित' उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने **'प्रो-ग्रोथ'** नीति लिन्छौं; जहाँ युवाहरू केवल श्रमिक मात्र नभई 'सम्पत्ति सिर्जना र उद्यमशीलता' का वास्तविक साझेदार हुन्छन् ।

**आगामी पाँच वर्षलाई 'आर्थिक पुनरूत्थानको अर्धदशक' घोषणा गर्दै दोस्रो पुस्ताको आर्थिक सुधार मार्फत नेपालको अर्थतन्त्रलाई ११५ खर्ब रूपैयाँ र प्रतिव्यक्ति आयलाई २५०० अमेरिकी डलर पुऱ्याउने सङ्कल्प**

**करका दर र सर्तहरू कम्तीमा १०–१५ वर्षसम्म स्थिर रहने गरी 'स्ट्याबिलिटी क्लज'**

**न्यायमूलक अर्थतन्त्र :** न्यून आय भएका र सिमान्तकृत समुदायलाई 'सम्पत्ति सिर्जना' को साझेदार बनाउने गरी हामी **'प्रो–सोसल जस्टिस'** को राष्ट्रिय एजेन्डामा अघि बढ्छौं; जहाँ उनीहरूलाई उत्पादक र सम्पत्तिको मालिक बनाउने गरी विशेष आर्थिक अवसर र संरक्षणको सुनिश्चितता गर्छौं ।

नेपालको आर्थिक पुनरूत्थान र दीर्घकालीन समुन्नतिका लागि उदार, उत्पादनमुखी र न्यायमूलक अर्थतन्त्र निर्माण गर्न नेपाली कांग्रेस निम्न प्रतिज्ञा गर्दछ :

## १. उद्योग, निजी क्षेत्र र लगानी : आर्थिक वृद्धिको इन्जिन

हामी आन्तरिक तथा बाह्य पूँजीलाई उत्पादनशील क्षेत्रमा आकर्षित गरी व्यापक रोजगारी सिर्जना र उच्च-दिगो आर्थिक वृद्धि गर्छौं । यसका लागि :

- सरकार फेरिँदा नीति नफेरिने गरी प्रमुख दलहरूबिच **'न्यूनतम साझा आर्थिक एजेन्डा** (Economic Charter)' मा राष्ट्रिय सहमति कायम गर्छौं ।
- हाल सञ्चालनमा रहेका विभिन्न प्रकारका उद्योगहरूले भोग्नु परिरहेका नीतिगत अस्पष्टता, कानुनी झन्झट र संस्थागत जटिलताहरूलाई तत्काल सम्बोधन गर्न एकद्वार प्रणालीलाई प्रभावकारी बनाउँदै झन्झटमुक्त उद्योग सञ्चालनको वातावरण बनाउँछौं ।
- करका दर र सर्तहरू कम्तीमा १०–१५ वर्षसम्म स्थिर रहने गरी 'स्ट्याबिलिटी क्लज' सहितको कानुनी ग्यारेन्टी गर्छौं ।
- उद्योग दर्तादेखि नवीकरणसम्मका सबै प्रक्रियालाई कागजविहीन र हैरानीमुक्त बनाउन सरलीकृत डिजिटल प्रणाली लागु गर्छौं ।
- व्यवसाय र लगानीसँग सम्बन्धित मुद्दाहरू छिटो छरितो टुङ्ग्याउन 'फास्ट ट्र्याक' न्यायाधिकरणको व्यवस्था गर्छौं ।
- **'नो वर्क, नो पे'** को व्यवहारिक प्रयोगमार्फत रोजगारदाता र श्रमिक दुबैका लागि पूर्वानुमानयोग्य श्रम वातावरण तय गर्छौं ।
- लगानी बोर्ड र उद्योग विभागलाई गाभेर पारदर्शी, शक्तिशाली, **efficienct** 'लगानी प्रवर्धन एवम् संरक्षण बोर्ड' स्थापना गर्छौं ।
- हाल स्थापना र सञ्चालनमा रहेका 'विशेष आर्थिक क्षेत्रलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत र कानुनी प्रबन्ध गर्छौं र प्रत्येक प्रदेशमा न्यूनतम एक 'विशेष आर्थिक क्षेत्र' सञ्चालन सुनिश्चित गर्छौं ।

- दामासाही सम्बन्धी कानुन, नाफा फिर्ता र बर्हिगमन प्रक्रिया (Exit Policy) लाई सहज र पारदर्शी बनाउछौं ।
- **'पहिले थुन्ने अनि सुन्ने' अन्यायपूर्ण परम्परा अन्त्य** गरी व्यावसायिक क्षेत्रमा प्राकृतिक न्यायको सिद्धान्त अक्षरशः लागु गर्छौं ।
- अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक बनाउन आवश्यक ज्ञान सूचना तथा सेवा सुविधा दिई सहजिकरण गर्छौं ।
- उद्योग र उद्यमीको मानमर्दन गर्ने 'मिडिया ट्रायल' विरूद्ध कानुन निर्माण गरी डर-त्रासमुक्त लगानीको वातावरण निर्माण गर्छौं ।
- रूग्ण उद्योगहरूलाई पूँजीगत पुनःसंरचना, कर छुट र प्रविधि हस्तान्तरणमार्फत पुनः सञ्चालन वा उपयुक्त 'एक्जिट पोलिसी' तर्जुमा गरी लगानी र दायित्वबाट सहज बहिर्गमनको कानुनी व्यवस्था मिलाउँछौं ।
- चेक, बीजक वा बिक्रेताले उधारोमा सामान बिक्री गरेको रकम असुली सहजताका लागि आवश्यक कानुनी प्रबन्ध गर्छौं ।

## २. जनताको भान्सा; महङ्गीबाट राहत

महँगीको चरम मारमा परेका आम सर्वसाधारणलाई तत्काल राहत दिनु हाम्रो प्राथमिक दायित्व हुने छ । यसका लागि :

- बजारमा हुने सिन्डिकेट, कार्टेलिङ र कृत्रिम अभावलाई निर्मूल पार्न 'प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन' को पूर्ण कार्यान्वयन गरी खुला र स्वस्थ प्रतिस्पर्धा सुनिश्चित गर्छौं ।
- उपभोक्ताको हित र बजारको स्वच्छता कायम गर्न नियामक निकायहरूलाई शक्तिशाली, स्वायत्त र प्रविधिमैत्री बनाउँदै सरकारलाई एक निष्पक्ष नियामकको भूमिकामा राख्छौं ।
- बजारमा मूल्य र गुणस्तरको पारदर्शिता कायम गर्न डिजिटल प्रविधिको प्रयोग मार्फत 'मूल्य सूचना प्रणाली' लागु गरी बिचौलियाको अनावश्यक प्रभावलाई न्यून पार्छौं ।
- गुणस्तरहीन वस्तु र सेवाको बिक्री-वितरण रोक्न बजार अनुगमनलाई नतिजामुखी बनाउँदै उपभोक्ता अदालतलाई प्रभावकारी र पहुँचयोग्य बनाउछौं ।

**बजारमा मूल्य र गुणस्तरको पारदर्शिता कायम गर्न डिजिटल प्रविधिको प्रयोगमार्फत 'मूल्य सूचना प्रणाली' लागु गरी बिचौलियाको अनावश्यक प्रभाव हटाउने**

वार्षिक १० लाख रूपैयाँसम्मको व्यक्तिगत आयमा आयकर नलाग्ने व्यवस्था गरी मध्यम र न्यून आय भएकालाई राहत

- ‘खेतबारीदेखि भान्सासम्म’ आपूर्ति संयन्त्र बनाएर उपभोक्तालाई सस्तो मूल्य र किसानलाई उचित लाभ दिलाउछौं ।
- आयातित ग्यासको विकल्पमा सहुलियत दरको बिजुली र विद्युतीय चुल्हो प्रवर्धन गरी भान्साको मासिक खर्च घटाउछौं ।
- खाना पकाउने ग्यासमा दिइने अनुदानलाई वास्तविक गरिब र लक्षित वर्गको बैङ्क खातामा सिधै पुग्ने प्रणाली लागु गर्छौं ।
- सडक लगायतका रणनीतिक पूर्वाधारहरूको विस्तारमार्फत वस्तु ढुवानीको खर्च घटाई बजार भाउ सस्तो बनाउछौं ।
- घरभाडा नियमनका लागि स्पष्ट निर्देशिका ल्याउनुका साथै न्यून आय भएका परिवारका लागि सरकारी जग्गामा सस्तो सामूहिक आवास र सहुलियत आवास कर्जाको व्यवस्था गर्छौं ।
- सहरमा बस्ने विद्यार्थी र कार्यरत युवाका लागि सार्वजनिक-निजी साझेदारीमा सुलभ होस्टलहरू सञ्चालन गरी बसोबास खर्चमा घटाउँछौं ।
- सार्वजनिक शिक्षा र उपचारको गुणस्तर बढाउँदै स्वास्थ्य र शिक्षामा नागरिकले आफ्नो गोजीबाट गर्नुपर्ने खर्चलाई न्यूनतम गर्छौं ।
- वार्षिक १० लाख रूपैयाँसम्मको व्यक्तिगत आयमा आयकर नलाग्ने व्यवस्था गरी मध्यम र न्यून आय भएकालाई राहत दिन्छौं ।

## ३. उद्यमशीलता, पूँजी बजार र वित्तीय पहुँच

अर्थतन्त्रलाई गतिशील बनाउन उद्यमशील सोच भएका तर पूँजीको अभाव झेलिरहेका युवा, महिला र सीमान्तकृत वर्गलाई राज्यको स्रोत र साधनमा न्यायपूर्ण पहुँच पुऱ्याइने छ । यसका लागि :

- नवीन सोच भएका युवा तथा महिला उद्यमीहरूका लागि बिना धितो परियोजनाकै आधारमा ५ देखि ५० लाख रूपैयाँसम्मको कर्जा उपलब्ध गराउँछौं ।
- युवा उद्यमीहरूका लागि क्राउड फन्डिङ्ग (Crowd Funding) र भेन्चर क्यापिटल जस्ता वैकल्पिक वित्तीय उपकरणहरूको स्पष्ट कानुनी व्यवस्था गरी लगानी सुनिश्चित गर्छौं ।

- साना तथा मझौला उद्योग (SMEs) र कृषि कर्जामा निश्चित अवधिसम्म ब्याजदर नबढ्ने गरी 'स्थिर ब्याजदर' नीति बनाउँछौं ।
- आर्थिक मन्दीले मर्कामा परेका इमानदार उद्यमीलाई कालोसूचीबाट हटाउन स्पष्ट वर्गीकरण गर्ने, ऋणको पुनरतालिकीकरण र हर्जाना मिनाहा गरी नयाँ सुरूवातका लागि 'सिल्भर क्रेडिट' र परियोजना धितो' मा पुनर्कर्जा उपलब्ध गराउँदै लघुवित्त तथा सहकारीका ऋणीहरूलाई ऋण राफसाफको विशेष प्याकेज दिन्छौं ।
- लघुवित्त र सहकारीका ऋणीहरूलाई ऋण राफसाफको विशेष प्याकेजमार्फत राहत प्रदान गर्छौं ।
- वैदेशिक रोजगारीमा रहेका नेपाली, गैरआवासीय नेपाली र आम नागरिकलाई मोबाइल एपमार्फत पूँजी बजारमा सहजै जोड्ने नीति कार्यान्वयन गर्छौं ।
- भित्री कारोबार (**Insider Trading**) र अस्वाभाविक चलखेल रोक्न अत्याधुनिक निगरानी प्रणाली लागु गर्दै साना लगानीकर्ताको हितका लागि 'लगानीकर्ता संरक्षण कोष' लाई प्रभावकारी बनाउँछौं ।
- साना तथा मझौला उद्योगका लागि छुट्टै 'SME Platform' विकास गरी बजारबाट पूँजी जुटाउन सक्षम बनाउँछौं ।
- धितोपत्र बोर्डलाई पूर्ण स्वायत्त बनाउँदै नेप्से र सिडिएससीको संरचनागत सुधार गरी राफसाफ प्रणालीलाई विश्वस्तरीय बनाउँछौं ।
- सहकारी र वित्तीय क्षेत्रका सबै प्रकारका ठगी रोक्न सशक्त 'इन्टेलिजेन्स युनिट' स्थापना गरी बचतकर्ताको रकम सुरक्षित पार्छौं ।
- बैङ्क तथा वित्तीय संस्थाको कर्जा कृषि, ऊर्जा, पूर्वाधार र सूचना प्रविधि जस्ता उत्पादनशील क्षेत्रमा केन्द्रित गर्ने नीति कार्यान्वयन गर्छौं ।
- लघुवित्तको ब्याजदरको सीमा तोक्दै एक परिवारले एक संस्थाबाट मात्र ऋण लिन पाउने गरी यसलाई व्यवस्थित र न्यायपूर्ण बनाउँछौं ।
- कृषि बिमाको प्रिमियममा ९० प्रतिशतसम्म अनुदान दिने छौं र आधुनिक प्रविधि (ड्रोन/स्याटेलाइट) मार्फत क्षतिको यकिन गरी सिधै किसानको बैङ्क खातामा रकम जम्मा हुने व्यवस्था मिलाउँछौं ।

**भित्री कारोबार (Insider Trading) र अस्वाभाविक चलखेल रोक्ने**

**कृषि बिमाको प्रिमियममा ९० प्रतिशतसम्म अनुदान**

स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको संरक्षणका लागि 'नेपाली उत्पादन, नेपाली शान' अभियान

- विद्यालय तहदेखि नै शेयर बजार र वित्तीय व्यवस्थापन सम्बन्धी शिक्षालाई पाठ्यक्रममा समावेश गरी धितोपत्र बजारलाई देशव्यापी विस्तार गर्छौं ।
- बैङ्क तथा वित्तीय संस्थाहरू नपुगेका दुर्गम ग्रामीण क्षेत्रमा 'डिजिटल वित्तीय साक्षरता र सेवा केन्द्र' स्थापना गरी इन्टरनेट नभएको स्थानमा समेत चल्ने 'अफ्लाइन' डिजिटल भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्छौं ।
- सीमा क्षेत्रमा रहेका नागरिकहरूले वित्तीय कारोबार र भुक्तानीमा भोग्नुपरिरहेका समस्याहरू समाधान गर्न आवश्यक नीतिगत सहजीकरण तथा पूर्वाधार विस्तार गर्छौं ।

## ४. व्यापार, प्रविधि र हरित अर्थतन्त्र

नेपालको समुन्नति र आधुनिकताका लागि प्रविधिमैत्री नवप्रवर्तन, सन्तुलित व्यापार र हरित विकासलाई एकाकार गर्दै अगाडि बढ्ने छौं । यसका लागि :

- स्वदेशी उत्पादनको प्रवर्धन र बजार विस्तारमार्फत आगामी पाँच वर्षभित्र निर्यात आयातको अनुपात १०:९० बाट सुधार गरी २०:८० पुऱ्याउँछौं ।
- सूचना प्रविधिलाई अर्थतन्त्रको नयाँ मेरूदण्ड बनाउँदै युवाहरूका लागि डिजिटल व्यापारमा रहेका नीतिगत अड्चनहरू हटाई विश्वव्यापी कारोबारको बाटो प्रशस्त गर्छौं ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको संरक्षणका लागि 'नेपाली उत्पादन, नेपाली शान' अभियान चलाउँदै यस्ता उद्योगहरूलाई १० वर्षसम्म स्थिर कर नीतिको सुनिश्चितता गर्छौं ।
- सन् २०२६ को नोभेम्बर पछि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा आउने चुनौतीलाई अवसरमा बदल्न आर्थिक कूटनीतिलाई सशक्त बनाउँदै निर्यातमा विशेष अनुदान र सहुलियतपूर्ण कर्जा उपलब्ध गराउँछौं ।
- निर्यातमा दिइने नगद अनुदानलाई सरल र पारदर्शी बनाउँदै विशेष आर्थिक क्षेत्र (SEZ) लाई पूर्ण क्षमतामा सञ्चालन गरी उद्योगहरूलाई आवश्यक पूर्वाधार र कर छुटको सुविधा प्रत्याभूत गर्छौं ।
- ढुवानी क्षेत्रको सिन्डिकेट- एकाधिकार र कृत्रिम मूल्य निर्धारणलाई निरूत्साहित गर्दै खुला प्रतिस्पर्धा सुनिश्चित गर्छौं र साना उद्यमीहरूको ढुवानी खर्च घटाउन सङ्कलन प्रणालीलाई व्यवस्थित गर्छौं ।

- बैङ्क, भन्सार र यातायातमा हुने कागजी झन्झट अन्त्य गरी पूर्ण 'डिजिटल भन्सार' र 'पेपरलेस ट्रेड' लागु गर्छौं ।
- 'प्लास्टिकमुक्त नेपाल' अभियानमार्फत स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्राथमिकता दिँदै गाउँ-गाउँमा 'हरित रोजगारी' सिर्जना गर्छौं ।
- कृषि उपजको क्षति न्यूनीकरण गरी किसानको आय बढाउन देशका प्रमुख उत्पादन र व्यापारिक केन्द्रहरूमा आधुनिक गोदाम तथा शीत भण्डारको सञ्जाल विस्तार गर्छौं ।
- सार्वजनिक यातायातमा विद्युतीय सवारी र हरित ऊर्जा जस्ता सफा इन्धनमा लगानी केन्द्रित गर्दै सन् २०४५ सम्म 'नेट शून्य' उत्सर्जनको लक्ष्य हासिल गर्नेछौं ।
- सशक्त जलवायु कूटनीति अवलम्बन गरी कार्बन व्यापारबाट प्राप्त हुने लाभलाई सिधै स्थानीय समुदायको जीवनस्तर सुधार्न प्रयोग गर्छौं ।
- सडक, रेल र हवाई सेवालाई एकै छातामुनि ल्याउन 'मल्टिमोडल ट्रान्सपोर्ट एक्ट' जारी गर्नेछौं र व्यापारिक पूर्वाधारलाई जलवायुमैत्री एवम् विपद् प्रतिरोधी बनाउछौं ।
- नवीकरणीय ऊर्जाका लागि 'हरित बण्ड' जारी गरी पूँजी परिचालन गर्ने र बैङ्कहरूलाई वातावरणमैत्री क्षेत्रमा लगानी गर्न प्रेरित गर्छौं ।
- सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वय गरी गाउँ-गाउँका स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्ने 'भ्यालु चेन' विकास गर्छौं ।
- वनमा आधारित जैविक र वृत्ताकार अर्थतन्त्रलाई बढावा दिँदै जडीबुटीको मूल्य अभिवृद्धि र 'फोहोर शून्य' सहरको अवधारणा कार्यान्वयन गर्छौं ।
- Block Chain प्रविधि, अभौतिक मुद्रा र टोकनाईजेसनका लागि संभावना पहिचान गरी उपयुक्त नीति र विधि बनाउने छौं ।
- अन्तराष्ट्रिय ढुवानी व्यवसायमा संलग्न लजिस्टिक अपरेटरहरूको विश्वसनीयताका लागि राष्ट्रिय स्तरको प्रमाणीकरण प्रणाली सुरू गर्छौं र यस क्षेत्रका जनशक्तिलाई तालिम मार्फत आधुनिक र दक्ष बनाउँछौं ।
- व्यापार, यातायात र सीमा व्यवस्थापनमा संलग्न निकायहरूबिच प्रभावकारी समन्वय कायम गर्न उच्चस्तरीय 'राष्ट्रिय लजिस्टिक परिषद्' मार्फत एकीकृत कार्यसम्पादन गर्छौं ।

सार्वजनिक यातायातमा विद्युतीय सवारी र हरित ऊर्जा जस्ता सफा इन्धनमा लगानी केन्द्रित गर्दै सन् २०४५ सम्म 'नेट शून्य' उत्सर्जनको लक्ष्य हासिल

खरिद प्रक्रिया समयमै सुरू नगर्ने र खरिद निर्णयमा अनावश्यक ढिलाइ गर्ने अधिकारीलाई जिम्मेवार र जवाफदेही

## ५. वित्तीय सुशासन र जवाफदेही सरकार

हचुवाका भरमा बजेट विनियोजन गर्ने र खर्च हुन नसक्ने पुरातन शैलीलाई अन्त्य गर्दै तथ्यमा आधारित बजेट निर्माण, न्यायपूर्ण कर प्रणाली र फजुल खर्चको कठोर कटौतीमार्फत वित्तीय सुशासन कायम गर्नेछौं । यसका लागि :

### क) तथ्यमा आधारित बजेट र वित्तीय जवाफदेहिता

- हचुवाका भरमा योजना छनोट गर्ने परिपाटी अन्त्य गरी वस्तुगत प्रमाण, वास्तविक आँकडा र आवश्यकताका आधारमा मात्र बजेट निर्माण गर्छौं ।
- बजेटलाई देशको दीर्घकालीन विकास लक्ष्य र मध्यमकालीन खर्च संरचना (MTEF) सँग पूर्णरूपमा आबद्ध गर्छौं ।
- राज्यको स्रोत बाँडफाँटलाई पूर्णरूपमा पारदर्शी बनाउछौं र सेवा प्रवाहलाई प्रभावकारी एवम् मितव्ययी बनाछौं ।
- राज्यको वित्तीय दायित्वलाई समग्र अर्थतन्त्रको विस्तार र राष्ट्रिय रणनीतिक प्राथमिकताका आधारमा मात्र निर्धारण गर्छौं ।
- बजेट निर्माण प्रक्रियालाई पारदर्शी, सहभागितामूलक र छलफल केन्द्रित (**Deliberative**) बनाउन 'बजेट क्यालेण्डर' लाई कडाइका साथ लागु गर्छौं ।
- संसदको बजेट सम्बन्धी अध्ययन र सुपरीवेक्षण क्षमता अभिवृद्धि गर्न तथा तथ्यपरक अनुसन्धानमा सहयोग पुर्‍याउन एक अधिकार सम्पन्न र स्वतन्त्र 'बजेट कार्यालय' को व्यवस्था मिलाउछौं ।

### ख) बजेट कार्यान्वयन र सार्वजनिक खर्चमा सुधार

- सबै कार्यक्रम वा आयोजनाहरूको प्रतिवेदन समयमै तयार गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था लागु गर्छौं ।
- खरिद प्रक्रिया समयमै सुरू नगर्ने र खरिद निर्णयमा अनावश्यक ढिलाइ गर्ने अधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउछौं ।
- बजेट निकासामा हुने प्रशासनिक ढिलाइ अन्त्य गर्न सरल, आधुनिक र स्वचालित प्रणाली लागु गर्छौं ।
- विकास खर्चलाई प्रभावकारी र नतिजामुखी बनाउन आवश्यक कानुन, कार्यविधि र प्रक्रियागत अवरोधहरूमा व्यापक सुधार गर्छौं ।

- अनावश्यक प्रशासनिक खर्च कटौती गरी सरकारलाई मितव्ययी बनाउन विभिन्न समयमा प्राप्त गठित आयोग र विज्ञ समूहका प्रतिवेदनहरूलाई व्यवहारिकताका आधारमा कार्यान्वयन गर्छौं ।
- सार्वजनिक खर्चमा वित्तीय अनुशासन र सुशासन सुनिश्चित गर्न पारदर्शितालाई उच्च प्राथमिकता दिई नागरिक निगरानीको व्यवस्था मिलाउछौं ।

व्यक्तिगत आयकरको अधिकतम दर २५% भन्दा नबढ्ने गरी प्रगतिशील प्रणाली लागु

## ग) लगानीमैत्री कर प्रणाली

- राजस्व नीति र प्रशासनमा रहेका द्विविधा हटाउँदै सरकारका तहहरूबिच करको दोहोरोपनालाई पूर्णरूपमा निर्मूल गरी सङ्घीयताको भावना अनुरूपको कर अवधारणा लागु गर्छौं ।
- करको भारबाट सर्वसाधारणलाई राहत दिन व्यक्तिगत आयमा सुरूको १० लाख रूपैयाँसम्म आयकर नलगाउने नीति लिन्छौं ।
- व्यक्तिगत आयकरको अधिकतम दर २५% भन्दा नबढ्ने गरी प्रगतिशील प्रणाली लाग गर्नेछौं र वार्षिक १ करोड रूपैयाँभन्दा माथिको आयमा मात्र अतिरिक्त शुल्क लगाउछौं ।
- संस्थागत आयकरलाई क्रमशः २०% मा झार्छौं र वस्तु र सेवाको निर्यातमा १०%, सूचना प्रविधि (IT) निर्यात व्यवसायमा ५% र उत्पादनमुखी उद्योगहरूमा १५% आयकर कायम गर्छौं ।
- विभिन्न नाममा लगाइएका स-साना करहरूलाई मूल्य अभिवृद्धि करमा समाहित गरी दायरा विस्तार गर्नेछौं र यसको एकल दरलाई क्रमशः १०% मा झार्छौं ।
- भन्सार महसुलका दर र तहहरू क्रमशः कम गर्दै व्यापारलाई सहजिकरण गर्नेछौं । अन्तःशुल्क लाग्ने वस्तुहरूको संख्या घटाउँदै यसलाई आधुनिकीकरण गर्छौं ।

संस्थागत आयकरलाई क्रमशः २०% मा झार्ने

- स्वदेशी तथा वैदेशिक लगानी, उद्योग, निर्यात र आयातमा देखिएका कर सम्बन्धी द्विविधाहरू हटाउन कानुन परिमार्जन गरी हाम्रो कर प्रणालीमाथि विश्वास अभिवृद्धि गर्छौं ।
- राजस्व सङ्कलन प्रक्रियालाई सरल, पारदर्शी र न्यायपूर्ण बनाउँदै भ्रष्टाचार कम गर्न व्यापक प्रक्रियागत सरलीकरण गर्छौं ।

- राजस्व प्रशासनलाई व्यावसायिक र सेवा-केन्द्रित बनाउँदै सूचना प्रविधिको अधिकतम प्रयोगमार्फत यसलाई पूर्णरूपमा स्वचालित, फेसलेस र पेपरलेस बनाउछौं ।

## घ) सार्वजनिक लगानी व्यवस्थापन

- आयोजनाहरूको छनोट गर्दा हचुवाका भरमा नभई रणनीतिक प्राथमिकता र लागत-लाभ को वैज्ञानिक मूल्याङ्कनका आधारमा मात्र गर्छौं।
- आयोजना छनोट र कार्यान्वयनमा हुने राजनीतिक हस्तक्षेपलाई पूर्णरूपमा अन्त्य गरी सम्बन्धित निकायहरूको संस्थागत क्षमता सुदृढ बनाउछौं ।
- सार्वजनिक लगानीमा सुशासन सुनिश्चित गर्न पारदर्शिता र उत्तरदायित्व प्रणालीलाई अझ मजबुत र प्रविधिमैत्री बनाउछौं ।

मूल्य अभिवृद्धि करलाई क्रमशः १०% मा झार्ने

- सार्वजनिक सम्पत्तिको नियमित मर्मत-संभारका लागि पर्याप्त बजेट सुनिश्चित गर्दै निर्माण सम्पन्न भएको निश्चित समयसम्म मर्म-संभारको पूर्ण जिम्मेवारी सम्बन्धित ठेकेदारले नै तलिनुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्छौं ।
- राष्ट्रिय आवश्यकता र हितका आधारमा प्रयोगविहीन रहेका सार्वजनिक सम्पत्तिहरूको मौद्रिकिकरण गरी थप स्रोत व्यवस्थापन गर्ने नीति अवलम्बन गर्छौं ।

## ङ) जवाफदेही र पारदर्शी सरकार

- नागरिक र सरकार बिचको सम्बन्धलाई 'सेवाग्राही र सेवक' (**Principal and Agent**) को रूपमा स्थापित गर्दै, सरकारका हरेक क्रियाकलापलाई नागरिकप्रति पूर्णरूपमा जवाफदेही बनाउछौं ।
- बजेट निर्माण, कार्यान्वयन, त्यसको प्रभावकारिताको मूल्याङ्कन, लेखांकन, प्रतिवेदन तथा आन्तरिक र बाह्य लेखापरीक्षणका सबै चरणहरूमा उच्चस्तरको पारदर्शिता सुनिश्चित गर्छौं ।
- पारदर्शिता र जवाफदेहिताका सम्बन्धमा विभिन्न कानुनहरूमा छरिएर रहेका व्यवस्थाहरूलाई एकीकृत गरी, संविधानको भावना र जनअपेक्षा अनुरूप एकै ठाउँबाट सम्बोधन हुने गरी 'एकीकृत जवाफदेहि कानुन' निर्माण र कार्यान्वयन गर्छौं ।

- सरकारी आय र खर्चको विवरण नागरिकले सजिलै बुझ्न र हेर्न सक्ने गरी सूचना प्रविधिको प्रयोगमार्फत शासन प्रणालीलाई खुला र पारदर्शी बनाउछौं ।

## ६. वित्तीय सुशासन र अन्तर्राष्ट्रिय विश्वसनीयता

नेपालको वित्तीय प्रणालीलाई स्वच्छ, पारदर्शी र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन वित्तीय अपराध नियन्त्रणका लागि सशक्त कानुनी पूर्वाधार र संरचनात्मक सुधार गर्दै विश्वस्तरमा मुलुकको साखलाई स्थापित गर्छौं । यसका लागि :

- नेपाललाई अन्तर्राष्ट्रिय 'ग्रे-लिस्ट' को जोखिमबाट बाहिर निकाल्न र मुलुकको वित्तीय प्रतिष्ठा जोगाउन यसलाई राष्ट्रिय प्राथमिकताको एजेन्डाका रूपमा अगाडि बढाउँछौं ।
- सरकार गठन भएको एक वर्षभित्रै सम्पत्ति शुद्धीकरण निवारण लगायतका कानुनहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम परिमार्जन गरी दृढताका साथ कार्यान्वयन गर्छौं ।
- वित्तीय अपराध र अवैध धनलाई वैध बनाउने प्रयास विरूद्ध शून्य सहनशीलताको नीति लिँदै शंकास्पद कारोबारको सूक्ष्म निगरानी गरी अवैध वित्तीय गतिविधिलाई पूर्णरूपमा नियन्त्रण गर्छौं ।
- राष्ट्र बैङ्कको वित्तीय जानकारी इकाई र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई हस्तक्षेपमुक्त, शक्तिशाली र स्रोत-साधन सम्पन्न बनाउँछौं ।
- नेपाली बैङ्कहरूको विश्वव्यापी बैंकिङ सम्बन्ध सुमधुर बनाउँदै वैदेशिक लगानीकर्ताहरूमा नेपालको वित्तीय प्रणालीप्रति पूर्ण भरोसा जगाउन आवश्यक नीतिगत तथा कानुनी प्रबन्ध गरी सुरक्षित लगानीको बाटो प्रदान गर्छौं ।

सरकार गठन भएको एक वर्षभित्रै सम्पत्ति शुद्धीकरण निवारण लगायतका कानुनहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम परिमार्जन

# युवा शक्ति : देशको मूल शक्ति

*नेपालको जनसाङ्ख्यिक लाभलाई राष्ट्रिय पुँजीमा बदल्न राज्यका हरेक संयन्त्रमा युवाहरूको संस्थागत पहुँच र निर्णायक जिम्मेवारी सुनिश्चित गर्छौं । युवालाई रोजगारी, उद्यमशीलता र उचित अवसरमार्फत विकासको साझेदारसँगै संस्थागत पहुँचमार्फत देशको समुन्नति र नेतृत्व हाँक्ने र विश्वको जुन सुकै ठाउँमा प्रतिस्पर्धा गर्न सक्ने जिम्मेवार शक्तिको रूपमा स्थापित गर्छौं ।*

वर्तमान नेपालको जनसङ्ख्याको सबैभन्दा ठुलो हिस्सा युवाहरूको छ । यस्तो जनसांख्यिक लाभमार्फत देश र समाजको विकासमा फड्को मार्न सकिन्छ । त्यसैले पनि युवा केवल एउटा उमेर समूह मात्र होइन, यो हाम्रो देश विकास गर्ने सबैभन्दा विशिष्ट पुँजी हो । तर यो जनसाङ्ख्यिक लाभ सधै उपलब्ध रहँदैन । अहिलेको 'युवा नेपाल' रहन अब हामीसँग केवल २६ वर्षको सीमित समय मात्र बाँकी छ । यही समयभित्र युवाको सामर्थ्यलाई राष्ट्र निर्माणमा जोड्नु हाम्रो मुख्य कार्यभार हुन पुगेको छ ।

आजका युवामा राष्ट्रप्रतिको गहिरो आस्था र जिम्मेवारी बोध छ । यद्यपि, क्षमता र योग्यता हुँदाहुँदै पनि राज्यका आर्थिक र राजनीतिक प्रक्रियामा निर्णायक पहुँच नपाउँदा युवा पुस्तामा स्वाभाविक आक्रोश छ । नेपाली कांग्रेस युवाहरूलाई 'भोलिका कर्णधार' भनेर पर्खाउने होइन, आजकै 'साझेदार' हुन भन्ने मान्दछ । युवा सहभागिता अब नामका लागि मात्र होइन, उनीहरूको संस्थागत पहुँच र राज्यको निर्णायक तहमा अर्थपूर्ण उपस्थिति सुनिश्चित गर्नुपर्छ ।

युवाहरूलाई भोलिका कर्णधार भनेर पर्खाउने होइन; आजकै साझेदार हुन् भनेर सहकार्य गर्ने

नवयुवा 'जेन-जी' पुस्तामा देखिएको ऊर्जा र अभूतपूर्व राष्ट्रिय पुनर्जागरणको भावलाई हामी सम्मान गर्दछौं र राष्ट्र निर्माणमा त्यसको सदुपयोग गर्न चाहन्छौं । युवाहरू रोजगारी खोज्ने मात्र होइन, रोजगारी सिर्जना गर्ने उद्यमी हुन् भन्ने कुरालाई मनन गर्दै उनीहरूलाई विकासको प्रमुख हिस्सेदार बनाउन हामी निम्न प्रतिज्ञा गर्दछौं :

## १. युवा नेतृत्व : संस्थागत पहुँच र निर्णायक भूमिका

दक्ष युवाको क्षमतालाई सदुपयोग गर्न हामी :

- युवाहरूको राजनीतिक र प्रशासनिक सहभागितालाई केवल 'टोकन' वा 'कोटा' मा सीमित नगरी उनीहरूको संस्थागत पहुँच (**Institutional Access**) सुनिश्चित गर्छौं ।
- नीति निर्माणको निर्णायक तहमा युवाको न्यायोचित र अर्थपूर्ण उपस्थितिका लागि दक्ष युवाहरूलाई सरकारी सेवामा ल्याटरल इन्ट्री (विशेष प्रक्रियामार्फत प्रवेश) को कानुनी व्यवस्था गर्छौं ।
- नेपाली कांग्रेसले आफ्ना बिभिन्न समिति र निर्वाचनमा युवाहरूको सहभागिता सुनिश्चित गर्ने छ ।

## २. आशालाई अवसरमा बदल्ने 'मिसन रोजगारी' अभियान

युवा रोजगारी तथा उद्यमशीलतालाई सुनिश्चित गर्न हामी :

- देशभित्रै रहेका युवाको आशालाई अवसरमा बदल्न 'मिसन रोजगारी' अभियानलाई निरन्तरता दिँदै कृषि, पर्यटन र उद्योग क्षेत्रमा लघु तथा साना उद्यम (MSME) प्रवर्धन गर्छौं ।
- युवामा रहेका नविन सोच, सिप र योजनालाई व्यावसायिक रूप दिन लगानी जुटाउने र सहजीकरण गर्ने जिम्मेवारी राज्यले लिने छ । यसका लागि 'परियोजना धितो ऋण' र 'स्टार्ट-अप सिड फण्ड' मार्फत औपचारिक पुँजीको पहुँच सुनिश्चित गर्छौं ।
- नयाँ उद्यम सुरू गर्न चाहने महिला तथा युवालाई १०० दिने **Business Incubation** मार्फत आवश्यक प्रशिक्षण र परामर्शसहित उद्यम दर्ता र सुरूवाती पुँजीमा पहुँच सहज पार्छौं ।
- रोजगारी सिर्जना गर्न सक्ने वृद्धिमुखी उद्यमलाई **Enterprise Acceleration** को प्रक्रियाबाट व्यवसाय सञ्चालन प्रणालीको आधुनिकीकरण, मूल्य शृङ्खला अभिवृद्धि, बजार विस्तार र आम्दानी वृद्धि तर्फ अग्रसर गराउँछौं । यस अभियानको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ-प्रदेश-स्थानीय तहबिचको

नयाँ उद्यम सुरू गर्न चाहने महिला तथा युवालाई १०० दिने Business Incubation मार्फत आवश्यक प्रशिक्षण र परामर्शसहित उद्यम दर्ता र सुरूवाती पुँजीमा सहज पहुँच

समन्वय, गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारी र उद्यममैत्री वातावरण निर्माणमार्फत आर्थिक सुशासन सुदृढ बनाउँछौं ।

नयाँ सोच र परियोजना भएका युवालाई परियोजनाकै धितोमा ५ देखि ५० लाखसम्मको 'बिउ पुँजी' उपलब्ध गराउने

- **सहुलियतपूर्ण लगानी :** नयाँ सोच र परियोजना भएका युवालाई परियोजनाकै धितोमा ५ देखि ५० लाख रूपैयाँसम्मको 'बिउ पुँजी' उपलब्ध गराउँछौं । युवा उद्यमीका लागि २५ प्रतिशत अनुदान, ५० प्रतिशत सहुलियत ऋण र २५ प्रतिशत स्व-लगानीको मोडल कार्यान्वयन गर्छौं ।
- **ब्याज अनुदान र मेन्टरसिप :** चर्को ब्याजदरको भार कम गर्न विशेष अनुदान उपलब्ध गराउँछौं । साथै, स्टार्टअपहरूलाई केवल पुँजी उपलब्ध गराउने मात्र होइन, आवश्यक प्राविधिक सल्लाह र 'मेन्टरसिप' कार्यक्रममा समेत आबद्ध गराउँछौं ।
- **स्वदेशी उत्पादन प्रवर्धन :** युवा उद्यमीको स्टार्टअपले उत्पादन गरेका वस्तु तथा सेवाको बजारीकरणका लागि सरकारी खरिदमा प्राथमिकता दिने नीति लिन्छौं ।
- नेपालमै बसेर काम गरिरहेका युवाको व्यवसायमा लगानी गर्ने निजी लगानीकर्तालाई विशेष सुविधा दिई लगानी गर्न प्रोत्साहन गर्छौं ।

## ३. नीति निर्माणमा युवा साझेदारी : 'नेपाल फेलोसिप' कार्यक्रम

युवाहरूलाई प्रशासन र नीति निर्माणमा प्रत्यक्ष सहभागी गराउन वार्षिक कम्तीमा ५,००० प्रशिक्षार्थी (फेलो)हरूलाई प्रतिस्पर्धी पारिश्रमिकसहित सङ्घीय, प्रादेशिक र स्थानीय तहमा परिचालन गर्छौं । यस अन्तर्गत सङ्घीय संसदमा 'संसदीय फेलो', स्थानीय तहमा विज्ञताका आधारमा 'स्थानीय सरकार फेलो' र मन्त्रालयहरूमा 'सार्वजनिक नीति फेलो' खटाई योजना निर्माण, अनुसन्धान र डिजिटल गभर्नेन्समा युवाको अर्थपूर्ण भूमिका सुनिश्चित गर्छौं ।

## ४. डिजिटल स्वतन्त्रता र सिर्जनाको सम्मान

युवाको डिजिटल सिर्जनशीलताको प्रवर्धन र साइबर सुरक्षाका लागि हामी :

- युवाहरूले कुनै पनि बन्देजबिना आफ्ना विचार, कला र आविष्कारहरूलाई निर्धक्कसँग सिर्जना गर्न र त्यसलाई विश्व बजारमा सिधै बिक्री गरी

(**Create & Sell**) त्यसको प्रतिफल झन्झटमुक्त रूपमा नेपाल भित्र्याउन सक्ने कानुनी तथा प्राविधिक पूर्वाधार निर्माण गर्छौं ।

- इन्टरनेटको पूर्ण खुल्लापन र अनलाइन अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्दै महिला, बालबालिका र युवाहरूमाथि हुने डिजिटल हिंसा र 'साइबर बुलिङ' विरूद्ध शून्य सहनशीलताका साथ कडा कानुनी सुरक्षा प्रदान गरी सुरक्षित डिजिटल इकोसिस्टम सुनिश्चित गर्छौं ।

## ५. सिप युक्त Future– Ready युवा

युवालाई आजीवन सिकाइको अवसर र आत्मनिर्भर बनाउन हामी :

- सिपको आयु छोट्टिंदै गएको समयमा हरेक युवालाई नयाँ सिप सिक्ने र सान्दर्भिक रहिरहने 'आजीवन सिकाइ' (**Train, Retrain & Upskill**) का अवसर सुनिश्चित गर्छौं । युवाहरूलाई सधैं 'फ्युचर-रेडी' राख्न र प्रविधिमा अभ्यस्त गराउन सरकारी अनुदानमा आधारित 'सिप भौचर' (**Skill Voucher**) र सहुलियतपूर्ण 'सिप कर्जा' उपलब्ध गराउँछौं ।
- 'डिग्री प्लस' कार्यक्रमः उच्च शिक्षा अध्ययनरत सबै विद्यार्थीलाई उद्योग, शिक्षण संस्था र सरकारको साझेदारीमा इन्टर्नशीप र अप्रेन्टिसशीप अनिवार्य गर्दै डिग्रीसँगै सिप, पढाइसँगै कमाई सुनिश्चित गर्छौं ।
- उद्योगहरूसँगको साझेदारीमा द्रुत गतिको 'सिप बुटक्याम्प' सञ्चालन गरी जनशक्तिलाई सधैं प्रतिस्पर्धी बनाउँछौं ।
- डिजिटल क्षेत्रमा आवश्यक जनशक्ति तयार पार्न र बदलिँदो प्रविधि र AI ले ल्याउने चुनौती सम्बोधन गर्न विश्वविद्यालयहरूलाई अनुसन्धान अनुदान (**Grants**) उपलब्ध गराउँदै उद्योगसँगको सहकार्यमा बजारमुखी तालिम र दक्ष युवा तयार पार्छौं ।

एकद्वार प्रणालीबाट युवा लक्षित कार्यक्रम र सहुलियतपूर्ण ऋण र सिप तालिम प्रदान

## ६. युवाको लागि एकीकृत कार्यक्रम र नीतिगत एकता

हाल युवा केन्द्रित रोजगारी र स्वरोजगारीका नाममा मन्त्रालयमा छरिएर रहेका युवा तथा स्वरोजगार कोष र विभिन्न सिप विकास कार्यक्रमहरूलाई एकीकृत गरी युवा केन्द्रित एकै संयन्त्रमार्फत सञ्चालन गर्छौं । स्रोतको दोहोरोपन अन्त्य गरी

'एकद्वार प्रणाली' बाट युवा लक्षित कार्यक्रम, सहुलियतपूर्ण ऋण र सिप तालिम प्रदान गर्छौं । यसका लागि प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी देशभर रोजगारीका कार्यक्रममा एकरूपता ल्याउँछौं ।

## ७. युवामैत्री सार्वजनिक सेवालाई सहजीकरण गर्ने राज्य

सार्वजनिक सेवा प्रवाहलाई युवामैत्री बनाउन सरकारी भाषालाई सरल बनाउँदै प्रविधिमैत्री युवा कर्मचारीको परिचालन गर्छौं । सरकारी निकायहरूलाई 'नियन्त्रक' बाट 'सहजकर्ता' (Facilitator) का रूपमा रूपान्तरण गर्छौं । डिजिटल नोम्याड, स्वतन्त्र परामर्शदाता र गिग कामदारका लागि सहज भुक्तानी र कर सहुलियत सुनिश्चित गर्छौं ।

## ८. डिजिटल क्षेत्रमा युवालाई सहजता

युवाको डिजिटल सिर्जनशीलताको प्रवर्धन गर्न र अनौपचारिक क्षेत्रका श्रमिकहरूको सामाजिक सुरक्षाका लागि हामी :

- युवाको उल्लेख्य सहभागिता रहेको सूचना प्रविधि क्षेत्रलाई उद्योगको रूपमा विकास गर्दै अनुकूल नीतिहरू लिन्छौं । (यस संबन्धी थप घोषणा सूचना प्रविधिको क्षेत्रमा राखिएको छ) ।
- ई-स्पोर्टस्लाई आधिकारिक मान्यता दिँदै गेमरहरूलाई 'प्रोफेसनल खेलाडी' को रूपमा पहिचान गर्छौं ।
- **Content Creaters** हरू केन्द्रित भुक्तानी तथा अन्य व्यवस्थामा सहजीकरण र सिपमूलक कार्यक्रम सञ्चालन गर्छौं ।

## ९. ब्रेन गेन : विदेशमा ज्ञान, स्वदेशमा शान

वैदेशिक रोजगारीमा गएका युवाको भविष्य सुनिश्चित गर्न र डायस्पोराको युवा विज्ञतालाई परिचालित गर्न हामी :

- रेमिट्यान्सदेखि मालिकसम्मः प्रवासमा रहेका युवाहरूले पठाएको रेमिट्यान्सलाई नेपालका जलविद्युत्, उत्पादनशील उद्योग र पूर्वाधारका क्षेत्रमा लगानी गरी उनीहरूलाई 'नेपालमै कम्पनीको मालिक' बनाउने सहज र सुरक्षित वातावरण निर्माण गर्छौं । वैदेशिक रोजगारीको कमाईबाट सिधै बैङ्कमार्फत क्रमशः तिर्ने गरी तीन लाखसम्म बिना धितो सहुलियत ऋणको व्यवस्था गर्छौं ।

- **पुन:एकीकरण र पुँजीको पहुँच** : वैदेशिक रोजगारीबाट फर्केका युवाहरूका लागि उनीहरूले सिकेको सिप र अनुभवका आधारमा स्वदेशमै उद्यम सुरू गर्न सरल प्रक्रियाबाट पुँजी र प्रविधिको पहुँच सुनिश्चित गर्छौं ।
- **'ब्रेन गेन' र विज्ञता परिचालन** : विदेशमा रहेका युवाहरूको ज्ञान, सिप र अनुभवलाई राष्ट्र निर्माणमा जोड्न 'ब्रेन गेन सेन्टर' बनाएर डायस्पोराको विज्ञता परिचालको वातावरण बनाउने छौं । विदेशका विश्वविद्यालयमा अध्ययनरत नेपाली नागरिक र डायस्पोराका युवालाई विज्ञताका आधारमा विभिन्न सरकारी संरचनामा सामेल गर्नेछौं ।

## १०. संस्कृति र खेलकुदमा युवा

युवालाई सपना देख्न र सिर्जना गर्न आवश्यक पुस्तकालय, संग्रहालय र ग्यालरीको सम्वर्धनका लागि सांस्कृतिक पूँजी कोष स्थापना गर्छौं । र, स्थानीय तथा रैथाने ज्ञान अभिवृद्धि गर्न सामुदायिक सिकाइ केन्द्रहरूलाई संस्कृति, सिप र ऐक्यबद्धता केन्द्रका रूपमा विकास गर्छौं ।

## ११. स्वास्थ्य र शारीरिक अधिकार

सीमान्तकृत युवाको शारीरिक र मानसिक स्वास्थ्य सेवा प्रदान गर्न हामी :

- नि:शुल्क, सही र उमेरअनुकूल यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र सेवा प्रदान गर्छौं ।
- शारीरिक अधिकारसम्बन्धी जानकारीका लागि सुरक्षित र खुला वातावरण निर्माण गर्छौं ।
- सीमान्तकृत, अपाङ्ग, बेघर र जोखिममा परेका युवाका लागि लक्षित मानसिक स्वास्थ्य सेवा विस्तार गर्छौं ।
- LGBTQI + समुदाय र शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिका संवेदनशीलतालाई ध्यान दिदै उचित प्रतिनिधित्वको व्यवस्था गर्छौं ।

**सीमान्तकृत, अपाङ्गता भएका, बेघर र जोखिममा परेका युवा लक्षित मानसिक स्वास्थ्य सेवा विस्तार**

# रोजगारी, सिप र श्रम

**हरेक हातलाई काम, हरेक कामलाई सम्मान**

**श्रम बजारमा दक्ष जनशक्तीः ५ वर्षमा १५ लाख रोजगारी**

***रोजगारी :*** *राष्ट्रिय समुन्नति नेपाली कांग्रेस रोजगारीलाई आय आर्जनको साधन मात्र होइन, व्यक्ति, परिवार र राष्ट्रको समुन्नतिको मेरूदण्ड मान्दछ । आत्मनिर्भरता, सामाजिक सुरक्षामार्फत गरिबीको दुष्चक्र तोड्न रोजगारी विस्तार हाम्रो प्राथमिकता हो । सिप, दक्षता र प्रविधिमैत्री शिक्षामार्फत उत्पादनशील र गुणस्तरीय रोजगारी सिर्जना गरी युवालाई स्वदेशमै भविष्य देखाउने हाम्रो स्पष्ट दृष्टि छ । जहाँ रोजगारी केवल जीविकोपार्जनको माध्यम मात्र होइन, बरू नागरिकको आत्मसम्मान र राष्ट्र निर्माणको पौरख हुने छ ।*

***श्रम प्रशासन :*** *असल श्रम सम्बन्ध श्रम प्रशासन र असल श्रम सम्बन्धलाई आर्थिक स्थायित्व र सामाजिक न्यायको आधार मानी नीतिगत स्थिरता र लगानीमैत्री वातावरण सुदृढ गर्छौं । सामाजिक सुरक्षा र श्रम अधिकारको प्रभावकारी संरक्षण गर्दै रोजगार सेवा सशक्तीकरण, सिप बेमेल तथा युवा बेरोजगारी न्यूनीकरणका लागि सरकार-निजी क्षेत्र-श्रमिकबिच त्रिपक्षीय सहकार्यमार्फत श्रम प्रशासनको आधुनिकीकरण गर्छौं ।*

वि.सं. २०४८-२०५१ को अवधि नेपालको आर्थिक इतिहासमा दूरगामी सुधारको युग रह्यो । नेपाली कांग्रेसको नेतृत्वमा अवलम्बन गरिएको खुला बजार र आर्थिक उदारीकरण नीतिले निजी क्षेत्र सशक्त बनाउँदै उद्यमशीलता र रोजगारी विस्तारको ठोस आधार निर्माण गऱ्यो । शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिएको लगानीले मानव पूँजीको गुणस्तर उकास्यो भने नयाँ श्रम र सामाजिक सुरक्षाका कानुनी सुधारहरूले मर्यादित श्रम बजारको जग बसाले । नेपाली कांग्रेसले रोजगारीलाई राजनीतिक र नीतिगत प्राथमिकताको विषय बनाउनुपर्छ भन्ने मान्यता सहित मिसन रोजगारी अभियान नै सञ्चालन गरेको छ । हाम्रो लक्ष्य केवल काम सिर्जना गर्नु मात्रै होइन, कामलाई सुरक्षित, मर्यादित र सामाजिक सुरक्षायुक्त बनाउनु पनि हो । अतः नेपाली कांग्रेस उत्पादनशील रोजगारी र सुदृढ श्रम सम्बन्धका लागि निम्न २१ प्रतिज्ञा गर्दछ;

## १. स्वदेशमै मर्यादित रोजगारी : समुन्नत नेपालको आधार

हामी रोजगारीलाई अस्थायी राहत होइन; स्थायी जीवन आधार बनाउँदै आगामी पाँच वर्षमा कम्तीमा १५ लाख मर्यादित र उत्पादनशील रोजगारी सिर्जना गर्छौं । यसका लागि :

- औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशतभन्दा माथि पुऱ्याउँदै स्वदेशी युवालाई रोजगारीमा प्राथमिकता दिन्छौं ।
- स्थानीय तहमा 'बेरोजगार केन्द्रित रोजगार कार्यक्रम' सञ्चालन गरी मौसमी कामकालागि भारत तथा अन्य मुलुक जानुपर्ने बाध्यता अन्त्य गर्छौं ।
- प्राथमिकताका क्षेत्रमा नीतिगत सुधारः रोजगारीका थप अवसरः सूचना प्रविधि, निर्माण, पर्यटन, व्यावसायिक कृषि (**Farm to Factory**), उत्पादनमूलक उद्योग, हरित रोजगारी, हेरचाह अर्थतन्त्र, वन, स्वास्थ्य, गिग अर्थतन्त्र र सिर्जनात्मक उद्योगलाई प्राथमिकता दिदै यी क्षेत्रमा रोजगारीका थप अवसर सिर्जना गर्न कानुनी तथा नीतिगत सुधार गर्छौं ।

## २. श्रम बजार व्यवस्थापन : प्रमाणित सिप, सुनिश्चित भविष्य

हामी श्रमको माग, सिप र बजारलाई जोड्दै श्रम बजारलाई व्यबस्थित र सुनिश्चित गर्छौं । यसका लागि :

- डिजिटल श्रम बजार सूचना प्रणाली (**LMIS**) र सिप मिलान (**Skill Mapping**) मार्फत श्रमको माग तथा आपूर्तिलाई एकीकृत गर्छौं ।
- स्थानीय रोजगार सेवा केन्द्रलाई प्रविधिमैत्री बनाई बजारको वास्तविक माग र उपलब्ध जनशक्तिको वास्तविक तथ्याङ्क 'सक्रिय श्रम बजार सूचना प्रणाली' **Real-Time** मा उपलब्ध हुने व्यवस्था गर्छौं ।
- वास्तविक समयमा श्रम बजार सूचना उपलब्ध गराउँदै १० वर्षे क्षेत्रगत श्रम माग प्रक्षेपण अनुरूपको सिपयुक्त दक्ष जनशक्तिका लागि शिक्षा, सिप र तालिम कार्यक्रम सञ्चालन गर्छौं ।
- 'लेबर मार्केट बुलेटिन' मार्फत श्रमको माग र आवश्यक नयाँ सिपबारे रोजगार दाता र कामको खोजीमा रहेका युवाहरूलाई सिधै श्रम बजारसँग जोड्छौं ।

सरकार-निजी क्षेत्र-श्रमिकबिच त्रिपक्षीय सहकार्यमार्फत श्रम प्रशासनको आधुनिकीकरण

## ३. राष्ट्रिय सिप विकास अभियान : दक्ष श्रमिक, उच्च आर्जन

आगामी पाँच वर्षमा कम्तीमा १५ लाख मर्यादित र उत्पादनशील रोजगारी सिर्जना

हामी सिप र दक्षता भएको श्रमिक र उच्च आर्जन भएको रोजगारी सुनिश्चित गर्ने छौं । यसका लागि :

- कामका लागि सिप : 'काम आफैं जानिन्छ' भन्ने पुरातन मान्यता त्यागी हरेक कामका लागि सिप अनिवार्य गर्ने राष्ट्रिय सिप विकास अभियान सञ्चालन गर्छौं ।
- सिप प्रमाणीकरण: सबै सिप तालिमलाई एकीकृत गरी एउटै पाठ्यक्रम, समय, स्तर र मापदण्डमा स्थानीय तहमै सञ्चालन गर्दै सिप विकासलाई प्राविधिक शिक्षाको अभिन्न अङ्ग बनाउने छौं ।

## ४. डिग्रीसँगै सिप : पढाइसँगै कमाइ

हामी युवाहरूलाई अध्ययनकै क्रममा रोजगारी र आत्मनिर्भरताको मूलधारमा ल्याउँछौं । यसका लागि :

- **हामी 'डिग्री प्लस' कार्यक्रम** : उच्च शिक्षा अध्ययनरत सबै विद्यार्थीलाई उद्योग, शिक्षण संस्था र सरकारको साझेदारीमा इन्टर्नसिप/ अप्रेन्टिससिप अनिवार्य गर्छौं ।
- **पढाइसँगै कमाइ** : पढाइका क्रममा पारिश्रमिक र अनुभव सुनिश्चित गरी शिक्षालाई प्रत्यक्ष रूपमा रोजगारीसँग गर्छौं ।

## ५. परिवर्तित समयको माग : आंशिक र लचिलो रोजगारी

हामी समयको माग र जीवनशैलीमा आएको परिवर्तनलाई आत्मसात गर्दै विद्यार्थी, गृहिणी र अवकाशप्राप्त व्यक्तिको सिपलाई र खाली समयको उपयोग गर्दै आय आर्जनसँग जोड्छौं । यसका लागि :

- **आंशिक रोजगारी** : विद्यार्थी, गृहिणी र अवकाशप्राप्त व्यक्तिको श्रमलाई उपयोग गर्न सामाजिक सुरक्षा सहितको आंशिक रोजगारी प्रोत्साहन गर्छौं ।
- 'लचिलो कार्यसमय' र कार्यघण्टाको आधारमा फुर्सदको समयलाई आयमा बदल्ने अवसर सिर्जना गर्छौं ।

## ६. परम्परागत सिपको आधुनिकीकरण र ब्रान्डिङ

हामी दलित तथा सीमान्तकृत समुदायको परम्परागत पुस्तैनी सिपलाई आधुनिक प्रविधि र ठूला उद्योगसँग जोड्दै नेपाली ब्रान्डका रूपमा विश्व बजारमा स्थापित गर्छौं । यसका लागि :

- दलित र सीमान्तकृत समुदायको पुस्तैनी सिपलाई आधुनिक प्रविधि र ठूला उद्योगसँग जोड्छौं ।
- परम्परागत उत्पादनलाई 'नेपाली ब्रान्ड' को रूपमा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन विशेष अनुदान र बजार व्यवस्थापनमा सहयोग गर्छौं ।

## ७. अनुभवको मान्यता : सिप पासपोर्ट

हामी राम्रो पारिश्रमिक र सम्मानजनक रोजगारीको अवसर सिर्जना गर्छौं । यसका लागि :

- पूर्व सिकाइको मान्यता (**Recognition of Prior Learning**) मार्फत स्वदेश तथा वैदेशिक रोजगारीबाट फर्केका अनुभवी श्रमिकको सिप परीक्षण गरी 'सिप पासपोर्ट' प्रदान गर्छौं ।

## ८. आजीवन सिकाइ र पुन:सिप

हामी प्रविधिको तीव्र परिवर्तनसँगै नागरिकलाई दक्ष बनाइराख्न आजीवन सिकाइलाई प्रोत्साहन गर्छौं । यसका लागि :

- प्रविधिको तीव्र परिवर्तनलाई ध्यानमा राख्दै आजीवन सिकाइ र पुन:सिप Train-Retrain-Upskill अवधारणामा आधारित आजीवन सिकाइ सुनिश्चित गर्छौं ।
- सिप भाउचर, सहुलियतपूर्ण सिप कर्जा र उद्योगको साझेदारीमा द्रुत सिप बुटक्याम्प सञ्चालन गर्छौं ।

## ९. एकीकृत रोजगारी नीति र एकद्वार प्रणाली

हामी छरिएका विभिन्न रोजगार कार्यक्रमहरूलाई एकीकृत गरी एकद्वार प्रणालीमार्फत प्रभावकारी कार्यान्वयन र स्रोतको सदुपयोग सुनिश्चित गर्छौं । यसका लागि :

- रोजगारी र स्वरोजगारी सम्बन्धी छरिएका प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा तथा स्वरोजगार कोष र विभिन्न सिप विकास लगायत दर्जनौं

कार्यक्रमहरूलाई एकीकृत गरी एकद्वार प्रणाली (One-Stop Service Centre) मार्फत सञ्चालन गर्छौं ।

- प्रदेश र स्थानीय सरकारसँग समन्वय गर्दै स्रोतको दोहोरोपन हटाई प्रभावकारी कार्यान्वयन गर्छौं ।

## १०. निजी क्षेत्रको लगानी : रोजगारी सिर्जनाको मूल ढोका

हामी निजी क्षेत्रलाई रोजगारी सिर्जनाको मुख्य आधार मान्दै औद्योगिक विस्तार र आर्थिक वृद्धिलाई सुनिश्चित गर्छौं । यसका लागि :

- निजी क्षेत्रलाई रोजगारी सिर्जनाको मूल आधारका रूपमा स्वीकार गर्दै कर सहुलियत, प्रशासनिक सहजिकरण, कर्जा तथा व्यापार सहजीकरणमार्फत उद्योग व्यवसाय स्थापना र विस्तारलाई उच्च प्राथमिकता दिन्छौं ।
- लगानीमैत्री वातावरण बनाई निजी क्षेत्रको नेतृत्वमा आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्छौं ।
- श्रमिक हक अधिकार र सामाजिक सुरक्षाका विषयहरूको अभिपालनामा निजीक्षेत्रको उच्च प्रतिबद्धता र कामदार तथा श्रमिक एवम् श्रमिक संगठनका तर्फबाट अकारण या कुनैपनि बहानामा काममा अवरोध नहुने नगर्ने तथा श्रमको अधिकतम उत्पादकत्वका लागि कामगर्ने प्रतिबद्धता लिई कामको वातावरण सिर्जना र लगानी आकर्षणको वातावरण बनाउँछौं ।

## ११. सामाजिक सुरक्षा श्रमिकको पहिलो अधिकार

हामी औपचारिक तथा अनौपचारिक सबै क्षेत्रका श्रमिकको हक, अधिकारको पूर्ण सुरक्षाको प्रत्याभूति गर्छौं । यसका लागि :

- औपचारिक तथा अनौपचारिक क्षेत्रका सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध गर्छौं ।
- निर्माण, यातायात, ढुवानी, पेट्रोलियम आपूर्ती र गाडी मोटरसाइकल वर्कशप र सहर बजारमा भारी बोक्ने रिक्सा ठेला चलाउने, पसलमा काम गर्ने, घरेलु कामदार, आरोहण सहयोगी, पथप्रर्दशक लगायतका क्षेत्रका श्रमिकलाई सामजिक सुरक्षा कोषमा आबद्ध गर्छौं ।

- सामाजिक सुरक्षा कोषमा आबद्ध नभएका श्रमिकका लागि आबद्ध नभएसम्मका लागि प्रत्येक स्थानीय तहमा 'श्रमिक कल्याण कोष स्थापना गर्ने छौं ।
- महामारी, प्राकृतिक विपत्ति वा काम रोकिँदा श्रमिकको चुल्हो निभ्न नदिन सामाजिक सुरक्षा कोष मार्फत आकस्मिक अवस्था श्रमिकको सुरक्षा कार्यक्रम ल्याइने छ जसले सङ्कको बेला तत्काल आर्थिक सहायता प्रदान गर्नेछ ।

## १२. समान काम, समान ज्याला : कार्यस्थलको सुरक्षा

हामी सबै श्रमिकका लागि शोषणमुक्त एवम् मर्यादित श्रम वातावरण निर्माणको प्रत्याभूति गर्छौं । यसका लागि :

- समान कामका लागि समान ज्याला र जीवनयापन योग्य न्यूनतम ज्यालाको सुनिश्चितता गर्दै श्रमिकको आय र जीवनस्तर उकास्छौं ।
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाइका साथ पालना गराई सुरक्षित कार्यस्थल, नियमित अनुगमन र प्रभावकारी दण्ड प्रणालीमार्फत शोषणमुक्त, मर्यादित र अधिकार सहितको श्रम वातावरण स्थापना गर्छौं ।

## १३. समावेशी रोजगारी र नयाँ अवसर

हामी रोजगारीका अवरोधहरू हटाउँदै सबै उपेक्षित समुदायका लागि समान पहुँच र विशेष अवसरको सुनिश्चितता गर्छौं । यसका लागि :

- महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत समुदाय, युवा तथा अपाङ्गता भएका व्यक्तिका लागि रोजगारीका अवसरहरूमा पहुँच अवरोध हटाउन कानुन सुधार र सामाजिक उत्तरदायित्व सहितका विशेष कार्यक्रमहरू अभियानकै रूपमा सञ्चालन गर्छौं ।

## १४. श्रम प्रशासनको स्तरीकरण

हामी श्रम प्रशासनको संरचनागत सुधार र क्षमता स्तरोन्नति गर्दै यसलाई पारदर्शी र उत्तरदायी बनाउँछौं । यसका लागि :

- श्रम प्रशासनको संरचनागत असक्षमता, सीमित जनशक्ति, प्रविधि अभाव र कमजोर अनुगमन क्षमतामा सुधार गर्न थप लगानी गर्छौं ।

- श्रम ऐनको कार्यान्वयन, निरीक्षण प्रणाली र विवाद समाधान संयन्त्र सुदृढ गर्दै डिजिटल प्रशासन, दक्ष श्रम निरीक्षक, अन्तरनिकाय समन्वय र सामाजिक संवादमार्फत पारदर्शी, जवाफदेही र अधिकारमुखी श्रम प्रशासन निर्माण गर्छौं ।

## १५. काम होइन कक्षा : श्रम होइन सम्मान

हामी बालश्रम र सबै प्रकारका बाध्यकारी कामको पूर्ण अन्त्य गर्छौं । यसका लागि :

- सबै प्रकारका बालश्रम र बाध्यकारी कामको पूर्ण अन्त्य गर्ने स्पष्ट प्रतिबद्धता गर्छौं ।
- जोखिममा रहेका बालबालिका र श्रमिकको पहिचान, उद्धार, पुनर्स्थापना र सामाजिक संरक्षण सुनिश्चित गर्छौं ।
- शिक्षा, सिप विकास, रोजगारी सिर्जना र प्रभावकारी निगरानी संयन्त्रमार्फत मर्यादित र अधिकारसम्मत श्रम वातावरण बनाइ काम होइन कक्षा, श्रम होइन सम्मान अभियान सञ्चालन गर्छौं ।

## १६. स्वदेशी श्रमको सम्मान र वैदेशिक रोजगारी सुधार

हामी आन्तरिक श्रम बजार सुधार गर्दै वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको सम्मानपूर्ण पुनःएकीकरण सुनिश्चित गर्छौं । यसका लागि :

- आन्तरिक श्रम बजार, ज्याला र सामाजिक सुरक्षा प्रणाली सुदृढ गरी वैदेशिक रोजगारीमा जाने बाध्यता क्रमशः घटाउने छौं । वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक पुनर्मिलन, किफायती आवास र विकास आयोजनामा लगानी साझेदारी कार्यक्रममार्फत सम्मानपूर्ण पुनःएकीकरण गर्छौं ।

## १७. श्रम संगठन र सामाजिक संवाद

हामी ट्रेड युनियनको अधिकार सुनिश्चित गर्दै सरकार, रोजगारदाता र श्रमिकबिचको त्रिपक्षीय संवादमार्फत स्वस्थ औद्योगिक सम्बन्ध र उच्च उत्पादकत्व कायम गर्छौं । यसका लागि :

- श्रम संगठन (ट्रेड युनियन) को अधिकार सुनिश्चित गर्दै सामाजिक संवादलाई श्रम क्षेत्रको उत्पादकत्व वृद्धि, श्रम विवाद समाधान र श्रमिक अधिकार सुनिश्चितताको माध्यम बनाउँछौं ।

- योगदानमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन, न्यूनतम पारिश्रमिक निर्धारण, श्रम अडिट, स्वस्थ औद्योगिक सम्बन्ध र असल श्रम सम्बन्धका लागि सरकार, श्रम सङ्गठन र रोजगारदाताबिच नियमित संवाद तथा सहकार्य स्थापित गर्छौं ।

## १८. परियोजनामा आधारित बिउ पुँजी

हामी युवाहरूमा उद्यमशीलताको विकास गर्छौं । यसका लागि :

- नयाँ सोच र परियोजना भएका युवालाई परियोजना धितोमा पाँच देखि ५० लाखसम्मको सहुलियतपूर्ण बिउ पुँजी (**Seed Capital**) उपलब्ध गराइने छ । यस्ता स्टार्टअप परियोजनाहरूमा निश्चित वर्षसम्म कर छुट दिन्छौं ।

## १९. 'केयर इकोनोमी'

हामी महिलाहरूलाई घरेलु कामको बोझबाट मुक्त गरी श्रम बजारमा जोड्न 'केयर इकोनोमी'लाई प्रोत्साहन गर्छौं । यसका लागि :

- विशेषगरी महिलालाई घरायसी कामको बोझबाट मुक्त गरी श्रम बजारमा ल्याउन 'सामुदायिक शिशु स्याहार' र 'ज्येष्ठ नागरिक मिलन केन्द्र' स्थापना गर्छौं ।
- महिलाको घरेलुकामको गणना गरी अर्थतन्त्रमा समावेश गरिने छ । श्रमबजार मा महिला कामदारको सहज आगमनलाई प्रथमिकताकाथ सहिजकरण गर्छौं ।

## २०. भविष्यको सुरक्षा : एक श्रमिक, एक सामाजिक सुरक्षा खाता

हामी गिग कामदारदेखि अनौपचारिक क्षेत्रका सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरी उनीहरूको भविष्य सुरक्षित सुनिश्चित गर्दछौं ।यसका लागिः

- गिग कामदार (डेलिभरी राइडर, पठाओ/इनड्राइभर चालक) देखि अनौपचारिक क्षेत्रका श्रमिक सबैलाई सामाजिक सुरक्षा कोष (**SSF**) मा आबद्ध गरिने छ । औषधोपचार, दुर्घटना बिमा र वृद्धावस्थाको पेन्सन सुनिश्चित गरी श्रमिकको भविष्य सुरक्षित पार्छौं ।

# वैदेशिक रोजगारी

## बाध्यात्मक होइन स्वैच्छिक
## जोखिमपूर्ण होइन सुरक्षित

*हामी वैदेशिक रोजगारमा रहेका नेपालीलाई बिस्तारै स्वदेश फर्कने वातावरण सिर्जना गरी विदेशमा सिकेको सिप, ज्ञान, अनुभव र पुँजीलाई राष्ट्र निर्माणमा जोड्ने छौं । स्वैच्छिक रूपमा वैदेशिक रोजगारीको विकल्प रोज्नेहरूको श्रम आप्रवासन शोषणमुक्त, सुरक्षित र व्यवस्थित बनाउन अनिवार्य सिप तालिम, मर्यादित काम र सुरक्षित गन्तव्यका लागि राज्यले सहजिकरण गर्दै वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता क्रमशः अन्त्य गर्छौं ।*

संविधानले रोजगारीको हक सुनिश्चित गरे पनि स्वदेशमा पर्याप्त, सम्मानजनक र निर्वाहयोग्य रोजगारीको अभावका कारण वैदेशिक रोजगारी लाखौं नेपाली युवाका लागि बाध्यात्मक विकल्प बनेको छ । गत आर्थिक वर्षमा आठ लाखभन्दा बढी श्रम स्वीकृति जारी हुनु यस यथार्थको स्पष्ट संकेत हो । विप्रेषणले घरपरिवार र राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याएको र फर्किएका युवाले सिप, प्रविधि र उद्यमशील अनुभव भित्र्याएको भए पनि विदेशमा आर्जित आम्दानीको अधिकांश उपभोग, शिक्षा, स्वास्थ्य र ऋण भुक्तानीमै खर्च हुँदा दीर्घकालीन पुँजी निर्माण हुन सकेको छैन । साथै, श्रम आप्रवासन क्षेत्रमा व्याप्त बेथिति, शोषण, ठगी, असुरक्षित काम र न्यायमा कमजोर पहुँचका कारण सुरक्षित तथा मर्यादित वैदेशिक रोजगारी अझै सुनिश्चित हुन सकेको छैन, जसले श्रमिक परिवार र देशको जनसांख्यिक संरचनामा गहिरो प्रभाव पारिरहेको छ ।

विदेशमा सिकेको सिप, ज्ञान र अनुभवलाई राष्ट्र निर्माणमा जोड्ने

यही यथार्थलाई आत्मसात गर्दै नेपाली कांग्रेस "**वैदेशिक रोजगारी बाध्यात्मक होइन, स्वैच्छिकः जोखिमपूर्ण होइन, सुरक्षित**" भन्ने मान्यताका साथ वैदेशिक रोजगारीमा जानुपर्ने प्रत्येक युवाका लागि राज्य एउटा जिम्मेवार अभिभावकको रूपमा श्रम आप्रवासनलाई श्रमिक केन्द्रित, अधिकारमा आधारित सुरक्षित र मर्यादित बनाउन निम्न सङ्कल्प गर्दछ :

## १. विकल्पमा वैदेशिक रोजगार : स्वदेशमै अवसर साथमा परिवार

- स्वदेशमै रोजगारी र उद्यमशीलताको अवसर विस्तार गरी वैदेशिक रोजगारीको बाध्यतालाई क्रमशः अन्त्य गर्छौं ।
- आगामी पाँच वर्षभित्र वैदेशिक रोजगारीमा जानेहरूको संख्या ५० प्रतिशतले घटाउछौं ।

## २. वैदेशिक रोजगारीमा आत्मसम्मान : प्रस्थानदेखि पुनरागमनसम्म

हामी वैदेशिक रोजगारीमा जाने हरेक व्यक्तिलाई प्रस्थान पूर्वदेखि आगमनपश्चातसम्मका हरेक पाइलामा राज्य अभिभावकको रूपमा रहदै र सहजीकरण, सुरक्षा र सम्मानको अनुभुति गराउने छौं । यसका लागि :

### क) पूर्व प्रस्थान सूचना र परामर्श

- श्रम आप्रवासनको तयारी परामर्श सेवा सबै स्थानीय तहबाट उपलब्ध गराउछौं ।
- स्थानीय तहसँगको सहकार्यमा प्रत्येक क्षेत्रमा गन्तव्य देशको आवश्यकता अनुसार सिप विकास कार्यक्रम सञ्चालन गर्छौं ।
- अनियमित किसिमले वैदेशिक रोजगारीमा जाने अवस्था अन्त गर्न औपचारिक प्रक्रिया सरल, पारदर्शी र झन्झटरहित बनाइउँछौं ।

### ख) सिप तालिम र क्षमता विकास

- स्थानीय तहसँगको समन्वय र सिप विकास संस्थासंगको साझेदारीमा प्रत्येक स्थानीय तहसम्म रूची र गन्तव्य देशको आवश्यकता अनुसारको प्रामाणिक सिप विकास तालिम उपलब्ध गराउन गराउँछौं ।
- सिप विकास तालिम सञ्चालनगर्ने संस्थाहरूको मापदण्ड र स्तरीकरणमा काम गर्दै वैदेशिक रोजगारीमा जाने काममदारलाई तालिम नै नलिई प्रमाणपत्र दिने प्रचलनलाई दण्डनीय गर्छौं ।

### ग) स्वास्थ्य परीक्षण

- स्वास्थ्य परीक्षणलाई सरल, गुणस्तरीय र सहुलियतपूर्ण बनाउँछौं । श्रमिकलाई स्वास्थ्य बिमासँग आबद्ध गरी नजिकका अस्पतालबाट निःशुल्क परीक्षणको व्यवस्था गर्छौं ।

आगामी पाँच वर्षभित्र वैदेशिक रोजगारीमा जानेहरूको संख्या ५० प्रतिशतले घटाउछौं ।

- स्वास्थ्य परीक्षण नै नगरी स्वास्थ्य परीक्षण गरेको प्रमाणपत्र दिने अभ्यासलाई निर्ममताकासाथ रोकेर दण्डित गर्छौं ।

स्वास्थ्य परीक्षण नै नगरी स्वास्थ्य परीक्षण गरेको प्रमाणपत्र दिने अभ्यासलाई दण्डित

### घ) कार्य प्रक्रिया सहज र सरल : सम्मान, सुरक्षा र सेवामा पहुँच

- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र अधिकारसम्मत बनाउन आवेदन सहज छनौट पारदर्शी बनाउँछौं ।
- तालिम, अभिमुखिकरण, स्वास्थ्य परीक्षण, बिमा तथा कल्याणकारी काम एवम् सामाजिक सुरक्षा आबद्धतादेखि भिषा प्राप्ती पश्चात् श्रम स्वीकृति लिनेसम्मका प्रक्रिया सरल सहज समयमै प्राप्त हुने व्यवस्था गर्छौं । यसमा प्रयोग भएको सूचना प्रविधि सफ्टवेयरलाई विस्तारित क्षमतामा सञ्चालन हुने बनाउँछौं ।
- श्रमिकले प्रस्थानपूर्व आफू जाने मुलुक, गर्नुपर्ने कामको विस्तृत जानकारी, सुरक्षा सावधानी र कामको करारपत्र, तलब तथा सुविधाबारे पूर्ण जानकारी पाउने व्यवस्थाको कडाइका साथ पालना गराउँछौं ।
- वैदेशिक रोजगार व्यवसायीको सम्पूर्ण जिम्मेवारी रहने कानुनी व्यवस्था गरी कुनै पनि कमजोरी हुन दिन्नौं । यसमा कुनै त्रुटी भएमा राष्ट्रिय कानुन र श्रम आप्रवासनका अन्तरराष्ट्रिय प्रावधान मुताविक कठोर कारबाही गर्छौं ।
- प्रक्रियामा हुने एजेन्ट प्रवृत्ति पूर्ण रूपले अन्य गरी राज्यको अभिभावकीय भुमिकाको अनुभुति गराउछौं ।

### ङ) अभिमुखिकरण तालिम : श्रमिकको सुरक्षाको कुञ्जी

- पूर्वप्रस्थान अभिमुखिकरणमा गन्तव्य देशको पृष्ठभूमि, कानुन, भाषा, समाज, संस्कृति, अनुशासन, काम तथा ज्याला र सुरक्षाका विषय एवम् स्वदेश फर्किएपछिको पुनःस्थापना सम्मका समावेश भएको पाठ्यक्रम भएको अभिमुखिकरण तालिम वैदेशिक रोजगारीमा जाने सबैका लागि अनिवार्य गर्छौं ।
- अभिमुखिकरण तालिम नलिई प्रमाणपत्र मात्र लिएर जाने अवस्थाको निर्ममताका साथ अन्त्य गर्छौं ।
- वैदेशिक रोजगारीमा हुने ठगी, त्यसको न्यूनिकरण र कानुनी कारबाही
- सूचीकृत रोजगार व्यवसायीका नाममा कानुनी रूपमा अदृष्य प्रतिनिधिहरूले वैदेशिक रोजगारीका नाममा देशभरी नै गरिरहेको ठगी कठोरताका साथ नियन्त्रण गर्छौं ।

- शैक्षिक परामर्श एवम् अन्य सङ्घसंस्थाहरूले विभिन्न नाममा वैदेशिक रोजगारकै काम गरिरहको अवस्थालाई अन्त गर्छौं ।
- श्रम आप्रवासनका क्रममा हुने मानव बेचबिखन, बाध्यकारी श्रम, ठगी र शोषणविरूद्ध कडा कानुनी व्यवस्था र प्रभावकारी कार्यान्वयन गर्छौं ।
- यस सम्बन्धी उजुरीहरूको छानबिन अनुसन्धान र अभियोजनको कानुनी अधिकारलाई जिल्लास्तर सम्म विकेन्द्रित गर्छौं ।
- नेपाली महिलाकालागि सुरक्षित र मर्यादित अन्तरराष्ट्रिय श्रमबजार
- गन्तव्य मुलुकमा कानुनी तथा व्यवहारगत सुरक्षा सहित रोजगारीको सुनिश्चितता गरी नेपाली महिलालाई वैदेशिक रोजगारीमा लगाइएका प्रतिबन्धहरू हटाई स्वैच्छिक वैदेशिक रोजगारीको अधिकार सुनिश्चित गर्छौं ।
- महिलालाई विभिन्न बहानामा ललाई फकाई र प्रलोभनमा पारेर कामका लागि तर श्रम स्विकृति नलिई भिजिट भिषा लगायतबाट वैदेशिक रोजगारीमा लैजाने प्रवृतिलाई कडाईकासाथ नियन्त्रण र कानुनी कारबाही गर्छौं ।

ललाइ फकाइ र प्रलोभनमा पारेर श्रम स्विकृति नलिइ भिजिट भिषा लगायतबाट वैदेशिक रोजगारीमा लैजाने प्रवृतिलाई कडाइका साथ नियन्त्रण र कानुनी कारबाही

## च) आप्रवासी श्रमिकको अधिकार र सुरक्षाको प्रत्याभूति

- वैदेशिक रोजगारीमा जाने व्यक्ति सामाजिक स्वास्थ्य सुरक्षा योजनामा आबद्ध भएपछि तिनका परिवारको स्वास्थ्य हेरचाह समेत त्यसैबाट हुने व्यवस्था प्रभावकारी बनाउछौं ।
- विदेशमा दुर्घटना, गम्भीर बिरामी वा मृत्यु भएका श्रमिकको शीघ्र उद्धार, उपचार र शव स्वदेश ल्याउने व्यवस्था प्रभावकारी र स्रोत साधन सम्पन्न बनाउँछौं ।
- गन्तव्य मुलुकमा न्यूनतम तलब, बिमा र श्रमिक अधिकार सामाजिक सुरक्षा योजनामा नेपाली आप्रवासी श्रमिकलाई सहज रूपमा समेट्नेगरी श्रम सम्झौताहरू र प्रभावकारी कूटनीतिक पहल गर्छौं ।
- भारतसहित सबै गन्तव्यतर्फ जाने श्रमिकको व्यवस्थित अभिलेखीकरण, सामाजिक सुरक्षा र कल्याणकारी योजनामा समेट्ने काम उच्च प्राथमिकता र संवेदनशीलताका साथ गर्छौं ।

## छ) वैदेशिक रोजगारबाट आर्जन र गरिबीको दुष्चक्र

- रोजगारीमा जाने युवाकालागि आवश्यक खर्चअरू व्यवस्था गर्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट सानो लगानी सहजिकरण गर्छौं ।
- ऋणदेखि रेमिट्यान्ससम्मः बैदेशिक रोजगारीको कमाईबाट सिधै बैङ्कमार्फत क्रमशः तिर्ने गरी ३ लाखसम्म विना धितो "सहुलियत ऋण" को व्यवस्था गर्छौं ।

## ज) स्वच्छ सुलभ र पारदर्शी छनौट प्रणाली

- श्रमिक छनौट प्रक्रिया अन्तर्राष्ट्रिय मापदण्ड अनुसार स्वच्छ र पारदर्शी बनाइने छ । श्रमिकले भर्ना तथा छनौट र स्वास्थ्य परीक्षण शुल्क एवम् अनावश्यक आप्रवासन लागत तिर्न नपर्ने व्यवस्था सुनिश्चित गरिने छ ।
- शोषणजन्य गतिविधिमा संलग्नहरूलाई कडा कारबाही गर्छौं ।
- अनियमित/अनौपचारिक तवरले हुँदै आएको आप्रवासन अभ्यासहरूलाई न्यूनीकरण एवम् रोकथामका लागि औपचारिक प्रणालीलाई सरल र झन्झटमुक्त बनाउँछौं ।
- भर्ना शुल्क तथा आप्रवासन लागत श्रमिकले तिर्न नपर्ने कुराको सुनिश्चितताका लागि गन्तव्य देशका सरकार र नेपालका निजी व्यवसायको समन्वयमा आवश्यक पहल गरिने छ ।
- वैदेशिक रोजगारीमा 'फ्री भिषा फ्री टिकट' को विषय अन्तरराष्ट्रिय मान्यता र राष्ट्रिय नीति भए पनि एकदमै कम संख्यामा मात्रै यो सुविधाबाट नेपाली युवाहरूले वैदेशिक रोजगारीमा जाने अवसर पाएका, कतीपय गन्तव्य मुलुकको लागि न्यूनतम शुल्क पनि तोकिएको तर रोजगार व्यवसायीले अधिकांश श्रमिकसँग विभिन्न नाममा ठूलो परिमाणमा जथाभावि सेवाशुल्क लिइरहेको अभ्यासलाई अन्त्य गर्छौं ।

रोजगारीमा जानेका लागि आवश्यक खर्च व्यवस्था गर्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट सानो लगानी सहजिकरण

## झ) सहायता प्रणाली र न्यायमा पहुँचको सुदृढीकरण

- श्रमिक परिवारको प्रतिनिधित्व रहनेगरी सहायता प्रणाली र न्यायमा पहुँच सुदृढ गर्न समन्वयकारी संस्था स्थापना गर्छौं । कल्याणकारी कोष, उद्धार, उपचार र कानुनी सहायता सेवा स्थानीय तहसम्म विस्तार गर्छौं ।

- वैदेशिक रोजगारी र सुरक्षित आप्रवासन सम्बन्धी सबै जानकारी र सूचनाहरू श्रमिक र तिनका परिवारले सहजै प्राप्त गर्न र बुझ्न सक्नेगरी धेरै भाषा तथा धेरै प्रकारका सञ्चारमाध्यम एवम् अन्य सामाजिक सञ्चार प्रयोग गरी हरेक गाउँटोल घर परिवार र व्यक्तिसम्म व्यापक बनाउँछौं ।
- वैदेशिक रोजगारीका कुनै पनि चरणमा जोखिम वा शोषणमा परेका श्रमिक र उनीहरूको परिवारका सदस्यको सहायता एवम् न्यायमा पहुँचलाई थप सरल, सहज र कानुनी कारबाहीलाई प्रभावकारी बनाउँछौं ।
- वैदेशिक रोजगार क्षेत्रको व्यवस्थापनमा सेवा प्रदायक र नियमनकारी निकायबाट प्रदान गरिने सेवा केवल औपचारिकतामा सीमित नगरी श्रमिकको हकको रूपमा स्थापित गर्छौं । यसका लागि सम्बन्धित निकायलाई थप स्रोतसाधनको व्यवस्था गर्ने छौं भने सम्बन्धित कर्मचारीको व्यवहार श्रमिकमैत्री बनाउन आवश्यक तालिम दिने र तिनको कामको अनुगमन गर्ने व्यवस्था मिलाउँने छौं ।
- वैदेशिक रोजगारीमा गएका श्रमिक र तिनका परिवारको सार्वजनिक सम्मान, संरक्षण, मानसिक स्वास्थ्य र सामाजिक सुरक्षालाई राज्यका तर्फबाट उच्च प्राथमिकता दिलाउँछौं ।
- नेपाली श्रमिकको विदेशमा हुने गरेको दुर्घटना तथा अस्वभाविक मृत्युका कारणहरू विश्लेषण गरी त्यस्ता घटना न्यूनीकरण गर्न एवम् मृत्यु भएकाको शव शिघ्र नेपाल झिकाउन गन्तव्य देशसँगको द्रुत समन्वय र पर्याप्त स्रोतको व्यवस्था गर्छौं ।

**नेपाली श्रमिकको विदेशमा हुने गरेको दुर्घटना तथा अस्वभाविक मृत्युका कारणहरू विश्लेषण गरी त्यस्ता घटना न्यूनीकरण गर्न एवम् मृत्यु भएकाको शव शिघ्र नेपाल झिकाउन गन्तव्य देशसँगको द्रुत समन्वय र पर्याप्त स्रोतको व्यवस्था**

## ३. आप्रवासी श्रम प्रशासन विस्तार : नेपाली कुटनीतिक नियोगको सुदृढीकरण

हामी प्रमुख गन्तव्य मुलुकका कूटनीतिक नियोगहरूलाई साधनस्रोत सम्पन्न बनाई नेपाली श्रमिकको सुरक्षा, उद्धार र हकहितका लागि राज्यको सक्रिय अभिभावकत्व सुनिश्चित गर्दछौं । यसका लागि :

- सबै प्रमुख श्रम गन्तव्य देशका कूटनीतिक नियोगमा श्रम सहचारी, कानुनी सहायता राहत तथा उद्धार प्रणाली सुदृढ गर्छौं ।

- गन्तव्य मुलुकको कूटनीतिक नियोग र कर्मचारीहरूबाट तत्तत् मुलुकमा कार्यरत श्रमिकको सुरक्षा र कल्याण एवम् उद्धार तथा राहतमा राज्यको तर्फबाट अभिभावकत्वको अत्युत्तम सेवा उपलब्ध गराउछौं ।
- गन्तव्य मुलुकमा रहेका नेपाली श्रमिकको हक हित सुरक्षा र कल्याण एवम् उद्धार तथा राहतमा कुटनैतिक नियोग र कर्मचारीको कुनै पनि कमजोरी अक्षम्य हुने छ । यसकार्यमा नियोग र कर्मचारीलाई सहजरूपमा सहयोग समन्वयकालागि गैरआवासीय नेपाली लगायतका अन्य संस्थाहरूलाई सक्रिय रूपमा परिचालित हुने संयन्त्र बनाउँछौं ।
- धेरै नेपाली श्रमिक कार्यरत मुलुकमा श्रम सहचारीहरू सहितको कुटनीतिक नियोग स्थापना गर्ने नीति कार्यान्वयन गर्नेछौं । परराष्ट्र सेवाका सबै कर्मचारीको आधारभूत सेवाप्रवेष र सेवाकालिन प्रशिक्षण एवम् श्रम सहचारी, श्रम काउन्सिलर र राजदूतहरूको अभिमुखिकरणमा नेपाली श्रमिकको हक हितको संरक्षण, कल्याण र उद्धारको विषय राख्छौं यी काम सक्रियता पूर्वक, उच्च मनोवल र इमान्दारीताका साथ गर्ने लिखित प्रतिबद्धता लिन्छौं ।
- श्रम कूटनीति सुदृढ गर्दै प्रमुख गन्तव्य देशसँग नयाँ द्विपक्षीय श्रम सम्झौता र पुराना सम्झौताहरूको नवीकरण गर्छौं । बढी सुरक्षित र लाभदायी नयाँ गन्तव्य तथा रोजगारीबारे प्रभावकारी सञ्चार गर्छौं ।
- श्रम आप्रवासनका सबै अन्तर्राष्ट्रिय मञ्चहरूमा आप्रवासी श्रमिकको अधिकार संरक्षणका लागि नेपालको अग्रणी भूमिका स्थापीत गर्छौं ।

**कूटनीतिक नियोग र कर्मचारीहरूले तत्तत् मुलुकमा कार्यरत श्रमिकको सुरक्षा र कल्याण एवम् उद्धार तथा राहतमा राज्यको तर्फबाट अभिभावकत्वको अत्युत्तम**

## ४. विदेशमा काम स्वदेशमा उद्यम

हामी वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको सिप र पुँजीलाई स्वदेशको विकाससँग जोड्दै उनीहरूलाई उद्यमशीलता, लगानीको हिस्सेदारी र सामाजिक सुरक्षासहितको सम्मानित पुनःस्थापना सुनिश्चित गर्दछौं । यसका लागि :

- विदेशमा आर्जित सिप, अनुभव र प्रविधिको डिजिटल अभिलेख तयार गरी स्वदेशी उद्योग र उद्यमसँग प्रत्यक्ष जोड्दै देश निर्माणका सम्मानित साझेदारका रूपमा व्यवहारबाटै स्थापित गर्छौं ।
- वैदेशिक रोजगारीमा करार अवधि पुरा गरेर फर्किने श्रमिकलाई विमानस्थलमै 'गोल्ड कार्ड सहित सम्मानजनक स्वागत, स्वास्थ्य परीक्षण सहजिकरण सेवा र पुनःएकीकरण कार्यक्रम प्रभावकारी रूपमा लागु गर्छौं ।

- राष्ट्रिय गौरवका आयोजना र ठूला जलविद्युत परियोजनाहरूमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि १५ प्रतिशत सेयर कोटा सुरक्षित गरी विकासको अंशियारी बनाउँछौं ।
- बैङ्कको मुद्दती निक्षेपभन्दा बढी ब्याज पाइने गरी 'विशेष बचत पत्र' ल्याउछौं र यस्तो बचतपत्र खरिद गर्नेलाई स्वदेश फर्किएपछि उद्यम गर्न परियोजनामा आधारित बिना धितो सहुलियतपूर्ण ऋणको व्यवस्था मिलाउँछौं ।
- विदेशमा सिकेको सिपलाई नेपालमा उपयोग गर्न फर्किएका श्रमिकहरूलाई 'स्टार्टअप फण्ड' मा आबद्ध गराउँछौं र व्यवसायका लागि आवश्यक उपकरण तथा प्रविधि आयातमा विशेष अनुदान र कर छुट प्रदान गर्छौं ।
- सामाजिक स्वास्थ्य सुरक्षामा आबद्व भएका श्रमिक बिरामी भएर स्वदेश फर्कँदाको सम्पूर्ण उपचार कल्याणकारी कोष र सामाजिक सुरक्षाबाट कोषमार्फत बिमाबाटै हुने व्यवस्था गर्छौ ।
- वैदेशिक रोजगारमा रहेका आप्रवासी श्रमिक वा तिनका परिवारले मात्रै खरीद गर्न सक्ने गरी विकास परियोजनामा लगानी गर्ने शेयरको सीमा बढाउछौं ।
- वैदेशिक रोजगारी तथा विदेशमा अन्य प्रयोजनमा रहेका नेपालीले मात्रै तोकिएका परियोजनाहरूमा लगानी गर्ने गरी "**रेमिट परियोजना**" ल्याउँछौं ।
- नेपालमै पर्याप्त अवसर सिर्जना गर्न यसरी लगानी गर्ने सबै प्रक्रियालाई अत्यन्त सरल र शिघ्र बनाई श्रमिक र तिनका परिवारलाई यस व्यवस्थाबाट अत्यधिक लाभ प्राप्त गर्ने अवस्था सिर्जना गर्दै कुनै पेसा, उद्यम शून्यबाट थालनी गर्नु नपर्ने बनाई उद्यम र पुँजीको स्वामित्व दिलाउँछौं ।
- वैदेशिक रोजगारीबाट फिर्ता भएका कुनै पनि युवालाई देशमा खाली हात राख्ने छैनौ । वैदेशिक रोजगारीबाट फर्किएका युवाले आफ्नो आर्जनबाट कुनै व्यवसाय थालनी गर्दा निश्चित प्रतिशत लगानी थप गरी व्यवसायमा स्थापित गराउँछौं ।
- फर्किएका श्रमिकका लागि पेसा व्यवसाय गर्न ५० लाख रूपैयाँसम्मको सहुलियतपूर्ण ऋण, निश्चित अवधिको कर छुट र उद्यमशीलता प्रवर्धन गर्छौं ।
- वैदेशिक रोजगारीबाट फर्कदा स्वदेशमा आफ्नै घर हुने गरी किफायती आवास योजनाहरूमा लगानी सहजिकरण गर्छौं ।

**वैदेशिक रोजगारीबाट फर्किने श्रमिकलाई विमानस्थलमै गोल्ड कार्ड सहित सम्मानजनक स्वागत**

# स्वास्थ्य

## सबैलाई स्वास्थ्य बिमा : सबल स्वास्थ्य प्रणाली

*हामी यो पाँच वर्षमा स्वास्थ्य सेवा राज्यले गर्ने परोपकार होइन, नागरिकको मौलिक अधिकार र राज्यको दायित्व हो भन्ने मान्यताका साथ स्वास्थ्य बिमामा आधारित सबल स्वास्थ्य प्रणाली विकास गर्छौं, जहाँ कोही नेपाली नागरिक पैसा नभएर उपचारबाट बञ्चित हुनुपर्ने छैन । प्रत्येक नेपालीले सुरक्षित, सम्मानजनक र गुणस्तरीय स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने छन् ।*

२०४८ सालमा राष्ट्रिय स्वास्थ्य नीति ल्याएर प्राथमिक स्वास्थ्य सेवामा आधारित प्रणालीमार्फत गाउँगाउँमा 'हेल्थ पोस्ट' को सञ्जाल विस्तार, महिला स्वास्थ्य स्वयंसेविकाको परिचालन कांग्रेसकै नेतृत्वमा भएको हो । स्वास्थ्य बिमा तथा मुटु, मिर्गौला र क्यान्सर जस्ता जटिल रोगको उपचारमा सहुलियत दिने जग कांग्रेसले नै बसालेको हो । गाउँ गाउँमा डाक्टर र जनस्वास्थकर्मी, विद्यालयमा नर्स, अस्पतालमा अनिवार्य फार्मेसी, सहरमा प्रवर्धन केन्द्रदेखि आरोग्य केन्द्रसम्म कांग्रेसकै अवधारणा र पहलकदमी हुन् । यस बिचमा जनस्वास्थ्यमा उपलब्धि थुप्रै छन तर अपुग छन, सेवाको पहुँच बढ्दैछ तर गुणस्तरमा काम गर्नु पर्नेछ ।

हाल नसर्ने रोग (NCDs) को चापका कारण हुने मृत्यु ७० प्रतिशतभन्दा बढी छ । स्वास्थ्य उपचारको ५७ प्रतिशत खर्च अझै पनि नागरिकले आफ्नै गोजीबाट बेहोर्नु परिरहेको छ । जसका कारण हरेक वर्ष ६ देखि ७ लाख नेपाली गरिबीको रेखामुनि धकेलिन्छन् । नयाँ चुनौतीको समाधान **अस्पताल विस्तारबाट मात्र होइन; समग्र स्वास्थ्य प्रणालीको सुधारबाट हुन्छ । रोग लागेपछि उपचार मात्र होइन, रोग लाग्नै नदिने** अवस्थाको सिर्जना नेपाली कांग्रेसको मुख्य ध्येय हो ।

नि:शुल्क स्वास्थ्य हाम्रो प्रतिबद्धता

आर्थिक अभावका कारण कसैले पनि उपचारबाट वञ्चित हुन नपरोस् र हरेक नेपालीको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच पुगोस् भन्ने हाम्रो उद्देश्य हो । 'युनिभर्सल हेल्थ कभरेज' र 'स्वास्थ्य समता' हाम्रो प्राथमिकता हो । **नि:शुल्क स्वास्थ्य हाम्रो प्रतिबद्धता हो ।**

हाम्रो लक्ष्य स्पष्ट छ; हरेक नागरिक स्वास्थ्य बिमामा जोडिएर आफ्नो र परिवारको उपचार खर्चबारे निश्चिन्त रहून् । हरेक नागरिकले "उपचारमा जतिसुकै खर्च लागोस्, राज्य छ" भन्ने गर्व गरून र ढुक्कसँग भन्न सकून, "**गोजीमा बिमा कार्ड छ, मलाई केको डर छ !**"

Health is not Charity, Health is Security, Quality Health State's Responsibility भन्ने मान्यताका साथ नेपाली कांग्रेस स्वास्थ्यमा निम्न १५ प्रतिज्ञा गर्दछ;

आर्थिक अभावका कारण कसैले पनि उपचारबाट वञ्चित हुनु पर्दैन

## १. निःशुल्क स्वास्थ्य सेवा : नागरिकको हक; बजेटमा १०

गुणस्तरीय स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने नागरिकको संविधान प्रदत्त हक कार्यान्वयन गर्नु राज्य जिम्मेवारी हो । यसका लागि :

- स्वास्थ्य उपचारमा नागरिकले खल्तिबाट पैसा तिर्नुपर्ने अबस्थाको अन्त्य गर्छौं- निःशूल्क गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्छौं ।
- सबै तहको सरकारहरूको कुल बजेटमा स्वास्थ्य क्षेत्रको हिस्सा कम्तीमा १० प्रतिशत पुऱ्याउछौं ।

## २. स्वास्थ्य बिमा : सबैलाई बिमा, सबै उपचार बिमाबाट

स्वास्थ्य बिमालाई राष्ट्रिय गौरवको कार्यक्रम बनाइ अबको पाँच बर्षभित्र सवै नेपाली बिमामा, सवै उपचार बिमामार्फत गरिने छ । यसका लागि :

स्वास्थ्य बिमालाई राष्ट्रिय गौरवको कार्यक्रम बनाइ अबको पाँच बर्षभित्र सबै नेपाली बिमामा, सबै उपचार बिमामार्फत

- **बिमा स्वेच्छिक होइन अनिवार्यः नागरिकको अधिकार, सरकारको कर्तव्य :** स्वास्थ्य बिमा ऐन २०७४ बमोजिम सबै नेपाली नागरिकलाई अनिवार्य बिमामा आबद्ध गर्छौं ।
- **कमाउनेले प्रिमियम तिर्ने नहुनेको राज्यले व्यहोर्नेः** औपचारिक क्षेत्रका कर्मचारी लगायतको आयका आधारमा बिमा प्रिमियमको व्यवस्था गरी प्रिमियम तिर्न नसक्ने अति विपन्न र श्रमिक वर्गको योगदान रकम सरकारले तिर्ने व्यवस्था कार्यान्वयन गर्छौं ।
- **सवै उपचार बिमाबाटः** आधारभूत स्वास्थ्य निःशुल्क तथा स्वास्थ्य बिमामा आबद्ध भए पश्चात सबै प्रकारका उपचार सेवा सुचिकृत जुनसुकै अस्पतालबाट लिन सक्ने व्यवस्था गर्छौं ।
- **एकद्वार नीति; दायरा र रकम वृद्धिः**

- छरिएर रहेका सबै स्वास्थ्य सामाजिक सुरक्षा योजना र सहुलियतहरूलाई स्वास्थ्य बिमामा एकीकृत गर्छौं ।
- विभिन्न निकाय र कोषबाट उपचारका लागि खर्च हुने रकमलाई स्वास्थ्य बिमा कोषमा ल्याई 'एकद्वार प्रणाली' लागु गर्छौं ।
- चकलेट, गुलियो पेय पदार्थमा कर लगाएर र मदिरा तथा सुर्तीजन्य वस्तुमा लिइने 'स्वास्थ्य कर' बढाएर सो रकम अनिवार्य रूपमा बिमा कोषमा जम्मा हुने व्यवस्था गरी स्वास्थ्य बिमाको ढुकुटी बढाउछौं ।

### सहज प्रक्रिया र सबल बोर्ड

- बिमा प्रक्रियालाई सरल र व्यवस्थापन तथा नियमनलाई प्रभावकारी बनाउछौं ।
- स्वास्थ्य बिमा बोर्डको संस्थागत क्षमता र कार्यप्रणालीमा वैज्ञानिक रूपान्तरण गर्दै यसलाई देशको सम्पूर्ण 'सामाजिक स्वास्थ्य सुरक्षा संयन्त्र' का रूपमा विकास गर्छौं ।

एक नागरिक एक डिजिटल स्वास्थ्य प्रोफाइल

### डिजिटल स्वास्थ्य

- स्वचालित दाबी प्रणाली (**Claim System**) र जालसाजी नियन्त्रण (**Fraud Control**) मार्फत भुक्तानीलाई छिटो-छरितो र पारदर्शी बनाउछौं ।
- 'एक नागरिक, एक डिजिटल स्वास्थ्य प्रोफाइल' लागु गर्दै सेवाको गुणस्तर र शुल्कमा देशैभर एकरूपता कायम गर्छौं ।

## स्थानीय तहबाट आधारभूत सेवा

- सबै स्थानीय तहमा 'प्रथम सेवा विन्दु' (**First Point of Care**) सञ्चालन गरी नागरिकले स्वास्थ्य बिमामार्फत न्यूनतम उपचार आफ्नै घरदैलोमा पाउने सुनिश्चित गर्छौं ।
- आवश्यकता अनुसार थप विशिष्टीकृत सेवाका लागि सरकारी वा निजी दुवै अस्पतालबाट उपचार लिन सक्ने सहज 'रेफरल' प्रणालीको सिर्जना गर्छौं ।
- बिमा आबद्धता र नवीकरण तथा व्यवस्थापनको लागि स्थानीय सरकारसँग सहकार्य गर्छौं ।

## ३. कडा रोगमा पूर्ण राहत

- क्यान्सर, मिर्गौला तथा कलेजो प्रत्यारोपण र मुटु रोगजस्ता महँगो उपचार खर्च लाग्ने रोगको उपचार तथा सिकलसेल थालसिमिया, एपलाष्टिक एनिमिया लगायतका रोगलाई स्वास्थ्य बिमामार्फत 'असीमित र पूर्ण राहत' को दायरामा ल्याउछौं ।

## ४. ३/७३ : नि:शूल्क उपचार

- ३ बर्ष मुनिका बालबालिका र ७३ वर्ष माथिका जेष्ठ नागरिकलाई जुनसुकै अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था गर्छौं ।

३ बर्ष मुनिका बालबालिका र ७३ वर्ष माथिका जेष्ठ नागरिकलाई जुनसुकै अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था

## ५ एकीकृत स्वास्थ्य पूर्वाधार विकास परियोजना

सबल स्वास्थ्य पूर्वाधार गुणस्तरीय उपचारको आधार ! भन्ने मान्यताका साथ हामी जनशक्ति, उपकरण र पूर्वाधारको अभाव हटाउने छौं । त्यसका लागि :

- २०७४ सालमा स्वीकृत **'एकीकृत स्वास्थ्य पूर्वाधार विकास परियोजना'** लाई समयानुकूल परिमार्जन गरी लागु गर्छौं ।
- राज्यका सबै अस्पतालहरूलाई केवल शैयाका आधारमा नभई **'सेवाको आधारमा वर्गीकरण** गर्छौं ।
- संस्थागत सबलिकरण गरी दक्ष जनशक्ति, आधुनिक पूर्वाधार र उपकरणको योजनाबद्ध आपूर्ति सुनिश्चित गर्छौं ।

## ६. नाता न नेता : ढुकुटीमा लुट बन्द, स्वास्थ्यमा समान प्रबन्ध

पहुँच हुनेले विदेशमा उपचार पाउने र नहुनेले स्वदेशमै पनि ओखती नपाउने विभेदकारी अवस्थाको पूर्ण अन्त्य गर्छौं । यसका लागि :

- हाम्रै पहलमा कानुनी व्यवस्था भएको विदेशमा गरिने उपचारका लागि राज्यको ढुकुटीबाट अनुदान दिन नपाइने बाध्यकारी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्छौं ।
- कानुन उल्लङ्घन गरी राज्यकोषको दोहन गर्ने वा गराउनेलाई 'नीतिगत भ्रष्टाचार' को दायरामा ल्याउछौं ।

## ७. औषधि र प्रयोगशाला : समयमा औषधि, गुणस्तरीय परीक्षण

गुणस्तीय औषधी र प्रयोगशाला सेवा सस्तो र सहज रूपमा उपलब्ध गराउने छौं । यसका लागि :

- सरकारी अस्पतालहरूमा बिमामार्फत सबै प्रकारका औषधिहरूको निरन्तर उपलब्धता र गुणस्तर सुनिश्चित गर्न अस्पताल फार्मेसीलाई सुदृढीकरण गर्छौं ।
- सबै सहरी स्वास्थ्य प्रवर्धन केन्द्र तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूबाट दक्ष जनशक्ति सहित नियमित स्वास्थ्य परीक्षण, खोप, उपचार र प्रतिकारात्मक लगायतका आधारभुत सेवाको ग्यारेन्टी गर्छौं ।
- औषधि, खाद्य सम्पूरक (**Food Supplements**) सौन्दर्य सामग्री तथा स्वास्थ्य सामग्रीको गुणस्तर सुनिश्चित गर्न र प्रभावकारी नियमनका लागि एक शक्तिशाली **'प्रमाणीकरण तथा नियमन प्राधिकरण'** स्थापनाका लागि एक वर्षभित्र कानुन बनाउछौं ।
- गुणस्तरीय स्वदेशी औषधि उत्पादनलाई प्रोत्साहन गर्छौं । नेपाललाई औषधिमा आत्मनिर्भर बनाउन स्वदेशी लगानीलाई प्रोत्साहन र कर छुटको व्यवस्था गर्छौं ।
- नागरिकलाई सस्तोमा औषधि उपलब्ध गराउन सरकारले सीधै उत्पादक कम्पनी वा देशसँग खरिद गरी आफ्नै फार्मेसीमार्फत सुपथ मूल्यमा उपलब्ध गराउन र **'फ्रेमवर्क कन्ट्राक्ट'** मार्फत **'केन्द्रीय बोलपत्र र स्थानीय खरिद'** (**Central Bidding, Local Purchasing**) को अवधारणा कार्यान्वयन गर्न आवश्यक कानुनी र संरचनागत व्यवस्था गर्छौं ।

## ८. म स्वस्थ; मेरो परिवार स्वस्थ

प्रवर्धनात्मक र प्रतिकारात्मक सेवामा जोड दिदै वढ्दो नसर्ने रोगको प्रकोप न्युनिकरण गर्नेछौं । यसका लागि :

- नसर्ने रोगहरूको प्रकोप कम गर्न स्वस्थ हावापानी, वातावरण र सक्रिय जीवनशैलीलाई प्रोत्साहन गर्दै रोग लाग्नै नदिने अवस्थाको सिर्जना गर्न **"म स्वस्थ, मेरो परिवार स्वस्थ"** महाअभियान सञ्चालन गर्छौं ।
- नसर्ने रोगहरूको एउटा मुख्य कारणको रूपमा रहो चिनी र चिनीजन्य गुलिया खानेकुरा तथा औद्योगिक प्रशोधित तेलको प्रयोग गरेर बनाइएका खानेकुराको उपभोगका सम्बन्धमा स्वास्थ्य शिक्षा तथा सचेतनाको व्यापक अभियान चलाउँछौं ।

कानुन उल्लङ्घन गरी राज्य कोषको दोहन गर्ने वा गराउनेलाई नीतिगत भ्रष्टाचारको दायरामा

- किशोरीहरूका लागि HPV खोप र जोखिम समूहका नागरिकका लागि **वार्षिक स्वास्थ्य परीक्षण** सुनिश्चित गर्छौं ।
- नसर्ने रोगको चुनौती सामना गर्न स्थानीय तहको साझेदारीमा हरेक सहरमा **'स्वास्थ्य प्रवर्धन केन्द्र'** विस्तार गर्छौं ।
- मानसिक स्वास्थ्यको समस्याको समाधन गर्न स्थानीय तह, प्रदेश सरकार र सङ्घसंस्थासंगको समन्वय र सहकार्यमा स्वास्थ्य संस्था र समुदायमा मानसिक स्वास्थ्य परामर्श, औषधी र उपचारको सहज व्यवस्था गर्नेछौं ।

## ९. स्वास्थ्य जनशक्ति व्यवस्थापन

एकीकृत स्वास्थ्य पूर्वाधार परियोजनाको प्रक्षेपण अनुसार नेपालको स्वास्थ्य प्रणालीलाई आवश्यक जनशक्तिको व्यवस्थापन गरी गुणस्तरको सेवा सुनिश्चित गर्ने छौं । त्यसका लागि :

- स्वास्थ्य विज्ञान प्रतिष्ठानको छाता ऐन अविलम्ब पारित गरी पाँच वर्षभित्र सबै प्रदेशका सरकारी मेडिकल कलेजमा एमबिबिएस (MBBS) अध्यापन को व्यवस्था गर्छौं ।
- खाली रहेको जनशक्तिको एक वर्षभित्र पदपूर्ति गर्छौं ।
- एकीकृत स्वास्थ्य पूर्वाधार परियोजनाको प्रक्षेपण अनुसार प्राविधिक जनशक्तिको दरबन्दी वृद्धि गरी युवा स्वास्थ्य जनशक्तिलाई सरकारी सेवामा आकर्षित गर्छौं ।
- स्वास्थ्य जनशक्तिलाई उत्प्रेरित गर्न र टिकाइराख्न रूचि एवम् विज्ञता अनुसार समायोजन, व्यवस्थापन, क्षमता अभिवृद्धि र प्रोत्साहन प्याकेजको व्यवस्था गर्छौं ।
- 'स्वदेशमै सेवा, गौरवको अनुभव' अभियानमार्फत स्वास्थ्यकर्मीको पारिश्रमिक र सुविधा समयानुकूल वृद्धि गर्छौं ।
- कार्य क्षेत्रमा सम्मान र सुरक्षाको प्रत्याभुतिका लागि नीतिगत र कानुनी व्यवस्था गर्छौं ।
- स्वास्थ्य विज्ञान प्रतिष्ठान, विशेषज्ञ अस्पताल र मेडिकल कलेजको सहकार्यमा दुर्गमका आधारभूत अस्पतालमा विशेषज्ञ सेवाहरू पुऱ्याउछौं ।
- अस्पतालहरूलाई 'हब' र नजिकका स्वास्थ्य संस्थालाई 'सेटेलाइट' मानी मोबाइल एपमार्फत चौबिसै घण्टा परामर्श लिन सकिने 'हब एन्ड स्पोक' प्रणाली लागु गर्छौं ।

स्वास्थ्यकर्मीको पारिश्रमिक र सुविधा समयानुकूल वृद्धि

दुर्गममा कार्यरत स्वास्थ्यकर्मीलाई विशेष वृत्तिविकास

- दुर्गममा कार्यरत स्वास्थ्यकर्मीलाई विशेष वृत्तिविकास, उच्च शिक्षामा प्राथमिकता र आकर्षक दुर्गम भत्ताको व्यवस्था गर्छौं ।
- निजी क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीका लागि न्यूनतम पारिश्रमिकको ग्यारेन्टी गर्छौं ।
- 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन' लाई कडाइका साथ लागु गर्दै 'कार्यस्थलमा हिंसा प्रति शून्य सहनशीलता' को नीति लिई आवश्यक कानुनी संशोधन गर्छौं ।
- स्वास्थ्यकर्मीहरूलाई आधुनिक प्रविधि, जटिल शल्यक्रिया र आपतकालीन व्यवस्थापनमा निरन्तर तालिम (CME) को व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गर्ने संरचनागत प्रावधानको विकास गर्छौं ।
- जोखिमपूर्ण क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीका लागि विशेष भत्ता र बिमा सुनिश्चित गर्दै उच्च मनोबलका साथ काम गर्ने सुरक्षित वातावरण निर्माण गर्छौं ।

निजी क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीका लागि न्यूनतम पारिश्रमिकको ग्यारेन्टी

## १०. घर आगनमै स्वास्थ्य सेवा : सम्मानित बुढ्यौली

स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीका लागि घरआगनमै स्वास्थ्य सेवा पुऱ्याउने छौं । त्यसका लागि :

- **आँगनमै नर्स, घरमै ओखती :** सम्मानित बुढ्यौलीको साथी– स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीका लागि स्थानीय तहसँगको सहकार्यमा 'समुदायमा नर्स र स्वयंसेविका' मार्फत घरदैलोमै स्वास्थ्य सेवा र 'सामुदायिक केयर सेन्टर'हरू निर्माण गर्छौं ।
- घरमा रहेका बिरामीलाई अस्पतालसँग जोड्न 'एकीकृत एम्बुलेन्स सेवा' सञ्चालन गर्न चाहने स्थानीय तहलाई आवश्यक सहयोग र समन्वय गर्छौं ।
- सुत्केरीपछिको हेरचाह र अन्तिम अवस्थामा रहेका बिरामीको 'प्यालिएटिभ केयर' लाई घरदैलोमै पुऱ्याउछौं ।
- स्थानीय तह र प्रदेश सरकारसंगको सहकार्यमा प्रविधिको प्रयोग गरी घर बाटै विशेषज्ञ परामर्श लिन सकिने गरी 'कल-सेंटर' को व्यवस्था गर्छौं ।

## ११. स्वास्थ्य महामारी : समयमै तयारी

- जलवायु जन्य लगायत महामारीको प्रतिकार गर्न तीनै तहका सरकारको संयोजनमा भरपर्दो र चुस्त संयन्त्रको अविलम्ब विकास गर्छौं ।

## १२. डिजिटल स्वास्थ्य : डिजिटल प्रोफाइल

- 'एक नागरिक, एक डिजिटल हेल्थ रेकर्ड' को अवधारणा लागु गरी बिरामीले फाइल बोकेर हिँड्नुपर्ने झन्झटको अन्त्य गर्छौं ।
- राष्ट्रिय परिचयपत्रको नम्बरलाई नै सबै अस्पतालमा 'इलेक्ट्रोनिक मेडिकल रेकर्ड' (**EMR**) नम्बर कायम गरी बिरामीको पुर्जा, रिपोर्ट र इतिहास अनलाइनमै उपलब्ध हुने व्यवस्था गर्छौं ।
- स्वास्थ्य सेवालाई पारदर्शी, छिटो र मितव्ययी बनाउँदै स्वास्थ्य क्षेत्रको ढिलासुस्ती अन्त्य गर्न अनलाइन ओपिडी (**OPD**) टिकट, टेलिमेडिसिन, हब एण्ड स्पोक र डिजिटल प्रेस्क्रिप्सनलाई क्रमशः राष्ट्रव्यापी बनाउछौं ।

## १३. आयुर्वेद, प्राकृतिक चिकित्सा तथा वैकल्पिक उपचार प्रणाली

**आरोग्य सिक्न नेपाल** : विश्वस्तरमा नेपाललाई आयुर्वेद, योग तथा प्राकृतिक चिकित्साको मानक शैक्षिक केन्द्र बनाउनछौं । यसका लागि :

- योग, ध्यान र पञ्चकर्म पद्धतिलाई नागरिकको जीवनशैलीको हिस्सा बनाइने छ ।
- आयुर्वेदलाई मूलधारको स्वास्थ्य सेवासँग एकीकृत गर्दै स्थानीय तहसम्म विस्तार गर्छौं ।
- आयुर्वेद शिक्षण अस्पतालहरूको स्तरोन्नति गर्दै दक्ष जनशक्ति उत्पादनका लागि छुट्टै 'राष्ट्रिय आयुर्वेद अध्ययन प्रतिष्ठान' स्थापना गर्छौं ।
- नेपालमा पाइने बहुमूल्य जडीबुटीलाई 'हरियो सुन' का रूपमा विकास गरि स्वदेशी जडीबुटी तथा औषधिजन्य पदार्थको संरक्षण र सदुपयोग गर्दै स्वदेशमै औषधि उत्पादनका लागि विशेष योजना ल्याउछौं ।
- जडीबुटी तथा औषधिजन्य कच्चा पदार्थ मात्र निर्यात गर्ने परिपाटी अन्त्य गरी स्वदेशमै 'जीएमपी' (**Good Manufacturing Practice**) मापदण्डका आधुनिक प्रशोधन केन्द्र र फार्मास्युटिकल्स स्थापना गर्छौं ।

राष्ट्रिय औषधि लिमिटेडलाई औषधि अनुसन्धानको मुख्य केन्द्रका रूपमा विकास

- जडीबुटी खेती गर्ने किसानलाई अनुदान, उचित बजार मूल्य र प्राविधिक सहयोग उपलब्ध गर्छौं ।
- राष्ट्रिय औषधि लिमिटेडलाई औषधि अनुसन्धानको केन्द्रका रूपमा विकास गर्छौं ।

## १४. श्रमिक स्वास्थ्य : स्वास्थ्य सेवा र सुरक्षा

जोखिममा रहेका समूहहरूका लागि कार्यस्थलमै मानसिक स्वास्थ्य सेवा सञ्चालन

वैदेशिक रोजगारीमा प्रस्थानदेखि आगमनसम्म स्वास्थ्य सुरक्षा राज्यको दायित्व र अभिभावकत्व हुने छ । यसका लागि :

- आन्तरिक र वैदेशिक श्रमिकका लागि अनिवार्य स्वास्थ्य बिमा, 'डिजिटल हेल्थ रेकर्ड' र कार्यस्थलमा आधारित स्वास्थ्य सुरक्षा सुनिश्चित गर्छौं ।
- धेरै श्रमिक भएका गन्तव्य मुलुकहरूमा 'स्वास्थ्य सहचारी' को अनिवार्य व्यवस्था गर्छौं । वैदेशिक रोजगारीमा रहेका श्रमिक, विद्यार्थी र जोखिममा रहेका समूहहरूका लागि उनीहरूको कार्यस्थलमै पुग्ने गरी विशेष मानसिक स्वास्थ्य सेवा सञ्चालन गर्नेछौं ।
- वैदेशिक रोजगारीमा जानु अघि र फर्किएपछि स्वास्थ्य बिमामार्फत सरकारी स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण तथा उपचार उपलब्ध गराउने व्यवस्था मिलाउछौं ।

## १५. पुग्दो र पोसिलो बाँडौं : कुपोषण कम गरौं

हामी पोषणमा खर्च नागरिकको सर्वाङ्गिङ विकास लागि लगानी हो भन्ने मान्यता राख्दछौं । यसका लागि :

- पोषण कार्यक्रम, विद्यालय दिवा खाजा र 'सुनौला हजार दिन' जस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउछौं ।
- निम्न आर्थिक अवस्था भएका, पछि परेको वर्ग समुदायमा रहेको खाद्य तथा उपलब्ध गराइने सर्वोत्तम पिठो र खाजाको पौष्टिक गुणस्तर वृद्धि गरी कुपोषणजन्य अबस्थाको दरलाई उल्लेख्य रूपमा घटाउछौं ।
- पोषण र शिक्षा मानवीय पुँजी विकासका महत्त्वपूर्ण आधार मात्र होइन राष्ट्र निर्माणका लागि समेत अपरिहार्य हुन् । अतः पोषणमा लगानी राज्यको जिम्मेवारी भन्ने मान्यताका साथ पोषण विशेष कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउछौं ।

# शिक्षा

## सबै पढौं – सँगै बढौं

*हामी शिक्षालाई निःशुल्क र गुणस्तरीय बनाउदै, आधुनिक सिप र प्रविधिसँगको आबद्ध गरी सिंगो विश्वसित सहकार्य एवम् प्रतिस्पर्धा गर्नसक्ने सक्षम, स्वावलम्वी नागरिक तयार गर्नेछौं जसले जीवन र जगत, समाज र विश्वसित एकाकार गर्नेछ, समुन्नत नेपालको ध्येय साकार पार्ने छ ।*

जननायक वी.पी कोईराला प्रधानमन्त्री हुँदा खुलेका करिब ५००० विद्यालयहरूले २०६७ सालमा आफ्नो स्वर्णजयन्ती मनाए। एकै पटक यसरी विद्यालय विस्तार गर्ने चेत र सहास कांग्रेसले गरेको थियो । त्रिभुवन विश्वविद्यालयका प्रथम उप-कूलपति हाम्रा पूर्व सभापति सुवर्ण शम्शेर हुनुहुन्थ्यो । वहुविश्वविद्यालयको अवधारणालाई नेपालमा भित्र्याएर काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पुर्वाञ्चल विश्वविद्यालय आदि विश्वविद्यालयहरूको सुरूवात नेपाली कांग्रेसले गरेको हो । सार्वजनिक र निजि मेडिकल कलेज ईन्जिनियरिङ्ग कलेजहरू नेपाली कांग्रेसकै उदारीकरण नितिका उपज हुन् । नेपालमा शिक्षाको पहुँचको विस्तार र शिक्षामा विविधिकरणको अबसर निर्माणमा नेपाली कांग्रेसले गरेको प्रयासप्रति कांग्रेस सगौरव स्मरण गर्दछ ।

शिक्षा समाजिक समताको सबैभन्दा महत्वपूर्ण उपकरण. समुन्नतिको आधार र आर्थिक रूपान्तरणको जग हो । हामी यो विश्वास गर्दछौं कि नागरिक र मुलुकको मुहार फेर्ने र सिंगो विश्वसित सहकार्य र प्रतिस्पर्धा गर्न शिक्षाले नै हामीलाई सक्षम तुल्याउँछ । शिक्षा व्यक्ति समाज र देशको विकासको मेरूदण्ड हो । शिक्षित र स्वावलम्वी नागरिक तयार गर्नु हाम्रो पार्टीको मुख्य उद्देश्य हो ।

**शिक्षित र स्वावलम्बी नागरिक तयार गर्नु मुख्य उद्देश्य**

शिक्षा क्षेत्रमा सुशासन, समता, पहँच, गुणस्तर, सिकाइ, शैक्षिक पेसामा आकर्षण, विश्वविद्यालयहरूमा अनुसन्धान, नेपाललाई शैक्षिक गन्तव्यको रूपमा विकासगर्ने जस्ता क्षेत्रमा थुप्रै गर्नुपर्ने काम छन् ।

यसका लागी हामी निम्न सङ्कल्प गर्छौं ।

## १. विद्यालय शिक्षा

स्थानीय र प्रदेश सरकारसँग सहकार्य गर्दै विद्यालय शिक्षा गुणस्तरीय बनाउने छौ । यसको लागि हामी निम्न सङ्कल्प गर्छौं । यसका लागि :

- **शिक्षामा लगानी** : सरकारी र सामुदायिक विद्यालयमा शिक्षक, पूर्वाधार, उपकरणआदि उपलब्ध गराउन हामी आवश्यक लगानीको व्यवस्था गर्छौं ।
- विद्यालय शिक्षामा स्रोतको व्यवस्थापन गर्न SDG मा नेपालले गरेको शिक्षामा बजेटको २० प्रतिसत राज्यको लगानी गर्ने प्रतिबद्धता पुरा गरेर सुनिश्चित गर्छौं ।
- **नयाँ वर्ष नयाँ पुस्तक** : आवश्यक स्रोत, समन्वय र संयन्त्रको व्यवस्था गरी विद्यार्थीले समयमा पाठ्यपुस्तक नपाउने अबस्थाको अन्त्य गर्दै नयाँ वर्ष नयाँ पुस्तक उपलब्ध गराउछौं ।

**विद्यालय शिक्षामा स्रोतको व्यवस्थापन गर्न SDG मा नेपालले गरेको शिक्षामा बजेटको २० प्रतिशत राज्यको लगानी सुनिश्चित**

### सम्मानजनक शिक्षण पेसा

शिक्षण पेसाको व्यावसायिक र सम्मानजनक बनाउन :

- स्थायी, अस्थायी, करार, राहत, विशेष, ECED सबै प्रकारका शिक्षकका समस्या समाधान गर्दै कम्तिमा निजामती कर्मचारी सरह सुविधा, तालीम, वृत्तिविकास, पदोन्नति आदि जस्ता प्रोत्साहनको व्यवस्था गर्छौं ।
- शिक्षण पेसाको आकर्षक बनाई व्यावसायिकरण गर्छौं ।
- उत्कृष्ट विद्यार्थीलाई शिक्षण पेसामामा आकर्षण गर्ने व्यवस्था गर्छौं ।
- **नयाँ शिक्षा ऐन** : विद्यालय शिक्षा (गुणस्तर तथा नियमन) ऐन सरोकार वालाहरू परामर्शमा, कुनै पनि स्वार्थ समुहको दवावमुक्त भइ सबै जायज र उपयुक्त विषयहरूलाई समेटेर विद्यार्थीको सिकाइ र गुणस्तरलाई केन्द्रमा राखी एक वर्षभित्र पारित गर्छौं ।
- **विद्यालय शिक्षालाई स्रोत** : विद्यालय शिक्षाको गुणस्तर उल्लेखनीय रूपमा अभिवृद्धि हुने गरी स्थानीय सरकारको सबलीकरण गर्ने ।
- विद्यालय शिक्षामा सङ्घको लगानीमा क्रमशः वृद्धि गर्छौं ।
- सामुदायिक विद्यालयहरूलाई सञ्चालको लागत अनुमानको आधारमा न्यूनतम अनुदानको सुनिश्चितता गर्छौं ।
- विद्यालयहरूलाई प्रभावकारितामा आधारित (**performance based**) अतिरिक्त अनुदानको व्यवस्था गर्छौं ।

- स्थानीय तहले पाउने विद्यालय शिक्षा अनुदान स्थानीय तहको क्षमता अभिवृद्धि गर्दै क्रमशः एकमुष्ट रूपमा दिने व्यवस्था गर्छौं ।

## नमुना विद्यालयहरूको विस्तार

प्रत्येक स्थानीय तहमा मोडेल विद्यालयहरूको सङ्ख्या कम्तिमा दुई वटा रहने गरी क्रमशः विस्तार गर्छौं ।

- सामुदायिक विद्यालय पुनर्संरचनाः मापदण्ड अनुसारको शिक्षक विद्यार्थी अनुपात कायम गर्ने
- स्थानीय तहको सहकार्यमा विद्यालयहरू गाभ्ने, शिक्षकको दरबन्दी समायोजन गर्छौं ।
- विद्यालयमा विद्यार्थीहरूको पहुँच सहज बनाउन स्थानीय तहसंगको सहकार्यमा छात्रावासको र आवासीय विद्यालयहरू बनाउने कार्य गर्छौं ।
- **पाठ्यक्रमको परिमार्जन** : परम्परागत, घोकन्ते र परीक्षाकेन्द्रित प्रणालीबाट सृजनशील, विद्यार्थी, केन्द्रित र सिकाइमा, आधारित शिक्षामा रूपान्तरण गर्ने
- विद्यमान पाठ्यक्रममा भएका कमीकमजोरीहरूलाई हटाइ छरितो तर एक्काइसौं शताब्दीको सृजनशील सिकाइ अवधारणा अनुरूपको पाठ्यक्रम, शिक्षण-सिकाइ र मूल्याङ्कन पद्धतिलाई रूपान्तरित गर्छौं ।
- विद्यालयको सिकाइ सिप, उद्यमशीलता, डिजिटल सिप, वित्तीय साक्षरता अनिवार्य जस्ता विषयहरू समावेश गर्छौं ।
- **तल्लो कक्षादेखि नै पठन संस्कृतिको विकासः** तल्लो कक्षादेखि नै सबै बालबालिकामा पठन-लेखन, गणनात्मक क्षमता, आलोचनात्मक सोचको विकास गर्ने गरी पुस्तक पठन संस्कृतिको विकास गर्ने
- पुस्तकालय र विद्युतीय उपकरण आदिको आवश्यक बन्दोबस्त गर्छौं ।
- पठन संस्कृति विकास गर्ने प्रत्येक जिल्लामा कम्तिमा एउटा सार्वजनिक पुस्तकालय निर्माण गर्ने कार्यबाट प्रारम्भ गर्छौं ।
- **प्रारम्भिक बालविकास** : राज्यले एक वर्षको निशुल्क पूर्व-विद्यालय (pre-school) शिक्षा सुनिश्चित गर्ने र बालबालिकाको समग्र विकासकालागि ०-८ वर्षका बालबालिकामा प्रारम्भिक बाल्यकाल विकासलाई प्रोत्साहन गर्ने ग्रामीण, सीमान्तकृत र सहरी गरिब समुदायमा गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) को पहुँच विस्तार गर्छौं । यसका लागि शिक्षा मन्त्रालयले अन्य मन्त्रालयहरू, गैर-सरकारी संस्था, दातृ निकाय, निजी क्षेत्र र रोजगार दातासँग समन्वय र सहकार्य गर्छौं ।

ग्रामीण, सीमान्तकृत र सहरी गरिब समुदायमा गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) को पहुँच विस्तार

## ECED शिक्षक

बच्चाको सिकाइ घरबाट सुरू हुन्छ, विद्यालयमा मजबुत हुन्छ, र समुदायमा अर्थ पाउँछ । बालबालिकाको विकासको लागि ECED शिक्षकहरूको योगदान र महत्वलाई मनन गर्दै सेवा-सुविधा, वृत्ति विकासमा विकास पहल गर्ने र स्रोतको व्यवस्था गर्छौं । यसका लागि :

- **दुर्गम क्षेत्रमा शिक्षक** : दुर्गम र ग्रामीण क्षत्रेमा शिक्षकको चरम अभावको समस्यालाई समाधान गर्न ।
- त्यस्तो क्षेत्रहरूमा जाने शिक्षकहरूलाई विशेष अतितिक्त सुविधा उपलब्ध गराउँछौं ।
- विश्वविद्यालयहरूसँगको सहकार्यमा स्वयंसेवक शिक्षकको परिचालन गर्ने कार्यक्रम लागु गर्छौ ।
- **समावेशी र न्यायपूर्ण शिक्षाको पहुँच** : भौगोलिक, आर्थिक, लैङ्गिक, अपाङ्गता भाषिक वा सामाजिक कारणले कोही पनि शिक्षाको अधिकार र अवसरबाट वञ्चित नहोस् भन्ने सुनिश्चित गर्न ।

**बालिकाहरूको शिक्षा समाजको विकासको मेरूदण्ड भएकोलेत्यसलाई प्राथमिकता दिदै प्रत्येक बालिकाहरूलाई विद्यालय अवधिभरी बालिका शिक्षा बचत खातामा नगद प्रोत्साहन**

- **लक्षित समुदायमा शिक्षा अभियान** : विद्यालयहरूमा भर्ना नहुने वा ड्रपआउट धेरै हुने गरीब र सिमान्तकृत समुदायको पहिचान गरी "सबै पढौ सँगै बढौं" नाराका साथ नेपालभरी विशेष समुदाय लक्षित शिक्षा अभियान सञ्चालन गर्छौं ।
- **शिक्षित छोरी, सुसंस्कृत देश** : बालिकाहरूको शिक्षा समाजको विकासको मेरूदण्ड भएकोले त्यसलाई प्राथमिकता दिदै प्रत्येक बालिकाहरूलाई विद्यालय अवधिभरी बालिका शिक्षा बचत खातामा नगद प्रोत्साहनको व्यवस्था गर्छौं ।
- **STEAM मा अतिरिक्त फोकस** : विद्यार्थीलाई वैज्ञानिक सोच, तार्किक विश्लेषण, समस्या समाधान, गणितीय क्षमता, प्राविधिक जिज्ञासा र प्रयोगात्मक सिकाइमा निपूण बनाउन Science, Technology, Engineering, Arts, Mathematics (STEAM) शिक्षालाई समग्र शिक्षा प्रणालीको आधारका रूपमा विकास गर्छौं र सो को लागि पाठ्यक्रम विकास, शिक्षक, उपकरणको लगायत आवश्यक श्रोतको व्यवस्था सुनिश्चित गर्छौं ।

## मातृभाषामा शिक्षा

हरेक भाषाको संरक्षण र सम्बर्द्धन गर्न र विद्यार्थिलाई प्रतिस्पर्धि बनाउन :

- विद्यालय तहमा मातृभाषा, नेपाली र अंग्रेजी गरी तिनै भाषा सिक्न पाउने व्यवस्था गर्छौं ।

- विद्यार्थिहरूलाई अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धि बनाउन अंग्रेजी (English) भाषाको गुणस्तरीय पठनपाठन हुने गरि शिक्षक र पाठ्यक्रमको व्यवस्था गर्छौं ।
- **प्रविधिमैत्री विद्यालय :** बालबालिकाको मस्तिष्क विकासलाई ध्यानमा राखी सन्तुलित रूपमा डिजिटल प्रयोग गर्ने र माथिल्ला कक्षाहरूमा डिजिटल पूर्वाधार, डिजिटल सिकाइ सामग्री, स्मार्ट शिक्षण-सिकाइ र शिक्षक-विद्यार्थीको डिजिटल दक्षताको विकास गर्छौं ।
- पारदर्शिता र उत्तरदायी विद्यालय व्यवस्थापन स्थानीय सरकार, अभिभावक, समुदायको साझेदारीमा सामुदायिक विद्यालयको स्वामित्त्व समुदायमै फर्काउदै विद्यालय व्यवस्थापनलाई पारदर्शी र उत्तरदायी बनाउने व्यवस्था गर्छौं ।
- **प्रधानाध्यापकलाई सुविधा :** प्रधानाध्यापकको जिम्मेवारी निर्वाह गरे बापतको भत्ता अब उप्रान्त तलवको न्यूनतम दश प्रतिशत अतिरिक्त भत्ता दिने व्यवस्था गर्छौं ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको आवश्यकताको आधारमा प्राविधिक तथा व्यावसायिक शैक्षिक संस्थाहरू प्रत्येक प्रदेशमा न्यूनतम दुईवटा रहने गरी विस्तार र समायोजन

## २. प्राविधिक तथा व्यावसायिक शिक्षा

सामान्य शिक्षा र प्राविधिक शिक्षालाई एकीकृत गर्दै युवालाई रोजगारी र उद्यमशीलताका लागि आवश्यक सिप प्रदान गर्नेछौं । यसका लागि :

- **प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार :** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको आवश्यकताको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा संस्थाहरू प्रत्येक प्रदेशमा न्यूनतम दुईवटा रहने गरी विस्तार र समायोजन गर्छौं ।
- **उद्योगहरू सँग सहकार्य :** उद्योग, व्यवसाय र सेवाक्षेत्रसँग प्रत्यक्ष सहकार्य गरी पाठ्यक्रम विकास, प्रशिक्षार्थी कार्यक्रम (OJT, Apprenticeship) बनाइने छ र यसलाई रोजगारी सुनिश्चिततामा आधारित प्रणालीकै रूपमा विकसित गर्छौं ।
- **राष्ट्रिय दक्षता मापदण्ड निर्माण:** युवालाई विश्व श्रम बजारमा प्रतिस्पर्धी बनाउन विश्व तथा राष्ट्रिय बजारको अध्ययन गरी राष्ट्रिय दक्षता मापदण्ड (National Competency Standard) बनाइ लागु गर्छौं ।
- **पूर्वआर्जित सिपको प्रमाणीकरण :** अनौपचारिक (Non-formal) र अरीतिक (Informal) रूपमा सिकेका सिपहरूको वस्तुनिष्ठ परीक्षण तथा मूल्याङ्कन गरेर प्रमाणीकरण गरी दक्ष जनशक्तिलाई औपचारिक मान्यता दिने व्यवस्था गर्छौं ।

- **उद्यमशीलता, स्टार्टअप, सहुलियत ऋण** : प्राविधिक तथा व्यावसायिक शिक्षासँगै उद्यमशीलता तालीम, स्टार्टअप सहयोग, सहुलियत ऋण तथा व्यवसाय परामर्श कार्यक्रम विपन्न वर्ग-समुदायको लागि सञ्चालन गर्छौं ।
- **आधुनिक प्रयोगशाला, दक्ष प्रशिक्षक** : सबै प्राविधिक शिक्षण संस्थाहरूमा आधुनिक उपकरणसहितको पर्याप्त मात्रामा प्रयोगशाला, कार्यशाला र डिजिटल प्रशिक्षण जस्ता भौतिक पूर्वाधार र दक्ष प्रशिक्षक हुने सुनिश्चित गर्छौं ।
- समावेशी पहुँचका लागि छात्रवृक्ति आर्थिक रूपमा पछि परेका व्यक्ति/समुदाय जस्तै महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा दुर्गम क्षेत्रका युवाका लागि छात्रवृत्ति, आवासीय तालीम तथा विशेष सहयोग कार्यक्रम सञ्चालन गर्छौं ।
- **नयाँ प्राविधिक शिक्षा ऐन** : प्राविधिक तथा व्यावसायिक शिक्षामा सुशासन र गुणस्तरलाई प्रत्याभूति गर्ने गरी नयाँ ऐन एक वर्ष भित्र पारित गर्छौं ।

## ३. उच्च शिक्षा

नेपालको उच्च शिक्षालाई अनुसन्धान, नवप्रवर्तन, सार्वजनिक नीति निर्माण, सामाजिक रूपान्तरण तथा ज्ञान-आधारित अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गर्न :

- **पारदर्शी, उत्तरदायी र सुशासित विश्वविद्यालय** : विश्वविद्यालयहरूमा दलीय भागवण्डाको अन्त्य गर्न पारदर्शी, उत्तरदायी व्यवसथापकीय संरचना सुनिश्चित गर्न कानुनी व्यवस्था गर्छौं ।
- **विश्वविद्यालय ऐन** : विद्यमान विश्वविद्यालय कानुन समय सापेक्ष बनाउन र प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाउन एक वर्षभित्र छाता ऐन पारित गर्छौं ।
- **अनुसन्धान, नवप्रवर्तन र नीति-निर्माणको केन्द्र** : विश्वविद्यालयहरूलाई शिक्षण संस्थामात्र नभई अनुसन्धान, नवप्रवर्तन र प्रविधि विकासका प्रमुख केन्द्रका रूपमा विकास गर्न ।
- सार्वजनिक नीति, सम्बन्धित क्षेत्रको अध्यावधिक एवम् आवश्यक ज्ञानको निम्ति छुट्टै वार्षिक अनुदानको व्यवस्था गर्छौं ।
- अनुसन्धान तथा मूल्याङ्कन गर्ने **Think Tank** का रूपमा विकास गर्छौं
- नवप्रवर्तन, राष्ट्रिय प्राथमिकता क्षेत्रहरू र नूतन क्षेत्रमा ज्ञान उत्पादनका लागि पर्याप्त स्रोतसहितको राष्ट्रिय अनुसन्धान कोष स्थापना गर्छौं ।

विद्यमान विश्वविद्यालय कानुन समय सापेक्ष बनाउन र प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाउन एक वर्षभित्र छाता ऐन पारित

- **उत्कृष्टता-केन्द्रित मूल्याङ्कन प्रणाली :** विश्वविद्यालयको शिक्षण, अनुसन्धान र व्यवस्थापनमा उत्कृष्टतालाई सर्वोपरि महत्त्व दिदै विद्यार्थीको सिर्जनात्मकता, अनुसन्धान क्षमता र मौलिक उत्पादनमा आधारित मूल्याङ्कन प्रणालीकोन प्रबन्ध गर्छौं ।
- **विश्वस्तरीय विश्वविद्यालय :** नेपाल शैक्षिक गन्तव्य- नेपाललाई शैक्षिक गन्तव्यको रूपमा विकास गर्न दुइवटा विश्वविद्यालयहरूलाई निश्चित मापदण्ड अनुसार छनौट गरी. विशेष लगानी, स्वायत्तता र अन्तर्राष्ट्रिय सहकार्यसहित पन्ध्र वर्ष भित्र विश्वस्तरीय प्रतिस्पर्धी संस्थाका रूपमा विकास गर्छौं ।
- **निजी क्षेत्र र विश्वविद्यालयको सहकार्य :** उद्योग, व्यवसाय र सेवा क्षेत्रसँग सहकार्य गरी संयुक्त अनुसन्धान, इन्टर्नशिप, प्रविधि हस्तान्तरण र रोजगारी सुनिश्चितताका कार्यक्रम सञ्चालन गर्छौं ।
- मेरिट-आधारित छात्रवृक्ति प्रतिभाशाली तथा आर्थिक रूपमा कमजोर विद्यार्थीका लागि व्यापक छात्रवृत्ति तथा सहुलियत कार्यक्रममार्फत उच्च शिक्षामा समान अवसर सुनिश्चित गर्छौं ।
- **शिक्षक तथा अनुसन्धानकर्ताको क्षमता विकास :** विश्वविद्यालय शिक्षकको निरन्तर व्यावसायिक विकास, अन्तर्राष्ट्रिय **Exposure**, अनुसन्धान अनुदान तथा प्रतिस्पर्धी सेवा-सुविधामार्फत शैक्षिक गुणस्तर सुदृढ बनाउने व्यवस्था गर्छौं ।
- **उद्यमशीलता र स्टार्टअप-मुखी क्याम्पस वातावरण :** विश्वविद्यालयहरूमा इनोभेसन हब, इन्क्युबेसन केन्द्र र स्टार्टअप सहयोग कार्यक्रम स्थापना गरी विद्यार्थीलाई उद्यमशीलता र नवप्रवर्तनतर्फ उन्मुख गरिउने. पाठ्यक्रम र स्रोतको प्रबन्ध गर्छौं ।
- **शैक्षिक ऋण :** कुनै पनि नेपालीले आर्थिक अभावका कारण उच्च शिक्षाबाट बञ्चित हुन नपरोस् भन्ने ध्येयले राज्यले सहुलियतपूर्ण दरमा ऋण उपलब्ध गर्ने र शैक्षिक अबधि भरी सो वापतको व्याज खर्च सरकारले व्योहर्ने व्यवस्था गर्छौं ।
- **मानित** (Deemed) **विश्वविद्यालय :** नेपालका विशिष्ट संस्थाहरूलाई शिक्षा, अनुसन्धान, रोजगारी र सिकाइ सँग जोड्न मानित (Deemed) विश्वविद्यालयको रूपमा विकास गर्छौं ।
- **स्याटलाइट क्याम्पस** (**Satellite campus**): अन्तराष्ट्रिय स्तरको शिक्षा नेपालमै उपलब्ध गराउन र नेपाली विद्यार्थीलाई विदेशिनु पर्ने बाध्यता कम

कुनै पनि नेपालीले आर्थिक अभावका कारण उच्च शिक्षाबाट बञ्चित हुन नपरोस् भन्ने ध्येयले राज्यले सहुलियतपूर्ण दरमा ऋण उपलब्ध गर्ने

गर्न अन्तराष्ट्रिय क्रमाङ्कन (ranking) मा माथि रहेका शिक्षण संस्थाहरूलाई संस्थाहरूका Satellite campus शुरू गर्न दिने व्यवस्था गर्छौं ।

## ४. आजीवन सिकाइ

सबै उमेरका नागरिकलाई प्रविधिमैत्री र जीवन-उपयोगी आजीवन सिकाइ पद्धति निर्माण गर्नेछौ । यसका लागि :

- **राष्ट्रिय आजीवन सिकाइ नीति** : सबै उमेर समूहका नागरिकका लागि औपचारिक (Formal), अनौपचारिक (**Non-formal**) र अरीतिक (**Informal**) सिकाइलाई एकीकृत गर्ने राष्ट्रिय आजीवन सिकाइ नीति तथा संस्थागत संरचना स्थापना गरिने छ ।
- **स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्र** : नागरिकलाई डिजिटल साक्षरता र जीवनोपयोगी तालिम उपलब्ध गराउन हरेक वडामा आधुनिक स्रोतसहित सामुदायिक सिकाइ केन्द्र स्थापना वा सुदृढीकरण गर्छौं ।
- **डिजिटल सिकाइ प्लेटफर्म** : नागरिकलाई अनलाइन पाठ्यक्रम, सिप तालिम र प्रमाणपत्र उपलब्ध गराउन राष्ट्रिय डिजिटल सिकाइ प्लेटफर्मको विकास गर्छौं ।
- **पूर्वअर्जित सिकाइको मान्यता** (**Recognition of Prior Learning**) : कार्यानुभव वा अनौपचारिक रूपमा सिकेका सिपहरूको मूल्याङ्कन र प्रमाणीकरण गरी नागरिकलाई औपचारिक मान्यता र रोजगारी अवसरसँग जोडिने व्यवस्था गर्छौं ।
- **काम गर्दै सिक्ने** (**Work Based Learning**) **कार्यक्रम विस्तार** : उद्योग, व्यवसाय र सार्वजनिक संस्थासँग सहकार्य गरी कामसँगै सिक्ने, सिप उन्नयन गर्ने र पुनःसिप (**Reskilling**) कार्यक्रम सञ्चालन गर्छौं ।
- **महिला, वरिष्ठ नागरिक, श्रमिकका लागि विशेष कार्यक्रम** : वरिष्ठ नागरिक, गृहिणी तथा शिक्षाबाट वञ्चित समूहका लागि जीवनोपयोगी, स्वास्थ्य, वित्तीय साक्षरता र उद्यमशीलता सम्बन्धी विशेष सिकाइ कार्यक्रम सञ्चालन गर्छौं ।
- **समावेशी पहुँच सुनिश्चित गर्ने छात्रवृत्ति तथा सहुलियत कार्यक्रम**: आर्थिक रूपमा कमजोर, अपाङ्गता भएका व्यक्ति तथा दुर्गम क्षेत्रका नागरिकका लागि निःशुल्क वा सहुलियत दरमा आजीवन सिकाइको व्यवस्था गर्छौं
- **राष्ट्रिय साक्षारता कार्यक्रमलाई** : राष्ट्रिय साक्षरता कार्यक्रमहरू निन्तरता दिदै अझ प्रभावकारी बनाउन स्रोतको व्यवस्था गर्ने र विशेषगरी तराईमा विद्यमान निरक्षरता हटाउन सघन कार्यक्रम सञ्चालन गर्छौं ।

जीवनोपयोगी तालिम उपलब्ध गराउन स्थानीय तहसँगको सहकार्यमा हरेक वडामा आधुनिक स्रोतसहित सामुदायिक सिकाइ केन्द्र स्थापना

# कृषि

## किसानको सम्मान; कृषिको आधुनिकीकरण

*मेरो किसान : मेरो अन्नदाता*

*देशको समुन्नतिको आधार हाम्रा अन्नदाता किसानको पसिनाको मूल्य र अधिकार सुनिश्चित गर्दै उन्नत प्रविधि, सुलभ ऋण र बजारको ग्यारेन्टी मार्फत कृषिलाई आधुनिक, आकर्षक र सम्मानित बनाउने छौं ।*

वि.सं. २०१६ मा बिर्ता उन्मूलन गरेर क्रान्तिकारी सुरूआत गरेको कांग्रेसले पछि भूमिसुधार ऐन मार्फत मोहियानी हक समेत सुनिश्चित गरेको थियो । वि.सं. २०४६ सालको परिवर्तनपछि कांग्रेसले ल्याएको उदारीकरणको नीतिले कृषि क्षेत्रमा निजी लगानी र व्यावसायिक खेती प्रोत्साहित भयो । त्यसैगरी ठुला र मझौला सिँचाइ आयोजनाहरूको विस्तारमा कांग्रेसको नेतृत्वदायी भूमिकाले कृषि उत्पादकत्वमा सुधार भएको छ भने कृषिमा अनुदान, सुलभ कर्जा आदिको व्यवस्थाले चिया, कफी, अलैंची र दुग्ध व्यवसायमा निजी लगानीको प्रवेश भएको छ । तराईमा स्यालो ट्युबवेल र साना सिँचाइ अनुदान र कृषिसेवा केन्द्र विस्तार जस्ता कार्यक्रमहरू कांग्रेसकै सरकारका पहल थिए ।

कृषिको उत्थानका लागि पार्टीले समयसमयमा लिएका यस्ता पहलको सकारात्मक प्रभाव रहे पनि कमजोर पूर्वाधार, प्रविधि अभाव, भूमिखण्डीकरण, दक्ष जनशक्ति र समय सापेक्ष कानुनको कमीले कृषिमा अपेक्षित सुधार हुन सकेको छैन ।

नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान सरदर एक चौथाइ र आर्थिकरूपमा सक्रिय जनसङ्ख्याको करिब ५७ प्रतिशत यसै क्षेत्रमा आबद्ध भए पनि कृषि श्रमिकको प्रतिव्यक्ति वार्षिक उत्पादकत्व र प्रति हेक्टर भूमि उत्पादकत्व निकै न्यून छ । कृषि क्षेत्र, उत्पादनको क्षेत्र मात्र नभई ग्रामीण जीवन, संस्कृति, रोजगारी, गरिबी न्यूनीकरण, खाद्य तथा पोषण सुरक्षा र राष्ट्रिय आत्मनिर्भरताको आधार भए तापनि जनसङ्ख्या वृद्धि, उपभोग ढाँचामा आएको परिवर्तन, वैदेशिक रोजगारीका लागी युवा पलायन, बढ्दो लागत, जलवायु परिवर्तन र बाँझो जमिनका कारण कृषि आयात निरन्तर बढ्दो छ ।

**प्रमुख खाद्यान्न, तरकारी, फलफूल, माछा, दूध, मासु र अन्डामा आत्मनिर्भर बन्न** silo, cold storage **जस्ता भण्डारणको मार्फत बफर स्टकको व्यवस्था**

मल खरीदमा क्यालेन्डर बनाएर किसानलाई मागअनुसार चाहेकै समयमा, चाहिएकै परिमाण, राज्यले तोकेकै मूल्यमा पायक ठाउँमा नै उपलब्ध गराउन नीति, संरचना, प्रक्रिया र प्रविधिको प्रबन्ध

यो पृष्ठभूमिमा कृषिलाई राष्ट्रिय सुरक्षाको प्राथमिक क्षेत्रका रूपमा रूपान्तरण गर्ने र परम्परागत निर्वाहमुखी खेतीलाई आधुनिक उद्यममा बदल्ने सङ्कल्प गर्दै नेपाली कांग्रेसले आगामी दशकलाई कृषि, खाद्य तथा पोषण सुरक्षा दशक घोषणा गरी कृषि औद्योगिकीकरण, रोजगारी सिर्जना र किसान कल्याण र निर्यात प्रवर्धनको लक्ष्य सहित नेपाली कांग्रेस निम्न सङ्कल्प गर्दछ ।

## १. राष्ट्रिय सुरक्षाका लागी खाद्यान्य तथा पोषण सुरक्षा

- प्रमुख खाद्यान्न, तरकारी, फलफूल, माछा, दुध, मासु र अन्डामा आत्मनिर्भर बन्न silo, cold storage जस्ता भण्डारणको मार्फत बफर स्टकको व्यवस्था गर्छौं ।
- जग्गाको प्रयोग सम्बन्धी कानुनी व्यवस्थामा संशोधन गर्छौं ।
- रैथाने लगायत उन्नत, यथासम्भव स्वदेशी र पोषणयुक्त बिउ उपलब्ध गराई गुणस्तरीय उत्पादन र बजार सुनिश्चित गर्छौं ।

## २. मलको उपलब्धता

हरेक वर्ष खेतीको समय आएपछि मलको हाहाकार हुने नेपालको दुःखलाई अन्त्य गर्नः

- मल खरीदको प्रकृया क्यालेन्डर बनाएर मलको आवश्यकता हुने समयमा आपूर्ति सुनिश्चित गर्छौं ।
- किसानलाई मागअनुसार चाहेकै समयमा, चाहिएकै परिमाण, राज्यले तोकेकै मूल्यमा नै, पायक ठाउँमा नै मल उपलब्ध गराउन नीति, संरचना, प्रकृया र प्रविधिको प्रबन्ध गर्छौं ।
- मलको आवश्यकता तथाङ्कको आधारमा पहिचान गरी पर्याप्त स्रोतको व्यवस्था गर्छौं ।
- मल खरिद, बिक्री र वितरणमा हुने बनभलत समस्याको निर्मुलन गर्छौं ।
- विद्युतको आन्तरिक मागभन्दा अधिक उत्पादन हुने समयमा सो को सदुपयोग गर्दै मलको उत्पादन नेपालमै हुन सक्ने गरी तराईमा मल करखाना स्थापनाको गर्छौं ।

## ३. किसान कल्याण र समृद्धि

- कृषि पेसालाई सम्मानजनक र सुरक्षित बनाउन किसानहरूको वैज्ञानिक वर्गीकरण गरी साना किसानलाई किसान क्रेडिट कार्ड, बिमा र सहुलियत ऋण उपलब्ध हुने व्यवस्था गर्छौं ।

- कृषि बिमाको भूक्तानी रकम १५ दिन मा हुने सुनिश्चित गर्छौं ।
- भूमिहीन, साना किसान र सिमान्तकृत वर्गलाई संरक्षित गर्दै उत्पादन उपरान्त नगद अनुदान उपलब्ध गराउने कार्यक्रम लागु गर्छौं ।
- साना किसानलाई कृषि उपजमा मूल्य अभिवृद्धि हुने क्रियाकलापमा जोडिन आर्थिक अुनदान मार्फत प्रोत्साहन गर्छौं ।
- बाँदर, बँदेल, निलगाई जस्ता कृषि हानिकारक जनावरले खेत खलियान बारीमा कृषि उत्पादन तहसनहस पार्ने समस्याको दिगो समाधान गर्छौं ।
- बाँझो जमिनमा खेती गर्नेलाई सहुलियत र विपद् प्रभावित किसानहरूलाई राहत उपलब्ध गर्छौं ।

## ४. कृषिक्षेत्रको व्यवसायीकरण तथा औद्योगीकरण

- बाली चक्लाबन्दीमार्फत बजार उन्मुख उत्पादनमा जोड दिने व्यवस्था गर्छौं ।
- आधुनिक सिँचाइमा लगानी विस्तार गर्दै सिंचाईमा खपत हुने बिजुलीमा ५० प्रतिशत अनुदानको व्यवस्था गर्छौ ।
- बाँझो जमिनको सदुपयोगका लागि स्थानीय तहमार्फत 'भूमि बैङ्क' स्थापना गरी युवाहरू लक्षित व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गरी 'पढ्दै कमाउँदै' को अवधारणालाई प्रवर्धन गर्छौं ।
- व्यवसायिक कृषिलाई सहज बनाउन Contract Farming को कानुनी व्यवस्था गर्छौं ।
- कृषि उद्योग नीति तयार गरी कृषि औद्योगिक पार्क स्थापना गर्छौं ।
- स्वदेशी उत्पादनमा आधारित प्रशोधन उद्योगलाई कर छुट, शीतभण्डार एवम् ढुवानीमा अनुदानको व्यवस्था गर्छौं ।
- कृषि सामग्री र मेसिनरी उत्पादन गर्ने उद्योग स्वदेशमै स्थापना गर्छौं ।
- कृषि उद्योगलाई चाहिने कच्चा पदार्थको आयातमा लाग्ने कर र तयारी वस्तु आयातको कर बिचको भिन्नतालाई समायोजन गरी स्वदेशी उद्योगलाई प्रवर्धन गर्छौं ।
- सम्भाव्यताको आधारमा प्रत्येक स्थानीय तहमा कृषि औजार भाडा केन्द्र (Hiring centre) स्थापना गर्छौं ।

**कृषि पेसालाई सम्मानजनक र सुरक्षित बनाउन किसानहरूको वैज्ञानिक वर्गीकरण गरी साना किसानलाई किसान क्रेडिट कार्ड, बिमा र सहुलियत ऋणको व्यवस्था**

- गुणस्तर मापदण्ड, बजार नियमन, डिजिटल भुक्तानी र मूल्य स्थिर गर्ने र आपूर्ति-माग समन्वय प्रणालीमार्फत किसानको आम्दानी र कृषिको दिगो विकास सुनिश्चित गर्छौं ।

## ५. लगानी विस्तार र वित्तीय पहुँच

- आगामी दशकलाई 'कृषि लगानी दशक'का रूपमा मनाउन कृषिमा सङ्घले ५, प्रदेशले १० र स्थानीय सरकारले १५ प्रतिशत बजेट लगानी गर्ने सुनिश्चित गर्छौं ।
- कृषि उपज तथा पशुपन्छी परियोजना (जैविक सम्पत्ती समेत) नै धितो राखेर ऋण पाउने व्यवस्था मिलाउदै कृषि कर्जा विस्तारलाई सहज गर्छौं ।
- कृषि सम्पत्तिको बिमाको पहुँचलाई विस्तार गर्दै भूक्तानी व्यवस्थालाई सरल गर्छौं ।
- साना किसानको श्रमलाई लागतमा गणना गरी परियोजनाको १०० प्रतिशत सम्म साना किसान ऋण सुनिश्चित गर्छौं ।
- पशुपालन र बहुबर्षे खेतीको ऋणमा उत्पादन सुरू नभएसम्मको ब्याजलाई साँवामा जोड्ने (ब्याजको पूँजीकरण) र आम्दानी सुरू भएपछि मात्र किस्ता तिर्ने व्यवस्था गर्छौं ।
- 'कृषि तथा पशुपन्छी कर्जा नीति' तयार गरी लक्षित वर्गमा कृषि कर्जाको सहज पहुँच दिलाउदै कृषि व्यबसायमा ऋणको भूक्तानीको समयसीमा व्यवसायको प्रकृतिको आधारमा कम्तिमा १० बर्ष हुने व्यवस्था गर्छौं ।
- कृषि उद्यमशीलता, उत्पादन-प्रशोधन-मूल्य शृङ्खला, बजार पहुँच, नवप्रवर्तन गर्न कानुनी व्यवस्था सहित कृषि विकास बैङ्कलाई साना किसानसम्म वित्तीय पहुँच पुऱ्याउने 'डेडिकेटेड बैङ्क'का रूपमा परिचालन गर्छौं ।
- हरेक स्थानीय तहमा कृषि प्रशिक्षण, प्राविधिक ज्ञान र आधुनिक प्रविधिको पहुँच पुऱ्याइने; सहुलियतपूर्ण ऋण, भण्डारण क्षमताको विकास गरिने; स्वदेशी उत्पादनको बजारिकरण प्रोत्साहन गर्दै कृषिमा आधारित रोजगारी सिर्जना गर्ने व्यवस्था गर्छौं ।

आगामी दशक 'कृषि लगानी दशक'

## ६. संस्थागत सुधार र समन्वय

- सङ्घ, प्रदेश र स्थानीय तहबिच प्रत्यक्ष कार्यमूलक सम्बन्ध स्थापित गर्न उच्चस्तरीय अधिकारसम्पन्न 'कृषि समन्वय संयन्त्र' स्थापना गर्छौं ।

- कृषि, पशुपन्छी र माछापालनसँग जोडिएका अनुसन्धान, प्रसार, शिक्षा, स्वास्थ्य, सडकजस्ता पूर्वाधारलाई एउटै ढाँचामा समायोजन गर्छौं ।
- कृषि परिषद्को स्थापनामार्फत गुणस्तरीय कृषि शिक्षा तथा सेवाको सुनिश्चित गर्छौं ।
- कृषिको समग्र विकासका लागि सिँचाइ र कृषि क्षेत्र हेर्ने सरकारी संरचनाहरूलाई एकआपसमा आबद्ध गर्छौं ।
- कृषि अनुसन्धानलाई प्राथमिकता दिई कृषि विश्वविद्यालयहरूलाई राष्ट्रिय कृषि अनुसन्धान प्रणालीको मुख्य अङ्ग बनाइने व्यवस्था गर्छौं ।

दुध, उखु लगायत अन्य कृषिवस्तुको न्यूनतम मूल्य तोकी समयमै भुक्तानी हुने व्यवस्था

## ७. कृषि उपजको मूल्य सुनिश्चितता

- किसानको उत्पादनलाई उचित मूल्य र बजार दिलाउन सहकार्यमा आधारित आधुनिक बजारीकरण प्रणाली स्थापना गर्छौं ।
- प्रमुख खाद्यान्न, दूध, उखु लगायत अन्य कृषिवस्तुहरूको न्यूनतम समर्थन मूल्य तोकी समयमै भुक्तानी हुने व्यवस्था गर्छौं ।
- सरकारी खरिद गोदाम, भण्डार केन्द्र, कोल्ड–स्टोर, ग्रेडिङ–प्याकेजिङ जस्ता पूर्वाधारहरूको विस्तार गर्छौं ।
- खेत र गोठदेखि बजारसम्म ताजा उत्पादन पुऱ्याउन 'कोल्ड चेन सुविधा सहितको कृषि एम्बुलेन्स' सेवा सुनिश्चित गर्छौं ।

## ८. आयात व्यवस्थापन र निर्यात प्रवर्धन

- राष्ट्रिय खाद्य सुरक्षा, आय वृद्धि र व्यापार घाटा कम गर्ने लक्षका साथ पाँच वर्षभित्र मुख्य कृषि उपजको आयात उल्लेखनीय ढङ्गले घट्ने सुनिश्चित गर्छौं ।
- मध्यपूर्वी मुलुकहरूसँगको हावाई connectivity को सुविधा लिँदै निर्यातमुखी बाली, तरकारी र फलफुल केन्द्रित कार्यक्रम सञ्चालन गर्छौं ।
- कृषि तथा पशुपन्छीजन्य उपजहरूको निर्यातमा रहेका समस्या समाधानका लागि कूटनीतिक पहल, क्वारेण्टाइन पूर्वाधार, मान्यताप्राप्त प्रयोगशाला र प्राविधिक क्षमता विकास गर्छौं ।
- आयात गरिने कृषि सामाग्रीमा विषादी परीक्षण अनिवार्य गर्छौं । यसका लागि भन्सार नाकाहरूमा प्रयोगशाला र पर्याप्त जनशक्तिको व्यवस्था गरी परीक्षणको व्यवस्था गर्छौं ।

## ९. नवप्रवर्तनशील कृषि र उद्यमशीलता विकास

- नयाँ सोच र युवा किसानको क्षमता बढाउन 'व्यवसाय प्रवर्धन केन्द्र' स्थापना गर्छौं ।
- आधुनिक प्रविधि र डिजिटलाइजेसनको प्रयोग बढाउँदै युवालाई कृषिमा आकर्षित गर्छौं ।
- कृषि उद्योग र ग्रामीण रोजगारीका लागि विदेशबाट फर्किएका व्यक्ति र युवा लक्षित कार्यक्रममा जोड दिने व्यवस्था गर्छौं ।
- नेपाल कृषि अनुसन्धान परिषद्‌बाट विकसित उन्नत जात र प्रविधिमा स्थानीय तहमार्फत कृषकहरूको सहज पहुँच मिलाउने व्यवस्था गर्छौं ।

## १०. दिगो, पर्यावरणीय, जलवायुमैत्री कृषि

- माटो संरक्षण, असल कृषि अभ्यास, जैविक मल, सौर्य ऊर्जामा आधारित सिँचाइ, वर्षा सङ्कलन र जलवायु अनुकूल प्रविधि अपनाएर वातावरणमैत्री कृषि प्रणालीको विकास गर्छौं ।
- उत्पादन हुने ठाउँमै विषादी परीक्षणको व्यवस्था मिलाउदै र प्राङ्गारिक कृषिलाई प्रोत्साहन गर्छौं ।
- हरेक किसान परिवारलाई क्रमशः 'माटो स्वस्थता कार्ड' को प्रबन्ध गर्छौं ।
- नेपालको कृषि, पशुपन्छी तथा माछाको जैविक विविधताको अभिलेख राखिने छ र रैथाने बाली दर्ता प्रक्रियालाई सरल गर्छौं ।

## ११. प्रविधि प्रसार, समावेशीकरण र महिला सशक्तीकरण

- प्रत्येक स्थानीय तहमा कृषि तथा पशुपन्छी सेवाका विज्ञ र प्राविधिकको व्यवस्था गरी प्राविधिक सेवाको पहुँच विस्तार गर्छौं ।
- महिला तथा युवा किसानहरूलाई उनीहरू अनुकूलको प्रविधि, अतिरिक्त अनुदान, सहुलियत ऋण र डिजिटल नवप्रवर्तनमार्फत सशक्त बनाउँदै दिगो कृषि प्रणाली सुनिश्चित गर्छौं ।

किसान परिवारलाई क्रमशः 'माटो स्वस्थता कार्ड'

# गरिबी निवारण

## गरिबीको अन्त्य हाम्रो गन्तव्य

*हामी आय, अवसर र आत्मसम्मानको सुनिश्चिततामार्फत सबै प्रकारका गरिबीको समूल अन्त्य गर्दै न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न सङ्कल्पबद्ध छौं । **उद्यमशीलता, मर्यादित काम, उत्पादनशील रोजगारी** र एकीकृत सामाजिक सुरक्षाको बलियो आधार तयार गर्दै आगामी पाँच वर्षभित्र निरपेक्ष गरिबीलाई एकल अङ्कमा झार्छौं । हाम्रो यो अभियानले प्रत्येक नेपालीलाई आर्थिकरूपमा समुन्नत बनाउँदै कसैलाई पनि पछाडि नछोड्ने समावेशी विकासको परिकल्पनालाई साकार पार्छौं ।*

## गरिबी निवारण : हाम्रो दृष्टिकोण र सङ्कल्प

गरिबी केवल आयको कमी मात्र होइन, यो अवसर, आत्मसम्मान, क्षमता र राज्यका सुविधाहरूबाट वञ्चित हुनुको परिणाम हो । नेपालमा हाल १८.७ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि छ भने १७.४ प्रतिशत बहुआयामिक गरिबीको सिकार भएका छन् । यो अवस्थालाई समूल अन्त्य गर्दै समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्नु हाम्रो मूल लक्ष्य हो । विगतका अनुभव र विश्वव्यापी अभ्यासहरूको आधारमा हामी गरिबी निवारणका लागि १२ मुख्य कार्यक्षेत्रमा केन्द्रित हुने छौं । यी कार्यक्षेत्रहरूमार्फत आगामी पाँच वर्षभित्र निरपेक्ष गरिबीलाई १० प्रतिशत र बहुआयामिक गरिबीलाई ७ प्रतिशतमा झार्ने सङ्कल्प गर्दछौं । नेपाली कांग्रेसको प्रमुख राष्ट्रिय प्राथमिकता नै सबै नेपालीका लागि सम्मानजनक र समृद्ध जीवन सुनिश्चित गर्छौं, हामी गर्छौं, हामी सक्छौं !

### १. गरिबीको पहिचान र लक्षित कार्यक्रम

हामी निरपेक्ष र बहुआयामिक गरिबीको सटीक पहिचानका लागि आधुनिक मापन विधिहरूको प्रभावकारी उपयोग गर्छौं । वास्तविक गरिब परिवार र समुदायको

पहिचान गरी तिनैका लागि लक्षित कार्यक्रम सञ्चालन गर्छौं । गरिबी निवारणका कार्यक्रमहरूमा लक्षित वर्गको सक्रिय सहभागिता सुनिश्चित गर्दै उनीहरूको आवश्यकता र प्राथमिकतालाई केन्द्रमा राख्ने छौं । छरिएर रहेका गरिबी निवारण कार्यक्रमहरूलाई एकीकृत गरी स्रोतको दोहोरोपन हटाउँदै प्रभावकारी कार्यान्वयन गर्छौं ।

## २. गरिबका सन्तानलाई उच्च शिक्षा र रोजगारी

विपन्न परिवारका बालबालिकाको शिक्षाका लागि 'आय सहायता' कार्यक्रम ल्याइने छ । युवाहरूलाई सूचना प्रविधि, निर्माण र उत्पादनमूलक क्षेत्रमा अनिवार्य तालिम तथा लक्षित छात्रवृत्ति प्रदान गरी शिक्षा पूरा हुनासाथ रोजगारी सुनिश्चित हुने रोजगार चक्रमा आबद्ध गर्छौं ।

## ३. उत्पादनशील रोजगारी सिर्जना र आयवृद्धि

हामी गरिबी निवारणको सबैभन्दा प्रभावकारी माध्यम उत्पादनशील रोजगारी हो भन्ने मान्यतासहित कृषि, पर्यटन, सूचना प्रविधि, निर्माण, लघु तथा घरेलु उद्योगलगायतका क्षेत्रमा लगानी बढाई ठूलो परिमाणमा रोजगारीका अवसर सिर्जना गर्छौं । ग्रामीण क्षेत्रमा पूर्वाधार विकास, सिँचाइ, सडक, बजार पहुँचजस्ता कार्यक्रममार्फत गरिब समुदायको आयस्तर वृद्धि गर्छौं । विदेशबाट फर्केका श्रमिकलाई स्वदेशमै उद्यमशीलता र रोजगारीमा जोड्न विशेष कार्यक्रम ल्याउँछौं ।

## ४. गरिबको क्षमता विकास र सिप अभिवृद्धि

हामी वितरणमुखीभन्दा क्षमता विकासमुखी दृष्टिकोण अपनाउँदै गरिब समुदायको सिप, ज्ञान र दक्षता अभिवृद्धि गर्नेछौं । बजारको माग अनुसारको सिपमूलक तालिम, प्राविधिक शिक्षा, र व्यावसायिक तालिमहरू सञ्चालन गर्छौं । परम्परागत सिप र पेसालाई आधुनिक प्रविधिसँग जोड्दै उत्पादन र बजारीकरणमा सहयोग गर्नेछौं । पूर्व सिकाइको मान्यता (**Recognition of Prior Learning**) मार्फत अनुभवी र अदक्ष श्रमिकलाई औपचारिक मान्यता प्रदान गर्छौं ।

वास्तविक गरिब परिवार र समुदायको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन

## ५. भूमि र प्राकृतिक स्रोतमा गरिबको पहुँच

हामी भूमिको असमान वितरण र गरिबको भूमिविहीनताको समस्या समाधान गर्न भूमि सुधार कार्यक्रम प्रभावकारी रूपमा अघि बढाउँछौ । भूमिहीन सुकुम्बासी,

दलित, सीमान्तकृत समुदायलाई जमिन उपलब्ध गराउने र त्यसको उत्पादनमूलक उपयोगमा सहयोग गर्छौं । सामुदायिक वन, जलस्रोत, खानीजस्ता प्राकृतिक स्रोतको संरक्षण र दिगो उपयोगमा गरिब समुदायको पहुँच र नियन्त्रण सुनिश्चित गर्छौं ।

## ६. शिक्षा, स्वास्थ्य र पोषणमा लगानी

हामी गरिबीको अन्तरपुस्ता हस्तान्तरण रोक्न शिक्षा, स्वास्थ्य र पोषणमा विशेष लगानी गर्छौं । गरिब परिवारका बालबालिकालाई नि:शुल्क र गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्छौं । विद्यालय छाड्ने दर घटाउन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्छौं । गरिब समुदायको स्वास्थ्य सेवामा पहुँच बढाउन आधारभूत स्वास्थ्य केन्द्र, पोषण कार्यक्रम, र खानेपानी तथा सरसफाइको व्यवस्था गर्छौं । कुपोषण निवारण र मातृ तथा शिशु स्वास्थ्यमा विशेष जोड दिन्छौं ।

## ७. सामाजिक सुरक्षाको एकीकृत प्रणाली

हामी अति गरिब, असाहय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला लगायतका जोखिममा रहेका समुदायलाई सामाजिक सुरक्षाको दायरामा ल्याउँछौ । हाल छरिएर रहेका सामाजिक सुरक्षा कार्यक्रमहरूलाई एकीकृत गर्दै भत्ता र सहयोगलाई जीवनयापनयोग्य बनाउँछौं । सामाजिक सुरक्षा कोषको दायरा विस्तार गर्दै अनौपचारिक क्षेत्रका सबै श्रमिकलाई आबद्ध गर्नेछौं । विपद्, दुर्घटना र रोगबाट पीडित गरिब परिवारलाई आकस्मिक राहत र पुनर्स्थापना सहयोग उपलब्ध गराउँछौं ।

**सामाजिक सुरक्षा कोषको दायरा विस्तार गर्दै अनौपचारिक क्षेत्रका श्रमिकलाई समेत आबद्ध**

## ८. विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन

हामी वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई उपभोगमा मात्र सीमित नराखी उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गर्छौं। फर्केका युवालाई उद्यमशीलता, कृषि व्यवसाय, साना उद्योग स्थापनामा सहुलियतपूर्ण कर्जा, प्राविधिक सहयोग र बजारीकरणमा सहयोग गर्छौं । सहकारी मार्फत विप्रेषण रकम सङ्कलन गरी सामूहिक लगानी र उद्यमशीलता प्रवर्धन गर्छौं । गाउँमै रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्न प्रवासी नेपालीको लगानी भित्र्याउन विशेष कार्यक्रम ल्याउँछौं ।

## ९. सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण

हामी गरिबी निवारणका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढ गर्छौं । सार्वजनिक खर्चमा पारदर्शिता र जवाफदेहिता

सुनिश्चित गर्दै भ्रष्टाचार नियन्त्रण गर्छौं । गरिब लक्षित कार्यक्रमहरूमा हुने अनियमितता रोक्न कडा कानुनी व्यवस्था गर्छौं । स्थानीय तहलाई गरिबी निवारण कार्यक्रमको योजना, कार्यान्वयन र अनुगमनमा सशक्त बनाउँदै स्थानीय आवश्यकता अनुसारको कार्यक्रम तर्जुमा गर्छौं ।

निजी क्षेत्रलाई गरिब केन्द्रित व्यवसाय, सिप विकास, रोजगारी सिर्जना र पूर्वाधार विकासमा प्रोत्साहन

## १०. समावेशी विकास र सीमान्तकृत समुदायको सशक्तीकरण

हामी दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक लगायत सबै सीमान्तकृत समुदायको गरिबी निवारणमा विशेष ध्यान दिन्छौं । उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगार, सिप विकास र नेतृत्व विकासमा लगानी गर्छौं । सकारात्मक विभेदको नीति अवलम्बन गर्दै ऐतिहासिक रूपमा उपेक्षित समुदायलाई राज्यका स्रोत र अवसरमा समान पहुँच सुनिश्चित गर्छौं । महिला सशक्तिकरण र लैंगिक समानतालाई गरिबी निवारणको केन्द्रमा राख्छौं ।

## ११. निजी क्षेत्र, सहकारी र गैरसरकारी संस्थासँग साझेदारी

हामी गरिबी निवारणमा निजी क्षेत्र, सहकारी र गैरसरकारी संस्थाको भूमिकालाई महत्वपूर्ण ठान्दै उनीहरूसँग साझेदारी गर्छौं । निजी क्षेत्रलाई गरिब केन्द्रित व्यवसाय, सिप विकास, रोजगारी सिर्जना र पूर्वाधार विकासमा प्रोत्साहन गर्छौं । सहकारी मार्फत गरिब समुदायलाई बचत, ऋण, उत्पादन र बजारीकरणमा जोड्छौं । गैरसरकारी संस्थाको विशेषज्ञता, पहुँच र अनुभवलाई सरकारी कार्यक्रमसँग समन्वय गरी प्रभावकारी रूपमा उपयोग गर्छौं ।

### १२. न्यायोचित वितरण र चरम गरिबीबाट मुक्ति

तीव्र आर्थिक वृद्धि र सामाजिक न्यायसहितको समावेशी विकासको मोडेलमार्फत धनी र गरिबबिचको खाडल कम गर्छौं । सार्वजनिक वित्तको बाँडफाँटमा 'गरिबी निवारण केन्द्रित' दृष्टिकोण (Pro-poor budgeting) लागु गर्छौं । चरम गरिबी र मुलुकको **आर्थिक संरचनाको पिंधमा रहेका र नियमित कामबाट आर्जन गर्न नसकेका नागरिकका लागि न्यूनतम् मुल्यमा आधारभूत खाद्यान्न उपलब्ध गराई भोकबाट मुक्ति र बाँच्ने अधिकार सुनिश्चित** गर्छौं ।

सहकारी मार्फत गरिब समुदायलाई बचत, ऋण, उत्पादन र बजारीकरणमा जोड्ने

# सामाजिक सुरक्षा

## एकीकृत सामाजिक सुरक्षा
## कोखदेखि शोकसम्म

समतामूलक, न्यायपूर्ण र मानवीय समाज निर्माणका लागि सामाजिक सुरक्षा राज्यको दया होइन; नागरिकको अधिकार र राज्यको अनिवार्य दायित्व हो । नेपाली कांग्रेसले सामाजिक सुरक्षालाई सस्तो लोकप्रियताका लागि वितरण गरिने टुक्रे कार्यक्रमका रूपमा होइन, जीवनचक्रमा आधारित, अधिकार-आधारित र दिगो प्रणालीका रूपमा अघि बढाउने स्पष्ट दृष्टिकोण राख्दछ । प्रत्येक नागरिकले गर्भावस्थादेखि मृत्युसम्म सम्मानजनक जीवन यापन गर्न सकोस् भन्ने उद्देश्यसहित "कोखदेखि शोकसम्म" को एकीकृत सामाजिक सुरक्षा अवधारणालाई केन्द्रमा राख्ने छ ।

सामाजिक सुरक्षाको मूल सिद्धान्त भनेको जोखिमको समयमा राज्यको सहारा; योगदान गर्न सक्नेले योगदान गर्ने, अत्यावश्यक अवस्थामा राज्यले जिम्मेवारी लिने र कोही पनि पछि नपरोस् भन्ने सुनिश्चितता हो । त्यसैले सामाजिक सुरक्षा कार्यक्रमहरू राज्यको सामर्थ्य, नागरिकको आवश्यकता, राजस्वको क्षमता र दिगो वित्तीय संरचनाबिच सन्तुलन कायम गर्दै सञ्चालन गरिनुपर्छ । अल्पकालीन राजनीतिक लाभका लागि राज्यकोषमा दीर्घकालीन भार पर्ने वितरणमुखी कार्यक्रमभन्दा एकीकृत, लक्षित र दिगो सामाजिक सुरक्षा प्रणाली नै जिम्मेवार राज्यको परिचायक मानिने छ ।

**सामाजिक सुरक्षा कार्यक्रमहरूमा देखिएको दोहोरोपना, छरिएको संरचना र असमान पहुँचको अन्त्य**

नेपाली कांग्रेस सबै नेपाली नागरिकलाई न्यूनतम सामाजिक सुरक्षाको परिधिमा समेट्ने प्रतिबद्धता व्यक्त गर्दछ । हाल सञ्चालनमा रहेका सामाजिक सुरक्षा कार्यक्रमहरूमा देखिएको दोहोरोपना, छरिएको संरचना र असमान पहुँचलाई अन्त्य गर्दै सङ्घ, प्रदेश र स्थानीय तहका प्रयासलाई समन्वय गरी एकीकृत सामाजिक सुरक्षा सञ्जाल निर्माण गरिने छ । राज्यकोषबाट व्यय हुने कार्यक्रमहरूलाई लक्षित वर्ग केन्द्रित, पारदर्शी र उत्तरदायी बनाइने छ । सामाजिक सुरक्षा खर्चलाई बोझ होइन, मानव पूँजीमा दिगो लगानीका रूपमा लिइने छ ।

एकीकृत सामाजिक सुरक्षा प्रभावकारी बनाउन सरकारले उत्प्रेरक र सहजीकरणकर्ताको भूमिका निर्वाह गर्ने छ । श्रम बजार, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा कोष र

महामारी, प्राकृतिक विपत्ति वा काम रोकिँदा श्रमिकको चुल्हो निभ्न नदिन 'श्रमिक कल्याण विशेष कोष'

योगदानमा आधारित योजनालाई आपसमा जोड्दै प्रणालीलाई सरल, नागरिक मैत्री र दुरूपयोग रहित बनाइने छ । सामाजिक सुरक्षा हरेक नागरिकको जीवनस्तर, सम्मान र स्वाभिमानसँग प्रत्यक्ष जोडिएको विषय भएकाले राष्ट्रिय प्रतिबद्धता र अन्तर्राष्ट्रिय मान्यताअनुसार सबैका लागि सामाजिक सुरक्षा सुनिश्चित गरिने छ ।

सबै अनौपचारिक क्षेत्रका श्रमिकहरू जस्तै यातायात क्षेत्रमा चालक-सहचालक, ग्यारेजमा काम गर्ने मजदुर, निर्माण क्षेत्रमा काम गर्ने श्रमिक, रिक्सा, ठेला चालक, कृषि श्रमिक आदिलाई स्थानीय तहमा सूचीकृत गरी पहिचानको आधारमा सामाजिक सुरक्षामा समावेश गरिने छ । यसले गर्दा सरकारले दिने सेवा-सुविधा, राहत र तालिम सिधै वास्तविक श्रमिकसम्म पुग्ने सुनिश्चित हुने छ । महामारी, प्राकृतिक विपत्ति वा काम रोकिँदा श्रमिकको चुल्हो निभ्न नदिन सामाजिक सुरक्षा कोष मार्फत प्रत्येक स्थानीय तहमा 'श्रमिक कल्याण विशेष कोष' स्थापना गरिने छ, जसले सङ्कको बेला तत्काल आर्थिक सहायता प्रदान गर्ने छ ।

## कोखदेखि शोकसम्म : जीवनचक्रमा आधारित सामाजिक सुरक्षा

१. **प्रजनन स्वास्थ्य र अधिकार :** युवा-युवतीका लागि निःशुल्क प्रजनन् स्वास्थ्य शिक्षा र सेवा, प्रजनन् छनोटको स्वतन्त्रताको प्रत्याभूति गर्छौं ।

२. **गर्भावस्था र मातृत्व :** गर्भावस्थामा निःशुल्क परीक्षण, परामर्श र पोषण प्याकेज, सुरक्षित मातृत्व सेवा तथा प्रसूती सेवाको निरन्तरता गर्दै सुत्केरी आमा र नवजात शिशुलाई घरदैलोमा स्वास्थ्य सेवा तथा पहिलो १००० दिनका लागि पोषण कुपन उपलब्ध गराउँछौं ।

३. **बालविकास :** निःशुल्क खोप र पोषण, पाँच वर्षमुनिका बालबालिकालाई सरकारी अस्पतालमा निःशुल्क उपचार, शिशु स्याहार केन्द्र र दिवा खाजा सहित तीन वर्षमुनिका बालबालिकालाई निःशुल्क उपचार गर्छौं ।

४. **शिक्षा :** निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षा, दलित र विपन्न विद्यार्थीका लागि उच्च शिक्षासम्म विशेष सहयोग र छात्रवृत्ति, प्राविधिक शिक्षा सहायता, आवास, खाना, पोषाक उपलब्ध गराई पहुँच युक्त पूर्वाधारसहितको विद्यालय बनाउँछौं ।

५. **स्वास्थ्य :** सबै नागरिकका लागि स्वास्थ्य बिमा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्गका लागि निःशुल्क बिमा । आधारभूत स्वास्थ्य सेवा निःशुल्क, बिमामार्फत जटिल रोगको उपचार, जेष्ठ नागरिक, दीर्घ रोगी, गर्भवती महिला र अपाङ्गता भएकालाई घरमै सेवा तथा हरेक स्थानीय तहमा नसर्ने रोगको नियमित स्क्रिनिङ सुविधा दिन्छौं ।

६. **श्रम तथा रोजगारी :** युवाका लागि सम्मानजनक रोजगारी, सिप विकास, स्वरोजगार र उद्यमशीलता प्रवर्धन । विपन्नका लागि १०० दिनको रोजगारी सुरक्षा । यातायात, ढुवानी, निर्माण, दैनिक ज्यालादारी र भारी बोक्ने, रिक्सा ठेला चलाउने जस्ता सहरी श्रमिक, एवम् राईड तथा फूड डेलिभरी लगायत सबै क्षेत्रका कामदार श्रमिकलाई न्यूनतम योगदानबाट सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्धता गर्छौं । अनौपचारिक क्षेत्रका श्रमिक र भारत सहित वैदेशिक रोजगारीमा जानेका लागि अनिवार्य सामाजिक सुरक्षा उपलब्ध गराउँदै एकल महिला र अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित स्वरोजगारमा सरकारी योगदान र सहुलियत दिन्छौं ।

७. **वृद्धावस्था :** ६५ वर्ष माथिका सबै नागरिकका लागि स्वास्थ्य बिमा, जेष्ठ नागरिक भत्ता, समुदायमा जेष्ठ नागरिक आरोग्य केन्द्र सञ्चालन, ७३ वर्ष माथिका जेष्ठ नागरिकलाई घरमै, निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउँछौं ।

८. **मृत्यु संस्कार :** धर्म-संस्कार अनुसार सम्मानजनक अन्तिम संस्कारका लागि आवश्यक सहयोग र स्थानको व्यवस्था गर्छौं । परिवार र आफन्तबाट यो संस्कार सेवा पाउन नसक्ने नागरिककालागि राज्यका तर्फबाट सम्मानजनक सद्गतको व्यवस्था गर्छौं ।

नेपाली कांग्रेस एकीकृत सामाजिक सुरक्षा अवधारणाले जीवनका सबै चरणमा सुरक्षा, सम्मान र स्वाभिमान सुनिश्चित गर्दै, सामाजिक न्याय, समावेशिता र दिगो विकासको आधार निर्माण गर्ने प्रतिबद्धता गर्दछ ।

# दिगो भौतिक पूर्वाधार

**दिगो पूर्वाधार, सबल अर्थतन्त्र**
**सुरक्षित भविष्य, विकसित नेपाल**

*आर्थिक वृद्धिलाई सघाउने, नागरिकको जीवनस्तर उकास्ने र क्षेत्रीय सन्तुलन कम गरी आधुनिक र दिगो पूर्वाधार निर्माण गर्न सडक, यातायात, आवास तथा सहरी विकास, ऊर्जा विकास, पानीका स्रोतहरूको संरक्षण, सुरक्षित पिउने पानी र सरसफाइमा सबैको पहुँच सुनिश्चित गर्दै वातावरणीय जोखिमहरू कम गर्न हरित पूर्वाधार, जलवायु र पर्यावरण-मैत्री डिजाइनहरूमा केन्द्रित भई प्रभावकारी सेवा सुविधा वितरणकालागि डिजिटल कनेक्टिभिटी स्थापीत गर्दै पूर्वाधार निर्माणमा नवीन वित्तपोषण सहितका परियोजनाहरूको प्रभावकारी सञ्चालन र उच्च गुणस्तर कायम गर्दै दिगो विकास लक्ष्य प्राप्ती र अतिकम विकसित अवस्थाबाट स्तरोन्नतिका लागि पूर्वाधार क्षेत्रको समग्र विकास गर्न नेपाली कांग्रेस प्रतिबद्ध छ ।*

## सुदृढ पूर्वाधार : समुन्नतिको आधार

देशका प्रमुख राजमार्ग, उत्तर-दक्षिण करिडोर, महत्त्वपूर्ण पुल र ग्रामीण सडक अवधारणाको नेतृत्व गर्दै आएको **नेपाली कांग्रेस**ले अब पूर्वाधार विकासलाई नयाँ चरणमा लैजान्छ । सबै नेपालीलाई आपसमा जोड्ने, सेवा र अवसरमा समान पहुँच सुनिश्चित गरी र गाउँ सहर बिचको असमानता अन्त्य गर्ने लक्ष्यसहित सन्तुलित, दिगो र गुणस्तरीय पूर्वाधार विकास हाम्रो उच्च प्राथमिकता हुने छ । विगतका कमजोरीबाट सिक्दै गुणस्तरहीन र समन्वयहिन निर्माण संस्कृतिको अन्त्य गर्दै, समयमै सम्पन्न हुने, लागत प्रभावकारी र नागरिकको जीवनस्तर उकास्ने पूर्वाधार निर्माणलाई संस्थागत गर्दै भौगोलिक चुनौती र लगानी सीमितताको बाबजुद स्पष्ट योजना, प्रभावकारी कार्यान्वयन र उत्तरदायित्वसहितको नेतृत्वमार्फत पूर्वाधारलाई आर्थिक रूपान्तरण र दिगो विकासको मेरूदण्डका रूपमा स्थापित गर्ने प्रतिज्ञा गर्छौं ।

## १. पूर्वाधारको सङ्कल्प : प्रभावकारी आयोजना कार्यान्वयन

राष्ट्रिय प्राथमिकता र आवश्यकताका आधारमा आयोजना छनौट र स्रोतको सुनिश्चित गर्दै आयोजना कार्यान्वयनमा अन्तर निकाय तथा सरोकारवाला पक्षबिच एकीकृत पूर्वाधार समन्वय गर्दै समयमै आयोजना सम्पन्न नहुने कारणहरू हटाई प्रभावकारी स्रोत परिचालनमार्फत समयमै आयोजना सम्पन्न गरिने छ । यसका लागि :

- अध्ययन, आवश्यकता, प्राथमिकता र स्रोतको प्रबन्ध नभई **पहुँचको भरमा बजेटमा विकास आयोजनाहरू राख्ने** र त्यसलाई नै उपलब्धि ठान्ने प्रवृत्तिले सडक, पुल, नहर, खानेपानी, सभागृह, रङ्गशाला, विद्यालय स्वास्थ्य केन्द्र निर्माण जस्ता असङ्ख्य आयोजनाहरू **बजेटको अभाव, समन्वयविहिनता र निर्माण व्यवसायीको लापरबाहीले पूरा हुन नसकेका आयोजनाहरू प्राथमिकताका साथ सम्पन्न** गर्छौं ।
- **पर्याप्त अध्ययन नभएका र नागरिकको आवश्यकतामा नपरेका टुक्रे आयोजनाको कार्यान्वयन नगरी** प्राथमिकतामा आधारित, परिणाममुखी र राष्ट्रिय विकास लक्ष्यसँग आबद्ध नभएका आयोजनाहरू मात्र कार्यान्वयनमा लगिने छ ।
- आयोजना वर्गिकरण र आयोजना कार्यान्वयनमा अन्तर निकाय र अन्य सरोकारवाला पक्षबिच **एकीकृत पूर्वाधार समन्वय संरचना** बनाउँछौं । पूर्वाधारका नीति निर्माण, योजना, प्राथमिकता निर्धारण, **स्रोत परिचालन तथा बजेट विनियोजन र आयोजना कार्यान्वयनको समन्वय एकीकृत** रूपमा गर्छौं ।
- आयोजना निर्माण तथा सञ्चालनमा पर्याप्त अन्तरनिकाय समन्वयको कार्यमुलक संरचना बनाई सडक जस्ता पूर्वाधार निर्माणमा खानेपानी, ढल, विद्युत, दूरसञ्चार, इन्टरनेट, डिटिएच जस्ता सुविधाकालागि **युटिलिटी करिडर बनाएर** काम गर्नुपर्ने कानुनी व्यवस्था गर्छौं ।
- राष्ट्रिय आयोजना बैङ्क र परियोजना तयारी फिल्टर प्रणालीमा प्रदेश र स्थानीयको आयोजना समावेश हुने व्यवस्था मिलाई आयोजना दोहोरो नपर्ने व्यवस्था गर्छौं ।
- ठुला परियोजनाहरूको उत्तम डिजाइन र विकल्पहरू परीक्षण गर्न तेस्रो पक्ष समीक्षा अनिवार्य गर्छौं । राष्ट्रिय प्राथमिकता र विकास लक्ष्यसँग नमिल्ने कुनै पनि आयोजनामा बजेट विनियोजन गर्ने छैनौं ।
- पूर्वाधार आयोजना निर्माणमा हुने ढिलाई र लागत वृद्धिले राज्यप्रति नागरिकको विश्वास कमजोर भएकोले वातावरण मैत्री सामग्री प्रयोग, भूकम्प प्रतिरोधी संरचना र जलवायु अनुकूल सहितको हरित पूर्वाधारमा जोड दिने छौं ।

प्राथमिकतामा आधारित, परिणाममुखी र राष्ट्रिय विकास लक्ष्यसँग आबद्ध भएका आयोजनाहरू कार्यान्वयनमा लगिने

- प्रदेश सरकार तथा स्थानीय तहहरूले सञ्चालन गरेका पूर्वाधार क्षेत्रका गौरवका आयोजनाहरू स्रोत तथा क्षमताको अभावमा सम्पन्न हुन नसकेको हुँदा यस्ता आयोजनाहरूलाई थप स्रोत हस्तान्तरण गरी गराई पूर्वाधार विकासको गतिलाई तिब्रता दिने छौं ।
- सरकारका तिनै तहबिच समन्वय नहुँदा बजेट तथा कार्यक्रममा भएको दोहोरोपनाले स्रोत तथा समयको दोहन भएकोले निर्वाचन पछि बन्ने सरकारका प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकबाट यो विषय समाधान गर्छौं ।
- विकास आयोजना समयमै सम्पन्न गर्न नसकिने सबै कारणहरू पहिल्याई समयमै सम्पन्न गर्न र प्रभावकारी स्रोत परिचालन गर्न सम्बद्ध पक्ष र निकायको क्षमता विकासमा लगानी र नीतिगत र प्रक्रियाहरूमा सुधार गर्छौं ।
- आयोजनाको काम ३ शिफ्टमा गर्ने पद्धतिलाई अनिवार्य कार्य संस्कृति बनाउँछौं । सबै निर्माणकार्य, सेवा एवम् सम्पूर्तिको गुणस्तर कमजोर हुने विषयलाई प्रभावकारी नियमन र गुणस्तर परीक्षणका लागि प्रयोगशाला विस्तार र राष्ट्रिय क्षमता अभिवृद्धि गर्छौं ।
- सार्वजानिक निर्माण क्षेत्रको अध्ययन, अनुसन्धान एवम् प्राविधिक जनशक्तिको क्षमता बढाउन एवम् यससँग सम्बद्ध निजी क्षेत्रको क्षमता अभिवृद्धिका राष्ट्रिय निर्माण प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्छौं ।
- विकास आयोजनाको सम्बन्धमा सहयोग गर्नुपर्ने राज्यका निकायहरूले आयोजना सम्बन्धी निर्णय र कार्यान्वयनमा अत्यधिक निगरानी, नियमन र नियन्त्रण गरिदिंदा यसको प्रक्रियामा संलग्न जिम्मेवार अधिकारीहरू निर्णय गर्न अनिच्छुक बन्ने अवस्थाको सिर्जनाले आयोजनामा हुने ढिलाईलाई अन्त्य गर्छौं ।
- उच्च नैतिकता, पारदर्शिता र जवाफदेहितासहित आयोजना कार्यान्वयनमा जिम्मेवार अधिकारीहरू स्वसक्रिय हुन आवश्यक समर्थन र संरक्षण प्रदान गरिने छ ।
- वन संरक्षण तथा जलवायू परिवर्तन र वातावरणीय संवेदनशीलतालाई उच्च प्राथमिकता दिंदै पूर्वाधार निर्माणमा देखिएका कानुनी र प्रक्रियागत अवरोध, ढिलासुस्ती, कानुनी अस्पष्टता हटाउन वन र जग्गाप्राप्ति लगायतका सम्बद्ध सबै कानुनहरू निर्वाचन पछि बस्ने संसदको पहिलो अधिवेशनबाट परिवर्तन, सुधार र खारेजी र आवश्यक नयाँ कानुनहरू बनाउँछौं ।

- वातावरणीय संरक्षण र विकासबिच प्रभावकारी सन्तुलन कायम गर्दै पूर्वाधार क्षेत्रको दिगो र एकीकृत विकास गर्छौं ।

## २. ठेक्का प्रणाली सुधार

ठेक्का प्रक्रिया सरल बनाउन खरिद कानुन र बीड डक्यूमेण्ट मूल्याङ्कन सुधार गरी प्राविधिक क्षमता, अनुभव र विश्वसनीयतालाई प्राथमिकता दिंदै लागत गुणस्तर र भुक्तानी प्रणालीमा सुधार गर्छौं । यसका लागि :

- सार्वजनिक खरिद ऐनलाई समयसापेक्ष रूपमा सुधार र परिमार्जन गरी न्यूनतम कबोल अङ्कको सीमित अभ्यासबाट बाहिरिएर प्राविधिक क्षमता, अनुभव, वित्तीय विश्वसनीयता र कार्यसम्पादन इतिहासमा आधारित मूल्याङ्कन प्रणाली लागु गर्छौं ।
- न्यूनतम कबोल अङ्कको सीमित अभ्यासबाट बाहिरिएर प्राविधिक क्षमता, अनुभव, वित्तीय विश्वसनीयता र कार्यसम्पादन इतिहासमा आधारित मूल्याङ्कन प्रणाली लागु गर्छौं ।
- ठेक्का प्रक्रियामा पूर्ण डिजिटल, सार्वजनिक परीक्षण, स्पष्ट समयसीमा र निगरानीलाई संस्थागत गरी पारदर्शिता र जवाफदेहिता सुदृढ गर्छौं।
- ठेक्का डिजाइन र लागत अनुमानको गुणस्तर सुधार, जोखिम बाँडफाँटको स्पष्ट व्यवस्था, विवाद समाधानका द्रुत संयन्त्र, कालोसूची प्रणालीको वस्तुगत प्रयोग गर्छौं ।
- कार्यसम्पादनमा आधारित र समयवद्ध भुक्तानी प्रणाली लागुगरी सार्वजनिक ठेक्का प्रणालीलाई निष्पक्ष, प्रतिस्पर्धी र परिणाममुखी बनाइने छ ।

## ३. पूर्वाधारमा पर्याप्त स्रोत : लगानीबाट चलायमान अर्थतन्त्र

पूर्वाधार विकासका लागि बहु-वित्तीय उपकरण र कानुनी सुधारमार्फत लगानी सुनिश्चित गरी ठूला आयोजना छिटो कार्यान्वयन गर्ने व्यवस्था गर्छौं । यसका लागि;

- पूर्वाधार निर्माणका लागि आवश्यक वित्तीय स्रोतको अभाव पूर्ति गर्न पूर्वाधार विकास बैङ्क, आयोजना विशेष पूर्वाधार बन्ड र सार्वजनिक-निजी साझेदारी लगायतका वित्तीय उपकरणलाई कार्य गर्न सक्ने र सहज बनाउँछौं ।
- वैकल्पिक विकास वित्तसम्बन्धी कानुन अघि बढाउँदै बैङ्क, संस्थागत तथा गैर-बैंकिङ वित्तीय क्षेत्रबाट परियोजना विशेष स्रोत परिचालन गर्ने कानुनी व्यवस्था गर्छौं ।

- ठूला र जटिल आयोजनामा ईपीसी, ईपीसीएफ विधिबाट अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्दै ६ महिनाभित्र हाईब्रिड एन्युटी र स्विस च्यालेन्ज विधिको ढाँचा तय गरी सार्वजनिक खरिद ऐन संशोधन गरी कार्यान्वयनमा लैजान्छौं ।

## ४. सुरक्षित सडक : सुरक्षित यात्रा

सडकहरू दुर्घटना रहित, बाह्रैमास चल्ने र स्थानीय तहको केन्द्रसम्म बनाउँछौं । सडक निर्माणमा वातावरणीय दिगोपना, बत्ती, पहुँच र उच्च प्रविधिका पूर्वाधार समावेश गर्दै सबै गाउँ बस्तीकालागि सुरक्षित पहुँच र सडक सूचना प्रणाली विकास गर्छौं । यसका लागि :

- सामान्य वर्षामा पनि देशैभर सडक, राजमार्गहरू अवरूद्ध हुने, राजधानीसँगको सबै सडक सम्पर्क बन्द हुने अवस्थाबाट सबै सडकहरू बाह्रैमास चल्ने बनाउँछौं । सडकको डिजाइन र निर्माण गर्दा वातावरणीय दिगोपना, पैदल मार्ग, आकासे पुल, अपाङ्गमैत्री बस बिसौनी जस्ता पूर्वाधारहरू रहनैपर्ने व्यवस्था गर्छौं ।
- जोखिमयुक्त तुईंन र झोलुङ्गे पुल विस्थापीत गरी सुरक्षित पहुँच र ग्रामीण सडक सञ्जाल दिगो रूपमा सञ्चालन हुने बनाई यात्रा तथा मालवस्तुको ढुवानी खर्च र मूल्य घटाउँछौं । स्वास्थ्य केन्द्र र विद्यालय पुग्न नसकिने, कृषि उपज बजारसम्म नपुग्ने, एम्बुलेन्स सञ्चालन हुन नसक्ने र बिरामीले समयमै उपचार नपाउने अवस्थाबाट प्रत्येक गाउँबस्तीलाई मुक्त गर्छौं ।
- राष्ट्रिय राजधानी काठमाडौंबाट राजधानी रहेकै प्रदेशको राजधानी हेटौंडा छिटो र सहजरूपमा जोड्ने एउटा सडकलाई सबैसमय आवागमन नरोकिने गरी १ वर्ष भित्र स्तरोन्नती गर्छौं । सबै प्रदेश राजधानीबाट स्थानीय तहको केन्द्र जोड्ने सडक, स्थानीय तहको केन्द्रबाट वडाको केन्द्रसम्मका सडकहरू एवम् प्रत्येक वडालाई पालिका केन्द्र र बजारसँग जोड्ने सडक उच्च प्राथमिकतामा निर्माण/स्तरोन्नति गर्छौं ।
- विद्यमान सडक सञ्जालको पूर्णकालिक मर्मतसम्भारलाई उच्च प्राथमिकतामा राख्छौं । आवागमन अवरोध नहुने गरी ग्रामीण सडकहरूलाई जनताको जीविकोपार्जनसँग जोड्छौं । सडक करिडोरमा तोकिएको स्थानमा रोजगारी र आयआर्जन गर्ने गतिविधिहरू सञ्चालन गर्न दिई आम नागरिकमा सडक प्रतिको अपनत्व बढाउँछौं ।
- सडक दुर्घटना कम गर्न सडकको डिजाइन तथा निर्माणबाटै सुरक्षाका उपायहरूलाई उच्च प्राथमिकतामा राखी सडकको स्तरिकरण, यातायातका

**सार्वजनिक खरिद ऐनलाई समय सापेक्ष रूपमा सुधार र परिमार्जन गरी न्यूनतम कबोल अङ्कको सीमित अभ्यासबाट बाहिरिएर प्राविधिक क्षमता, अनुभव, वित्तीय विश्वसनीयता**

साधनको परीक्षण एवम् सवारी चालकको निगरानी प्रणाली विकास गर्छौं । सडक निर्माणमा दिगो विकास अवधारणाबाट नाला तथा जैविक अभियान्त्रिकी प्रविधि अनिवार्य गरी जलवायुमैत्री डिजाइन अपनाई सडकको दीर्घकालीन दिगोपना, वातावरणीय संरक्षण र प्राकृतिक प्रकोपबाट हुने क्षति न्यून गर्दै लैजान्छौं ।

- पूर्वपश्चिम राजमार्गको सबै खण्डलाई चार लेनमा विस्तार र स्तरोन्नती गरी निर्माण सम्पन्न गर्छौं । काठमाडौं-तराई द्रुत मार्ग सम्पन्न गर्न सबैप्रकारको सहजिकरण गर्छौं । बीपी राजमार्गको पुनर्निर्माण कार्य द्रुत गतिमा र कान्ती लोकपथको कालोपत्रे गर्न बाँकी खण्ड १ वर्ष भित्रै सम्पन्न गरी राजधानी प्रवेशको स्थायी वैकल्पिक मार्ग सुनिश्चित गर्छौं ।
- मदन भण्डारी राजमार्ग र सबै उत्तर-दक्षिण करिडोरहरूको निर्माण सम्पन्न गरी सार्वजनिक यातायात सञ्चालन गर्छौं । उत्तर-दक्षिण जोड्ने सडकमा सुरूङ्गलाई प्राथमिकता दिंदै सिद्धबाबा सुरूङ आयोजना सम्पन्न गर्छौं ।
- सडक पूर्वाधारलाई प्रभावकारी बनाउन र दूरी घटाउन सुरूङ र नदी तथा खोंचहरूमा बढी लम्बाई भएका विशिष्ट प्रकारका पुलहरू बनाउने प्रविधि भित्र्याउँछौं । नदी किनाराका तटबन्धलाई वैकल्पिक सडकको रूपमा प्रयोग गर्न सक्ने गरी विकास गर्छौं ।
- राष्ट्रिय सडक सूचना प्रणाली (NRIS) एप निर्माण गरी यात्रु तथा सवारी चालकलाई हरेक सडकको वास्तविक समय (**Real Time**) को अवस्था खासगरी सवारी चाप, दुर्घटना, प्राकृतिक विपद् तथा निर्माणको कारणले हुने अवरोध तथा पुनः सञ्चालन समय बारे सूचना प्राप्त हुने व्यवस्था गर्छौं ।
- संस्थागत सामाजिक उत्तरदायित्व परिचालन गरी देशका सबै सडक तथा गल्लीमा 'सबै सडक उज्याला' अभियानको रूपमा सौर्य बत्ती जडान तथा मरम्मत संभारकालागि निजी क्षेत्रको गौरवपूर्ण सहभागिता आह्वान गर्छौं ।

**नदी किनाराका तटबन्धलाई वैकल्पिक सडकको रूपमा प्रयोग गर्न सक्ने गरी विकास**

## ५. समृद्धिको आधार : यातायात पूर्वाधार

नागरिकमैत्री, द्रुत, र सुरक्षित सार्वजनिक यातायात प्रणाली विकास गर्दै यसलाई क्रमशः विद्युतीय बनाउँछौं । सहरी क्षेत्रमा ननमोटोराईज्ड यातायात साधन, पैदल र साइकल प्राथमिकतामा राख्दै यसक्षेत्रको समग्र व्यवस्थापनमा यातायात प्राधिकरण स्थापना गर्छौं । यसका लागि :

- यातायात सम्बन्धी कानुनहरूलाई समयानुकूल संशोधन र परिमार्जन सहित एउटा शक्तिशाली यातायात प्राधिकरण स्थापना र तहगत समन्वय संरचना निर्माण गर्छौं । यातायात सेवाहरूको सञ्चालन आधुनिकिकृत गर्छौं ।
- सडकको अवस्था र फरक भौगोलिक परिस्थितिका आधारमा फरक फरक प्रकृतिका सवारी साधनहरू प्रयोगहुने गरी आवश्यकताका आधारमामात्र रूट अनुमति दिई व्यवस्थित यातायात प्रणालीको विकास गर्छौं ।
- सहरी क्षेत्र तथा प्रमुख राजमार्गमा बढ्दो सवारी चापलाई व्यवस्थित गर्न सडक क्षमता अनुसार यातायात व्यवस्थापन, वैकल्पिक मार्गको उपयोग, जंक्शन सुधार र प्रविधिमा आधारित ट्राफिक व्यवस्थापन प्रणाली लागु गर्छौं ।
- जनसंख्या र यातायातको उच्च चाप भएका काठमाडौं उपत्यका, प्रदेश राजधानी तथा अन्य सहरी क्षेत्रमा सवारी बत्ती तथा क्यामेराहरूको प्रयोगबाट सवारी आवागमन, नियमन र नियन्त्रण गरी दिनभर सडकमा ट्राफिक प्रहरी तैनाथ रहने अवस्था अन्त गर्छौं ।
- काठमाडौं उपत्यकामा चल्ने नयाँ सार्वजनिक यातायातका साधन विद्युतीय बनाउने छौ ।
- सार्वजनिक यातायातमा धेरै यात्रु क्षमताका साधनलाई प्राथमिकता दिंदै बिसौनी र चढ्ने ओराल्नेमा पङ्क्ति प्रणाली, नयाँ र सजिला रूट निर्माण, एक अर्कामा अन्तरसम्बन्धित एकीकृत यात्रा व्यवस्था एवम् दूरीको आधारमा टिकट तथा भाडामा हिस्सेदारी सहितको स्मार्ट ट्रान्जिट प्रणाली १ वर्ष भित्र लागु गर्छौं ।
- यातायात क्षेत्रमा हरेक दिन भइरहेको दुःखद दुर्घटना नेपाली जीवनमा कठोर सत्य भएर रहेको हुँदा यसलाई न्यूनिकरण गर्न राज्यका सबै प्रयासहरू केन्द्रित गर्छौं । हरेक सडक दुर्घटनाहरूको निष्पक्ष अध्ययन गरी सडक तथा सवारी साधनको अवस्था सवारी चालक तथा यात्रुचाप जस्ता यावत् विषयहरूको सुधार तथा कार्यान्वयनमा कठोर हुन सम्बद्ध निकायहरूलाई साधन स्रोत र कानुनी प्रबन्धबाट सक्षम बनाउँछौं ।
- सडक प्रयोग र यातायात सुधारका लागि सबै सवारी चालकको नागरिक चेतना र सवारी साक्षरतामा काम गर्छौं ।
- निजी क्षेत्रको उल्लेख्य लगानी रहेको र १० लाख भन्दा बढिको रोजगारी रहेको यातायात क्षेत्रलाई व्यवस्थित, मर्यादित, यात्रुमैत्री बनाउन सबै सरोकारवालाको प्रतिनिधित्व रहने अधिकार सम्पन यातायात प्राधिकरण स्थापना गर्छौं ।
- सार्वजनिक यातायात क्षेत्रको रोजगारी अधिकांश अनौपचारिक रहेको हुँदा विशेष पहलकासाथ सामाजिक सुरक्षा कोषमा आबद्ध गर्छौं ।

- राजधानीबाट देशका अन्य भूभाग जोड्ने तथा अन्तर-प्रदेश यातायातमा लामो दूरीका सार्वजनिक यातायात प्रणालीलाई सुरक्षित भरपर्दो र सर्व सुलभ गराउन यसका बसपार्क तथा बस बिसौनी, आवागमन तथा नियन्त्रणका लागि प्रविधिमा लगानी बढाउँदै यात्रामा भोजन तथा आरामगृहको सहज र स्तरीय उपलब्धताकालागि निजीक्षेत्रलाई निश्चित मापदण्डमा काम गर्न उत्प्रेरित तथा गुणस्तरमा कठोर नियमन गर्छौं ।
- मोटराइज्ड सवारी साधनहरूमा निर्भरता कम गर्न गैरमोटराइज्ड यातायात र पैदल यात्री पूर्वाधारहरूलाई प्राथमिकता दिने सहरी आवागमन प्रणालीमा जोड दिन सार्वजनिक यातायात प्रणालीमा रूपान्तरणकारी परिवर्तन गरी सबै नगरपालिका क्षेत्रका दिगो सहरी यातायात योजना (**Sustainable Urban Mobility Plan, SUMP**) मा काम गर्छौं ।

**गैरमोटराइज्ड यातायात र पैदल यात्री पूर्वाधारहरूलाई प्राथमिकता दिने सहरी आवागमन प्रणालीमा जोड**

- यात्रा गर्ने कारणहरू घटाउने, अहिले प्रयोग भएका भन्दा कम ऊर्जा खपत गर्ने साधन प्रयोग गर्ने र आवागमन सुधार गर्ने (**Avoid-Shift-Improve**) अवधारणामा काम गर्छौं ।
- नयाँ निर्माण हुने सहरदेखि पुराना सहरको सडक विस्तार गर्ने क्रममा हरियाली र साइकल ट्र्याकलाई अनिवार्य गर्छौं। सहर बस्तीका मुख्य सडक, सहायक सडक, मार्ग र उपमार्ग सबै प्रकारका सडकमा फूटपाथ, साइकल ट्र्याक, बोटबिरूवा अनिवार्य बनाइने छ । सडकलाई मानव केन्द्रित बनाउन पैदल, साइकल र सार्वजनिक यातायात बिच तालमेल कायम गर्छौं ।

## ६. रेलमार्ग

जमीनको मुआब्जाको विषय टुङ्ग्याइ आर्थिक, पर्यावरणीय र प्राविधिक सम्भाव्यताका आधारमा काम अघि बढाउने छौं । यसका लागि :

- काठमाडौं जोड्ने अन्तरदेशीय र पूर्वपश्चिम रेलमार्गको निर्माण सम्बन्धमा जमीनको मुआब्जाको विषय टुङ्ग्याइ आर्थिक, पर्यावरणीय र प्राविधिक सम्भाव्यताको आधारमा काम अगाडि बढाउँछौं । यस्तै काठमाडौं पोखरा लुम्बिनी विद्युतीय रेलको सम्भाव्यता अध्ययन गर्छौं ।
- जल यातायातको सम्भावना भएका क्षेत्रमा आवश्यक पूर्वाधारमा लगानी र सञ्चालन सहजीकरण गर्छौं ।

## ७. आवास

सुरक्षित आवास सञ्चालन गरी पाँच वर्षभित्र घर बिहिन अवस्थाबाट सबै नेपालीलाई मुक्त गर्दै सबै आवासक्षेत्रहरूलाई सुविधा सम्पन्न किफायती आवासीय घर तथा अपार्टमेण्ट निर्माणगरी सहरमा कामकाजी जनसंख्याको आवास समस्या समाधान गर्छौं । यसका लागि :

- विपन्न, दलित तथा पिछडिएको समुदाय लक्षित सुरक्षित आवासलाई अभियानकारूपमा सञ्चालन गरी ५ वर्ष भित्र घर बिहिन अवस्थाबाट सबै नेपालीलाई मुक्त गर्छौं ।
- घना बस्तीहरूलाई भूकम्प प्रतिरोधी बस्तीको रूपमा विकास गरी विपद सुरक्षित घरमा बसोबास गर्ने घर परिवारको संख्या बढाउँदै लान्छौं ।
- दुर्गम पहाडी तथा हिमाली क्षेत्रका छरिएका बस्तीलाई स्थानीय बासिन्दाको सहमतीमा जिविकोपार्जन सहज हुने स्थानमा स्थानान्तरण गर्न एकीकृत बस्ती विकास गर्न प्रदेश सरकारलाई वित्तीय हस्तान्तरण गर्छौं ।
- अव्यवस्थित सहरीकरण व्यवस्थित गर्दै सुकुम्बासी, भूमिहिन, दलित, गरिब र पछि परेको वर्गका लागि सुरक्षित आवासमा पहुँच पुर्‍याउँछौं । देशभरका अव्यवस्थित बसोबासलाई कानुन बमोजिम व्यवस्थित गर्छौं ।
- कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोषबाट आफ्ना सञ्चयकर्ताका लागि सहरी तथा आवासीय क्षेत्रमा किफायती आवासीय घर तथा अपार्टमेन्ट निर्माण गरी लामो समयसीमा भूक्तानी हुने पद्धतीमा आवासीय क्षेत्र विकास गर्छौं ।
- काठमाडौं उपत्यका भित्रका नयाँ आवास क्षेत्रहरूलाई सुविधा सम्पन्न बनाई स-सानो काम र किनमेलका लागि भित्री सहरीक्षेत्रमा आउनुपर्ने बाध्यता हटाउँछौं ।
- काठमाडौं उपत्यका आसपासका नगरहरू बनेपा, धुलिखेल, पनौती, बिदुर, सुनौला बजार एवम् चितलाङ्ग र विकास हुँदै गरेका अन्य क्षेत्रहरूमा स्तरीय आवास, विद्यालय, बजार, मनोरञ्जन तथा स्वास्थ्योपचारका पूर्वाधारहरू विकास गरी दिउँसो राजधानी सहरमा काम गरेर बास बस्न जान सहजहुने द्रुत यातायात व्यवस्थागरी उपत्यकाको अव्यवस्थित बसोबास कम गर्दै सहरमा कामकाजी जनसंख्याको आवास समस्या समाधान गर्छौं ।

पाँच वर्षभित्र घर विहीन अवस्थाबाट सबै नेपालीलाई मुक्त

- सहर र गाउँका आवासमा आधारभूत सुविधाहरू समान हुनेगरी विकासका आधारभूत संरचनाहरू निर्माण गर्छौं ।

## ८. भवन

पुराना भवन प्रवलिकरण भूकम्प प्रतिरोधी एवम् सार्वजनिक प्रयोगका सबै भवनहरू सुविधा र पहुँचमैत्री बनाइने छ । यसका लागि :

- पुराना र सरकारी भवनहरूलाई प्रवलीकरण गरी भूकम्प प्रतिरोधी बनाइने छ। सबै सरकारी र निजी आवास भूकम्प प्रतिरोधी मापदण्डमा मात्र निर्माण गर्नपाइने छ । नयाँ तथा उदीयमान सहरहरूमा आवाशीय तथा सरकारी भवन निर्माणमा सुन्दर डिजाइन उपयोग गर्छौं । सार्वजनिक प्रयोगका सबै भवनहरू सुविधा र पहुँचमैत्री बनाइने छ ।

## ९. सहर

बस्न योग्य सहर **"Livable Cities"** अवधारणामा सबै सहरको विकास गर्छौं । यसका लागि;

- किफायती आवास, सुविधायुक्त सार्वजनिक यातायात र सहज सम्पर्क, वातावरणीय दिगोपना र पर्याप्त हरियाली, जीवन सुरक्षा र सामाजिक समावेशीकरण जस्ता आधारभूत विषयहरूकालागि प्रभावकारी योजनाबाट बस्न योग्य सहर "**Livable Cities**" अवधारणामा सबै सहरको विकास गर्छौं ।
- नारायणी नदी आसपासको क्षेत्रलाई "ग्रेटर चितवन" नमुना सहरको रूपमा बिस्तार गर्छौं। प्रदेश राजधानी सहरहरूमा वस्तु तथा सेवा सुविधाको उपलब्धता र सहजिकरण नहुँदा सङ्घीयता पछि पनि सङ्घीय राजधानीमा काम र जनसंख्याको चाप यथावत नै रहकोले हरेक प्रदेश राजधानीहरू कुनै न कुनै सेवाको विशिष्टकृत केन्द्रको रूपमा विकास गरी कामकाजी जनसंख्या स्थानान्तरण गर्न तत् तत् क्षेत्रमा व्यवस्थित बसोबास विकास गर्छौं ।
- प्रदेश राजधानी बाहेक पनि विर्तामोड, ईटहरी, धरान, वीरगञ्ज, भैरहवा, बुटवल, घोराही, कोहलपुर र कञ्चनपुरलाई सुविधायुक्त आधुनिक सहरको रूपमा विकास गर्न लगानी गर्छौं । उत्तर-दक्षिण करिडोर, मध्य पहाडी र हुलाकी राजमार्गका नयाँ सहरहरूमा आधुनिक सुविधा विस्तार गर्छौं ।

## १०. वायु प्रदुषण नियन्त्रण : स्वच्छ हावा, सुरक्षित भविष्य

- हामी वायु प्रदूषणलाई सामान्य वातावरणीय समस्या होइन, सार्वजनिक स्वास्थ्य, आर्थिक उत्पादकत्व र राष्ट्रिय सुरक्षासँग गाँसिएको गम्भीर चुनौतीका रूपमा

उद्योग र कारखानामा कडा उत्सर्जन मापदण्ड, रियल-टाइम निगरानी र कार्बन फिल्टर तथा क्याप्चर प्रविधि अनिवार्य

लिन्छौं । स्वच्छ हावा प्रत्येक नागरिकको मौलिक अधिकार हो भन्ने मान्यताका साथ, यसको संरक्षणलाई राज्यको प्राथमिक दायित्व बनाउँछौं । नीति घोषणामा सीमित नरही, सरकार स्वयं उदाहरणीय बन्दै यातायात, उद्योग र सहरी विकासका हरेक निर्णयमा स्वच्छ हावालाई शासनको मापदण्डका रूपमा स्थापित गर्ने नेपाली कांग्रेसको दृढ सङ्कल्प गर्छौं ।

- स्वच्छ हावाको अधिकार सुनिश्चित गर्न वैज्ञानिक मापदण्डमा आधारित राष्ट्रिय वायु गुणस्तर नीति लागू गर्छौं । पि.एम. २.५ लगायत प्रदूषकहरूको निरन्तर अनुगमन, सार्वजनिक सूचना प्रणाली र शीघ्र हस्तक्षेप संयन्त्र स्थापना गरी ०.१ माइक्रोग्राम जस्ता संवेदनशील स्तरलाई पूर्वचेतावनी संकेतका रूपमा प्रयोग गर्दै प्रदूषण स्रोत पहिचान, सुधार आदेश र प्रविधिगत समाधान लागु गर्छौं । "प्रदूषकले नै मूल्य तिर्ने" सिद्धान्त अनुसार चरणबद्ध, तर नागरिकमैत्री र व्यवहारिक कारबाही सुनिश्चित गर्दै स्वतन्त्र नियामक निकाय र प्रभावकारी कानुनी संरचना निर्माण गर्छौं ।
- काठमाडौंसहित देशका प्रमुख सहरमा बिग्रिदै गएको वायु गुणस्तर सुधार गर्न एकीकृत, परिणाममुखी र क्षेत्रगत कार्यक्रम कार्यान्वयन गर्छौं । सार्वजनिक यातायातलाई विद्युतीय र स्वच्छ इन्धनमा रूपान्तरण गर्दै निजी इन्धनचालित सवारीको निर्भरता घटाउँछौं । उद्योग र कारखानामा कडा उत्सर्जन मापदण्ड, रियल-टाइम निगरानी र कार्बन फिल्टर तथा क्याप्चर प्रविधि अनिवार्य गर्छौं । सडक, ठुला निर्माण, इँटा भट्टा र फोहोर जलाउने अभ्यासबाट हुने धुलो र धुवाँ नियन्त्रण गर्दै सहरी वन, हरित गल्ली र ऊर्जा-दक्ष भवन प्रवर्धनमार्फत सहरलाई सास फेर्न सक्ने बनाउँछौं ।

## ११. फोहोर व्यवस्थापन

- काठमाडौंको फोहोर व्यवस्थापन केवल प्राविधिक समस्या होइन, शासन, व्यवहार र जिम्मेवारीको गहिरो सङ्क हो भन्ने यथार्थलाई स्वीकार गर्दै यसलाई समग्र र दिगो रूपमा सम्बोधन गर्छौं । सरकारको उदासीनता, महानगर तथा नगरपालिकाको कमजोर प्राथमिकता, नागरिकको असहयोग, र विसर्जन क्षेत्रका समुदायसँगको विश्वासको अभावले समस्या झन् जटिल बनेको छ । यस अवस्थालाई बदल्न स्पष्ट नेतृत्व, साझा जिम्मेवारी र व्यवहार परिवर्तनमा आधारित नयाँ दृष्टिकोण राखी **मेरो फोहोर, मेरो जिम्मेवारी** कार्यक्रम ल्याउँछौं ।

- सङ्घ, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका बाँडफाँट र बाध्यकारी समन्वय संयन्त्र स्थापना गरी फोहोर व्यवस्थापनलाई 'संकलन र विसर्जन' मा मात्र सीमित नगरी स्रोतमै वर्गीकरण गरी पुनःप्रयोग, पुनःचक्र र ऊर्जा उत्पादनसँग जोड्छौं । विसर्जन क्षेत्रका समुदायसँग दीर्घकालीन सहमति, न्यायोचित क्षतिपूर्ति र स्थानीय विकाससँग जोडिएका लाभ सुनिश्चित गर्दै नागरिकलाई समाधानको हिस्सा बनाउन कडा नियमसँगै प्रोत्साहन, जनचेतनाकालागि **सफा सहर, जिम्मेवार शासन, सचेत नागरिक** अभियान सञ्चालन गर्छौं ।

- उपत्यकाको फोहोर व्यवस्थापनमा निजी क्षेत्रले गरेका कामलाई कदर गर्दै यसलाई प्रभावकारी बनाउन कार्यविधिबाट नियमन गर्ने र घरपरिवारको लागत घटाउने र स्थानीय तहको स्वामित्व बढाउँछौं । तीनै तहका सरकार, सहकारी र समुदायको सहभागितामा आधुनिक, पारदर्शी र जवाफदेही फोहोर व्यवस्थापन प्रणाली विकास गर्दै काठमाडौं उपत्यका मात्र होइन, देशभरका सहरहरूको फोहोर व्यवस्थापनलाई **सभ्यता र जीवनशैलीको आधार भूत मापदण्ड**को विषय मानी फोहोर व्यवस्थापन मार्फत मर्यादित सहरी जीवन र बस्नयोग्य सहर नर्माण गर्छौं ।

## प्रदेश तथा स्थानीय तहका गौरवका आयोजनाहरू प्रति नेपाली कांग्रेस

प्रदेश गौरवका सबै आयोजनाहरू र तिनको उद्धेश्यलाई ग्रहणगर्दै सङ्घबाट उच्च प्राथमिकताकासाथ संवोधन गर्ने र जनशक्ती, प्राविधिक क्षमता र एवम् वित्तीय स्रोत सुनिश्चित गरी सम्पन्न गर्ने प्रतिज्ञा गर्छौं । आयोजनाहरूको सञ्चालनमा पर्याप्त अध्ययन तथा डिजाइन र प्राविधिक सक्षमताको अभाव एवम् आयोजनाको सञ्चालनमा जनशक्तीको उपलब्धता, कार्यान्वयन क्षमता एवम् वित्तीय स्रोतको अभावले कतिपय सञ्चालन हुनै नसकेका र कतिपय उपलब्धि हासिल हुन नसकेको यथार्थतालाई ग्रहण गर्छौं ।

## कोशी प्रदेश

कोशी प्रदेश सरकारले प्रदेशको आर्थिक आधार सुदृढ गर्न यातायात, पर्यटन, उद्योग, कृषि, शिक्षा र स्वास्थ्यलाई केन्द्रमा राखी प्रदेश गौरवका आयोजनाहरू अघि बढाएको छ । यस सन्दर्भमाः

- विराट चोक-घिनाघाट-विराटनगर सडक खण्डको स्तरोन्नतिले प्रदेशको औद्योगिक र व्यापारिक गतिविधिलाई गति दिने छ भने इलामको सन्दकपुर,

झापाको सताक्षीधाम, मोरङको बक्राहा र सुनसरीको बराह क्षेत्रलगायत स्थानमा पर्यटन पूर्वाधार विकासले आन्तरिक तथा धार्मिक पर्यटन विस्तारमा योगदान पुऱ्याउने छ ।

- प्रदेशभर साना तथा मझौला सिँचाइ आयोजना र कृषि उत्पादकत्व वृद्धिका कार्यक्रमले खाद्य सुरक्षा र ग्रामीण अर्थतन्त्र मजबुत बनाउँछ ।
- प्राविधिक जनशक्ति उत्पादनका लागि प्रदेश प्राविधिक विश्वविद्यालयको पूर्वाधार निर्माण, मोरङ-सुनसरी औद्योगिक करिडोरको विकास तथा विशेषज्ञ सेवासहितका अस्पतालको निर्माण र स्तरोन्नतिले कोशी प्रदेशलाई उत्पादन, रोजगारी र स्वास्थ्य सेवाको केन्द्रका रूपमा स्थापित गर्ने आधार तयार गरेको छ ।

## मधेश प्रदेश

मधेश प्रदेश सरकारले सामाजिक रूपान्तरण, कृषि विकास र सांस्कृतिक पहिचान संरक्षणलाई प्रदेश गौरवका आयोजनाको केन्द्रमा राखेको छ। यस सन्दर्भमा :

- मुख्यमन्त्री स्वच्छता अभियानमार्फत धार्मिक तथा सांस्कृतिक धरोहरको संरक्षण, पोखरी सरसफाई र मन्दिर परिसरको सौन्दर्यीकरण गरी स्वच्छता र पर्यटनलाई जोड्ने छ । 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानले बालिका शिक्षा र सशक्तीकरणलाई प्रदेशको दीर्घकालीन सामाजिक-आर्थिक विकाससँग जोडेको छ ।
- हुलाकी राजमार्गसँग जोडिने सहायक सडकहरूको विकासले तराई-मधेशका जिल्लाबिच आवागमन र बजार पहुँच विस्तार गरी स्थानीय अर्थतन्त्र चलायमान बनाउने छ ।
- भूमिगत जलस्रोतमा आधारित सिँचाइ आयोजना र कृषि उत्पादन वृद्धिका कार्यक्रमले खाद्य सुरक्षा सुदृढ गर्नेछ भने जनकपुरधाम सहितका धार्मिक तथा सांस्कृतिक केन्द्रको विकासले प्रदेशको पर्यटन सम्भावनालाई नयाँ उचाई दिने छ ।

## बागमती प्रदेश

बागमती प्रदेशले शिक्षा, स्वास्थ्य र रणनीतिक पूर्वाधारलाई प्रदेश विकासको मेरूदण्डका रूपमा अघि बढाएको छः यस सन्दर्भमा :

- बागमती प्रदेश विश्वविद्यालय र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापनाले उच्च शिक्षा र स्वास्थ्य सेवामा आत्मनिर्भरता बढाएको छ ।

पुष्पलाल प्रदेश चक्रपथले सहरी तथा उपत्यका बाहिरका क्षेत्रको यातायात सञ्चालनमा सुधार ल्याउने छ ।

- पोष्टबहादुर बोगटी सुरूङमार्गले आवागमन सहज बनाई आर्थिक गतिविधि विस्तारमा योगदान पुऱ्याउने छ। यी आयोजनाहरूले बागमती प्रदेशलाई ज्ञान, सेवा र पूर्वाधारको केन्द्रका रूपमा सुदृढ बनाउने आधार तयार गर्नेछन् ।

## गण्डकी प्रदेश

गण्डकी प्रदेश सरकारले शिक्षा, सिप, सूचना प्रविधि र रणनीतिक सडक सञ्जाललाई विकासको प्राथमिकता बनाएको छ । यस सन्दर्भमा :

- गण्डकी विश्वविद्यालय तथा प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रतिष्ठानको स्थापनाले दक्ष जनशक्ति उत्पादन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने छ ।
- दुम्कीबास-त्रिवेणी सडक आयोजना रणनीतिक सडक सञ्जाल विस्तारको हुने छ ।
- सूचना प्रविधि उद्यान (आईटी पार्क) ले प्रदेश भित्र नवप्रवर्तन र सूचना प्रविधिमा आधारित उद्यम र रोजगारी सिर्जना गर्नेछ भने प्रादेशिक सडक र मोटरेबल पुलहरूले ग्रामीण क्षेत्रलाई प्रदेशको आर्थिक मूलधारसँग जोड्ने छ ।

## लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेशले राजधानी विकास, स्वास्थ्य, कृषि, पर्यटन र ऊर्जालाई केन्द्रमा राखी प्रदेश गौरवका आयोजना अघि बढाएको छ । यस सन्दर्भमा:

- राप्ती उपत्यका (देउखुरी) गुरूयोजना अन्तर्गत राजधानीका पूर्वाधार तथा प्रादेशिक सडक सञ्जाल विस्तारले प्रशासनिक र आर्थिक गतिविधि सुदृढ गर्नेछ। लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलको स्तरोन्नतिले विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्नेछ ।
- स्मार्ट कृषि गाउँ कार्यक्रम र सिँचाइ आयोजनाले कृषि आधुनिकीकरणमा योगदान पुऱ्याउने छ ।
- लुम्बिनी क्षेत्रको समग्र विकास र अन्तर्राष्ट्रिय पर्यटन प्रवर्धनसँगै साना तथा मझौला जलविद्युत् र नवीकरणीय ऊर्जामार्फत ऊर्जा आत्मनिर्भरता बढाउने पहल गरिएको छ ।

## कर्णाली प्रदेश

कर्णाली प्रदेशले दुर्गम भूगोललाई राष्ट्रिय मूलधारसँग जोड्ने सडक र सुरूङमार्गलाई प्रदेश गौरवका आयोजना बनाएको छ । यस सन्दर्भमा:

- जमुनाहा-कोहलपुर-सुर्खेत-हिल्सा द्रुत लोकमार्गसहित राजापुर-बर्दिया-सुर्खेत, रानीघाट-फलाटे-दैलेख, महाबु-कालिकोट, चिलखाया-नाग्म, गमगढी-नाक्चे लाग्ना तथा छिन्चु-सल्यान-जाजरकोट-रुकुम-डोल्पा हुँदै मोरिम्लासम्मका सडक आयोजनाले कर्णालीको कठिन भूगोलमा सहज पहुँच विस्तार गर्नेछ ।
- सुर्खेत-कोहलपुर सुरुङमार्गले आवागमन समय घटाई आर्थिक र सेवा प्रवाहलाई सहज बनाउने छ, जसले कर्णालीको समावेशी विकासको आधार तयार गर्नेछ ।

## सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेश सरकारले सबै जिल्ला र स्थानीय तहलाई जोड्ने सडक सञ्जाललाई प्राथमिकताका साथ अघि बढाएको छ। यस सन्दर्भमा:

- खप्तड-मार्तडी, सतबाज-श्रीभावर-हाट-दार्चुला, चिसापानी-ऋषिदह-बडीमालिका, दैजी-पोखरा-ढुङ्गाड-बझाङ, खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी, दिपायल-साइपाल, सहजपुर-बोक्टान-दिपायल, बेलौरी-कलुवापुर-नाइल-बुडर तथा भजनी-छोटी भन्सार-खेमडी-ठुलीगाड सडक आयोजनाले प्रदेशको भौगोलिक एकीकरण, सेवा पहुँच र आर्थिक गतिविधि विस्तारमा निर्णायक योगदान पुऱ्याई सेवा सुविधा र आवागमनमा सहज पहुँच हुने छ ।

## प्रदेशको नयाँ पहल

- अन्तरप्रदेशीय गौरवका आयोजना (लुम्बिनी-कर्णाली)

  लुम्बिनी हुँदै दाङ-सल्यान-जाजरकोट-जुम्ला-मुगु रारा जोड्ने पर्यटन परिक्रमा सडकले कर्णाली क्षेत्रको पर्यटन, व्यापार र सांस्कृतिक सम्पर्क सुदृढ गर्नेछ । रुकुम-सल्यान हुँदै कालीमाटी-घुइयाबारी-खर्कबार-कोहलपुर अन्तरप्रदेश सडकले दुर्गम क्षेत्रलाई आर्थिक केन्द्रसँग जोड्दै क्षेत्रीय विकासलाई गति दिने छ ।
- अन्तरप्रदेशीय गौरवका आयोजना (लुम्बिनी-कर्णाली-सुदूरपश्चिम)

  दाङ-सल्यान-कालिमाटी-सुर्खेत हुँदै बोटेचौर, भेडाबारी, धुलियाबीट, बङ्गीचौर र गुटु हुँदै दिपायल जोड्ने अन्तरप्रदेश सडकले तीन प्रदेशबिच आवागमन, व्यापार र सेवा प्रवाहलाई मजबुत बनाउँदै समग्र पश्चिम नेपालको आर्थिक एकीकरणको आधारमात्र तयार नगरी अन्तरप्रदेश समन्वयमा गर्न सकिने विकासको उदाहरण समेत हुने छ ।

## स्थानीय तह

स्थानीय गौरवका आयोजनाका रूपमा सञ्चालन गरेका राष्ट्रिय विकास लक्ष्यसँग तादात्म्यता हुने सञ्चालन गरिने छ । यस सन्दर्भमा :

- प्राविधिक सक्षमता र वित्तीय स्रोतको अभावमा सञ्चालन हुन नसकेका एवम् सञ्चालन भएर पनि सम्पन्न हुन नसकेका पूर्वाधार शिक्षा स्वास्थ्य तथा सरसफाई एवम् फोहोर व्यवस्थापन स्थानीय आर्थिक विकास पर्यटन खेलकूद पूर्वाधार रोजगारी र आय वृद्धि स्थानीय यातायात सुधार र जलवायू परिवर्तन अनुकूलन एवम् हरियाली प्रवर्धन तर्फका आयोजनाहरूमा परियोजना विशेष क्षमता तथा वित्तीय स्रोत हस्तान्तरण गरी शिघ्र सम्पन्न गर्छौं ।

## अन्तर्राष्ट्रिय विकास प्रतिबद्धता

### दिगो विकास लक्ष्य (SDGs) प्रति हाम्रो प्रतिबद्धता

हामी संयुक्त राष्ट्रसङ्घको सन् २०३० सम्मको दिगो विकास लक्ष्य (SDGs) प्रति पूर्ण प्रतिबद्ध छौं, जसले सामाजिक, आर्थिक र पर्यावरणीय आयाममा कसैलाई पनि पछाडि नछोड्ने उद्देश्य राख्दछ। हामी गरिबी र भोकमरी अन्त्य, खाद्य सुरक्षा, स्वस्थ जीवन, गुणस्तरीय शिक्षा, लैंगिक समानता, खानेपानी, स्वच्छ ऊर्जा, दिगो आर्थिक वृद्धि, पूर्वाधार विकास, असमानता न्यूनीकरण, दिगो उपभोग, जलवायु न्यूनीकरण, समुद्री तथा वन संरक्षण, शान्तिपूर्ण समाज र विश्व साझेदारी लगायत १७ वटै लक्ष्य हासिल गर्न तीनै तहको सरकार, निजी क्षेत्र र घरपरिवारबाट लगानी परिचालन गर्छौं । हामी प्रदेश र स्थानीय तहमा यी लक्ष्यको स्थानीयकरण गर्दै प्राथमिकताकासाथ बजेट व्यवस्थापन र आवश्यक पैरवि गर्छौं ।

### अति कम विकसित मुलुक (LDC) बाट स्तरोन्नति सम्बन्धी हाम्रो प्रतिबद्धता

हामी सन् २०२६ मा नेपाललाई अति कम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने ऐतिहासिक उपलब्धिलाई दिगो र अपरिवर्तनीय बनाउन प्रतिबद्ध छौं । यसका लागि तीनवटै मापदण्ड – प्रतिव्यक्ति आय बढाउने, मानव सम्पत्ति सूचकाङ्कलाई थप सुदृढ गर्दै स्वास्थ्य र शिक्षा पहुँच विस्तार गर्ने, र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कलाई अझ सुधार गर्दै प्राकृतिक प्रकोप र बजार जोखिम न्यूनीकरण गर्छौं । स्तरोन्नतिपश्चात् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्त सुलभ बनाउने, वैदेशिक लगानी वृद्धि गर्ने, प्रतिस्पर्धात्मक क्षमता र उत्पादकत्व अभिवृद्धि गर्छौं । साथै, व्यापार सहुलियत गुम्ने र सहायताको प्रकृतिमा परिवर्तन आउनेजस्ता चुनौतीहरूको सामना गर्न आवश्यक नीतिगत तथा संरचनात्मक सुधार गर्दै बजेटलाई केन्द्रित गर्छौं ।

# व्यवस्थित गाउँ सहर

## गाउँ-सहर सम्बन्ध : समृद्धिको नयाँ गन्तव्य

हामी गाउँ र सहरबिचको खाडललाई पुर्न होइन, ती दुईलाई समृद्धिको साझेदारका रूपमा जोड्ने परिकल्पना गर्दछौं । गाउँमा उत्पादन, सहरमा बजार; गाउँमा श्रम, सहरमा पुँजी; गाउँमा संस्कृति, सहरमा प्रविधि यी द्वन्द्वका स्रोत होइनन्, पूरकका आधार हुन् । हामी गाउँलाई सहरको विस्तारित आँग का रूपमा विकास गर्दै, प्रत्येक नेपालीले आफ्नै ठाउँमा गरिमामय जीवन जिउन सक्ने वातावरण निर्माण गर्नेछौं ।

## १. एकीकृत पूर्वाधार विकास : सडक मात्र होइन सेतु

हामी गाउँ र सहरलाई जोड्ने 'बाह्रै महिना चल्ने' कालोपत्रे सडक सञ्जाल विस्तार गरी ढुवानी लागतलाई न्यूनतममा झार्नेछौं । सडक मात्र होइन सडकसँगै बिजुली, दूरसञ्चार, इन्टरनेट र खानेपानीको पूर्वाधारलाई एकीकृत रूपमा विकास गर्छौं । डाटा-सञ्चालित र जलवायू-लचिलो यातायात योजना अपनाई स्थानीय ज्ञान र जोखिम मूल्याङ्कनलाई एकीकृत गर्छौं । पूर्वाधार निर्माणलाई भौतिक संरचनामा मात्र सीमित नराखी जीवनस्तरको उन्नयनसँग जोड्ने छौं ।

## २. सहरको सुविधा गाउँमै : रोजगारी, शिक्षा र स्वास्थ्य

**'गाउँमै गुणस्तरीय शिक्षा र स्वास्थ्य** : गाउँमा रोजगार' नारालाई साकार पार्न हामी ठोस कदम चाल्ने छौं । हरेक गाउँपालिका स्तरमा प्राविधिक शिक्षालय र सुविधायुक्त आधारभूत अस्पताल हुने छ । ग्रामीण स्वास्थ्य संस्थालाई आवश्यक जनशक्ति, औषधि र उपकरणले सुसज्जित गर्छौं । यसले गर्दा सामान्य उपचार र माध्यमिक शिक्षाका लागि सहर धाउनुपर्ने बाध्यता अन्त्य गर्छौं । खाद्यान्न तथा शीत भण्डार सञ्चालन र ढुवानीबाट ६००० रोजगारी सिर्जना गरी ससाना कामकालागि हुने बसाइँसराइ रोक्ने छौं ।

## ३. डिजिटल कनेक्टिभिटी : गाउँ जोडिए देश जोडिन्छ

प्रत्येक गाउँलाई उच्च गतिको इन्टरनेट (Broadband) बाट जोडी 'डिजिटल भिलेज'को अवधारणा कार्यान्वयन गर्छौं । भीमफेदी, खैरेनी, कोहलपुर, दुलगाउँ र

रङ्केलीमा स्थापना गरेका टेलिसेन्टरहरूको सफलता जहाँ महिला उद्यमीहरूले कृषि मूल्यको जानकारी पाउने प्रणालीलाई देशभर विस्तार गर्छौं । अनलाइन सेवाहरूको विस्तार, ई-गभर्नेन्स र ई-कमर्सलाई प्रोत्साहन गर्दै गाउँका उत्पादनलाई सहरी र अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउँछौं । डिजिटल साक्षरता अभियानमार्फत हरेक नागरिकलाई प्रविधिमैत्री बनाउँछौं ।

सामान्य उपचार र माध्यमिक शिक्षाका लागि सहर धाउनुपर्ने बाध्यता अन्त्य गर्छौं ।

### ४. खेतीदेखि बजारसम्म : उत्पादनदेखि उपभोक्तासम्म

किसानको उत्पादन सिधै सहरी उपभोक्तासम्म पुऱ्याउन पायक पर्ने स्थानमा उपज सङ्कलन केन्द्र, सञ्चालन सहज खाद्यान्न र शीतभण्डार (Cold Storage) एवम् कृषि एम्बुलेन्सको व्यवस्था गर्छौं । आगामी ५ वर्षमा १५ लाख टन खाद्यान्न भण्डारण हुने साना (५००० टन क्षमताका) १० वटा मझौला (५००० देखि १०००० टन क्षमताका) २० वटा र ठुला (१०००० देखि २०००० टन क्षमताका) ५० गरी जम्मा ८० वटा खाद्यान्न भण्डार र ५ लाख टन तरकारी र फलफूल भण्डारण हुने र साना (५००० टन क्षमताका) ३० वटा मझौला (५००० देखि १०००० टन क्षमताका) ३५ वटा गरी ६५ वटा शीत भण्डार निर्माण गरी सञ्चालनमा ल्याउँछौं । यसलाई बजारसँगको यातायातमा जोड्ने छौं ।

### ५. पर्यटन र सांस्कृतिक सेतु : ग्रामीण अर्थतन्त्रको नयाँ आयाम

ग्रामीण होमस्टे र पदमार्गहरूलाई सहरी र अन्तर्राष्ट्रिय पर्यटकसँग जोडेर स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँछौं । कृषि-पर्यटन, सांस्कृतिक पर्यटन र ग्रामीण पर्यटनको प्रवर्धन गर्दै स्थानीय उत्पादन (हस्तकला, जैविक खाद्यान्न, मह जस्ता उत्पादनको) को बिक्रीलाई प्रोत्साहन गर्न स्थानीय सरकार, निजी क्षेत्र र पर्यटन व्यवसायी बिच स्थायी साझेदारी स्थापित गर्नेछौं ।

### ६. विपरित बसाइँसराइ : गुलजार गाउँबस्ती

गाउँमा कृषि उद्यम र साना उद्योग सञ्चालन गर्ने युवाहरूलाई विशेष सहुलियतपूर्ण ऋण र कर छुट को व्यवस्था गरिने छ । वैदेशिक रोजगारी तथा पुनःएकीकरण नीतिले विदेशबाट फर्केकाहरूलाई स्थानीय रोजगारी र उद्यमशीलतामा जोड्ने कार्यक्रमलाई राष्ट्रिय अभियानको रूपमा सञ्चालन गर्छौं । गाउँमै रोजगारी र आयआर्जनका अवसर सिर्जना गरी सिप सिकेर फर्केका युवाको ज्ञान र पुँजीलाई गाउँकै विकासमा उपयोग गर्नेछौं । यसबाट रोजगारीका कारण रित्तिंदै गएका गाउँबस्ती गुलजार बनाउँछौं ।

## ७. सहरको स्रोत र गाउँको श्रम : सार्वजनिक-निजी-सहकारी साझेदारीको नयाँ नाम

सहरको पुँजी र प्रविधिलाई गाउँको प्राकृतिक स्रोत र श्रमसँग जोड्न 'सार्वजनिक-निजी-सहकारी' साझेदारीको नयाँ मोडेल विकास गर्नेछौं। यस मोडेलमा नगरपालिका (सार्वजनिक), लगानीकर्ता निजी क्षेत्र र समुदाय (महिला स्वयंसेवी समूह, दलित, सुकुम्बासी) सबैको सक्रिय सहभागिता गराउँछौं । यस्तो एकीकृत साझेदारीलाई राष्ट्रिय नीति बनाउने छौं । यस मोडेलबाट गाउँमा खेती तथा साना उद्यममा लगानी जुटाउँछौं ।

## ८. सहकारी मार्फत आर्थिक सशक्तीकरण

गाउँ-सहर सम्बन्धलाई आर्थिक रूपमा सुदृढ गर्न सहकारीको नयाँ मोडेललाई विकास गरी यस्ता सहकारीहरूलाई बचत-ऋण, कृषि उपज सङ्कलन, शीतभण्डार व्यवस्थापन र बजारीकरणमा जोड्दै गाउँका उत्पादनलाई सहरी बजारसम्म पुऱ्याउने माध्यमबाट आर्थिक सशक्तिकरण गर्छौं ।

## ९. एकीकृत क्षेत्रीय योजना र तथ्याङ्कमा आधारित विकास

पञ्चवर्षीय योजनाहरूको निरन्तर मूल्याङ्कन र अनुभवलाई आत्मसात् ग्रामीण आय वृद्धि र उद्यमशीलता प्रवर्धनमा हामी जोड दिन्छौं । यस्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न विकास केन्द्र (Growth Pole) को अवधारणा ग्रामीण र सहरी समुदायबिचको सहकार्यमा आर्थिक गतिविधिको केन्द्र विन्दुको बनाई सेवा र मानिसको आवागमनलाई सहज बनाएर गाउँ-सहरबिचको अग्र-पश्च सम्बन्धलाई सुदृढ गर्नेछौं । यसका लागि स्थानीय सरकारहरूबिच पूर्वाधार, बजार, सेवा प्रवाह र स्रोत वितरणमा समन्वय गर्नेछौं ।

## १०. जलवायु-लचिलो विकास र विपद् व्यवस्थापन

गाउँ-सहर सम्बन्धलाई दिगो बनाउन जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापनलाई एकीकृत गर्छौं । सडक, पुल, शीत भण्डारजस्ता पूर्वाधार निर्माणमा जलवायु-लचिलो प्रविधि (बायो इन्जिनियरिङ, बाँस रोप्ने र वर्षाको पानी सङ्कलन) अनिवार्य गर्दै जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्दै विपद्को समयमा गाउँ-सहरबिच तीव्र समन्वय र उद्धार संयन्त्र विकास गर्छौं ।

# प्राकृतिक स्रोत

## हाम्रो प्रकृति, हाम्रो पहिचान

नेपाली कांग्रेसले वनजङ्गल, वन्यजन्तु, भूमि, जलाधार, खानी, नदीनाला र तिनबाट प्राप्त हुने वस्तु तथा सेवाको संरक्षणलाई सर्वोच्च प्राथमिकता दिँदै आएको छ । २०१५ सालको आमनिर्वाचनमै वन व्यवस्थापनमा जनसहभागिताको नीति अङ्गीकार गर्दै, कांग्रेसले ४६ प्रतिशत वन क्षेत्र र ६,००० भन्दा बढी नदीनालालाई समृद्धि र राष्ट्र विकासको मुख्य आधार बनाएको छ । जलस्रोत, जैविक विविधता, पर्यटन, जलवायु अनुकूलन र आदिवासी तथा स्थानीय समुदायको दिगो जीविकोपार्जनलाई केन्द्रमा राख्दै सुरक्षित, दिगो र समृद्ध नेपालको निर्माणमा प्राकृतिक स्रोतको संरक्षण र विकास लाई राष्ट्रिय विकासको मेरूदण्डको रूपमा लिँदै आएको छ ।

वि.सं. २०४० को दशकमा सङ्कटग्रस्त वन क्षेत्र र वन्यजन्तु संरक्षणलाई नीतिगत सुधारमार्फत पुनर्जीवित गर्दै नेपाली कांग्रेसले सामुदायिक वन, कबुलियती वन र संरक्षित क्षेत्रको विस्तार गरी वन क्षेत्रको गुणस्तर र व्यवस्थापनमा उल्लेखनीय सुधार गरेको छ । चुरे-तराई-मधेश संरक्षण र विकास निजी जग्गामा हुर्काइएका बोटविरूवाको कृषिबालीसरह ओसारपसार तथा बिक्री र उदार आर्थिक नीतिमार्फत जलविद्युतमा निजी लगानी प्रवर्धन गर्नु कांग्रेसकै दूरदर्शी सुधारका कार्यक्रम हुन् । यही निरन्तर ताका कारण आज नेपाल ठूला जलविद्युत आयोजना निर्माण गर्न, वन जन्य उद्यम स्थापना गर्न, विद्युत् निर्यात गर्न र स्वच्छ खानेपानी तथा खानी र नदीजन्य स्रोतको व्यवस्थित उपयोग गरी आर्थिक आधार सुदृढ बनाउन सक्षम भएको छ ।

संरक्षण क्षेत्रमा गएिको सुधारले वन्यजन्तुको संख्या बढाउने मात्र नभई होटल, होमस्टे र पर्यटन विस्तारमा पनि योगदान पुर्‍याएको छ । निजी जग्गाबाट काठ र दाउराको उत्पादन बढेको छ । नरम प्रजातिका काठको प्रशोधन र विदेश निर्यातबाट वैदेशिक मुद्रा आर्जनको अवसर सिर्जना भएको छ । यद्यपि सहर केन्द्रित जनसंख्या, बाँझो जमिन, वन डढेलो, बाढी पहिरो, वन्यजन्तुको आतंक, युवा पलायन र जलवायु परिवर्तन जस्ता चुनौतीहरू कायम छन् । आगामी पाँच वर्षमा नेपाली कांग्रेसले निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्दै प्राकृतिक स्रोतको दिगो विकासमार्फत राष्ट्रिय आय

वृद्धि, ग्रामीण सशक्तिकरण र पर्यटन तथा आर्थिक अवसरको समान पहुँच सुनिश्चित गर्दै यस क्षेत्रबाट वार्षिक एक लाखभन्दा बढी रोजगारी सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

## वन तथा वन्यजन्तु व्यवस्थापन र संरक्षण

**वन हाम्रो सम्पत्ति, भविष्य हाम्रो दायित्व** दिगो वन व्यवस्थापन र वन्यजन्तु संरक्षणलाई राष्ट्रीय प्राथमिकताका रूपमा अगाडि बढाउँदै वन व्यवस्थापन, वनजन्तु पालनमा आदिवासी, स्थानीय समुदाय, वातावरण र अर्थतन्त्र सन्तुलितमा जोड दिने नीति अपनाउँने छौं । यसले प्राकृतिक स्रोतको संरक्षण, आय वृद्धि र पर्यटन प्रवर्धनमा योगदान पुऱ्याउने छ । यसका लागिः

### बजार र उद्योगसँग वनको समन्वयः

- दिगो वन व्यवस्थापनलाई बजारसँग जोड्दै वन पैदावारको माग र आपूर्ति बढाई सार्वजनिक पूर्वाधार निर्माणमा स्वदेशी काठ र बाँसजन्य सामाग्रीको प्रयोग अनिवार्य गर्नेछौं। स्थानीय स्रोत र परम्परागत सिपबाट निर्मित वस्तुलाई आधुनिक प्रविधि र डिजाइनमार्फत बजार योग्य बनाउँछौ । स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमुखी उद्योगलाई कर छुट तथा सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्छौं ।

### वन्यजन्तु संरक्षणः

- वन्यजन्तु संरक्षणमा पूर्ण रूपले प्रतिबद्ध छौं। वन्यजन्तु बचाऔं, जीवन बचाउँ भन्ने ध्येयले वन्यजन्तुको प्राकृतिक आवास सुरक्षित गरी चोरी शिकारी र अवैध व्यापार पूर्ण रूपमा रोक्छौं । वन्यजन्तु पालनलाई व्यवसायिक र पर्यटनसँग जोड्दै स्थानीय समुदायलाई लाभ सुनिश्चित गर्दै आय तथा पर्यावरणीय पर्यटन प्रवर्धन गर्छौं ।
- बाँदर, बँदेल र नीलगाई जस्ता जनावरलाई 'कृषि हानिकारक' घोषणा गरी सो को व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिइ वन डढेलो, मिचाहा प्रजाति, उत्सर्जन न्यूनिकरण, जलवायु अनुकूलन तथा मुहान संरक्षण, प्राकृतिक प्रकोप नियन्त्रणलाई वन व्यवस्थापनमा एकीकृत गर्छौं ।
- मानव र वन्य जन्तु द्वन्द्वलाई कम गरि धन जनको क्षती रोक्न प्राथामिकताको साथ कार्म गर्छौं ।

### नवप्रवर्तन र उद्यम प्रवर्धन:

- वन डढेलो घटाउन पात-पतिङ्गर र सुकेका काठ सङ्कलन गरी प्राङ्गारिक मल, कागज, बायोचार वा ब्रिकेट उत्पादन गर्ने उद्यमलाई प्रोत्साहन गर्छौं । स्वदेशी काठ जङ्गलमै कुहिने तर विदेशबाट काठ र आल्मुनियम आयात हुने विसंगतिलाई रोक्दै सुपथ मूल्यमा काठ उपलब्ध गराई आयात प्रतिस्थापन गर्छौं ।
- निजी वन तथा जडीबुटीको खेती विस्तारका लागि गुणस्तरीय नर्सरी र बिरूवा आपूर्ति गर्छौं । वन क्षेत्रले कृषि, पर्यटन, ऊर्जा र जलवायु परिवर्तन, विपद जोखिम न्यूनिकरण र स्थानीय जीविकोपार्जनमा पार्ने सकारात्मक प्रभावलाई राष्ट्रिय लेखामा समावेश गर्छौं ।

वन डढेलो घटाउन पात-पतिङ्गर र सुकेका काठ सङ्कलन गरी प्राङ्गारिक मल, कागज, बायोचार वा ब्रिकेट उत्पादन गर्ने उद्यमलाई प्रोत्साहन

### पर्यटन, समुदाय र पारम्परिक ज्ञानको प्रवर्धन

- सबै संरक्षित क्षेत्रमा सन्तुलित ढंगले पर्यटन विस्तार गर्छौं । वन र संरक्षित क्षेत्र व्यवस्थापनमा स्थानीय समुदाय तथा आदिवासी जनजातिको हक अधिकार सुनिश्चित गर्दै परम्परागत ज्ञानको प्रवर्धन गर्छौं । प्राकृतिक स्रोत संरक्षण, समुदाय सशक्तिकरण र दिगो विकास लक्ष्य हासिल गर्न केन्द्रित हुन्छौं ।

### वन्यजन्तु संरक्षण : वन्य

- हामी वन्यजन्तु संरक्षणमा पूर्णरूपले प्रतिबद्ध छौं । वन्यजन्तु संरक्षण गरौं, जीवन बचाउँ भन्ने ध्येयले वन्यजन्तुको प्राकृतिक आवास सुरक्षित गरी चोरी, शिकारी र अवैध व्यापार पूर्ण रूपमा रोक्ने छौं । वन्यजन्तु पालनलाई व्यवसायिक र पर्यटनसँग जोड्दै स्थानीय समुदायलाई लाभ सुनिश्चित गरिने छ । बाँध, सिँचाइ र विकास परियोजनामा वन्यजन्तुका आवास तथा पारिस्थितिकीय सन्तुलनलाई प्राथमिकता दिइ हामी प्रकृति र वन्यजन्तुको संरक्षण, दिगो विकास र समुदायको समृद्धिसँगै सुनिश्चित गर्नेछौं ।

## सिँचाइ

### हरेक खेतमा पानी, हरेक घरमा समृद्धि

जलस्रोतमा धनी हुँदाहुँदै पनि अपर्याप्त सिँचाइ पूर्वाधारका कारण कृषि सम्भावना उपयोग हुन सकेको छैन । जलवायु अनुकूल र ऊर्जा दक्ष सिँचाइ प्रणाली विस्तार

गर्दै नदी, तलाउ, भूमिगत जल र वर्षाको पानीको समन्वित उपयोग गरिने छ । सिँचाइलाई उत्पादन, भण्डारण र बजारसँग जोडेर किसानको आय बढाई खाद्य सुरक्षा र समृद्ध कृषि अर्थतन्त्र निर्माण गर्छौं ।

सिँचाइ र जल व्यवस्थापनका लागि दिगो कृषि र ग्रामीण समृद्धि हासिल गर्न सबै खेतीयोग्य भूमिमा दिगो सिँचाइ सुविधा विस्तार गरी उत्पादनशीलता बढाउने, जल स्रोतको संरक्षण गर्ने र ग्रामीण समुदायको समृद्धि सुनिश्चित गर्ने प्रतिबद्धता हामी राख्छौं । यसले कृषि, जल सुरक्षा र वातावरणीय स्थिरतालाई सन्तुलित रूपमा अगाडि बढाउँछौं । यसका लागि :

## सिँचाइ आयोजना नवीन प्रविधि प्रयोग

- सबै खेतीयोग्य भूमिमा पाँच वर्षभित्र सिँचाइ सुविधा पुर्‍याउने गरी सिँचाइ आयोजना डिजाइन गर्छौं । महाकाली सिँचाइ आयोजना, बबई सिँचाइ आयोजना, सुनकोशी मरीन डाईभर्सन बहुउदेश्यीय आयोजना, भेरी बबई डाईभर्सन, सिक्टा जस्ता प्रमुख आयोजनाहरू सम्बन्धित क्षेत्रको कृषि प्रणालीसँग जोडिएर समयमै सम्पन्न गर्छौं । सिँचाइ पूर्वाधार कृषि भूमिको उपलब्धता र उत्पादन क्षमतामा केन्द्रित गर्छौं । साना सिँचाइ योजना, परम्परागत र नवीन प्रविधिबाट गाउँघरका करेसाबारी सिंचित गर्न गर्छौं ।

## कृषि उत्पादन र स्थानीय संलग्नता

- सिंचित भूमिमा २-३ बाली अन्न उत्पादनकालागि मल, बिउ र आधुनिक कृषि प्रविधि उपलब्ध गराउँछौं । सिँचाइ पूर्वाधारको मरम्मत, संभार र दिगो उपयोगमा स्थानीय समुदायको संलग्नता सुनिश्चित गर्दै मधेश र तराई क्षेत्रमा भूमिगत जलको घट्दो सतहलाई पुनः उकास्न प्राकृतिक पुनःभरण, चुरे संरक्षण गर्ने, ड्रोनको प्रयोग गरी अभियानका रूपमा घाँस तथा बिउबीजन रोप्न गर्छौं । वृक्षारोपण, घाँस-झारको बिउ रोपण गर्छौं । यस अभियानमार्फत ५ वर्षभित्र '**चुरेमा हरियाली: मधेशमा खुशीयाली**' लक्ष्य हासिल गर्छौं ।

## जल सञ्चय र पर्वतीय क्षेत्रको संरक्षण

- मध्य पहाडी तथा चुरे क्षेत्रमा सम्भव स्थानमा पानी सङ्कलन पोखरी निर्माण गर्दै वर्षा र खोलाको पानी व्यवस्थापन गरी बाढी र खडेरीको श्रृंखला तोड्न वैज्ञानिक प्रणाली अपनाउँछौं । जथाभावी डिप बोरिङ

रोक्दै पानीका मुहानको पुनर्जीवन र सामुदायिक पानी सङ्कलन केन्द्र निर्माण गर्छौं । वन फँडानी र चुरे दोहन नियन्त्रण गर्दै भू-क्षय रोक्ने, पानी पुनर्भरण र जलसन्तुलन कायम राख्ने काम प्राथमिकतामा राख्छौं ।

## जल सङ्कट समाधान र दिगो ग्रामीण विकास:

- मधेस प्रदेशमा गम्भीर जल सङ्कलाई मध्यनजर गर्दै भूमिगत जलस्तर सुधार र मरूभूमिकरणको जोखिम न्यूनीकरणमा केन्द्रित नीति लागु गर्छौं । परम्परागत पोखरी, इनार र चापाकललाई वैज्ञानिक दृष्टिले पुनःसञ्चालन गर्दै वर्षा र नदीजन्य पानी सङ्कलन, संरक्षण र दिगो प्रयोग प्रवर्धन गर्छौं । समग्र सिँचाइ तथा जल व्यवस्थापनले ग्रामीण कृषि उत्पादन, खाद्य सुरक्षा, जलवायु अनुकुलन र समुदायको दीर्घकालीन समृद्धि सुनिश्चित गर्छौं ।

## भू तथा जलाधार संरक्षण

- प्रकृतिसँगको सह-अस्तित्वमा आधारित मौलिक विकास मार्फत वन, जलाधार र पानीको संरक्षण गर्दै जलवायु अनुकूल दिगो विकास सुनिश्चित गर्दै नदी प्रणालीमा आधारित एकीकृत विकास योजनाहरूलाई प्राथमिकता दिई विकास र जलाधार संरक्षणलाई साथसाथै अघि बढाउँछौं ।

## नदी नियन्त्रण, तटबन्ध र भू-उपयोग

हामी चुरे तराईका नदीहरूलाई प्राकृतिक बहाव र जलचरमा असर नगरी व्यवस्थित तटबन्धमार्फत नियन्त्रण गर्ने छौं, बाढीबाट खेती र बस्ती जोगाउने छौं । नदीबाट जोगाइएका बगर जमिनलाई कृषि योग्य, औद्योगिक र आवासीय क्षेत्रसँग जोड्दै तटबन्धलाई यातायात सञ्जालसँग मिलाइने छ । बाँझो जमिनलाई समृद्धिसँग जोड्ने यस अभियानले नयाँ रोजगारी सिर्जना गर्दै स्थानीय अर्थतन्त्रमा क्रान्तिकारी परिवर्तन ल्याउने छ ।

नेपालको चुरे भएर बग्ने नदीहरूले कृषियोग्य जमिन कटान गर्दै बगर बनाइरहेका छन् । हामी नदीको प्राकृतिक बहावलाई असर नगरी तटबन्ध निर्माण गरी बाँझो किनारको जमिनलाई कृषि, औद्योगिक र आवासीय प्रयोगका लागि व्यवस्थित र दिगो रूपमा व्यवस्थापन गर्नेछौं । यसका लागि:

## नदीको तटबन्ध र नियन्त्रण

- चुरे क्षेत्रबाट निस्कने व्यापक फैलावट भएका नदीहरूलाई नियन्त्रण गर्न दुबै किनारमा बलियो र दिगो तटबन्ध (**Embankment**) निर्माण गर्ने छौं। तटबन्ध परियोजनाले नदी नियन्त्रण गरेर जमिनलाई बाढीबाट जोगाउने एवम् चुरे क्षेत्रको संरक्षण गर्ने छ ।प्रत्येक नदीको प्रवाह, भौगोलिक अवस्थिति र कटान दरको विस्तृत अध्ययन गरी आवश्यक लम्बाइ र उचाइको तटबन्ध निर्माण गर्ने छौं ।

## बगर जमिनलाई कृषि र औद्योगिक क्षेत्र र आवासक्षेत्र रूपान्तरण:

- नदी नियन्त्रणपछि तटबन्ध बाहिर पर्ने ठूलो परिमाणमा बगर जमीनलाई उत्पादनमूलक क्षेत्रमा रूपान्तरण गर्नेछौं । कतिपय ठाउँमा नदी नियन्त्रणपछि भित्री भागमा अवसादन (**Sedimentation**) गराएर जमिनको सतह माथि उठाई कृषियोग्य उर्वर बनाउछौं । पहिलो चरणमा छिटो हुर्कने भेटिभर, नेपियर घाँस र बाँस जस्ता बिरूवा रोपी माटोलाई बाँधेर जमीन स्थिर बनाउने छौं । त्यसपछि क्रमशः कृषि उपज, फलफूल बगान, र औद्योगिक क्षेत्र स्थापनाको योजना बनाउने छौं ।

## तटबन्धमा यातायात सञ्जाल र पूर्वाधार विकास

- तटबन्धलाई सडकको रूपमा विकास गरी तराई मधेशका सुदूर बस्तीहरूलाई यातायात सञ्जालसँग जोड्ने छौं । यसले एकातिर नदी नियन्त्रण हुने छ भने अर्कोतिर स्थानीय समुदायलाई यातायातको सुविधा पुग्ने छ । साथै, तटबन्धसँगै जोडिने गरी सिंचाइ नहर, विद्युत लाइन र सञ्चारका माध्यमहरू विस्तार गर्ने छौं ।

## प्राविधिक डिजाइन र निर्माण मापदण्ड

- तटबन्ध निर्माणका लागि हामी अन्तर्राष्ट्रिय मापदण्ड र उत्कृष्ट अभ्यासहरूको पालना गर्नेछौं । प्रत्येक नदी प्रवाहको हाइड्रोलोजिकल अध्ययन, अधिकतम बाढीको स्तर, माटोको प्रकार र भूगर्भीय अवस्थाको विस्तृत अध्ययन गरी डिजाइन तयार गर्छौं । तटबन्ध निर्माणमा स्थानीय सामग्री र प्रविधिको अधिकतम उपयोग गर्दै ग्याबिन बक्स, ढुंगा, बाँस र नेपियर घाँस जस्ता वनस्पतिको प्रयोग गरी किफायती र वातावरणमैत्री संरचना निर्माण गर्नेछौं ।

### वित्तीय स्रोत र लगानी साझेदारी

- यो महत्वाकांक्षी वहुमुखी परियोजनाका लागि हामी बहुस्रोतमुखी वित्तीय रणनीति अपनाउने छौं । नेपाल सरकारको बजेट, प्रदेश सरकारको यो गदान, र राष्ट्रपति चुरे तराई मधेस संरक्षण जस्ता संस्थागत संयन्त्र एवम् अत्यावश्यक परियोजनाको थप विकास सहायता प्राप्तिका विश्व बैङ्क, एशियाली विकास बैङ्क र अन्तर्राष्ट्रिय जलवायु कोषबाट स्रोतको व्यवस्था गर्नेछौं ।
- यो परियोजनाले सिमावर्ती क्षेत्रमा समेत बाढी नियन्त्रणमा सहयोग गर्ने भएकोले संयुक्त परियोजनाको रूपमा विकास गर्न कूटनैतिक संवाद गर्नेछौं । तटबन्धपछि उपयोगमा आउने जमिनको मूल्य वृद्धिबाट प्राप्त हुने वित्तीय स्रोत परियोजनाको लागत व्यवस्थापनमा उपयोग गर्छौं ।

## खानेपानी

### सफा पानी स्वस्थ जिन्दगानी

नेपालमा प्रचुर जलस्रोत हुँदाहुँदै पनि सुरक्षित, नियमित र गुणस्तरीय खानेपानीको अभाव नेपाली समाजको चीरकालको समस्या र जनस्वास्थ्यको प्रमुख चुनौती बनेको छ । सबै नागरिकको स्वच्छ पानीमा पहुँच सुनिश्चित गरी स्वस्थ र सम्मानजनक जीवनको आधार निर्माण गर्नु छ ।

गाउँ सहर सबैमा स्वच्छ र पर्याप्त खानेपानी पहुँच सुनिश्चित गर्न हामी पूर्ण रूपले प्रतिबद्ध छौं । वर्षाको पानी सङ्कलन, खोलाको व्यवस्थित प्रवाह, भूमिगत जल पुनर्भरण र मुहान संरक्षणमार्फत पानीको निरन्तर आपूर्ति सुनिश्चित गरिने छ । पुराना पोखरी, इनार कुवा, धारे र चापाकलको वैज्ञानिक पुनःनिर्माण गरी स्थानीय समुदायको सहभागितामा सञ्चालन गरिने छ । डिप बोरिङलाई नियमन गर्दै दिगो र वातावरणमैत्री प्रविधि अपनाई स्वस्थ जीवन, कृषि उत्पादन वृद्धि र गाउँ सहर समृद्धि सुनिश्चित गर्ने छ । यसका लागि :

#### प्राथमिकतामा पानीका स्रोत संरक्षण

- खानेपानीका पानीका स्रोत संरक्षण र पूर्वाधारहरूको निर्माण तथा सञ्चालन सबैभन्दा पहिलो प्राथमिकतामा राख्ने छौं । जलवायु परिवर्तनको प्रभावले सुक्दै गएका खानेपानी स्रोत लगायतका विषयहरूसँग जुध्न बहुउपयोगी हुने

गरी मासिएका पोखरी, ताल तलैया, कुवा, धारो जस्ता स्थानीय स्रोतको संरक्षण गरी पानीको पुर्नभरणलाई अभियानको रूपमा सञ्चालन गर्छौं ।

### घण्टौं खानेपानी बोक्नुपर्ने पीडादायी अवस्था अन्त

- नेपालका धेरै बस्तीहरूमा आज पनि घण्टौँ हिँडेर खानेपानी बोक्नुपर्ने पीडादायी अवस्थाले विशेषगरी महिला, बालबालिका र वृद्धको स्वास्थ्य, शिक्षा र समयमाथि गहिरो असर पारिरहेको हुँदा यस्तो असमानता र पीडालाई अन्त्य गर्न पानीको मुहान संरक्षणदेखि शुद्धिकरण, भण्डारण र घरधुरीसम्म वितरण हुने खानेपानी आयोजना उच्च प्राथमिकतामा अघि बढाउने छौं ।

### समुदाय केन्द्रित व्यवस्थापन

- खानेपानीका आयोजनाहरूको निर्माण तथा सञ्चालनमा समुदाय केन्द्रित व्यवस्थापन, स्थानीय तहको नेतृत्व, दिगो प्रविधि र पारदर्शी सेवा प्रणालीमार्फत सबै नागरिकलाई सम्मानजनक, सुरक्षित र सहज खानेपानी पहुँच सुनिश्चित गर्छौं ।

### १. समयमै आयोजना सम्पन्न

- मेलम्ची लगायत सञ्चालनमा रहेका सबै सहरी र ग्रामीण खानेपानी आयो जनाहरू समय भित्रै पूरा गरी स्वच्छ पिउने पानीको पहुँच बढाउन स्रोतको अधिकतम् परिचालन गर्छौं ।

## भू-उपयोग

### योजनाबद्ध भूमि व्यवस्थापन सुरक्षित भविष्यको आधार

अव्यवस्थित भू उपयोग र अनियन्त्रित सहरीकरणले खेती योग्य भूमि घटाउँदै खाद्य सुरक्षा, वातावरणीय सन्तुलन र दिगो विकासमा जोखिम बढाएको छ । हामी भूमि क्षमताअनुसार कृषि, आवास, उद्योग, वन र पूर्वाधार क्षेत्र निर्धारण गरी भूउपयोग योजनामा कडाइका साथ अनुशासन लागु गर्ने छौं । उर्वर कृषि भूमिको संरक्षण गर्दै जोखिमयुक्त क्षेत्रमा निर्माण नियन्त्रण र विकास संरक्षणबिच सन्तुलन कायम गरी उत्पादनशील भूमि जोगाउने छौं । सुरक्षित, समावेशी र दिगो नेपाल निर्माण गर्ने हाम्रो प्रतिबद्धता योजनाबद्ध भूमि व्यवस्थापनमा आधारित हुने छ ।

## भूमि र जीवन पद्धतिः मानव अस्तित्व र खाद्य सुरक्षाको आधार

भूमि जीवन पद्धतिको आधार हो, जसले मानव अस्तित्व, खाद्य सुरक्षा, आवास, पारिस्थितिकीय सन्तुलन, आर्थिक विकास र सामाजिक-सांस्कृतिक महत्त्व सुनिश्चित गर्छ । यो केवल माटो नभई कृषि, पर्यावरण र आर्थिक गतिविधिका लागि अपरिहार्य स्रोत हो । दिगो विकास, जैविक विविधता संरक्षण र गरिबी निवारणका लागि जमिनको उचित व्यवस्थापन र वैज्ञानिक उपयोगमा नेपाली कांग्रेस पूर्ण रूपले प्रतिबद्ध छ । यसका लागिः

### व्यवस्थित र नियन्त्रित भू-उपयोग

- अव्यवस्थित, अनियन्त्रित र दीर्घकालीन योजना बिना भूमिको उपयोगले कृषि योग्य भूमि खण्डित हुँदै आएको, सहरी क्षेत्रमा खाली भूमिको अभाले गर्दा, अनियोजित एवम् जोखिमयुक्त क्षेत्रमा बढिरहेको बसोबासबाट र प्राकृतिक स्रोतको उत्पन्न हुने गम्भीर चुनौतीको संवोधन गर्छौं ।
- भू उपयोगलाई राष्ट्रिय विकासको मुख्य आधार मान्दै, कृषि, आवास, पूर्वाधार, वातावरण र स्थानीय विकासबिच स्पष्ट समन्वय स्थापित गर्दै र सङ्घ, प्रदे श तथा स्थानीय तहबिच भूमिका तथा जिम्मेवारी निर्धारण गर्छौं ।
- कृषि योग्य भूमिको बढ्दो खण्डिकरणलाई रोकि भूमिको उत्पादकत्व बढाउन नीतिगत, संस्थागत र व्यवहारिक उपायहरू लागु गर्छौं ।

### भूमि वर्गीकरण

- कृषि, आवास, औद्योगिक, वन, संरक्षण र जोखिम क्षेत्रको स्पष्ट वर्गीकरण गर्दै स्थानीय तहको अधिकार उपयोगलाई प्रविधि र कानुनी सहयोगमार्फत व्यवस्थित गर्नेछौं । बाढी, पहिरो र भूकम्प जोखिमयुक्त क्षेत्रमा रहेको अनियन्त्रित बसो बासलाई सुरक्षित स्थानमा योजनाबद्ध बस्ती विकासमार्फत स्थानान्तरण गर्ने छौ । सडक, ऊर्जा, उद्योग र विशेष आर्थिक क्षेत्रका लागि भूमि प्रयोग सहज र पारदर्शी बनाउँदै पूर्वाधार परियोजनामा भूमि अधिग्रहण न्यायपूर्ण बनाउँछौं ।
- औद्योगिक क्षेत्रकालागि आवश्यक भूमि कृषि र आवास क्षेत्रबाट टाढा राख्दै उपलब्ध गराइने छ । खेती प्रणालीका लागि भूमि जैविक प्रणालीमार्फत उर्वर र जीवन्त बनाउँदै बाँझो भूमिलाई समुदायको आवश्यकता अनुसार स्थानगत

उपयुक्ततामा आधारित गरेर उत्पादनशील बनाउँछौं । भूमिको महत्व र प्रयोग विषय विद्यालय शिक्षाको पाठ्यक्रममा प्राथमिकताका साथ समावेश गर्छौं ।

# खानी तथा खनिज पदार्थ

## खनिज स्रोतको सुरक्षा, स्थानीय लाभ र राष्ट्रिय समृद्धि हाम्रो प्रतिबद्धता

खानी तथा खनिज स्रोतको अध्ययन, उत्खनन र प्रशोधनमा नीजी क्षेत्रको लगानी आकर्षित गरी वातावरण संरक्षण, स्थानीय समुदायको सहभागिता र लाभ सुनिश्चित गर्दै खनिजलाई मुलुकको मुख्य आर्थिक मेरूदण्ड बनाउने प्रतिबद्धता गर्छौं । यसका लागि :

**खानीबाट प्राप्त लाभांशको उचित हिस्सा स्थानीय समुदायले पाउने व्यवस्था गर्दै वातावरण संरक्षण, अनुगमन र नियमन प्रणाली सुदृढ बनाउँछौं ।**

- सार्वजनिक निजी साझेदारीमार्फत अध्ययन, पुँजी र प्रभावकारी अनुगमन गरी खनिज स्रोतलाई मुलुकको आर्थिक आधारको रूपमा विकास गर्नेछौं ।
- मुलुकभर उपलब्ध खनिज स्रोतको वैज्ञानिक अध्ययन र नक्साङ्कन गरी मूल्यवान खनिजको उत्खनन तथा प्रशोधनमा लगानी आकर्षित गर्न कानुनी प्रक्रिया सरल बनाउँछौं ।
- खानीबाट प्राप्त लाभांशको उचित हिस्सा स्थानीय समुदायले पाउने व्यवस्था गर्दै वातावरण संरक्षण, अनुगमन र नियमन प्रणाली सुदृढ बनाउँछौं ।
- नदीजन्य सामान्य निर्माण सामग्रीको उत्खनन, ग्रेडिङ र बिक्रीको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरी तिनको क्षमता अभिवृद्धि गर्छौं ।

# पर्याप्त ऊर्जा : दिगो पूर्वाधार

## उज्यालो मात्र होइन; आर्थिक उपार्जन

## सेयरबाट स्वरोजगार

*हामी आगामी पाँच वर्षमा देशको कुल विद्युत जडित क्षमता न्यूनतम १४,००० मेगावाट र प्रति व्यक्ति विद्युत खपत ७५० युनिट पुऱ्याउँछौं; बढ्दो खपत, घट्दो महशुलको अवधारणा लागु गर्छौं । राष्ट्रिय ऊर्जा सुरक्षा नीति बनाई ऊर्जा पूर्वाधारलाई सुदृढ बनाउँदै नागरिकलाई स्वच्छ र गुणस्तरीय ऊर्जा सुनिश्चित गर्छौं, पेट्रोल, डिजेललाई क्रमशः प्रतिस्थान गर्छौं ।*

नेपाली कांग्रेसले ऊर्जा विकासलाई प्राथमिकतामा राखेको यथार्थ पार्टीको सरकारले २०४९ सालमा ल्याएको जलविद्युत विकास नीति र हालसम्म पनि प्रचलनमा रहिरहेको विद्युत ऐन २०४९ का साथै जलविद्युत विकास नीति २०५८ बाट स्पष्ट हुन्छ । यद्यपि, हाम्रो सरकारले त्यसबेला समुन्नतिको जुन आशा जगाएको थियो, त्यसयता भएका ठूलाठूला राजनीतिक परिवर्तन र संक्रमणकालीन अस्थिरताले गर्दा अन्य क्षेत्र झैं ऊर्जा उद्योगले पनि नीतिगत सुधारको यथोचित लाभ लिन सकेन ।

नेपाली कांग्रेसले लागु गरेको तिनै उदार जलविद्युत नीतिकै जगमा आजको ऊर्जा उद्योग उभिएको छ । अनुभवी प्राविधिक जनशक्तिको उपलब्धता र बैङ्कहरूको सुधारिएको दक्षताले लगानीको वातावरण थप सुदृढ बनेको छ । बैङ्कहरूले परियोजना बुझेर लगानी गर्न थालेकाले वित्तीय पहुँच बढेको छ । नेपाली निजी क्षेत्रले अहिले ठूला जलविद्युत आयोजना निर्माण गर्न सक्ने आत्मविश्वास र क्षमता हासिल गरेको छ । यो उत्साहलाई ठोस नतिजामा बदल्न आवश्यक नीतिगत सहजता र वित्तीय स्रोतको सही परिचालन गर्ने हो भने, जलविद्युत क्षेत्र मुलुकको औद्योगिक क्रान्तिको मुख्य आधार बन्ने छ ।

नेपाली कांग्रेसले ऊर्जा सुरक्षालाई मध्यनजर गरी **'राष्ट्रिय ऊर्जा सुरक्षा नीति'** बनाउने छ । मुलुकको आर्थिक उन्नति, गरिबी निवारण र वातावरण संरक्षणसँग जोडेर हरेक नागरिकका लागि भरपर्दो र आधुनिक ऊर्जा सुनिश्चित गर्दै हामी उर्जामा आत्मनिर्भर

बन्ने छौं । हाल ऊर्जाको कुल हिस्सामा रहेको करिब २६ प्रतिशत जीवाष्म इन्धन (पेट्रोल/डिजेल) र दाउरा-गुइँठाको प्रयोगलाई घटाएर जलविद्युत र सौर्य ऊर्जा जस्ता स्वच्छ स्रोतले क्रमशः प्रतिस्थापन गर्ने नीति लिने छौं ।

हाम्रो आवश्यकता अनुरूप जलाशययुक्त, अर्धजलाशययुक्त र जलप्रवाहमा आधारित जलविद्युत आयोजनाहरू एवम् सौर्य ऊर्जाको उचित अनुपात मिलाउँछौं । स्वदेशी स्रोतको सही सदुपयोग गर्दै सन् २०४५ सम्ममा 'खुद शून्य उत्सर्जन' (**Net Zero**) को अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने आधार निर्माण गर्छौं । साथै, ऊर्जा वचत र प्रदुषण नियन्त्रणलाई कार्बन व्यापारसँग जोडेर देशको अर्थतन्त्रलाई थप बलियो बनाउछौं ।

**आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि छुट्याइएको १० प्रतिशत अग्राधिकार सेयर खरिद गर्न विपन्न परिवारका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था**

यो पृष्ठभूमिमा, उर्जा सुरक्षा, स्वच्छ ऊर्जा रूपान्तरण र ऊर्जा आत्मनिर्भरता लक्षित राष्ट्रिय ऊर्जा सुरक्षालाई सुनिश्चित गर्दै घरेलु औद्योगिक विकास, प्रसारण संरचना निर्माण र विद्युत व्यापारमा निजी क्षेत्रको समेत सहभागिता मार्फत प्रतिस्पर्धात्मक वातावरण निर्माण गर्न,

नेपाली कांग्रेस निम्न सङ्कल्प गर्दछः

## १. नीतिगत सुधार र नयाँ विद्युत ऐन

विद्युत ऐनमा सुधार, प्राधिकरणको पुनर्संरचना र विपन्न स्थानीय तथा श्रमिकलाई जलविद्युतको लाभ सुनिश्चित गर्छौं । यसका लागि :

- विद्युत ऐन २०४९ लाई प्रतिस्थापन गरी नवीनतम प्रविधिमा आधारित पर्याप्त ऊर्जा उत्पादन, प्रसारण, वितरण र व्यापारमा निजी क्षेत्रको समेत सहभागिता सुनिश्चित गर्ने नयाँ विद्युत ऐन जारी गर्छौं ।
- ऊर्जा क्षेत्रमा व्यवसायगत पृथकीकरण हुने गरी नेपाल विद्युत प्राधिकरणको समय सापेक्ष पुनर्संरचना गर्ने प्रक्रिया अविलम्ब सम्पन्न गर्छौं ।
- हाल आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि छुट्याइएको जलविद्युत कम्पनीहरूको १० प्रतिशत अग्राधिकार शेयर खरिद गर्न सम्बन्धित विपन्न परिवारका लागि लाभांशबाट क्रमशः तिर्दै जानेगरी सहुलियतपूर्ण ऋणको नीतिगत व्यवस्था गर्छौं । आयोजना निर्माणमा संलग्न नेपाली नागरिक श्रमिकहरूलाई पनि त्यस्तो शेयर खरिद गर्ने व्यवस्था र आर्थिक सहुलियत प्रदान गर्छौं ।

## २. उत्पादन, खपत र लगानीको लक्ष्य

पाँच वर्षमा विद्युत खपत ७५० युनिट र जडित क्षमता १४,००० मेगावाट पुऱ्याउँदै बुढीगण्डकी र दुशकोशी जस्ता ठूला आयोजना अघि बढाउँछौं । त्यसका लागिः

- हाल करिब ४५० युनिटको हाराहारीमा रहेको प्रतिव्यक्ति विद्युत खपतलाई आगामी पाँच वर्षभित्र ७५० युनिट पुऱ्याउँछौं । बढ्दो खपत, घट्दो महशुलको अवधारणालाई कार्यान्वयन गर्छौं ।
- हाल करिब ४,००० मेगावाट विद्युत जडित क्षमता रहेकोमा अन्तर्राष्ट्रिय एवम् निजी क्षेत्रको समेत सामुहिक लगानी जुटाएर सौर्य विद्युत सहित थप करिब दश हजार मेगावाट क्षमताका आयोजनाहरूलाई निर्माण चरणमा लैजाने वातावरण मिलाउँछौं र नीतिगत र नियामकीय सुधार गरी कूल जडित क्षमता १४,००० मेगाबाट पुऱ्याउँछौं ।
- आवश्यक परे सरकारबाट 'भायाबिलिटी ग्याप फण्डिङ' उपलब्ध गराउँदै बुढीगण्डकी (१२०० मेगावाट) र दुधकोशी (६७० मेगावाट) जस्ता जलाशययुक्त एवम् अर्धजलाशययुक्त बेतन-कर्णाली (४३९ मेगावाट) र चैनपुर सेती (२१० मेगावाट) आयोजनाहरूको निर्माण राष्ट्रिय प्राथमिकताका साथ सुरू गर्छौं ।
- विगत ३० वर्षदेखि अलपत्र रहेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना (५०४० मेगावाट) लाई राष्ट्रिय हितको अधिकतम रक्षा गर्दै प्राविधिक र राजनीतिक सहमति मार्फत कार्यान्वयनमा लैजान गम्भीर पहल गर्छौं ।

## ३. निजी क्षेत्रमैत्री नीति

जल ऊर्जामा निजी लगानी वृद्धि गर्न आवश्यक कानुनी र नीतिगत सुधार गर्छौं । जसका लागि :

- जलविद्युत आयोजनाले पालना गर्नुपर्ने वन, जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रियालाई छ महिनाभित्र टुङ्ग्याउने गरी 'एकद्वार प्रणाली'को व्यवस्थासहित कानुनी सुधार गर्छौं । अहिले निर्माण चरणमा रहेका जलविद्युत आयोजनाहरूले भोगिरहेका त्यस्ता विविध समस्याहरूको समाधानका लागि उचित सहजीकरण गर्छौं ।

- देशको आवश्यकता र दीर्घकालीन योजना अनुसार जलविद्युत आयोजनाहरूको व्यापारिक उत्पादन गर्नुपर्ने मितिलाई वस्तुनिष्ठ र ठोस आधारमा विस्तार गर्छौं । सबै प्रकृतिका जलविद्युत आयोजनाहरूको उत्पादन र प्रसारण अनुमति पत्र अवधि पचास वर्ष सुनिश्चित गर्छौं ।
- जलवायु परिवर्तनको जोखिमको सामना समेत गर्दैजानु पर्ने पृष्ठभूमिमा जलविद्युत आयोजनाको अध्ययन तथा निर्माण एवम् सञ्चालन/संभार खर्चमा बढोत्तरी हुनजाने अवस्था र प्रतिस्पर्धात्मक बजारबाट निर्धारण हुने विद्युतको मूल्यलाई समेत दृष्टिगत गर्दा विद्युत बिक्रीको मौजुदा रोयल्टी दरमा वृद्धि नहुने गरी निजी क्षेत्रलाई विद्युत उत्पादनमा प्रोत्साहन गर्छौं ।

जलविद्युत आयोजनाहरूको उत्पादन र प्रसारण अनुमति पत्र अवधि पचास वर्ष सुनिश्चित

- विद्युत खरिद-बिक्रीका अन्य विकल्प नआँउदासम्म आन्तरिक माग र अन्तर्देशीय विद्युत बजारको मागलाई मध्यनजर गर्दै न्यूनतम वित्तीय जोखिम व्यवस्थापनको ढाँचा तय गरी **Take or Pay** सिद्धान्तकै आधारमा विद्युत खरिदलाई निरन्तरता दिन्छौं ।

## ४. प्रसारण पूर्वाधार र अन्तरदेशीय विद्युत व्यापार

प्रसारण प्रणाली सुदृढ गर्छौं र जगेडा विद्युत निर्यात बढाउँछौं । यसका लागि :

- आगामी पाँच वर्षभित्र भारतसँगका चमेलिया-जौलिजिबी २२० के.भी., नानपारा-कोहलपुर १३२ के. भी. का अतिरिक्त इनरूवा-पूर्णिया र दोदोधारा-बरेली ४०० के.भी. तथा चीनसँगको केरूङ-चिलिमे २२० के. भी. अन्तर्देशीय प्रसारण लाइनहरूको निर्माण सम्पन्न गर्छौं ।
- आन्तरिक रूपमा पूर्व-पश्चिम विद्युत राजमार्ग र विभिन्न करिडोरका प्रसारण लाइनहरू समयसीमा भित्रै सम्पन्न गरी प्रसारण प्रणाली गुरूयोजनाको आधारमा पर्याप्त क्षमताको राष्ट्रिय ग्रिड विस्तार गर्छौं । र, त्यसको निरन्तर अनुगमन गर्ने प्रणाली स्थापित गर्छौं ।
- स्वदेशी खपतपछि जगेडा हुनजाने विद्युत निर्यातका लागि अन्तर्देशीय व्यापार मा रहेका जटिलता फुकाउन छिमेकी देशहरूसँग राजनीतिक र कूटनीतिक पहलमा जोड दिन्छौं । नेपाल-भारत विद्युत व्यापारलाई उप-क्षेत्रीय तहसम्म विस्तार गर्न प्रभावकारी आर्थिक कूटनीति अवलम्बन गर्छौं ।

## ५. पहुँच र स्थानीय अर्थतन्त्र

विद्युत पहुँच, कृषि र उद्योगमा बिजुलीको खपत वृद्धि गर्दै ऊर्जामा युवालाई रोजगारी र उपभोगमा विपन्नलाई राहतको व्यवस्था गर्छौं । यसका लागिः

- राष्ट्रिय ग्रिडको विस्तार र भरपर्दो वितरण प्रणाली मार्फत शतप्रतिशत जनतामा गुणस्तरीय विद्युत पहुँच सुनिश्चित गर्छौं । वितरण प्रणालीको अटोमेसन र आधुनिकीकरण गरी सदृढ गर्छौं ।
- ग्रामीण क्षेत्रमा विद्युतको उपयोगलाई बत्ती बाल्ने कार्यमा मात्र सीमित नगरी स्थानीय अर्थतन्त्रको उत्थान र उत्पादनशील कार्यमा जोड्ने नीति लिने छौं ।
- खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ पुऱ्याउन र कृषि प्रशोधनमा प्रयोग हुने विद्युतको महसुलमा सहुलियत दिने व्यवस्था मिलाई परम्पागत खेतीलाई आधुनिक खेतीमा बदल्न पहल गर्छौं ।
- स्वच्छ खाना पकाउने कार्य Clean Cooking मा हरित जलवायु कोषबाट प्राप्त रकमलाई सदुपयोग गरी आगामी पाँच वर्षमा सबै विपन्न घरधुरीलाई विद्युतीय चुल्हो अनुदानमा वितरण गर्छौं र त्यसको प्रयोगका लागि जरूरी घरेलु विद्युतीय पूर्वाधारलाई समेत सुदृढ गर्छौं ।
- कोल्ड स्टोरेज, दुग्ध प्रशोधन केन्द्र र कृषि उद्योगहरूलाई पचास प्रतिशत सहुलियत दरमा बिजुली उपलब्ध गराउँछौं ।
- स्वदेशमै जलविद्युतीय प्रविधिबाट रासायनिक मल कारखाना स्थापनाको प्रक्रिया सुरू गर्छौं ।
- विद्युत विकासलाई नेपाली युवाहरूको रोजगारीका लागि आकर्षक क्षेत्रका रूपमा स्थापित गर्न निजी ऊर्जा उद्यमीसँगको समेत सहकार्यमा जलविद्युतमा युवा रोजगारी कार्यक्रमलाई अघि बढाउँछौं ।
- नेपालमा सुरक्षित र विश्वसनीय व्यवसायिक ग्रिन डाटा सेन्टर स्थापना गर्न कर सहुलियत, भरपर्दो ऊर्जा तथा इन्टरनेट पूर्वाधार व्यवस्थाका लागि स्पष्ट नीति ल्याउँछौं ।
- उदीयमान ऊर्जा प्रविधि सम्बन्धी योजनाहरूको पहिचान गरी तिनको प्रवर्धन गर्न आवश्यक पहल गर्छौं ।

# दूरसञ्चार, सूचना प्रसारण, सूचना प्रविधि र डिजिटल रूपान्तरण

## समावेशी, सुरक्षित र डिजिटल नेपाल

*हामी डिजिटल नेपालको लक्ष्य व्यवहारमा उतार्दै पूर्वाधार विस्तार, द्रुत इन्टरनेट, ग्रामीण ब्रोडब्यान्ड, डिजिटल साक्षरता र समावेशी सेवालाई प्राथमिकता दिने छौं । सार्वजनिक-निजी साझेदारीमार्फत दूरसञ्चार र सूचना प्रविधि सुदृढ गर्दै रेडियो, टिभी, अनलाइन, हुलाक र कुरियरलाई डिजिटल प्रणालीसँग जोडेर नागरिक, व्यवसाय र शासनबिचको दूरी घटाउँदै दुर्गमदेखि सहरी क्षेत्रसम्म सबै नागरिकलाई डिजिटल अवसरमा समान पहुँच दिने हाम्रो स्पष्ट प्रतिबद्धता छ ।*

नेपाली कांग्रेस प्रत्येक नागरिकलाई सुलभ, सस्तो, गुणस्तरीय र विश्वसनीय सञ्चार सेवा उपलब्ध गराउने; गाउँदेखि सहर सबैतिर मोबाइल, इन्टरनेट, रेडियो, टेलिभिजन र हुलाक सेवामा समान पहुँच सुनिश्चित गर्ने; सञ्चार माध्यमलाई स्वतन्त्र, दिगो र उत्तरदायी बनाउँदै लोकतन्त्रको मेरूदण्डको रूपमा विकास गर्ने; डिजिटल प्रविधि र साइबर सुरक्षालाई प्रयोग गरी सशक्त नागरिक र समावेशी समाज निर्माण गर्ने; हुलाक र ठेगाना प्रणालीमार्फत् नागरिक सेवा जोड्ने, सूचना प्रवाह पारदर्शी बनाउने र डिजिटल नेपालको आधार तयार गर्ने सङ्कल्प गर्दछ ।

नेपालको सामाजिक, आर्थिक र लोकतान्त्रिक विकासमा दूरसञ्चार, सञ्चार माध्यम र सूचना प्रवाहले निर्णायक भूमिका खेलेको छ । पछिल्ला तीन दशकमा मोबाइल, टेलिफोन, टेलिभिजन, रेडियो, छापा सञ्चार, अनलाइन मिडिया, इन्टरनेट र हुलाक सेवाको विस्तारले सूचना पहुँच सुधार गरेको छ । रेडियो र टेलिभिजनले गाउँ गाउँसम्म सूचना पुऱ्याइरहेका छन् भने अनलाइन र सामाजिक सञ्जालले सार्वजनिक बहस र नागरिक सहभागितालाई सशक्त बनाएका छन् । नेपाली कांग्रेसले आर्थिक उदारीकरण, निजी क्षेत्रमैत्री नीति र खुला बजारमार्फत दूरसञ्चार क्षेत्रलाई प्रतिस्पर्धी, प्रविधिमैत्री र प्रभावकारी बनाउँदै सेवा विस्तारलाई तीव्र बनाएको छ । प्रेस तथा सञ्चार स्वतन्त्रतालाई लोकतन्त्रको आधार मान्दै बहुलवादी सञ्चार

संरचना सिर्जना गर्नु कांग्रेसको गर्व हो । हामी सूचना तथा सञ्चारको सन्तुलित विकास, सहज पहुँच र सिर्जनात्मक प्रयोग सुनिश्चित गर्न प्रतिबद्ध छौं ।

सञ्चार क्षेत्रमा उल्लेखनीय प्रगति हुँदाहुँदै पनि समावेशी, गुणस्तरीय र दिगो सेवा अझै सुनिश्चित हुन सकेको छैन । दुर्गम र पहाडी क्षेत्रमा टेलिफोन, मोबाइल, फाइबर नेटवर्क र प्रसारण पूर्वाधार पर्याप्त छैन, हुलाक सेवा आधुनिकीकरण हुन सकेको छैन, र डिजिटल गोपनीयता, साइबर सुरक्षा तथा सेवा विश्वसनीयतामा चुनौतीहरू बढिरहेका छन् । बजारमुखी लगानी सहरी केन्द्रमा सीमित हुँदा राज्यको हस्तक्षेप कमजोर भयो, इन्टरनेट र मोबाइल सेवा महँगो, गति र स्थायित्व अपेक्षा अनुसार भएन, तथा प्रभावकारी नियमन र प्रतिस्पर्धा प्रवर्धन कमजोर रह्यो । रेडियो, प्रेस, छापा र अनलाइन मिडिया आर्थिक रूपमा कमजोर भएका छन्, विज्ञापन सीमित हुँदा व्यवसायिक स्वतन्त्रता प्रभावित भएको छ र श्रमजीवी पत्रकार तथा सञ्चारकर्मी सामाजिक सुरक्षा र मर्यादित कामबाट वञ्चित छन् ।

**सञ्चार माध्यमलाई स्वतन्त्र, दिगो र उत्तरदायी बनाउँदै लोकतन्त्रको मेरूदण्डको रूपमा विकास गर्ने**

नेपाली कांग्रेस हुलाक सेवाको आधुनिकीकरण, डिजिटल साक्षरता, आधुनिक पूर्वाधार विस्तार, आर्थिक तथा प्रविधिमैत्री वातावरण सिर्जना, तथा नागरिक, व्यवसाय र सरकारी सेवासँगको एकीकरण सुनिश्चित गर्दै सबै नागरिकका लागि गुणस्तरीय, पहुँचयोग्य र दिगो सञ्चार सेवामा समान पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता राख्दछ ।

यो पृष्ठभूमिमा नेपाली कांग्रेस दूरसञ्चार, सञ्चार र सूचना प्रसारण क्षेत्रलाई समावेशी, आधुनिक, सुरक्षित र लोकतान्त्रिक विकासको आधार बनाउन निम्न रणनीतिक सुधारहरू अघि बढाउन प्रतिज्ञा गर्छ :

## १. सार्वभौमिक पहुँच र पूर्वाधार विस्तार

सबै स्थानीय तहमा मोबाइल, इन्टरनेट र प्रसारण पूर्वाधारको न्यूनतम मापदण्ड सुनिश्चित गर्छौं । ग्रामीण र दुर्गम क्षेत्रमा राज्य-निजी साझेदारीमार्फत फाइबर नेटवर्क, टावर र प्रसारण संरचना विस्तार गर्छौं । विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक सेवास्थलमा उच्च गतिको इन्टरनेट पहुँच सर्वसुलभ पार्दै **सबैका लागि सञ्चार, सबैका लागि अवसर** साकार बनाउँछौं ।

## २. गुणस्तरीय र सस्तो सेवा

दूरसञ्चार सेवाको गुणस्तर मापन र उपभोक्ता संरक्षण प्रणाली कडाइका साथ कार्यान्वयन गर्नेछौं । प्रतिस्पर्धा प्रवर्धन गरी सेवाको लागत घटाउने र गुणस्तर बढाउने नीति अवलम्बन गरी ग्रामीण क्षेत्रसम्म विशेष सहुलियतका सहित सेवाहरू विस्तार गर्छौं ।

## ३. सञ्चार माध्यमको संस्थागत सुदृढीकरण :

एफएम, सामुदायिक र सबै रेडियो, टेलिभिजन, प्रेस, अनलाइन मिडिया, सामाजिक सञ्जालका लागि सञ्चालन उपयोग र त्यसको व्यावसायिक प्रयोजनको दिगो आर्थिक मोडेल विकास गर्छौं । सार्वजनिक सेवा प्रसारणको अवधारणालाई सुदृढ बनाउँछौं । सञ्चार माध्यमको स्वतन्त्रता, व्यावसायिकता र उत्तरदायित्व सुनिश्चित गर्छौं ।

सबै क्षेत्रका सञ्चार कर्मीका लागि मर्यादित काम, न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा अनिवार्य गर्छौं ।

## ४. श्रम अधिकार र सामाजिक सुरक्षा

सबै क्षेत्रका सञ्चारकर्मीका लागि मर्यादित काम, न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा अनिवार्य गर्छौं ।

## ५. हुलाक सेवालाई डिजिटल युगसँग जोड्ने

- हुलाक सेवालाई डिजिटल प्लेटफर्म, इ-कमर्स, सरकारी सेवा वितरण र नागरिक सेवासँग एकीकृत गर्ने छौं । स्थानीय तहसम्म हुलाक सेवालाई नागरिकमैत्री बनाउने छौं । राज्यको नागरिकसँगको प्रामाणिक सम्पर्क र कार्यसञ्चालनमा चिठी पत्र, पार्सल तथा द्रुतडाक सेवालाई यसका उपभोक्तासम्म भरपर्दो बनाउँछौं ।
- कानुन कार्यान्वयन र आर्थिक गतिविधी एवम् सामाजिक व्यवहारमा व्यक्ति तथा संस्थाको सम्पर्क ठेगाना नभएकोले कठिनाई पर्न गएको हुँदा हरेक घरसँग सम्बन्ध, प्रत्येक नागरिकसँग पहुँच नाराकासाथ विश्वव्यापी मानकको ठेगाना प्रणाली दुई वर्षभित्र तयार गरी प्रयोगमा ल्याउँछौं ।
- कूरियर सेवालाई प्रतिस्पर्धी र जवाफदेही सेवाको रूपमा विकास गरी वितरणलाई शीघ्र र विश्वसनीय बनाउँछौं ।

अनलाइन र सामाजिक सञ्जालले सार्वजनिक बहस र नागरिक सहभागितालाई सशक्त बनाएका छन् ।

## ६. डिजिटल शासन, साइबर सुरक्षा र साक्षरताः

साइबर सुरक्षा, डिजिटल गोपनीयता र सूचना विश्वसनीयताका लागि कानुनी र संस्थागत सुधार गर्ने छौं । डिजिटल साक्षरता कार्यक्रमलाई राष्ट्रिय अभियानका रूपमा विस्तार गर्ने छौं । सरकारी सूचना प्रणालीलाई सुरक्षित, पारदर्शी र नागरिकमुखी बनाइने गर्ने छौं ।

# सूचना प्रविधि

## डिजिटल पौरख, क्लाउडमा काम
## नेपाली युवाको विश्वमा नाम

*हामी नेपाललाई विश्वस्तरको उदीयमान 'डिजिटल हब' मा रूपान्तरण गर्दै सूचना प्रविधि उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको सबल आधारस्तम्भ बनाउने छौं । ज्ञानमा आधारित डिजिटल अर्थतन्त्रमार्फत नेपाली युवाहरूको नवप्रवर्तन र सिपलाई विश्व बजारसँग जोड्दै देशलाई दिगो आर्थिक रूपान्तरणको नयाँ दिशामा अग्रसर बनाउने हाम्रो स्पष्ट ध्येय छ ।*

नेपाललाई आधुनिक डिजिटल युगमा प्रवेश गराउने आधार नेपाली कांग्रेसकै आर्थिक उदारीकरण र खुला बजार नीतिमा आधारित छ। २०४६ सालको जनआन्दोलनपछि कांग्रेसले अवलम्बन गरेको दूरदर्शी नीति सुधारका कारण आज प्रत्येक नेपालीको हातमा मोबाइल र इन्टरनेट पुगेको छ । २०४९-२०५४ को अवधिमा दूरसञ्चार ऐन, नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना र निजी क्षेत्रको प्रवेश खुला गरेर कांग्रेसले सञ्चार क्षेत्रमा ऐतिहासिक क्रान्ति ल्यायो । सूचना प्रविधि नीति २०५७, राष्ट्रिय सूचना प्रविधि केन्द्र, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, ई-गभर्नेन्स, डिजिटल हस्ताक्षर र विद्युतीय कारोबार ऐनमार्फत डिजिटल पूर्वाधार निर्माण गरी राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि नीति २०७२ को खाका तयार पारिएको हो । आज नेपाली युवाहरूले विश्व बजारमा आईटी सेवा निर्यात गरी अर्थतन्त्रमा योगदान पुऱ्याइरहेका छन् । नेपाली कांग्रेस प्रविधि मैत्री, सशक्त र सम्मुन्नत नेपाल निर्माणमा प्रतिबद्ध छ ।

### गाउँदेखि विश्वसम्म सूचनामा समान अधिकार

- **नेपाल बस्ने विश्व हेर्ने:** नेपाली आईटी कम्पनीहरूलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन 'From Nepal to the World' अभियान नेपाली आईटी कम्पनीहरूलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन विदेशमा शाखा विस्तार र वैदेशिक मुद्रा व्यवस्थापनका लागि सरल, पारदर्शी र झन्झटमुक्त नीतिगत व्यवस्था गर्छौं ।

**नेपाली आईटी कम्पनीहरूलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन 'From Nepal to the World' अभियान**

सूचना प्रविधि क्षेत्रको योगदान कुल गार्हस्थ्य उत्पादनमा पाँच प्रतिशत

- **डिजिटल निर्यात र रोजगारी :** आगामी पाँच वर्षभित्र सूचना प्रविधि क्षेत्रको योगदान कुल गार्हस्थ्य उत्पादनमा पाँच प्रतिशत पुऱ्याई चार खर्ब सम्मको सेवा निर्यात गर्दै यस क्षेत्रमा कम्तीमा १ लाख उच्च गुणस्तरको रोजगारी सिर्जना गर्छौं ।
- **डिजिटल 'नो म्याड' गन्तव्य :** सबै डिजिटल पूर्वाधारलाई अन्तरराष्ट्रिय स्तरको बनाई नेपाललाई 'नो म्याड' गन्तव्यको रूपमा विकास गर्न सबै नीतिगत संरचनाहरू निर्माण गरी शुल्क मुक्त प्रवेषज्ञा उपलब्ध गराउँछौं ।
- **विश्वस्तरीय लगानी आकर्षण :** बहुराष्ट्रिय प्रविधि कम्पनीहरूलाई नेपालमा विकास र नवप्रवर्तन केन्द्र स्थापना गर्न आकर्षित गर्ने गरी स्थिर र लगानी मैत्री वैदेशिक प्रत्यक्ष लगानी नीति लागु गर्छौं
- **उच्चस्तरीय समन्वय संयन्त्र :** प्रधानमन्त्रीको नेतृत्वमा विज्ञहरू सम्मिलित उच्चस्तरीय आईटी तथा डिजिटल अर्थतन्त्र परिषद् गठन गरी खण्डिकृत नीतिहरूलाई एकीकृत र नतिजामुखी बनाउछौं ।
- **डिजिटल पूर्वाधारमा लगानी :** सस्तो र उच्च गतिको इन्टरनेट, सुरक्षित राष्ट्रिय क्लाउड प्रणाली र भरपर्दो विद्युत् आपूर्तिलाई सार्वजनिक पूर्वाधारका रूपमा प्राथमिकताका साथ विस्तार गरी डिजिटल पहुँच, लोकतन्त्रको सुदृढीकरणमा उपयोग गर्छौं ।
- **स्वदेशी प्रविधिलाई प्राथमिकता :** सरकारी डिजिटल परियोजनाहरूमा स्थानीय आईटी कम्पनीहरूको सहभागिता र साझेदारी सुनिश्चित हुने गरी सार्वजनिक खरिद प्रणालीमा सुधार गर्छौं ।
- **मानव पुँजी विकासका लागी STEM शिक्षा :** विद्यालय तहदेखि नै कोडिङ्, आर्टिफिसियल इन्टेलिजेन्स (AI) र साइबर सुरक्षा जस्ता विषयलाई STEM शिक्षा शिक्षाको मूलधारमा समाहित गरी दक्ष जनशक्ति तयार पार्छौं ।
- **कुटनीतिक पहल :** नेपाली नियोगहरूलाई डिजिटल व्यापार प्रवर्धन केन्द्रका रूपमा परिचालन गरी सरकार-सरकार बिचको सहकार्य मार्फत नेपाली डिजिटल सेवाको अन्तर्राष्ट्रिय बजार विस्तार गर्छौं ।

सस्तो र उच्च गतिको इन्टरनेट, सुरक्षित राष्ट्रिय क्लाउड प्रणाली र भरपर्दो विद्युत् आपूर्ति

# डिजिटल रूपान्तरण

## सुशासन र आर्थिक वृद्धिका लागि डिजिटल रूपान्तरण

नेपाली कांग्रेसले डिजिटल रूपान्तरण र डिजिटल सुशासनलाई नागरिकको जीवन सहज, सेवा छरितो र राज्य जवाफदेही बनाउने मूल आधारका रूपमा स्थापित गर्नेछ । डिजिटल सार्वजनिक पूर्वाधारलाई नागरिक पहिचान, विद्युतीय भुक्तानी, राष्ट्रिय तथ्याङ्क र सरकारी सेवालाई एकीकृत गरी आर्थिक गतिविधि पारदर्शी, व्यवसायमैत्री र रोजगारी उन्मुख डिजिटल नेपाल निर्माण गर्ने हाम्रो स्पष्ट दृष्टि छ ।

डिजिटल युगको नेतृत्व गर्ने नेपाली कांग्रेसले आधुनिक अर्थतन्त्र र सुशासन डिजिटल पूर्वाधारमै आधारित हुन्छ भन्ने यथार्थलाई स्पष्ट रूपमा स्विकार गर्दछ । यही आधारमा नेपाली कांग्रेसले डिजिटल सार्वजनिक पूर्वाधारलाई आर्थिक वृद्धि र सुशासनको केन्द्रमा राखेको छ । डिजिटल रूपान्तरण प्रविधिको प्रयोग मात्र होइन, उत्पादकत्व वृद्धि, नागरिक अधिकारको सुनिश्चितता, सार्वजनिक सेवा प्रवाहको सरलीकरण र राज्यको जवाफदेहिताको प्रभावकारी माध्यम हो भन्नेमा कांग्रेस दृढ छ। सुरक्षित र एक आपसमा जोडिएका डिजिटल प्रणालीमार्फत निजी क्षेत्रको नवप्रवर्तन, स्टार्टअप प्रवर्धन र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्दै, नारामा सीमित होइन व्यवहारिक, जिम्मेवार र नागरिक केन्द्रित डिजिटल शासनमार्फत जीवनस्तरमा वास्तविक रूपान्तरण गर्ने हाम्रो स्पष्ट प्रतिबद्धता छ ।

डिजिटल रूपान्तरणकालागि डिजिटल सार्वजनिक पूर्वाधारमा नेपाली कांग्रेसका निम्न सङ्कल्पहरू छन् :

डिजिटल सार्वजनिक पूर्वाधारलाई आर्थिक वृद्धि र सुशासनको केन्द्रमा राख्ने

- **राष्ट्रिय परिचयपत्र; अन्तरआबद्ध एकीकृत डिजिटल पहिचान :** नेपाली कांग्रेसले डिजिटल रूपान्तरण र डिजिटल सुशासनका लागि राष्ट्रिय परिचयपत्रलाई डिजिटल सार्वजनिक पूर्वाधार (DPI) को मूल आधार बनाउँदै नागरिकको जीवन सरल, सेवा छरितो र राज्यलाई जवाफदेही बनाउने छ । नागरिक पहिचान, मार्फत समावेशी डिजिटल भुक्तानी, राष्ट्रिय तथ्याङ्क र सरकारी सेवाको एकीकरणले शुल्क, कर, सामाजिक सुरक्षा लगायत सबै सरकारी

कुनै पनि सरकारी निकायले सेवाग्राहीसँग विवरण एकपटक मात्र माग गर्न पर्ने 'Once-Only Principle' लागु गरिने

भुक्तानीलाई छिटो, पारदर्शी र झन्झटरहित बनाइने छ । भौगोलिक विकटता, डिजिटल साक्षरता तथा मोबाइल इन्टरनेट पहुँचको यथार्थलाई ध्यानमा र ाख्दै सामान्य मोबाइल र आवश्यक स्थानमा इन्टरनेट बिना भुक्तानी सम्भव हुने प्रणाली विकास गरी सबै नागरिकका लागि व्यवसायमैत्री, रोजगारी उन्मुख र समावेशी डिजिटल नेपाल निर्माण गर्नेछौं ।

- **प्रविधिमैत्री सरकारी सेवा** : सरकारी निकायहरूका सूचना प्रणालीबिच प्रभावकारी अन्तर-आबद्धता सुनिश्चित गर्न **Government Data Exchange Platform** कार्यान्वयनमा ल्याउँछौं । यसलाई व्यवस्थित गर्न आवश्यक कानुन प्रथामिकताका साथ तर्जुमा गर्छौ । कुनै पनि सरकारी निकायले सेवाग्राहीसँग विवरण एकपटक मात्र माग गर्न पर्ने 'Once-Only Principle' लागु गरिने छ, जसले नागरिकलाई एउटै विवरण पटक-पटक बुझाउनुपर्ने झन्झटबाट मुक्त गरी सार्वजनिक सेवालाई छिटो, छरितो र प्रविधिमैत्री बनाउँछौं ।

- **प्रणालीमा विश्वास र डाटा सुरक्षा** : आम नागरिकको गोपनीयताको अधिकारको पूर्ण रक्षा गर्दै राज्य संकलित संवेदनशील व्यक्तिगत डाटा तथा सूचनाको अनधिकृत प्रयोगलाई गम्भीर अपराध मानी नागरिक मैत्री तथ्याङ्क सुरक्षा कानुन मार्फत विश्वसनीय सुरक्षा प्रणाली लागु गर्छौं । सबै संवेदनशील तथ्याङ्क अनिवार्य रूपमा नेपालभित्र सुरक्षित भण्डारण गर्छौं । खुला तथ्याङ्कको अवधारणा अनुरूप सबै प्रकारका तथ्याङ्कहरू पहुँचयोग्य र प्रयोग सहज बनाउँछौं । तथ्याङ्क सुरक्षा राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले अत्याधुनिक साइबर सुरक्षा केन्द्र स्थापना गरी नागरिकको गोपनीयता र देशको डिजिटल सुरक्षा सुदृढ बनाउँछौं ।

- **सार्वभौम क्लाउड पूर्वाधार** : सरकारी सेवाहरूमा रहेको नागरिकहरूको व्यक्तिगत तथ्याङ्क र सूचनाहरू (**Personal Data**) तथा अन्य सरकारी तथ्याङ्कहरू छरिएर रहेका जोखिमयुक्त सर्भरहरूमा रहेको अवस्थालाई विस्थापित गरी 'जिरो ट्रस्ट' (**Zero Trust**) सिद्धान्तमा आधारित एक एकीकृत र सुरक्षित 'सार्वभौम क्लाउड पूर्वाधार' निर्माण गर्नेछौं । स्वदेशी निजी क्षेत्रका क्लाउड प्रदायकहरूलाई समेत निश्चित सुरक्षा मापदण्डभित्र रहेर यस पूर्वाधारमा सहभागी गराउनेछौं, जसले डिजिटल अर्थतन्त्रमा स्वदेशी लगानी र रोजगारी बढाउछौं ।

राष्ट्रिय परिचयपत्र डिजिटल सार्वजनिक पूर्वाधार (DPI) को मूल आधार

# पर्यटन

## दिगो पर्यटन विकास : राष्ट्रिय अर्थतन्त्रको आधार
## वार्षिक ३० लाख पर्यटक

*हाम्रा अमूल्य सभ्यता, सम्पदा र निधिलाई केवल इतिहासको पानामा मात्र सीमित नराखी र भौगोलिक विशिष्टतालाई उपयोग गर्दै पर्यटनलाई रोजगारी, उद्यमशीलता र स्थानीय समुन्नतिको मुख्य आधारस्तम्भ बनाउदै नेपाललाई विश्वकै उत्कृष्ट प्राकृतिक, आध्यात्मिक र सांस्कृतिक गन्तव्य बनाउने सङ्कल्प गर्छौं ।*

नेपाली कांग्रेसले नेपालको पर्यटनलाई आधुनिक र विश्वव्यापी बनाउन १९९२ मा खुला आकाश नीतिमार्फत निजी वायुसेवा र विदेशी लगानीको ढोका खोलेको थियो । 'नेपाल भ्रमण वर्ष १९९८' जस्ता अभियानको जग बसाल्नुका साथै विभिन्न देशहरूसँग द्विपक्षीय हवाई सेवा सम्झौता र सांस्कृतिक सहयोग आदानप्रदान र सम्पर्क विस्तारमा गर्दै नीतिगत सुधारमा हवाई नीति २०६३, पर्यटन नीति २०६५ र २०८२ आउनु नेपाली कांग्रेसकै देन हो । विश्वस्तरमा नेपाललाई बुद्ध र सगरमाथाको देशका रूपमा चिनाउन, जनकपुर-लुम्बिनी-काठमाडौं आध्यात्मिक करिडोरको अवधारणा ल्याउन, लुम्बिनी र जनकपुरलाई अन्तर्राष्ट्रिय आध्यात्मिक केन्द्र बनाउन, युनेस्कोको सम्पदामा सुचिकृत सम्पदाको संरक्षण गर्न, राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्न तथा पर्यटकीय क्षेत्रमा सञ्चार र यातायात सञ्जाल विस्तारमा कांग्रेसको योगदान महत्त्वपूर्ण छ ।

पर्यटन पूर्वाधारको व्यवस्थापनको कमजोरी, हवाई भाडा दरलाई प्रतिस्पर्धी बनाउन नसकिएको, युरोपेली हवाइ सुरक्षा प्रतिवन्धबाट नेपाललाई हटाउन नसक्नु लगायतका पर्यटन सम्बन्धी कमी-कमजोरी सुधार्न र पर्यटनलाई स्थानीय रोजगारी, उद्यमशीलता र समुन्नतिको मूल आधार बनाउन हामी निम्न सङ्कल्प गर्छौं :

### १. शान्ति, ध्यान र आरोग्यको विश्व गन्तव्य बनाउन 'आरोग्य नेपाल' को नारा सहित निम्न कार्यक्रमहरू गर्छौं ।

- योग, ध्यान, आयुर्वेद र जडीबुटीलाई एकीकृत गरी 'आरोग्य नेपाल' अभियानलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा सञ्चालन गर्छौ । नेपाललाई विश्वको 'आध्यात्मिक राजधानी'का रूपमा ब्रान्डिङ गर्छौं ।
- विदेशी पर्यटकका लागि 'वेलनेस र डिजिटल नोम्याड भिसा' को व्यवस्था गर्छौं ।
- स्वास्थ्य सेवामा आयुर्वेद, प्राकृतिक उपचार र योग-ध्यानलाई जोड्दै प्रमुख पर्यटकीय क्षेत्रहरूमा 'वेलनेस जोन' र योग प्रयोगशालाहरू निर्माण गर्छौं ।

### २. नेपाली सभ्यता र संस्कृतिलाई रोजगारी र उद्यमशीलतासँग जोड्न जीवन्त सभ्यता र स्थानीय जीवनशैलीको अनुभव नारा सहित निम्न कार्यहरू गर्छौं :

- नेपाली सभ्यता र जीवनशैलीको प्रत्यक्ष अनुभवका लागि सामुदायिक होम स्टे र सहरी घरवास कार्यक्रम प्रवर्धन गर्छौं ।
- स्थानीय भेषभूषा, रैथाने खानपान र शिल्पकलालाई पर्यटन प्याकेजका रूपमा ब्रान्डिङ गरिने छ ।
- प्रमुख पर्यटकीय गन्तव्यहरूमा स्थानीय परम्परा झल्किने सांस्कृतिक भिलेज निर्माण गर्छौं ।
- सामुदायिक वन र सिमसार क्षेत्रलाई स्थानीय सहभागितामा पर्या-पर्यटन केन्द्र बनाउने व्यवस्था गर्छौं ।

### ३. नेपालमा रहेका धार्मिक र सांस्कृतिक धरोहरहरूलाई विश्व बजारलाई चिनाउन सांस्कृतिक करिडोर बनाउन 'आस्थाको यात्रा' नारा सहित निम्न कार्यहरू गर्छौं :

- सांस्कृतिक र आध्यात्मिक अनुसन्धानका लागि काठमाडौँ, पोखरा, लुम्बिनी, जनकपुर, मुक्तिनाथ र कर्णालीमा अन्तर्राष्ट्रिय अध्ययन केन्द्र स्थापना गर्छौं ।
- जनकपुर-मिथिला, लुम्बिनी, काठमाडौं उपत्यका, हिमाली, किरात, कर्णाली तथा सुदूरपश्चिमका संस्कृति अनुसार क्षेत्रीय सांस्कृतिक राजधानी र पर्यटन सर्किट निर्माण गर्छौं ।

- 'जनकपुर-लुम्बिनी-काठमाडौँ' आध्यात्मिक र 'बुद्ध-टु-शिव' Spiritual जस्ता डिजिटल कोरिडोर लगायत मुक्तिनाथ, जनकपुर र लुम्बिनीलाई हवाई र सडक सञ्जालले जोडी एकीकृत पर्यटकीय सर्किट बनाउने काम गर्छौं ।
- प्रदेशमा विषयगत पर्यटकीय गन्तव्यहरू बनाउँदै सम्पदा जीर्णोद्धारमा मौलिक शैली अनिवार्य गर्छौं ।

## ४. एक्काईसौं शताब्दिको आवश्यकता बमोजिम डिजिटल सम्पदा र पर्यटनको अवधारणा लागु गर्न निम्न कार्यहरू गर्छौं :

- पर्यटन यात्रा सहज र झन्झटरहित बनाउन बहुभाषिक डिजिटल पर्यटन प्लेटफर्म लागु गर्छौं ।
- पर्यटन सेवा डिजिटल गरी एकीकृत AI पोर्टलबाट अनुमति, जानकारी, गुनासो र सेवा one-stop रूपमा उपलब्ध गर्छौं ।
- सम्पदाहरूको जानकारी दिन अन्तरक्रियात्मक एप, ५ जी कनेक्टिभिटी र डिजिटल अर्काइभको व्यवस्था गर्छौं ।
- कला-संस्कृतिको डिजिटल ब्रान्डिङमा युवाहरूलाई प्रोत्साहन गर्न विशेष कोष स्थापना गर्छौं ।

## ५. सुरक्षित र किफायती हवाई सेवा उपलब्ध गराई नेपाललाई आकर्षक गन्तव्यको रूपमा स्थापित गर्न निम्न कार्यहरू गर्छौं :

- नेपाल आउने विदेशी पर्यटक र आन्तरिक यात्रुहरूका लागि हवाई भाडा सस्तो बनाउन विमानस्थल सञ्चालन, **Landing Parking**, हवाई इन्धनको अतिरिक्त शुल्क आदि घटाई नेपाल खर्चको हिसाबले र आकर्षक गन्तव्यको रूपमा स्थापित गर्छौं ।
- एयर ट्राफिक व्यवस्थापन चुस्त बनाएर आकाशमा हुने विमानको होल्डिङ समय न्यूनिकरण व्यवस्था गर्छौं ।
- नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियामक गरी दुई स्वायत्त निकायमा विभाजन गरी हवाई सुरक्षा सुदृढ गर्छौं ।
- नेपाललाई युरोपियन युनियनको हवाई सुरक्षा सम्बन्धी सेफ्टी लिस्टबाट हटाउन पहल गर्छौं ।

**आगामी १० वर्षभित्र वार्षिक ३० लाख पर्यटक भित्र्याउने लक्ष्य**

- पोखरा र भैरहवा विमानस्थललाई पूर्ण क्षमतामा चलाउन र विश्वका प्रमुख सहरबाट सिधा उडान सम्पर्क गर्न उच्चस्तरीय कूटनीतिक पहल गर्छौं ।
- आगामी १० वर्षभित्र वार्षिक ३० लाख पर्यटक भित्र्याउने लक्ष्य र पर्यटन क्षेत्रको हिस्सा कुल गार्हस्थ्य उत्पादनमा १५ देखि २० प्रतिशत पुऱ्याउने लक्ष्यको लागि नेपालका विमानस्थलहरू यात्री मैत्री, सुविधायुक्त बनाउन आवश्यक स्रोतको व्यवस्था गर्छौं ।
- नेपाल वायुसेवा निगमको ६ महिना भित्र व्यवस्थापन सुदृढीकरण मार्फत "जनताको ध्वजाबाहक"मा रूपान्तरण गर्छौं ।

### ६. विविधताले सम्मृद्ध हाम्रो चलन, प्रचलनहरूलाई मौलिक उत्सव र लोककलाको सम्मानको नारा सहित संरक्षण र सम्बर्धन गर्न निम्न कार्यहरू गर्छौं :

- नेपाली उत्सव र जात्राहरूको अन्तर्राष्ट्रिय क्यालेन्डर बनाई विश्वव्यापी बजारीकरण गर्छौं ।
- कलाकार र शिल्पकारहरूलाई प्रोत्साहन गर्न राष्ट्रिय कला कोष र बजारको व्यवस्था गर्छौं ।
- युनेस्को सम्पदा क्षेत्रमा परम्परागत कला झल्किने 'इन्टरप्रिटेटिभ भिलेज' निर्माण गर्छौं ।
- विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमार्फत रैथाने खाना, भेषभूषा र संगीतको प्रवर्धन गर्छौं ।
- हस्तकलालाई पर्यटन आपूर्ति शृङ्खलासँग जोड्दै ऐतिहासिक गढी, किल्ला र दरबारहरूको संरक्षण गर्छौं ।

### ७. पर्यटनसँग शिक्षा, रोजगारी र सहभागितालाई जोड्न हामी निम्न कार्यहरू गर्छौं :

- पाठ्यक्रममा योग, ध्यान र आरोग्य पर्यटन समावेश गरी १० हजार युवा र महिलालाई मार्केटिङ र डिजिटल उद्यमशीलताको तालिम दिने व्यवस्था गर्छौं ।
- पर्यटन क्षेत्रमा आबद्ध महिला तथा युवा उद्यमीलाई विशेष कर छुट र सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्छौं ।

- पर्यटन विकासमा सार्वजनिक-निजी-सामुदायिक साझेदारी (PPCP) मोडेल अवलम्बन गर्छौं ।
- पर्यटन क्षेत्रमा मर्यादित रोजगारी र समान ज्यालाको नीति सुनिश्चित गर्छौं ।

## ८. उच्च हिमाली क्षेत्रको पर्यटन, हिमाल संरक्षण र जलवायु अनुकूलनको नारा सहित निम्न कार्यहरू गर्छौं

- 'सफा हिमाल, सुरक्षित आरोहण' मार्फत सफा हिमाल, पदमार्ग स्तरोन्नति, सुरक्षा मापदण्ड र खोज तथा उद्धार प्रभावकारी बनाउने व्यवस्था गर्छौं ।
- पर्वतारोहण रोयल्टीको ३० प्रतिशत रकम सीधै हिमताल संरक्षण र स्थानीय जलवायु अनुकूलनमा खर्च गर्छौं ।
- आरोहीहरूका लागि व्यक्तिगत पूर्वानुमान सेवा उपलब्ध गर्छौं ।
- पर्या-मैत्री रिसोर्टहरू स्थापनाका लागि सहुलियतपूर्ण ऋण र विद्युतीय महसुलमा लगायतको छुटको व्यवस्था गर्छौं ।
- नेपाललाई 'Carbon-Negative' पदयात्रा गन्तव्यको रूपमा ब्रान्डिङ गर्छौं ।
- हिमालमा फोहोर फाल्नेलाई कडा जरिवाना र सफाइ गर्नेलाई विशेष पुरस्कारको व्यवस्था गर्छौं ।

पर्यामैत्री रिसोर्टहरू स्थापनाका लागि सहुलियतपूर्ण ऋण र विद्युतीय महसुलमा लगायतको छुटको व्यवस्था

## ९. नेपाली स्वाद

रैथाने खानपानको प्रबर्धन र राष्ट्रिय र अन्तराष्ट्रिय बजारीकरण गर्न निम्न कार्य गर्छौं ।

- सातै प्रदेशका रैथाने परिकार, सामग्री र गुणस्तर समेटिएको '**Nepali Gourmet Guide**' तयार गरी नेपाली स्वादको अन्तर्राष्ट्रिय ब्रान्डिङ गर्छौं ।
- अर्गानिक कृषि र स्थानीय पेय पदार्थलाई गुणस्तर प्रमाणीकरणसहित पर्यटन आपूर्ति शृङ्खलामा जोड्ने कार्य गर्छौं ।
- पर्यटकीय होटलहरूमा स्थानीय रैथाने मेनु प्रोत्साहित गर्छौं ।
- नेपाली मसला र जडीबुटीयुक्त खानालाई 'मेडिसिनल फुड' को रूपमा प्रचार गर्छौं ।

# सहकारी – लघुवित्त

## सुरक्षित बचत सहुलियतपूर्ण ऋण

वि.सं. २०१० मा सहकारी विभागको स्थापना र २०१३, सालमा नेपालकै पहिलो सहकारी 'बखानपुर सहकारी ऋण समिति' को गठन, २०४६ साल पश्चात् सहकारीलाई अर्थतन्त्रको 'तेस्रो खम्बा' का रूपमा संवैधानिक मान्यता दिलाउन कांग्रेसले अग्रणी र ऐतिहासिक भूमिका निर्वाह गरेको विषयलाई हामी सगौरव स्मरण गर्छौं ।

सहकारीमार्फत सामाजिक-आर्थिक रूपान्तरण, सामाजिक न्याय, स्रोतको पुनर्वितरण र गरिबी निवारण गर्न कांग्रेस प्रतिबद्ध छ । वर्तमान समयमा सहकारी क्षेत्रमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न बचत सुरक्षण कोषको प्रभावकारी कार्यान्वयन र ठगी विरूद्ध 'शून्य सहनशीलता'को नीति अघि सारेको छ । सहकारी क्षेत्रमा देखिएका वर्तमान चुनौतीहरूलाई सम्बोधन गर्दै शक्तिशाली नियमन र संस्थागत सुशासन मार्फत सहकारीलाई जोखिमरहित, डिजिटल, उत्पादनमुखी र अर्थतन्त्रको भरपर्दो आधारशीला बनाउने हाम्रो दृढ सङ्कल्प छ । सहकारी र लघुवित्तको विकास, सुधार र सुरक्षाका लागि हामी निम्न प्रतिज्ञा गर्छौं :

**१. सुदृढ नियमन र सुपरिवेक्षण :** बचतकर्ताको सुरक्षा र ठगी विरूद्ध 'शून्य सहनशीलता' को नीतिलई राष्ट्रिय सहकारी नियमन प्राधिकरण मार्फत नियमन गर्न निम्न कार्यहरू गर्छौं :

- २५ करोड भन्दा माथि कारोवार गर्ने ऋण तथा बचत सहकारीको हकमा नेपाल राष्ट्र बैङ्कले नियमन गर्ने व्यवस्था गर्छौं ।
- सङ्घ, प्रदेश र स्थानीय तहबिचको दोहोरोपन हटाउन र नियमनलाई प्रभावकारी बनाउन प्राविधिक जनशक्ति र डिजिटल प्रविधिसहितको सुपरिवेक्षण प्रणाली लागु गर्छौं ।
- बचतकर्ताको रकमको सुरक्षा गर्न पारदर्शी हिसाब-किताब, नियमित अडिट, डिजिटल ट्र्याकिङ, जोखिमको पूर्वसङ्केत प्रणाली र ठगीलाई कारबाहीको व्यवस्था गर्छौं ।

**२. साना बचतकर्ताको बचत फिर्ता :** समस्याग्रस्त सहकारीहरूको वचतकर्ताको वचतको फिर्ता गर्ने निम्न कार्यहरू गर्छौं :

नियतबस नतिर्ने ऋणको बैङ्क खाता रोक्का राख्ने र सरकारी सेवामा रोक, निर्वाचनमा उम्मेदवार बन्न नपाउने गरी कानुनी व्यवस्था

- पाँच लाखसम्मका साना बचतकर्ताको रकम सरकारको जमानीमा आन्तरिक ऋणपत्र (**Bond**) जारी गरी प्राधिकरणमार्फत फिर्ता गर्छौं ।
- ठूला बचतकर्ताहरूको बचत रकम कानुन बमोजिम स्रोत खुलाई करको दायरामा ल्याई फिर्ताको लागि सहजीकरण गर्छौं । सहकारीको रकम ठगी गर्नेको सम्पत्ति जफत गरी बचत फिर्ता गर्ने कानुनी सुनिश्चितता गर्छौं ।

**३. समस्याग्रस्त सहकारी केन्द्रित प्रयास :** समस्याग्रस्त बचत तथा ऋण सहकारी संस्थाहरूको सम्बन्धमा निम्न कार्यहरू गर्छौं :

- पछिल्लो कारोबारको आधारमा अलग अलग कार्यसमुह बनाई सम्पत्ति दायित्वको फरफारक गर्नेदेखि पुन:संञ्चालन वा खारेजीको सिफारिसको अधिकार दिने व्यवस्था गर्छौं ।
- नियतबस नतिर्ने ऋणको बैङ्क खाता रोक्का राख्ने र सरकारी सेवामा रोक, निर्वाचनमा उम्मेदवार बन्न नपाउने गरी कानुनी व्यवस्था गर्छौं ।
- सहकारीलाई निजी व्यवसायजस्तो चलाउने, स्वार्थ समूहले कब्जा गर्ने र सदस्य हितविरूद्ध निर्णय गर्ने प्रवृत्तिलाई कानुनी दायरा ल्याएर कारबाही गर्छौं ।

**४. तहगत अधिकार र नियमन :** संविधानको अनुसूचीहरूमा व्यवस्था भएको आधारमा सहकारी संस्थाको नियमन र मापदण्ड सङ्घले बनाउने, प्रदेश र स्थानीय तहले सहकारी संस्थाको दर्ता तथा अभिलेख र सुशासन प्रणालीलाई प्रभावकारी बनाउने प्रावधान स्पष्ट गर्छौं ।

**५. बचतको बिमा :** बचत तथा ऋण सहकारी संस्थाहरूको निश्चित सीमासम्मको रकमको बिमा अनिवार्य गर्छौं ।

**६. पूर्ण डिजिटल सहकारी :** सबै सहकारीका काराबार र सूचना प्रणालीलाई पूर्ण डिजिटल अभिलेखीकरण अनिवार्य गर्दै नियामक निकायले रियलटाइम अनुगमन गर्न सक्ने 'एकीकृत डिजिटल प्रणाली' लागु गर्छौं ।

**७. एक गाँउ, एक उत्पादन :** सहकारीलाई उत्पादन र निर्यातमा सहभागी बनाउन विशेष सहुलियत र अनुदानको व्यवस्था गर्दै 'एक गाँउ, एक उत्पादन' को अवधारणालाई गाँउ-गाँउमा पुऱ्याउने व्यवस्था गर्छौं ।

**८. संसदीय छानबिन प्रतिवेदनको पूर्ण कार्यान्वयन :** सहकारीका सम्बन्धमा अध्ययन गर्न बनेका कार्यदलका आवश्यक र संसदीय छानविन समितिका प्रतिवेदनहरूलाई पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्यायको प्रत्याभूति गर्छौं ।

**९. लघुवित्त र मिटरब्याज पीडितका लागि नेपाली कांग्रेसको प्रतिज्ञाः** लघुघिवित्त र मिटरव्याजमा देखिएको विसंगितिहरू र समस्याहरूलाई निराकरण गर्न निम्न कार्यहरू गर्छौं ।

**मिटरब्याजी (अनुचित लेनदेन) को पूर्ण अन्त्य गर्न :**

- **मिटरब्याजीलाई 'गम्भीर आर्थिक अपराध'** को रूपमा परिभाषित गरी कडा कानुनी कारबाही गर्छौं । पीडितहरूको हडपिएको सम्पत्ति र जग्गा फिर्ता गर्ने प्रक्रियालाई उच्च प्राथमिकताका साथ व्यवस्थित गर्छौं ।
- **लघुवित्त ऋण पुनर्संरचना र मिनाहा :** अति विपन्न, असहाय र प्राकृतिक विपत्ति (भूकम्प, बाढी आदि) बाट प्रभावित साना ऋणीहरूको हकमा ब्याज मिनाहा र ऋणको पुनर्संरचनाका लागि विशेष राहत प्याकेजको व्यवस्था गर्छौं ।
- **उचित ब्याजदर कायम :** लघुवित्त संस्थाहरूले लिने सेवा शुल्क र ब्याजदरलाई वैज्ञानिक ढंगले परिमार्जन गरी उचित सीमाभित्र राख्न नेपाल राष्ट्र बैङ्क मार्फत आवश्यक नीतिगत व्यवस्था गर्छौं ।
- **बहुबैंकिङ्मा रोक :** एकै व्यक्तिले धेरै लघुवित्तबाट ऋण लिने र कर्जाको चक्रमा फँस्ने अवस्था अन्त्य गर्न 'एक व्यक्ति, एक लघुवित्त कर्जा' को अवधारणा कडाइका साथ लागु गर्छौं ।
- **पीडितलाई कानुनी र मानसिक सहायता :** मिटरब्याज र लघुवित्तका कारण मानसिक र शारीरिक यातना भोगेका पीडितहरूका लागि स्थानीय तहमा निःशुल्क कानुनी सहायता र मनोसामाजिक परामर्शको व्यवस्था गर्छौं ।
- **मर्यादित वित्तीय सेवा, ऋणीको सुरक्षा :** नेपाल राष्ट्र बैङ्कको निर्देशन उल्लङ्घन गरी ऋणीलाई मानसिक तनाव दिने, घरदैलोमा पुगेर अपमान गर्ने वा अनावश्यक शुल्क लिने लघुवित्त संस्थाहरूलाई कारबाही गर्छौं । **वित्तीय साक्षरता र सचेतनाका लागी** ग्रामीण क्षेत्रमा वित्तीय साक्षरता अभियान सञ्चालन गर्छौं ।
- **सहुलियतपूर्ण कर्जाको सहज पहुँच :** मिटरब्याजीको भर पर्नु नपर्ने वातावरण बनाउन विपन्न वर्गका लागि वित्तीय संस्थाहरूबाट विना धितो र सरल प्रक्रियामा 'सहुलियतपूर्ण कर्जा' उपलब्ध गराउने सुनिश्चितता गर्छौं ।
- **छानबिन आयोगको प्रतिवेदन कार्यान्वयन :** मिटरब्याज पीडितका सम्बन्धमा गठन गरिएका विभिन्न सरकारी आयोग र कार्यदलका प्रतिवेदनहरूलाई पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्यायको प्रत्याभूति गर्छौं ।

अति विपन्न, असहाय र प्राकृतिक विपत्ति (भूकम्प, बाढी आदि) बाट प्रभावित साना ऋणीहरूको हकमा ब्याज मिनाहा र ऋणको पुनर्संरचनाका लागि विशेष राहत प्याकेज

# वातावरण संरक्षण र जलवायु परिवर्तन

## हरित विकास; सुरक्षित भविष्य

*वातावरण तथा वन संरक्षण, कार्बन उत्सर्जन कटौती, हरित अर्थतन्त्र र विपद्को पूर्व-तयारी मार्फत बढ्दो प्रदूषण र जलवायु परिवर्तन, प्राकृतिक विपद्ले जनस्वास्थ्य र जनजीविकामा पारेको गम्भीर सङ्कटलाई न्युनीकरण गर्छौं ।*

## वातावरण संरक्षण

**सफा बनाऔँ गाउँ सहर, स्वस्थ रहन्छ प्रत्येक घर**

प्राकृतिक स्रोतको संरक्षण, पुनर्स्थापना र सदुपयोगलाई प्राथमिकता, जलस्रोत तथा जैविक विविधताको संरक्षण, सबै खाले प्रदूषणको नियन्त्रण, स्वच्छ ऊर्जाको प्रवर्धन र उपयोग, वातावरणमैत्री प्रविधिको अवलम्वन, वातावरणीय सचेतनाको अभिवृद्धि गरी वर्तमान र भावी पुस्ताको जीवनलाई स्वस्थ र सुरक्षित गर्ने दिशामा नेपाली कांग्रेस सदा प्रतिबद्ध छ । नेपाली कांग्रेसको अग्रसरतामा २०५३ मा पारित वातावरण संरक्षण ऐनले पहिलो पटक प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को स्वीकृतिलाई अनिवार्य तथा प्रदूषणको रोकथाम र नियन्त्रणलाई महत्व दिएको थियो । विश्वव्यापी तापक्रम वृद्धिलाई रोक्न कार्बन उत्सर्जन कटौति गर्ने, वन संरक्षण गर्ने, अनुकूलन योजना लागु गर्ने तथा हरित अर्थतन्त्रको विकास गरी मुलुकलाई सम्मृद्ध बनाउन निम्न सङ्कल्प गर्दछः

### १. स्वच्छ वातावरण, मौलिक अधिकारको पूर्ण कार्यान्वयन

- संविधानले प्रत्याभूत गरेको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने मौलिक हकलाई व्यवहारमा उतार्दै हावा, पानी, भूमि र खाद्य प्रणालीका लागि कडा राष्ट्रिय वातावरणीय मापदण्ड लागु गर्छौं ।
- हावा, पानी, भूमि, नदी र वनजङ्गलमा हुने प्रदूषणलाई पूर्णरूपमा रोकथाम गरी प्राकृतिक सम्पदाको संरक्षण गर्छौं ।

विकास र वातावरणबिच सन्तुलन

## २. विकास तथा वातावरण सन्तुलनसहित हरित विकास

- पूर्वाधार, सहरी विकास, उद्योग र सार्वजनिक सेवामा न्यून कार्बन र वातावरणमैत्री प्रविधिको अनिवार्य प्रयोग गर्दै विकास र वातावरणबिच सन्तुलन कायम गर्छौं ।
- वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रक्रियालाई औपचारिकतामा मात्र सीमित नराखी कानुनी प्रावधान र मापदण्डहरूको अक्षरसः पालना हुने सुनिश्चितता गर्छौं ।

## ३. वन र जैविक विविधताको दिगो संरक्षण

- देशको कुल वन क्षेत्र कम्तीमा ४६ प्रतिशत कायम राख्दै वन, जैविक विविधता, भू तथा जलाधार, सिमसार, ताल र पोखरीहरू र प्राकृतिक पारिस्थितिक प्रणालीको संरक्षण गर्छौं ।
- वन डढेलोको समस्यालाई न्यूनीकरण गर्न प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गर्छौं ।

## ४. प्रदूषण नियन्त्रण र स्वस्थ जीवन प्रणाली

- वायु, जल, माटो र प्लास्टिकजन्य प्रदूषण नियन्त्रणका लागि प्रभावकारी निगरानी, दण्ड प्रोत्साहन प्रणाली लागु गर्छौं तथा सुरक्षित खाद्य प्रणाली र वातावरणमैत्री कृषिको प्रवर्धन गर्छौं ।

# जलवायु परिवर्तन

### वन, पानी र जलवायु बचाऔँ; सङ्कबाट देश जोगाऔँ

जलवायु परिवर्तन नेपालका लागि केवल वातावरणीय चुनौती नभई विकास, जीविकोपार्जन र राष्ट्रिय सुरक्षासँग जोडिएको गम्भीर सङ्क हो। तापक्रम वृद्धिका कारण हिमाल र हिमनदी पग्लनु, पानीका दीर्घकालीन स्रोत सुक्नु, बाढी, पहिरो, डढेलोको आवृत्ति बढ्नु, कृषि उत्पादन घट्नु र जनस्वास्थ्यमा नयाँ जोखिम देखिनु जलवायु परिवर्तनका प्रत्यक्ष प्रभाव हुन् । जलवायु परिवर्तन कुनै एउटा देश वा क्षेत्रमा मात्र सीमित नभई सीमानाभन्दा बाहिर फैलिएको विश्वव्यापी समस्या हो ।

न्यून कार्बन उत्सर्जन गर्ने देश भए पनि नेपाल जलवायु परिवर्तनका असरबाट अत्यधिक प्रभावित मुलुकमध्ये पर्छ ।

नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय मञ्चहरूमा महत्वाकांक्षी प्रतिबद्धता जनाएको छ । नेपाली कांग्रेस सरकारका पालामा सन् २०२१ मा भएको COP २६ मा नेपालले सन् २०४५ सम्म नेट-जिरो कार्बन उत्सर्जन राष्ट्र बन्ने घोषणा गरेको थियो । त्यसै अनुरूप राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) र अनुकूलन योजनाहरू तयार भएका थिए । घोषित प्रतिबद्धताहरूलाई ठोस परिणाममा बदल्न आवश्यक पर्ने वित्तीय स्रोत, प्रविधि, संस्थागत क्षमता र स्पष्ट कार्ययोजनाको सुनिश्चितताका लागि नेपाली कांग्रेस निम्न सङ्कल्प गर्दछः

## १. नेट जिरो लक्ष्यतर्फ रूपान्तरणकारी सुधार

- ऊर्जा, यातायात, उद्योग र पूर्वाधार क्षेत्रमा संरचनागत सुधार गर्दै सन् २०४५ सम्म नेट जिरो उत्सर्जन राष्ट्र बन्ने राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्छौं ।
- औद्योगिक तथा घरायसी क्षेत्रमा प्रयोग हुने ऊर्जालाई वातावरणमैत्री बनाउन स्वच्छ र नवीकरणीय ऊर्जाको अनुपातमा उल्लेख्य वृद्धि गर्छौं ।

## २. जलवायु अनुकूलन विकास

- जलवायु-अनुकूल कृषि (सिँचाइ, बिउ-बिजन, बिमा), वन संरक्षण, जलवायु-उत्थानशील (Climate Resilient) जलविद्युत् र सौर्य ऊर्जाको प्रवर्धन गर्दै विद्युतीय चुलो, विद्युतीय सवारी तथा सार्वजनिक यातायातको विस्तारमा आधारित दिगो पर्यटनको विकास गर्छौं ।

## ३. अन्तर्राष्ट्रिय जलवायु वित्तका प्राप्ति, क्षति तथा हानी कोष

- ग्रीन क्लाइमेट फन्ड (GCF), लस एण्ड ड्यामेज फन्ड, विश्व बैङ्क र एसियाली विकास बैङ्क जस्ता अन्तर्राष्ट्रिय स्रोतहरूबाट प्राप्त हुने जलवायु वित्तलाई आगामी दिनमा रणनीतिक, परिणाममुखी र समन्वितरूपमा परिचालन गर्छौं ।
- निजी क्षेत्र तथा वैदेशिक लगानीलाई आकर्षित गर्दै अन्तर्राष्ट्रिय र आन्तरिक जलवायु वित्तका स्रोतहरू पहिचान, प्राप्ति र प्रभावकारी उपयोग गर्न आवश्यक कानुनी तथा संस्थागत संरचना निर्माण गर्छौं ।

## ४. कार्बन संचिती तथा कार्बन व्यापार

- उर्जा, वन संरक्षण, फोहोरमैला व्यवस्थापन, विद्युतीय सवारी र विद्युतीय चुलो जस्ता क्षेत्रहरूलाई समेट्दै कार्बन सञ्चिति र कटौतीका परियोजनाहरू सञ्चालन गरि नेपाललाई अन्तर्राष्ट्रिय कार्बन व्यापारमा अर्थपूर्ण सहभागी गर्छौं ।

## ५. जलवायु न्याय, हरित रोजगारी र नवप्रवर्तन

- जलवायु न्यायको लागि महिला, आदिवासी, सीमान्तकृत समुदायलाई केन्द्रमा राखी अनुकूलन कार्यक्रम, बिमा, रोजगारी र प्रत्यक्ष सहायताका कार्यक्रम संचलन गर्छौं ।
- स्थानीय र परम्परागत ज्ञानलाई आधुनिक विज्ञानसँग जोड्दै युवालाई नवप्रवर्तनमा सहभागी गराएर हरित रोजगारी सिर्जना गर्छौं ।

## ६. तीनै तहमा जलवायु शासन सुदृढीकरण

- जलवायु परिवर्तनका जोखिमहरूलाई न्यूनीकरण गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वय कायम गरि पूर्वसूचना प्रणाली र जलवायु-उत्थानशील योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्छौं ।

## ७. सुदृढ अन्तर्राष्ट्रिय उपस्थिति

- जलवायु अनुकूलन र न्यूनीकरणका क्षेत्रमा नेपालले गरेका सामुदायिक वन जस्ता सफल अभ्यासहरू विश्वस्तरमा साझा गर्छौं ।
- हिन्दुकुश हिमालय क्षेत्र र हाम्रा हिमालहरूमा बढ्दो तापक्रमका कारण हिउँ पग्लिएर सिर्जित सङ्कका विरूद्ध नेपाल लगायतका प्रभावित मुलुकहरूको नेतृत्व गर्दै COP लगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले नेतृत्वदायी भुमिका निर्वाह गर्ने छ ।

# विपद् व्यवस्थापन

## सुरक्षित बस्ती; संरक्षित जीवन
## पूर्व तयारीसहितको विपद् व्यवस्थापन

*जोखिम न्यूनीकरण, पूर्वतयारी, तत्काल उद्धार र पुनर्स्थापनालाई एकीकृत गर्दै प्रमाणमा आधारित नीति, सक्षम संस्थागत संयन्त्र र समुदायको सहभागितामार्फत विपद् जोखिम न्यून गर्ने प्रभावकारी, समावेशी र उत्तरदायी विपद् व्यवस्थापन प्रणाली निर्माण गर्ने हाम्रो ध्येय छ ।*

नेपाल भौगोलिक रूपमा उच्च विपद् जोखिम भएको देश हो। भूकम्प, बाढी, पहिरो, डढेलो र चट्याङजस्ता विपद्जन्य घटनाका कारण वर्षेनी नेपालमा ठूलो मात्रामा धनजन तथा पूर्वाधारको क्षति हुँदै आएको छ । विपद् पश्चात् गरिने उद्धार, प्रतिकार्य र राहत वितरणमा केन्द्रित परिपाटीबाट सुरक्षित पूर्वाधार निर्माण, विपद्को पूर्व तयारी, जनचेतनाको अभिवृद्धि र समुदायको सक्रिय र राज्यको प्रभावकारी तयारी तर्फ विपद् व्यवस्थापनलाई लिएर जानु पर्ने आजको आवश्यकता छ। अतः "विपद् उत्थानशील विकासः समुन्नतिको आधार" भन्ने नाराका साथ नेपाली कांग्रेस निम्न सङ्कल्प गर्दछः

### १. नीतिगत सुधार र संस्थागत सुदृढीकरण

- मौजुदा नीति, नियम र संस्थागत संरचनाहरूको समीक्षा गरी समयानुकूल परिमार्जन गर्छौं ।
- साथै विपद् व्यवस्थापन कार्य गर्दा 'कोही नछुटुन् र कोही नदोहोरिउन्' भन्ने सिद्धान्तलाई अङ्गीकार गर्छौं ।
- विपद् र जलवायु जोखिम व्यवस्थापनका लागि राष्ट्रिय स्तरको क्षमता विकास गर्न हाल भएका सरकारी र अन्य उपयुक्त संस्थाहरूको क्षमता अभिवृद्धि गर्छौं । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्राधिकरणलाई दिगो विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक क्षमता र जनशक्तिको विकास गर्छौं ।

- प्राकृतिक प्रकोपका लागि पूर्वसूचना, बिमा, राहत, उद्धार र पुनःस्थापना प्रणाली सुदृढ गर्छौं ।

## २. विपद् जोखिम मूल्याङ्कन र सुरक्षित एकीकृत बस्ती विकास

- मुलुकका सम्भाव्य जोखिम क्षेत्रहरूको विपद् जोखिम मूल्याङ्कन गर्ने र वातावरणीय प्रभाव तथा विपद् जोखिम अध्ययनका आधारमा मात्र भौतिक पूर्वाधार निर्माण गर्छौं ।
- जोखिमयुक्त बस्तीहरूको अध्ययन गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्दै एकीकृत नमूना बस्ती विकास गर्छौं ।

## ३. प्रविधिमा आधारित पूर्वसूचना प्रणाली

- नवीनतम प्रविधिहरूको प्रयोग गरी पूर्व सूचना प्रणाली, जोखिम नक्साङ्कन र वितरण आदि कार्यहरूलाई चुस्त र दुरूस्त बनाउने साथै केन्द्र देखि विपद् जोखिम समुदायसम्म समय अगावै सम्भाव्य विपद् जोखिमको सूचना प्रदान गरी मानवीय र भौतिक क्षति कमी गर्छौं ।
- मुख्य तथा सहायक नदीहरूमा विपद् पूर्व सूचना प्रणाली क्रमशः स्थापना र सञ्चालन गर्छौं ।

## ४. विपद् व्यवस्थापनका लागि प्रदेश र स्थानीय तहको सक्षमता

- स्थानीय र प्रदेश सरकारहरूको विपद् व्यवस्थापन कार्यक्रम तय, कार्यान्वयन र समीक्षाका लागि आवश्यक क्षमताको अभिवृद्धि गरी विपद् व्यवस्थापन कार्यहरूलाई चुस्त र दुरूस्त बनाउछौं ।

## ५. स्थानीय तहसँगको प्राविधिक समन्वय र भवन संहिता पालना

- भविष्यमा गरिने विपद् प्रतिकार्यलाई पूर्वतयारी र जोखिम न्यूनीकरण केन्द्रित सोचबाट सम्पन्न गर्छौं ।

- विपद् प्रतिकार्यका लागि हरेक स्थानीय तहको सहकार्यमा कम्तिमा १०० जनाको युवा समूह तयार गर्छौं ।
- जलवायु परिवर्तनबाट पर्ने जोखिम न्यूनीकरणका लागि तीनै तहका सरकारहरूबिच समन्वय संयन्त्र विकास गर्छौं ।
- भूकम्पबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि राष्ट्रिय भवन संहिता (**Building Code**) निर्माण गरी स्थानीय सरकारसँग समन्वय गरी अनिवार्य रूपमा कार्यान्वयन गर्छौं ।

## ६. प्राकृतिक प्रकोप नियन्त्रण तथा जलाधार व्यवस्थापन

- स्थानीय निर्माण सामग्री र प्रविधिको प्रयोग गरी भू-क्षय, बाढी र कटान नियन्त्रण गर्दै भू तथा जलाधारको संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत परिचालन गर्छौं ।

## ७. शिक्षामा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

- आधारभूत तथा उच्च शिक्षाको पाठ्यक्रममा जलवायु परिवर्तन, विपद् व्यवस्थापन र पूर्व तयारी सम्बन्धी विषय समावेश गर्दै प्राकृतिक प्रकोपजन्य जोखिम न्यूनीकरणका लागि नवप्रवर्तनमा युवाहरूको सहभागिता र आकर्षण बढाउछौं ।

# सामाजिक न्याय, समावेशिता र समावेशी विकास

## समान अधिकार, न्यायको आधार
## समावेशी समाज, समुन्नत नेपालको सार

बहुलता र विविधताबिचको एकतालाई सुदृढ गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, मधेसी, आदिवासी-जनजाति, दलित, मुस्लिम, थारू, अपाङ्गता भएका व्यक्ति, भूमिहीन, मुक्त कमैया-कमलरी, मुक्त हरवा-चरवा, मुक्त हलिया, बादी समुदाय लगायत ऐतिहासिक कालखण्डदेखि नै संरचनागत विभेदको शिकार भई वञ्चितीकरण तथा बहिष्करणमा परेका सीमान्तकृत सबै वर्ग तथा समुदायलाई पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठाको सिद्धान्तको आधारमा समाजमा विद्यमान सबै किसिमका संरचनागत विभेद र असमानताको अन्त्य गर्छौं । हामी सामाजिक न्याय र समावेशीकरणलाई मूलमन्त्रका रूपमा आत्मसात गरी न्यायपूर्ण र समतामूलक समाज स्थापना गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने छौं । समावेशी विकास, पहिचानको सम्मान, सकारात्मक विभेद, समानुपातिक-समावेशीकरण र संरचनागत विभेदको अन्त्य गरी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक उत्थान र विकास गरी देशको विकास र प्रगतिमा यो समुदायलाई अभिन्न अंगको रूपमा स्थापित गर्छौं । उक्त बृहत्तर उद्देश्य हासिल गर्नका लागि देहाय बमोजिमका प्रतिज्ञा गर्छौं :

### १. गरीब र विपन्न समुदायको जीविकोपार्जन र उत्थान

**समाजमा विद्यमान सबै किसिमका संरचनागत विभेद र असमानताको अन्त्य**

- निरपेक्ष गरिबीको रेखामुनि रहेका झण्डै २० प्रतिशत जनताको जीविकोपार्जन तथा आर्थिक उपार्जन वृद्धि गर्नका लागि स्थानीय तहसँगको समन्वय, साझेदारी तथा सहकार्यमा घुम्ती कोष मार्फत सहुलियतपूर्ण कर्जा प्रवाह गर्छौं ।
- अति गरीब, सीमान्तकृत, दलित, थारू, महिला, मधेसी, आदिवासी-जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्रलाई आर्थिक विकास तथा उत्थानमा राज्यको योगदान रहने गरी स्थानीय सरकार र वित्तीय संस्था मार्फत सङ्घीय सरकारको संयुक्त ग्यारेन्टीमा कर्जा सुविधा दिने छौं ।

- विपन्न वर्गलाई व्यवसाय सुरू बिना धितो कर्जा उपलब्ध गराउँछौं ।
- घरबारविहीन र जोखिममा रहेका नागरिकका लागि सामुदायिक गृह (Community Home) र सुरक्षित आश्रयस्थल (Shelter Home) को निर्माण गर्छौं ।
- गरिब तथा विपन्न परिवारका बालबालिकालाई उच्च शिक्षासम्म पूर्ण छात्रवृत्ति र परिवारका सबै सदस्यलाई शतप्रतिशत निःशुल्क स्वास्थ्य बिमा गर्छौं ।

निरपेक्ष गरिबीको रेखामुनि रहेका झण्डै २० प्रतिशत जनताको जीविकोपार्जन तथा आर्थिक उपार्जन वृद्धि

## २. सीमान्तकृत, वञ्चितीकरण तथा बहिष्करणमा परेका वर्ग तथा समुदायको उत्थान

- ऐतिहासिक कालदेखि नै संरचनागत विभेदको शिकार भई वञ्चितीकरण तथा बहिष्करणमा परेका सीमान्तकृत समुदायको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक उत्थान र विकासका लागि विशेष कार्यक्रम लागु गर्छौं ।
- यस्ता समुदाय अझै पनि राज्यको मूल प्रवाहमा आइनसकेको वास्तविकतालाई स्वीकार गर्दै सम्बन्धित सरोकारवाला समुदायसँग पनि छलफल र परामर्श गरी सामाजिक न्याय र समावेशीकरण सम्बन्धी कानुन, नियमावली र निर्देशिकालाई थप सीमान्तकृत, वञ्चितीकरण तथा बहिष्करणमा परेका समुदायमैत्री बनाउने छौं ।
- भूमिहीन दलीत परिवारका लागि आवास र जीविकोपार्जनका लागि भूमिको व्यवस्था गर्छौं । यो समुदायलाई निःशुल्क स्वास्थ्य बिमा गर्छौं ।
- सरकारी र सार्वजनिक निकायहरूमा समावेशी सहभागिताको प्रभावकारिता जाँच्न अनिवार्य समावेशी अडिटको व्यवस्था गर्छौं ।
- पिछडिएको वर्गको सामाजिक र आर्थिक सशक्तीकरणका लागि सहुलियतपूर्ण 'उत्थान कर्जा' उपलब्ध गराउछौं ।
- सरकारी कार्यालयहरूले आफ्नो वार्षिक खरिदको कम्तीमा १० प्रतिशत स्थानीय स्तरमा उत्पादित सामग्री खरिद गर्नु पर्ने अनिवार्य कानुनी व्यवस्था गर्छौं ।
- साना र स्थानीय उत्पादकहरूलाई सिधै ग्राहकसँग जोड्न 'बिजिनेस प्लेटफर्म' र बजार केन्द्रको निर्माण गर्छौं ।

## ३. दलित समुदायको उत्थान र मुलप्रवाहीकरण

२००९ सालमा जनकपुरमा सम्पन्न पाँचौं महाधिवेशनबाटै "दलित समुदायले भोग्नु परेको जातीय छुवाछत र विभेदलाई नेपाली कांग्रेसले दण्डनीय मानवीय अपराध" घोषणा गर्दै विभेद गर्नेहरूलाई पार्टीको सदस्यता नदिने निर्णय लिएको थियो । दलित समुदायका लागि नीति निर्माण तहमा सहभागिताको अधिकार नेपाली कांग्रेसको नेतृत्वमा जारी भएको नेपालको संविधानले नै सुनिश्चित गरेको छ । पार्टीको केन्द्रदेखि वडास्तरसम्मका सबै संरचनाहरूमा दलित समुदायको नेतृत्वदायी भूमिका सुनिश्चित गरेको छ । नेपाल सरकार अन्तर्गतको उपेक्षित उत्पीडित र दलितवर्ग उत्थान विकास समिति, २०५४, राष्ट्रिय दलित आयोग (२०५८, हाल संवैधानिक आयोग), २०६३ जेठ २१ गते पुनर्स्थापित प्रतिनिधि सभाबाट जातीय भेदभाव तथा छुवाछुत मुक्त राष्ट्र घोषणा, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ जस्ता दलित समुदायको विकास र अधिकार प्रवर्धन गर्ने कानुनी तथा संस्थागत विकास नेपाली कांग्रेसको नेतृत्वमा भएका हुन् । यो गौरवपूर्ण इतिहासको स्मरण गर्दै दलित समुदायको उत्थान र मुलप्रवाहीकरणका लागि निम्न प्रतिज्ञा गर्छौं :

- सार्वजनिक, निजी, धार्मिक एवम् सांस्कृतिक स्थलहरूमा हुने जातीय विभेद अन्त्यका लागि भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ को आवश्यक संशोधन गर्छौं ।
- नेपालको संविधानको मौलिक हकको धारा ४० मा दलितको हकमा व्यवस्था भएका अधिकार सम्बन्धी ऐन एक वर्ष भित्रमा जारी गर्ने तथा यसको कार्यान्वयनको लागि आवश्यक पर्ने नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्छौं ।
- स्नातकोत्तर तह अध्ययन पुरा गरेको दलित युवायुवतीलाई स्टार्टअप व्यवसाय सुरूवात गर्नको लागि परियोजना धितोमा ५० लाख सम्मको सहुलियत ऋण उपलब्ध गराउछौं ।
- विपन्न दलित समुदायका परिवारका लागि निःशुल्क स्वास्थ्य बिमा गर्छौं ।
- दलित समुदायका विद्यार्थीका लागि पूर्व प्राथमिक, प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म छात्रवृति सहित निःशुल्क शिक्षाको व्यवस्था गर्छौं ।
- भूमिहीन दलितका लागि जीविकोपार्जन गर्न पुग्ने गरी भूमिको व्यवस्था गरी आवासविहीन दलितका लागि आवासको व्यवस्था गर्छौं ।

दलित समुदायले भोग्नु परेको जातीय छुवाछत र विभेदलाई नेपाली कांग्रेसले दण्डनीय मानवीय अपराध

- भूमिहीन दलितलाई भूमि दिएर मात्र पुग्दैन, उक्त भूमिलाई उत्पादनशील बनाउन कृषियन्त्र, बिउविजन र बजार सुनिश्चितताका लागि 'दलित कृषि रूपान्तरण प्याकेज' लागु गर्छौं ।
- दलित समुदायमा व्याप्त बेरोजगारी समाधान गर्न सरकारी सेवा, अन्तर्राष्ट्रिय गैरसरकारी निकाय, वैदेशिक रोजगारी र निजी क्षेत्रमा समेत रोजगारीका लागि प्राथमिकता दिन्छौं ।
- दलित समुदायका परम्परागत सिप, कला, पेसाको संरक्षण र विकास गर्न ठोस रणनीति लिई तिनले सञ्चालन गरेका पुर्खौली पेसा व्यवसायमा बिनाधितो सहुलियत ऋण उपलब्ध गराउछौं ।
- संवैधानिक एवम् राज्यका अन्य संरचनाहरूमा समावेशी समानुपातिक सहभागिता सुनिश्चित गर्छौं ।

## ४. अपाङ्गता भएका व्यक्ति र समुदायको उत्थान र सशक्तीकरण

- अपाङ्गता भएका व्यक्तिका लागि विद्यमान सेवा सुविधा र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी राजनीतिक सहभागिता, आर्थिक सशक्तिकरण लागि आवश्यक कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था गरी कार्यान्वयन गर्छौं ।
- शैक्षिक संस्थामा समावेशी शिक्षा अनिवार्य गर्दै आवश्यक पहुँचयुक्त पूर्वाधार, गुणस्तरीय सहायक सामग्री, सिप विकास तथा समुदायस्तरीय सहयोग प्रणालीमा स्थानीय सरकारसँग सहकार्यमा लगानी गर्छौं ।
- मुलधारका रोजगारी, सिप विकास र आय-आर्जन कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिलाई अनिवार्य समावेश गरी अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने संस्थालाई प्रोत्साहन गर्छौं ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि पुनर्स्थापना सेवा, सहायक सामग्री, हेरचाह सेवा र सामाजिक आर्थिक सशक्तिकरणका विशेष कार्यक्रमहरू सञ्चालन गर्छौं ।
- आवश्यक थेरापी, मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्य, औषधि उपचार तथा नियमित स्याहार सेवाहरू समुदायस्तरमै उपलब्ध गराउन स्थानीय स्वास्थ्य संस्थाहरूलाई सशक्त बनाउछौं ।

- सार्वजनिक यातायात, भौतिक संरचना तथा सूचना-सञ्चार प्रणालीलाई अपाङ्गमैत्री तथा पूर्ण पहुँचयुक्त बनाउन विद्यमान कानुनमा संशोधन गरी अनिवार्य रूपमा कार्यान्वयन गर्छौं ।
- साङ्केतिक भाषा, ब्रेल, मोबिलिटी, रोजगारी, उद्यशीलता तथा सिप विकास तालिम विस्तारका लागि परिणाममुखी कार्यक्रमहरू सञ्चालन गर्छौं ।
- अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तिलाई नि:शुल्क स्वास्थ्य बिमा गरी बिमाबाटै सहायक सामग्री तथा अन्य उपकरणहरू उपलब्ध हुने व्यवस्था गर्छौं ।
- अटिजम भएका बालबालिकाहरूका लागि विशेष स्याहार केन्द्र निर्माण गर्नेछौं ।
- हरेक विद्यालयमा शिक्षक-शिक्षिका र नर्सहरूलाई अपाङ्गता भएका विद्यार्थीलाई सिकाइ सम्बन्धी तालिम दिएर अपाङ्गमैत्री शिक्षक-शिक्षिका र नर्स तयार गर्छौं ।
- अपांगता भएका व्यक्तिहरूले प्रयोग गर्ने उपकरण तथा सामग्री जस्तै ह्विल चेयर, सेतो छडी, डाइपर लगायतमा कर मुक्त गरी विशेष प्याकेज लागु गर्छौं ।

## ५. आदिवासी-जनजाति समुदायको उत्थान र विकास

- राज्यका सम्पूर्ण अंग र तहमा सीमान्तकृत आदिवासी तथा जनजाति समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको अधिकारलाई आत्मसात गर्दै प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक नीति तथा कानुन संशोधन गर्छौं ।
- राष्ट्रिय एकताका धरोहरका रूपमा रहेका आदिवासी तथा जनजाति समुदायको विशिष्ट सांस्कृतिक पहिचान, रैथाने ज्ञान र सिपको संरक्षण गरी समुदायको सिर्जनात्मक क्षमतालाई प्रस्फुटन गराउँदै राज्यको मूल प्रवाहमा सम्मिलित गराउछौं ।
- आदिवासी तथा जनजाति समुदायको मातृभाषालाई सरकारी कामकाजको भाषा बनाउने संवैधानिक प्रावधानलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक कानुन निर्माण गर्छौं ।
- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, आधारभूत स्वतन्त्रता प्रत्याभूत गर्ने संयुक्त राष्ट्र सङ्घको बडापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, सबै

प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धि, लगायतले प्रत्याभूत गरेको आदिवासीको अधिकार उपयोग गर्नमा देखिएका अवरोध अन्त्यका लागि आवश्यक नीति तय गर्छौं ।

- आदिवासी तथा जनजाति समुदायका उत्पादनलाई ब्रान्डीङ् गरेर विश्व बजारमा पुर्याउछौं ।

## ६. मधेसी समुदायको उत्थान र विकास

२००७ सालको क्रान्तिदेखि नै मधेस नेपाली कांग्रेसको ऊर्जाभूमि र आधारभूमि रहेको ऐतिहासिक सन्दर्भ स्मरण गर्दै मधेसको आत्मसम्मान, पहिचान, भाषा र संस्कृतिको संवर्धन गरी मधेससँगको थप भावनात्मक सम्बन्ध विकसित गर्छौं । मधेसको आत्मसम्मान, पहिचान र अधिकारको रक्षा गर्दै समुन्नत मधेस निर्माण गर्न निम्न प्रतिज्ञा गर्छौं:

- न्यायोचित र सम्मानजनक प्रतिनिधित्वः मधेसको वहुलता र विविधता तथा सामाजिक मनोविज्ञानलाई आत्मसात् गर्दै राज्यका हरेक अंग र पार्टी संरचनामा संविधानको भावना बमोजिम समावेशी-समानुपातिक सिद्धान्तका आधारमा सबै मधेसी जात-जाति, वर्ग र समुदायको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्छौं ।
- भाषा, साहित्य, संस्कृति र कलाको संरक्षण र सम्वर्द्धनः मधेश प्रदेशको पहिचान, भाषा, साहित्य, संस्कृति, कला र परम्परागत ज्ञानको संरक्षण र सम्वर्द्धन गर्दै राष्ट्रिय सम्पदा र पहिचानको रूपमा विकास गर्छौं ।
- **मधेसको जल सङ्कट समाधानः** मधेस प्रदेशमा भयावह जल सङ्कमा छ । वन फँडानी, चुरे दोहन लगायतका कारणले भूमिगत जलसतह निरन्तर घट्दो छ । फलस्वरूप परम्परागत पोखरी, इनार र चापाकलहरू सुकेका छन्, मरूभूमीकरणको जोखिम बढेको छ । वर्षामा बाढी र हिउँदमा खडेरीको श्रृङ्खला तोड्न खोलाको पानी व्यवस्थापन र वर्षाको पानी सङ्कलन गर्ने व्यवस्थालाई तत्काल लागु गर्छौं । चुरे क्षेत्रमा व्यापक वृक्षारोपण र पोखरी निर्माण, जथाभावी उत्खनन् र डीप बोरिङ गर्ने कार्यलाई रोकेर पानीका मुहानहरूको वैज्ञानिक पुनर्जीवन एवम् सामुदायिक पानी सङ्कलन केन्द्रहरू निर्माण गरी समग्र जल व्यवस्थापन गर्छौं ।

- **मधेसमा कृषि उत्थान र बजार व्यवस्थापन :** नेपालको कृषिको मेरूदण्ड मानिने कृषि क्षेत्र अहिले मल, बिउ, सिँचाइ र उचित भण्डारण र बजारको अभावले थला परेको अवस्थामा छ । किसानहरूले मलका लागि सधैं सङ्घर्ष गर्नुपर्ने अवस्थाको अन्त्य गर्छौं । हरेक पालिकामा कृषि प्रशिक्षण, प्राविधिक ज्ञान र आधुनिक प्रविधिको पहुँच पुर्‍याउदै सहुलियतपूर्ण ऋण र भण्डारण क्षमताको विकास गर्छौं । स्वदेशी उत्पादनको बजारिकरण प्रोत्साहन गर्दै कृषिमा आधारित रोजगारी सिर्जना गरी मधेसी किसानलाई आत्मनिर्भर बनाउछौं ।
- **हुलाकी राजमार्ग र सीमा क्षेत्रको विकास :** हुलाकी राजमार्ग आसपास र दक्षिणी सीमा क्षेत्रलाई आर्थिक करिडोरका रूपमा विकास गर्दै मधेसको विशिष्टता सुहाउँदो आधुनिक कृषि, पशुपालन र साना तथा मझौला उद्योगहरूको स्थापना गरी स्थानीय स्तरमै व्यापक रोजगारीका अवसरहरू सिर्जना गर्न विशेष कार्यक्रम ल्याउछौं ।
- **मधेसी समुदायका गरिव परिवारलाई निःशुल्क स्वास्थ्य बिमाः** विपन्न दलित समुदायका परिवारका लागि निःशुल्क स्वास्थ्य बिमा गर्छौं ।
- **विपन्न, सीमान्तकृत, वञ्चितीकरण र बहिष्करणमा परेका समुदायको सूचीकरणः** मधेशका विपन्न, सीमान्तकृत, वञ्चितीकरण र बहिष्करणमा परेका समुदाय छुट भएको भए नामावली सूचीकृत गर्ने र सूचीकृत भएका समुदायले राज्यले उपलब्ध गराउने सामाजिक सेवा पाउन नसकेको भए आवश्यक कानुनी तथा संस्थागत प्रबन्ध गरी अविलम्व कार्यान्वयन गर्छौं ।
- **निःशुल्क स्वास्थ्य बिमाः** मधेशका विपन्न, सीमान्तकृत, वञ्चितीकरण र बहिष्करणमा परेका समुदायका परिवारका लागि निःशुल्क स्वास्थ्य बिमा गर्छौं ।
- **कृषि आधुनिकीकरण र मूल्य शृंखला विकास :** तराई–मधेशलाई "कृषि औद्योगिक करिडोर" घोषणा गरी सिँचाइ, कोल्ड स्टोरेज, प्रशोधन उद्योग स्थापना गर्छौं ।
- **कृषि ऋणः** साना किसानका लागि पाँच प्रतिशत भन्दा कम ब्याजदरमा कृषि ऋण उपलब्ध गराउछौं ।

- **न्यूनतम समर्थन मूल्य :** धान, गहुँ, उखु, तरकारी र फलफूलमा न्यूनतम समर्थन मूल्य (MSP) कानुनी व्यवस्था गर्छौं ।
- **मधेश ब्रान्ड अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन:** स्थानीय उत्पादनलाई "मधेश ब्रान्ड" को रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन गर्छौं ।
- **कर छुट, स्टार्टअप अनुदान :** युवा उद्यमीलाई कर छुट, स्टार्टअप अनुदान र प्रविधि हस्तान्तरण गर्छौं ।
- **प्राविधिक शिक्षालय र कृषि-प्राविधिक :** मधेशका जिल्लामा प्राविधिक शिक्षालय र कृषि-प्राविधिक क्याम्पस स्थापना गर्छौं ।
- **मधेसी दलित महिलाको उत्थान र विकास:** संरचनात्मक विभेदको पिंधमा रहेका अपाङ्गता भएका मधेसी दलित महिलाको उत्थान र विकास गरी मूल प्रवाहिकरण गर्न विशेष कार्यक्रम लागु गर्छौं ।
- **मधेसकी माई कार्यक्रम :** मधेसी महिलाको सक्रिय सहभागितामा मधेसको समग्र विकासका लागि उद्यमशीलता, समुदायको विकास, संस्कृति र परम्पराको संरक्षण गर्ने उद्देश्यले **मधेसकी माई कार्यक्रम** सञ्चालन गर्छौं । यसमा कृषि, पशुपालन, सेवा व्यवसायका लागि समुहमा सहुलियतपूर्ण ऋण, शिक्षा र सचेतनाबाट समुदायको विकासका लागि तालिम कार्यक्रम एवम् आमा-बच्चा संरक्षणका लागि पौष्टिक आहार वितरण तथा संस्कृत र परम्परा संरक्षणका लागि मौलिक मधेसी ज्ञान, कला, संस्कृति, रितिरिवाज प्रवर्धनका लागि विशेष कार्यक्रम हुने छन् ।

मधेसी महिलाको सक्रिय सहभागितामा मधेसको समग्र विकासका लागि उद्यमशीलता, समुदायको विकास, संस्कृति र परम्पराको संरक्षण गर्ने उद्देश्यले मधेसकी माई कार्यक्रम सञ्चालन

## ७. थारू समुदायको उत्थान र विकास

- मधेश-तराईका धर्तीपुत्र थारू समुदायको राज्यका सम्पूर्ण निकायमा न्यायोचित प्रतिनिधित्व गर्दै यो समुदायमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक एजेन्डा समाधान गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्छौं ।
- थारू समुदायको पहिचान, भाषा, साहित्य, संस्कृति, कला र परम्परागत ज्ञानको संरक्षण र सम्वर्द्धन गर्दै राष्ट्रिय सम्पदा र पहिचानको रूपमा विकास गर्छौं ।

- थारू समुदायको मातृभाषालाई सरकारी कामकाजको भाषा बनाउने संवैधानिक प्रावधानलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक कानुन निर्माण गर्छौं ।
- नेपाली कांग्रेसको सरकारको नेतृत्वमा भएको कमैया, कमलरी, हरूवा-चरूवा मुक्तिको पूर्णरूपमा प्रभावकारी कार्यान्वयन कमैया, कमलरी, हरूवा-चरूवामुक्त नेपाल बनाउछौं ।
- थारू समुदायलाई आर्थिक तथा सामाजिक दृष्टिले सशक्तिकरण गरी उत्थान गर्छौं ।
- भूमिहीन थारू समुदायलाई जमीनको पुनर्वितरण र आवास अधिकार सुनिश्चित गरी आरक्षित वन, निकुञ्ज क्षेत्रसँग जोडिएको परम्परागत उपयोग अधिकारको नीतिगत प्रबन्ध गर्छौं ।
- राज्य संयन्त्रमा थारू समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको अधिकारलाई आत्मसात गर्दै प्रभावकारी कार्यान्वयनगर्न आवश्यक नीति तथा कानुन संशोधन गर्छौं ।
- थारू संस्कृति, खाना, होमस्टे र परम्परागत कला-संस्कृतिलाई प्रवर्धन गरी पर्यटन र विश्वबजारसँग जोड्ने विशेष कार्यक्रम लागु गर्छौं ।
- थारू समुदायको संस्कृति प्रवर्धन गर्ने स्टार्टअप त्यहि समुदायले सञ्चालन गर्दा सहुलियतपूर्ण ऋण दिने व्यवस्था गर्छौं ।
- मानव र वन्यजन्तु बिचको सहअस्तिव: मानव र वन्यजन्तु बिचको सहअस्तित्वलाई सामान्यीकरण गर्न वन उपभोक्ता समितिलाई थप अधिकारसम्पन्न बनाउछौं ।

## ८. महिलाको मुलप्रवाहीकरण र विकास

महिला अधिकार र सशक्तिकरणका दृष्टिले नेपाली कांग्रेसले स्थापनाकालदेखि नै स्पष्ट दृष्टिकोण हतियार गरी सङ्घर्ष गर्दै आइरहेको छ । महिलाको हक अधिकारलाई सुनिश्चित गर्ने उद्देश्यले २०६३ मा पुनःस्थापित संसदले महिलालाई राज्य संयन्त्रमा ३३ प्रतिशत प्रतिनिधित्वको व्यवस्था गर्ने नीति अवलम्बन गरेको थियो । आगामी दिनमा महिलालाई लाभग्राही मात्र होइन, नेतृत्वकर्ताको रूपमा स्थापित गर्दै राजनीतिक, आर्थिक, शैक्षिक र सामाजिक क्षेत्रमा महिलाको निर्णायक भूमिका सुनिश्चित गर्न निम्न प्रतिज्ञा गर्छौं :

- सबै तह र क्षेत्रका नीति, योजना, शिक्षा, रोजगार, स्वास्थ्य, सामाजिक सुरक्षा तथा नेतृत्व अवसरमा महिलालाई समान पहुँच र अवसर उपलब्ध गराउछौं ।
- तीनै तहका राजनीतिक संरचनामा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्दै महिला नेतृत्व विकास र क्षमतामा वृद्धि गर्छौं ।
- समावेशी-समानुपातिक सिद्धान्तका आधारमा राज्यका सबै तह र संयन्त्रमा सबै वर्ग, क्षेत्र, समुदाय, संस्कृतिका महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गर्छौं ।
- समावेशी-समानुपातिक सिद्धान्तका आधारमा राज्यका सबै तह र संयन्त्रमा सबै वर्ग, क्षेत्र, समुदाय, संस्कृतिका महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गर्छौं ।
- सरकारी र निजी क्षेत्रमा महिलाहरूका लागि कम्तीमा ४०% रोजगारी सुनिश्चित गर्छौं ।
- लैंगिक हिंसा, घरेलु हिंसा, यौन हिंसा, कार्यस्थलमा हुने विभेद तथा हिँसा जातिय विभेद, दाइजो, बाल बिबाह, मानव बेचबिखन जस्ता गम्भीर अपराध नियन्त्रण गर्न प्रचलित कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्छौं । यदि विद्यमान कानुन पर्याप्त छैनन् भने आवश्यक कानुन अविलम्व जारी गर्छौं ।
- समान कामका लागि समाज ज्याला कार्यान्वयन गर्छौं ।
- आर्थिक महिला उद्यमशीलता, स्वरोजगार, वित्तीय पहुँच, भूमिहीन महिला र आर्थिक रूपमा कमजोर महिलाका लागि 'एक महिला समुहः एक लघु उद्यमको नीति' लिएर यस्ता उद्यमलाई बिना धितो सहुलियतपूर्ण कर्जा उपलब्ध गराउछौं ।
- महिलाको भू-स्वामित्व सुनिश्चित गर्छौं ।
- राष्ट्रिय महिला उद्यम कोष" स्थापना गरी बिना धितो १० लाख रूपैयाँसम्म सहुलियत ऋण दिन्छौं ।
- महिला सहकारी र समूहलाई व्यवसाय विस्तार अनुदान प्रदान गर्छौं ।
- घरेलु उद्योग (हस्तकला, ढाका, खाद्य प्रशोधन) लाई बजारमा सहज पहुँच र ब्रान्डिङ गर्छौं ।
- डिजिटल सिप तालिम (ई-कमर्स, अनलाइन व्यापार, फ्रिलान्सिङ) निःशुल्क प्रदान गर्छौं ।

- अनौपचारिक क्षेत्रमा कार्यरत महिलाका लागि मातृत्व भत्ता र सामाजिक सुरक्षा योजना लागु गर्छौं ।
- स्थानीय तहमा बाल हेरचाह केन्द्र (Child Care Center) स्थापना गर्छौं ।
- वैदेशिक रोजगारीमा गएका महिलाहरूलाई विदेशमा समस्या पर्दा समन्वय, सहजीकरण र सहयोग गर्न राजदूतवासलाई प्रभावकारी रूपमा परिचालन गर्छौं ।
- व्यावसायिक र अर्धदक्ष महिलाहरू वैदेशिक रोजगारीमा जाँदा भोग्नु पर्ने हैरानीको समस्यालाई सम्बोधन गर्छौं ।
- कामकाजी महिलाहरू महिनावारी हुँदा स्वास्थ्य अवस्था तथा आवश्यकता अनुसार घरबाट पनि काम गर्न सक्ने व्यवस्था गर्छौं ।
- **एकल महिलाको सम्मान र अवसर :** एकल महिलालाई समाजमा स्वीकार र सम्मान दिलाउँदै उनीहरूको क्षमता विकासप्रति प्रतिबद्ध छौं । सिप तालिम, व्यवसायिक अवसर, सहुलियतपूर्ण ऋण, कर छुट र अन्य आर्थिक तथा सामाजिक सहयोगमार्फत उनीहरूलाई आत्मनिर्भर बनाउने छौं । स्थानीय अर्थतन्त्र, महिला सशक्तिकरण र दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने छ ।

## ९. बालअधिकार र बालबालिकाको विकास

- **बालअधिकारको संवैधानिक सुनिश्चितता :** संविधान र बालबालिका सम्बन्धी ऐन, २०७५ को भावना अनुरूप तीनै तहका सरकारमा बालअधिकारको पूर्ण सुनिश्चितता गर्दै नीति निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता गराउछौं ।
- **सुरक्षित र बालमैत्री विद्यालय :** विद्यालयलाई 'शान्ति क्षेत्र' घोषणा गरी प्रभावकारी कार्यान्वयन गर्छौं । सबै विद्यालयमा बालमैत्री पूर्वाधार, सुरक्षित शौचालय, खानेपानी र अपाङ्गमैत्री संरचनाको अनिवार्य व्यवस्था गर्छौं ।
- **स्वास्थ्य र पोषणको ग्यारेन्टी :** विद्यालय दिवा खाजा कार्यक्रमलाई कक्षा १० सम्म विस्तार गर्छौं । साथै ५ वर्षमुनिका बालबालिकाका लागि बालपोषण भत्ताको देशव्यापी विस्तार गरी सम्पूर्ण बालबालिकाको नि:शुल्क स्वास्थ्य बिमा गर्छौं ।
- हाल वितरणमा रहेको २५ जिल्ला र देशभरका दलित ५ वर्ष भन्दा कम उमेर समुहका बालबालिकाको लागि प्रदान गरिदै आएको साहयता अत्यन्त न्यून रहेको हुँदा उक्त रकम बृद्धि गरी समय सापेक्ष बनाइ सबै जिल्लाका ५ वर्ष मुनिका सबै दलित बालबालिकालाई प्रदान गर्छौं ।

- **नर्स र प्रविधिमैत्री शिक्षाः** प्रत्येक विद्यालयमा 'एक विद्यालय, एक नर्स' र कम्तीमा एक कम्प्युटर शिक्षकको व्यवस्था गरी बालबालिकाको स्वास्थ्य र आधुनिक डिजिटल शिक्षामा पहुँच सुनिश्चित गर्छौं ।
- सामाजिक सुरक्षा र समावेशी संरक्षणः अपाङ्गता भएका, अति विपन्न, सीमान्तकृत र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि लक्षित सामाजिक सुरक्षा कार्यक्रम लागु गर्छौं ।
- **बालमैत्री स्थानीय शासन** : स्थानीय तहलाई बालविवाह र बालश्रम मुक्त बनाउन प्राथमिकता दिने छौं । स्थानीय तहमा बालकल्याण अधिकारीको नियुक्ति, बालकोषको स्थापना र बालमैत्री स्थानीय शासनको अवधारणालाई अनिवार्य लागु गर्छौं ।
- **डिजिटल सुरक्षा र संरक्षण संयन्त्र** : अनलाइन दुर्व्यवहार, साइबर बुलिङ र डिजिटल लतबाट जोगाउन आवश्यक नियमन गर्छौं । बाल हेल्पलाइन (१० ९८) र खोजतलास सेवा (१०४) लाई स्रोत-साधन सम्पन्न बनाई देशव्यापी विस्तार गर्छौं ।
- **न्यायिक सुधार र सुधारगृह** : बालमैत्री प्रहरी र अदालतसहितको विशिष्टीकृत न्याय प्रणालीको विकास गर्छौं । बाल सुधारगृहहरूलाई हिंसात्मक गतिविधि मुक्त बनाउँदै सिपमूलक र व्यावहारिक शिक्षाको केन्द्रका रूपमा रूपान्तरण गर्छौं ।
- **पोषक तत्व र सन्तुलित आहार** : बालबालिकालाई सन्तुलित आहार उपलब्ध गराउछौं । प्रत्येक पोषक तत्वको प्रतिशत विशेषज्ञको सल्लाह अनुसार रिपोर्ट तयार पारेर सोही रिपोर्टको आधारमा प्रोटिन, कार्बोहाइड्रेट तथा अन्य पोषक तत्वहरूको सन्तुलन सुनिश्चित गर्छौं ।
- **हिरासत केन्द्र व्यवस्थापन** : १८ वर्ष मुनिका बालबालिकाका र १८ वर्षभन्दा माथिका किशोरका लागि फरक हिरासत केन्द्र हुने छ र हिरासत केन्द्रमा रहेका किशोर-किशोरीहरू १८ वर्ष पुगेपछि फरक केन्द्रमा स्थानान्तरण गरिने छ ।

## १०. मुस्लिम समुदायको उत्थान र विकास

- मुस्लिम समुदायको विशिष्ट धार्मिक, सामाजिक, सांस्कृतिक, भाषिक पहिचानको सम्मान गर्दै यो समुदायका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र भाषिक मुद्धा समाधान गर्छौं ।

- मुस्लिम समुदायको भाषा, साहित्य, संस्कृति, कला र परम्परागत ज्ञानको संरक्षण र सम्वर्द्धन गर्दै राष्ट्रिय सम्पदा र पहिचानको रूपमा विकास गर्छौं ।
- मुस्लिम समुदायलाई आर्थिक तथा सामाजिक दृष्टिले थप सशक्तिकरण गरी मूलप्रवाहिकरण गर्छौं ।
- राज्य संयन्त्रमा मुस्लिम समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको अधिकारलाई आत्मसात गर्दै प्रभावकारी कार्यान्वयन गर्न आवश्यक नीति तथा कानुन संशोधन गरी कार्यान्वयन गर्छौं ।

## ११. शान्ति प्रक्रियाको निष्कर्ष र द्वन्द्व पीडितलाई न्याय

- एक दशक लामो सशस्त्र द्वन्द्वको क्रममा राज्य तथा तत्कालीन विद्रोही दुवै पक्षबाट पीडित बनाइएका सबै व्यक्ति, परिवार र आश्रितलाई न्याय, पुनर्स्थापना, परिपुरण तथा रोजगारीको उचित व्यवस्था गर्ने नीति अवलम्बन गर्छौं ।
- संक्रमणकालीन न्यायसम्बन्धमा सर्वोच्च अदालतको परमादेश, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनद्वारा व्यवस्थित र परिभाषित मानव अधिकारका विश्वव्यापी मूल्य-मान्यता तथा नेपाल पक्ष रहेका संयुक्त राष्ट्र सङ्घका मानवअधिकारसम्बन्धी सम्झौता र अभिसन्धिहरूको अनुसरण गरी बाँकी रहेको संक्रमणकालीन न्याय र शान्ति प्रक्रिया पूरा गरी दण्डहीनताको अन्त्य गर्छौं ।
- पारदर्शी र विश्वसनीय प्रक्रियाबाट द्वन्द्व पीडित समुदायको सहमति र सहभागितामा संक्रमणकालीन न्याय तथा शान्ति प्रक्रियासम्बन्धी आयो गहरू पुनर्गठन गरी संक्रमणकालीन न्याय प्रक्रियालाई पीडितकेन्द्रित तथा पीडितमैत्री नीति अनुसरण गरी निष्कर्षमा पुऱ्याउछौं ।
- मधेस आन्दोलन, थरूहट आन्दोलन, जेन-जी आन्दोलन लगायत अन्य विभिन्न आन्दोलनबाट पीडित तथा परिवारका सदस्यको न्याय, पुनर्स्थापना, परिपुरण तथा रोजगारी एवम् आर्थिक उपार्जन र जीवन निर्वाहको लागि सामाजिक सुरक्षा प्याकेज ल्याउछौं ।

## १२. पिछडिएको, दुर्गम, हिमाली क्षेत्रको विकास र उत्थान

कर्णाली लगायतका पिछडिएका बिकट हिमाली तथा पहाडी क्षेत्रको कष्टकर जनजीवनलाई सहज र सुविधासम्पन्न बनाउन निम्न प्रतिज्ञा गर्छौं :

- सबल कर्णाली, समुन्नत कर्णाली महाअभियान: कर्णालीको अथाह प्राकृतिक र सांस्कृतिक सम्भावनालाई दृष्टिगत गरी यस क्षेत्रको चौतर्फी विकासका लागि विशेष संवैधानिक व्यवस्था र प्राथमिकतासहितका बजेट र कार्यक्रमहरू ल्याएर लागु गर्छौं ।
- **पूर्वाधार र पहुँचमा क्रान्ति:** दुर्गम बस्तीहरूमा आधारभूत भौतिक पूर्वाधार (सडक, खानेपानी, सञ्चार र विद्युत) पुऱ्याउन विशेष प्राथमिकता दिन्छौं ।
- **कनेक्टिभिटी र आर्थिक करिडोर:** उत्तर-दक्षिण राजमार्ग र मध्यपहाडी राजमार्गको निर्माणलाई तीव्रता दिँदै 'आर्थिक करिडोर' का रूपमा विकास गरी पहाड र हिमाललाई ठूला बजारहरूसँग जोडिने छ र स्थानीय स्तरमै शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरू सिर्जना गरिने छ ।
- **भू-बनोट आधारित आधुनिक कृषि:** पहाड र हिमालको विशिष्ट भौगोलिक बनावट सुहाउँदो व्यावसायिक कृषि प्रणाली विकास गरी जडीबुटी सङ्कलन, प्रशोधन र उच्च मूल्यका फलफूल तथा जैविक तरकारी खेतीलाई आयआर्जनको मुख्य आधार बनाउछौं ।
- **पर्यटन र मौलिक पहिचानको प्रवर्धन:** स्थानीय भाषा, मौलिक संस्कृति र पहिचानलाई चिनाउँदै प्राकृतिक सौन्दर्यलाई 'पर्या-पर्यटन'को माध्यमबाट आर्थिक लाभ र समृद्धिको स्रोतमा बदल्ने छौं ।
- **जलविद्युत र हरित ऊर्जाको केन्द्र:** कर्णाली र हिमाली क्षेत्रको प्रचुर जलस्रोतलाई सदुपयोग गर्दै साना तथा ठूला जलविद्युत् आयोजनाहरू मार्फत स्थानीय जनजीवनको उत्थान र विकास गर्छौं ।
- **सेवा प्रवाहका लागि घुम्ती सेवा:** राज्यका सेवाहरू सहज रूपमा जनतामा पुऱ्याउन आवश्यकता अनुसार विकट क्षेत्रमा घुम्ती सेवालाई थप प्रभावकरी रूपमा सञ्चालन गरिने छ ।

## १३. प्रजातन्त्र सेनानी तथा जेष्ठ नागरिकको सम्मान र अधिकार

- वि.सं. २००७ सालको जनक्रान्ति र त्यसयता पार्टीले आह्वान गरेका आन्दोलनहरूमा निरन्तर संलग्न आदरणीय स्वतन्त्रता सेनानीहरूको सम्मान, सुरक्षा र आवश्यकता अनुरूपको प्रतिनिधित्वप्रति नेपाली कांग्रेस संवेदनशील भएकाले स्वतन्त्रता सेनानीहरूको अभिलेख अद्यावधिक गरी इतिहास सुरक्षित राख्ने छौं ।
- ज्येष्ठ र अग्रज पुस्ताका नागरिकका समस्याप्रति नेपाली कांग्रेस अत्यन्त संवेदनशील छ । ज्येष्ठ नागरिकहरूले पाइरहेको हालको मासिक सामाजिक

सुरक्षा भत्ता समयानुकूल बनाई वितरणलाई सहज बनाउछौं । जेष्ठ नागरिकहरूको स्वास्थ्य उपचार, सार्वजनिक यातायात तथा सार्वजनिक सेवामा सहज पहुँच सुनिश्चित गर्छौं ।

- स्थानीय तहसँग समन्यव गरी वृद्ध-वृद्धाहरूलाई सामुदायिक भवन, भजन-किर्तन, बात्ती कात्ने लगायतका क्रियाकलाप गर्ने व्यवस्था गर्नेछौं ।
- ज्येष्ठ र अग्रज पुस्ताको ज्ञान, दक्षता र अनुभवलाई राष्ट्र हितमा प्रयोग गर्ने नीति अवलम्बन गर्छौं ।

## १४. भूमिहीन, सुकुम्वासी र अव्यवस्थित वसोवासीको व्यवस्थापन

- हाम्रै अग्रसरतामा भएको भुमि सम्बन्धी कानून संशोधनको प्रक्रियालाई तत्काल अगाडि वढाइ सवै जटिलता हटाई भूमिहीन सुकुम्वासी, भुमिहीन दलितलाइ जमिन र सुरक्षित आवासको संविधानप्रदत्त हक सुनिश्चित गर्छौं । अब्यबस्थित वसोवासीको समस्या व्यबस्थापन गर्छौं ।

## १५. मुक्त कमैया, कमलरी, हलिया, हरवा-चरवाको उत्थान र विकास

- विगतमा नेपाली कांग्रेसको नेतृत्वमा कमैया, कमलरी, हलिया, हरवा-चरवा लगायतका समुदायलाई स्वतन्त्रता दिलाएको स्मरण गर्दै अब स्वतन्त्र नागरिक भएका यी समुदायका बालबालिकालाई सम्पूर्ण तहको शिक्षा निःशुल्क गराई अध्ययन अवधिभर निर्बाह भत्ता सुनिश्चित गर्छौं ।
- उनीहरूका नागरिकका लागि रोजगारी सिर्जना गर्न स्थानीय सरकार र निजी क्षेत्रसँग समन्वय गरी स्थानीय स्रोत, साधन र उत्पादनको प्रयोग गर्दै स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना गर्छौं ।
- यी समुदायका नागरिकका लागि निःशुल्क स्वास्थ्य बिमा एवम् आय आर्जन बढाउने नीतिसहित आवश्यक पुनर्स्थापनासम्बन्धी नीति, कार्यक्रम र बजेटको सुनिश्चितता गर्छौं ।

## १६. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको समानता र सम्मान

नेपाली कांग्रेस सबै नागरिकको मर्यादा र समान अधिकारमा विश्वास गर्दछ । यौनिक तथा लैङ्गिक अल्पसत्त्यक समुदायले भोग्दै आएका विभेद, सामाजिक लाञ्छना र कानुनी जटिलताहरूलाई अन्त्य गरी उनीहरूलाई राज्यको मूल प्रवाहमा सम्मानजनक स्थान सुनिश्चित गर्न निम्न नीतिहरू अनुसरण गर्छौं:

- **संवैधानिक र कानुनी अधिकारको सुनिश्चितता :** संविधानले प्रत्याभूत गरेको समानताको हकलाई पूर्ण कार्यान्वयन गर्दै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको पहिचान र अधिकारलाई कानुनी रूपमै थप स्पष्ट गरी प्रभावकारी रूपमा कार्यन्वयन गर्छौं ।
- **मर्यादित पहिचान र नागरिकता :** नागरिकता र अन्य सरकारी परिचयपत्रहरू झन्झटमुक्त र सम्मानजनक रूपमा पाउने व्यवस्था सुनिश्चित गर्छौं ।
- **विभेदरहित कार्यस्थल र समान अवसर :** सरकारी तथा निजी क्षेत्रका रोजगारीमा पहुँच बढाउन र कार्यस्थलमा हुने सबै प्रकारका विभेद वा दुर्व्यवहारलाई अन्त्य गर्न स्पष्ट कानुनी र नीतिगत सुधार गर्छौं ।
- **विशेष सामाजिक सुरक्षा र स्वास्थ्य सेवा :** लैङ्गिक अल्पसङ्ख्यकहरूका लागि विशिष्टीकृत स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श र सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरी हर्मोनल थेरापी र अन्य स्वास्थ्य आवश्यकतालाई सर्वसुलभ बनाउन पहल गर्छौं ।
- **शिक्षा र चेतना अभिवृद्धि :** विद्यालय र विश्वविद्यालयका पाठ्यक्रमहरूमा यौनिकता र लैङ्गिकताका विविध आयामबारे सही जानकारी समावेश गरी समाजमा रहेको भ्रम र लाञ्छना हटाउन राष्ट्रव्यापी सचेतना अभियान सञ्चालन गर्छौं ।
- **राजनीतिक र प्रशासनिक सहभागिता :** पार्टीका विभिन्न तह र राज्यका नीति-निर्माण तहमा यस समुदायको प्रतिनिधित्व बढाउँदै उनीहरूको सक्रिय राजनीतिक सहभागितालाई प्रोत्साहित गर्छौं ।

# समावेशी विकास

## समावेशी समाज, लोकतन्त्रको आवाज

*जातीय, लैङ्गिक र क्षेत्रीय विभेदका पर्खालहरू भत्काउँदै शिक्षा, स्वास्थ्य र राजकीय स्रोतमा हरेक नागरिकको समान अधिकार सुनिश्चित भएको न्यायपूर्ण नेपाल निर्माण गर्ने हाम्रो सङ्कल्प छ। सकारात्मक विभेद र सहभागितामूलक शासनलाई मूलमन्त्र मानी, सीमान्तकृत समुदायलाई राज्यको निर्णायक तहमा स्थापित गर्दै एक सभ्य र समतामूलक समाजको निर्माण गर्छौं ।*

बीपी कोइरालाको मार्गदर्शनमा अघि बढेको नेपाली कांग्रेसले स्थापनाकालदेखि नै समावेशी विकास आफ्नो राजनीतिक दर्शन र अटुट विरासतका रूपमा आत्मसात् गरेको छ । २००७ सालको क्रान्तिदेखि २०७२ को संविधान निर्माणसम्म, कांग्रेसले जातीय, लैङ्गिक र क्षेत्रीय विभेद कम गर्दै न्यायपूर्ण समाजको आधार तयार पार्दै नेतृत्वदायी भूमिका निर्वाह गऱ्यो । बीपीले २०१५ सालमै पहिलो समावेशी प्रतिनिधित्व सुनिश्चित गरेको, गिरिजाप्रसाद कोइरालाले २०५७ मा कमैया मुक्ति घोषणा गरेको र शेरबहादुर देउवा सरकारले २०५८ मा छुवाछूत विरूद्ध कानुन निर्माण तथा राष्ट्रिय महिला र दलित आयोग स्थापना गरी शताब्दियौंको बाध्यकारी श्रम अन्त्य गर्दै मानवीय स्वतन्त्रता र गरिमाको पुनर्स्थापना गऱ्यो ।

शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा 'कोखदेखि शोकसम्म' को कल्याणकारी अवधारणा, स्वास्थ्य बिमाजस्ता कार्यक्रम र सङ्घीयतामार्फत शक्ति तथा स्रोत जनताको घरदैलोसम्म पुऱ्याउने अटुट लोकतान्त्रिक विरासतकै कारण आजको समावेशी नेपालको मानचित्र निर्माण भएको छ। विविधतालाई राष्ट्रिय एकताको सूत्रमा गाँस्दै पछाडि पारिएका वर्गलाई राज्यको निर्णायक तहमा ल्याउने नेपाली कांग्रेसको अभियान निरन्तर छ । यद्यपि समावेशी विकासमा अझै चुनौती विद्यमान रहेकाले ती असमानता र बहिष्करणको अन्त्य गर्दै सशक्त नीति, कार्यक्रम र प्रभावकारी कार्यान्वयनमार्फत समावेशी विकास सुनिश्चित गर्न नेपाली कांग्रेस दृढ प्रतिबद्ध छ । यसका लागिः

## १. अवसरमा समानता र पहुँच

शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि र वित्तीय स्रोतमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै जातीय, लैङ्गिक, भौगोलिक र आर्थिक आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्छौं। नेपालको संविधानले सुनिश्चित गरेको समानताको मौलिक हकलाई व्यवहारमा उतार्दै हरेक नेपालीले राज्यका स्रोत र अवसरमा समान पहुँच पाउने वातावरण निर्माण गर्छौं ।

## २. समावेशी प्रतिनिधित्व

नीति निर्माण र राज्यका हरेक तहमा महिला, दलित, आदिवासी जनजाति, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका समुदायको अर्थपूर्ण र अनिवार्य सहभागिता सुनिश्चित गर्छौं । सबै तहका सरकारले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षामा समान पहुँच सुनिश्चित गर्छौं।

## ३. सकारात्मक विभेद र समता

ऐतिहासिक रूपमा वञ्चित र सीमान्तकृत समुदायलाई राज्यको मूलधारमा ल्याउन विशेष सहुलियत, आरक्षण र प्राथमिकताका कार्यक्रममार्फत 'समतामूलक समाज' निर्माण गर्छौं । ग्रामीण विकास कार्यक्रमहरूमा सीमान्तकृत समुदायको नेतृत्व र सहभागिता सुनिश्चित गरिने छ । यसले समुदायको मनोवृत्ति परिवर्तन गर्दै ऐतिहासिक रूपमा उपेक्षित समूहलाई मूलधारमा ल्याउन सहयोग पुऱ्याउँछौं ।

## ४. गुणस्तरीय शिक्षा र स्वास्थ्य

ग्रामीण र विपन्न बस्तीका नागरिकका लागि निःशुल्क गुणस्तरीय शिक्षा, व्यावसायिक सिप र गाउँपालिकासम्म सहज आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गरिने छ । वहिष्करणमा परेको समाजमा मानव क्षमता विस्तारलाई समावेशी विकासको मूल आधार मानेको छ । मातृ-शिशु स्वास्थ्यलाई विशेष प्राथमिकता दिँदै कुपोषण निवारण र प्रारम्भिक बाल विकासमा लगानी बढाउँछौं ।

## ५. वित्तीय समावेशीकरण

साना तथा मझौला उद्यमका लागि 'हरित ऋण' र सहुलियतपूर्ण वित्तीय पहुँच उपलब्ध गराई ग्रामीण अर्थतन्त्रमा लगानी गरी आर्थिक आत्मनिर्भरता बढाइने छ । सहकारी संस्थाहरूलाई सशक्त बनाउँदै सीमान्तकृत समुदायको बचत, ऋण र उद्यमशीलतामा सहयोग पुऱ्याउँछौं ।

## ६. भूमि र प्राकृतिक स्रोतमा पहुँच

भूमि सुधारका वैज्ञानिक कार्यक्रम लागु गरी भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई भूमिमा पहुँच सुनिश्चित गरिने छ । सामुदायिक वन लगायतका प्राकृतिक स्रोतको व्यवस्थापनमा स्थानीय वञ्चित समुदायको अग्राधिकार सुनिश्चित गरिने छ । प्राकृतिक स्रोतको दिगो उपयोग र अन्तरपुस्ता समानता समावेशी विकासलाई समावेशी विकासको आधार बनाउँछौं ।

## ७. डिजिटल नेपालको लाभ

ग्रामीण क्षेत्रमा सस्तो र भरपर्दो इन्टरनेट, डिजिटल सिप तालिम र 'ई-गभर्नेन्स' मार्फत सरकारी सेवालाई जनताको घरदैलोमा पुऱ्याइने छ । सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई समावेशी विकासको महत्वपूर्ण आधार भएकोले डिजिटल विभाजन अन्त्य गर्दै प्रविधिलाई सबैको पहुँचमा पुऱ्याउँछौं ।

## ८. सामाजिक सुरक्षाको विस्तार

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई अनौपचारिक क्षेत्रका श्रमिक, स्वरोजगार र सीमान्तकृत समुदायसम्म विस्तार गरिने छ । 'रोजगारी र सामाजिक सुरक्षाको राष्ट्रिय कार्ययोजना' मार्फत समावेशी, लैङ्गिक-उत्तरदायी र दिगो सामाजिक सुरक्षा प्रणालीको विकासलाई मार्गदर्शन गरिने छ । जलवायु परिवर्तन र विपद्को समयमा सामाजिक सुरक्षा भुक्तानीलाई द्रुत रूपमा परिचालन गर्न 'पूर्वानुमान-आधारित वित्त' को अवधारणा लागु गर्छौं ।

# नेपाली डायस्पोरा : अटुट सम्बन्ध; विस्तारित नेपाल

## एक पटकको नेपाली सधैंको नेपाली

*हामी एक पटकको नेपाली, सँधैको नेपाली भन्ने भावनालाई आत्मसात गर्दै नागरिकताको निरन्तरता, सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गरेर डायस्पोराका सबै पुस्ताको भावना, ज्ञान, सिप र पुँजीलाई देशको समुन्नतिमा जोड्ने छौं ।*

विश्वव्यापीकरणको वर्तमान युगमा मानिसको भौगोलिक अवस्थिति गौण भएको छ । विश्वको जुनसुकै कुनामा बसे पनि नेपालीपन र नेपाली मन बोकेर बाँच्ने लाखौं नेपालीहरूको भावनामा नेपाल विस्तारित छ र मातृभूमिको सामाजिक, सांस्कृतिक र आर्थिक प्रगतिमा तिनको योगदान उल्लेखनीय ढङ्गले बढिरहेको छ ।

मातृभूमिको समृद्धिमा नै डायस्पोराको इज्जत र सम्मान गाँसिएको हुन्छ भन्ने यथार्थलाई आत्मसात गरेर संसारभरि छरिएको नेपाली समुदायले नेपालको समुन्नति, आर्थिक कूटनीति, प्रविधि हस्तान्तरण र अन्तर्राष्ट्रिय प्रतिष्ठाको वृद्धिमा बहुआयामिक योगदान गरिरहेको छ ।

यसरी संख्यात्मक र गुणात्मक रूपले संसारभरि फैलिँदै गएको गैरआवासीय नेपाली समुदायको प्रगति एवम् मातृभूमिप्रतिको योगदान, गहिरो स्नेह र चासोलाई नेपाली कांग्रेस उच्च सम्मान गर्छ ।

डायस्पोरामा पुस्तान्तर हुँदै जाँदा, त्यो सम्बन्धको प्रगाढता कायम रहोस् भनेर धेरै प्रयत्न गर्न जरूरी छ । त्यसैले नेपालको आर्थिक र सामाजिक रूपान्तरणमा ठूलो योगदान दिइरहेको र अझ धेरै गर्न सक्ने डायस्पोराको दोस्रो पुस्ताको नेपालसँगको आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्धलाई सुदृढ, जीवन्त र आत्मीय राखिराख्न थप कानुनी व्यवस्था आवश्यक रहेको हामीले बुझेका छौं ।

नेपाली कांग्रेस पार्टीले गैरआवासीय नेपाली समुदाय वा नेपाली डायस्पोरालाई राष्ट्र निर्माणको महत्वपूर्ण साझेदारका रूपमा आत्मसात गर्दै आएको छ । उनीहरूको पहिचान, अधिकार र आर्थिक एवम् बौद्धिक लगानी सुनिश्चित गर्न वि.सं. २०६४ मा जारी भएको गैरआवासीय नेपाली ऐन, सामाजिक सुरक्षा कोष तथा गैरआवासीय

नेपाली नागरिकतासम्बन्धी संवैधानिक व्यवस्था जस्ता कानुनी प्रावधानहरू लागु गर्न हाम्रो पार्टीको मुख्य भूमिका रहेको छ ।

सबै पुस्ताका गैरआवासीय नेपालीहरूको पूर्ण सम्भावनाको सदुपयोग गर्दै विदेशी भूमिमा आर्जन गरेको सिप र अनुभवलाई नेपालको विकासमा जोड्न तथा नेपालसँगको आत्मीय सम्बन्धलाई अझ प्रगाढ बनाउनका लागि आवश्यक थप कानुनी तथा नीतिगत व्यवस्था गर्न हामी निरन्तर क्रियाशील छौं ।

संसारभरि फैलिरहेको गैरआवासीय नेपाली समुदायको मातृभूमिसँगको सम्बन्धलाई अझ प्रगाढ र गतिशील बनाउन नेपाली कांग्रेस निम्नलिखित सङ्कल्प गर्दछः

## १. नागरिकता लगायत गैरआवासीय नेपालीका हक, हित र अधिकार सुनिश्चित

गैरआवासीय नेपालीको नागरिकता निरन्तरता, पैतृक सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गर्दै विदेशमा रहेका नेपालीको हित संरक्षण गर्छौं । यसका लागि;

- नेपाली कांग्रेस एक पटकको नेपाली, सधैंको नेपाली वा नेपाली नागरिकताको निरन्तरतामा अन्तर्निहित भावनालाई आत्मसात र सम्मान गर्दै त्यसको कार्यान्वयनका लागि आवश्यक संवैधानिक कानुनी व्यवस्था गर्छौं ।
- गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिहरूको संवैधानिक अधिकार सुनिश्चित गर्नका लागि भूमि ऐन, अध्यागमन ऐन, सवारी तथा यातायात व्यवस्था ऐन, कम्पनी ऐन, धितोपत्र ऐन, गैरआवासीय नेपाली परिचयपत्र र गैरआवासीय नेपाली नागरिकताको प्रयोग, व्यवसाय फर्म रजिष्ट्रेशन, श्रम ऐन, खेलकुद विकास ऐन, मुलुकी देवानी संहिता, मुलुकी कार्यविधि संहिता, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, शिक्षा, स्वास्थ्य रोजगारीदेखि सबै प्रकारका शुल्क र कर लगायतका कानुन र अन्य व्यवस्था बाधक रहेको ले गैरआवासीय नेपाली नागरिकलाई अनुकूल हुने गरी हामी छुट्टै र एकीकृत गैरआवासीय नेपाली ऐन ल्याउने छौं ।
- हामी गैरआवासीय नेपालीहरूले नेपालमा आर्जन गरेको वा पैतृक सम्पत्तिको हक सुरक्षित गर्छौं । नेपाली नागरिक सरह सेवा प्रवाहमा समान शुल्क, महशुल वा दस्तुरको व्यवस्था गर्छौं ।

संवैधानिक कानुनी व्यवस्था गरी गैरआवासीय नेपालीको नागरिकता निरन्तरता, पैतृक सम्पत्ति र मतदानको अधिकार सुनिश्चित

- जग्गा खरिद, बिक्री वा कुनै व्यहोराले नामसारी वा दाखिल खारेज गर्नु पर्दा वा बैङ्क खाता खोल्नु पर्दा वा कुनै उद्योग वा व्यवसाय दर्ता गर्नु पर्दा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र वा सोको प्रतिलिपि पेस गर्न सकिने व्यवस्था गर्छौं । जुनसुकै सरकारी वा गैरसरकारी कार्यालयले नेपाली नागरिकता सरह मान्यता दिने व्यवस्था गर्छौं ।
- गैरआवासीय नेपाली नागरिकले नेपाल प्रवेश गर्दा वा नेपालमा रहँदा भिसा आवश्यक नपर्ने व्यवस्था गर्छौं ।
- सर्वोच्च अदालतको आदेशको सम्मान गर्दै नेपालको आम निर्वाचनमा विदेशमा बसोबसारत नेपाली नागरिकलाई विदेशबाटै मतदान गर्न सक्ने व्यवस्था गर्न निर्वाचन सम्बन्धि कानुन संशोधन गर्छौं ।
- बेलायत सरकारसँग सहकार्य गरी ब्रिटिश गोर्खा सैनिकका हक-हितसम्बन्धी विषयहरूको समाधानका लागि कूटनीतिक पहल गर्छौं ।
- थाइल्यान्ड, म्यानमार, फिजी, मलेसिया लगायतका देशमा रहेका नेपाली मूलका व्यक्तिहरूलाई नेपालसँग जोड्ने स्पष्ट नीति निर्माण गरिने छ ।
- डिजिटल प्रणालीमार्फत विदेशमा रहेका नेपाली नागरिकलाई राज्यका सेवा, सूचना तथा सुविधामा पहुँच सुनिश्चित गर्छौं ।
- स्वास्थ्य शिक्षा, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध हुनसक्ने व्यवस्था गर्छौं ।

## २. सम्पत्तिको सुरक्षा र आर्थिक लगानी सम्बन्धमा

लगानीको सुरक्षा, समान व्यवहार गैरआवासीय नेपालीको लगानी प्रोत्साहन, दोहोरो कर अन्त्य र परोपकारी कोषमार्फत विकासमा जोड्छौं । यसका लागि;

- गैरआवासीय नेपालीहरूले नेपालमा आर्जन गरेको वा पैतृक सम्पत्तिको हक सुरक्षित गर्छौं । नेपाली नागरिक सरह सेवा प्रवाहमा समान शुल्क, महशुल वा दस्तुरको व्यवस्था गर्छौं ।
- नेपालमा लगानीमैत्री वातावरण सिर्जना गर्न गैरआवासीय नेपालीहरूले पूँजी बजारमा सहज रूपमा लगानी गर्न सक्ने व्यवस्था मिलाइने छ । धितोपत्र बजारमा सुलभ पहुँच सुनिश्चित गर्ने कानुनी व्यवस्था गर्छौं ।
- विदेशमा बस्ने नेपालीहरूको लगानी प्रोत्साहन गर्न नेपालीहरूको ठूलो बसो बास भएका देशहरूसँग दोहोरो कर प्रणाली अन्त्य गर्ने द्विपक्षीय सम्झौताको पहल गर्छौं ।

- विदेशबाट फर्किएका नेपाली युवाको अभिलेख तयार गरी उनीहरूले आर्जन गरेको सिप र पूँजीको आधारमा स्थानीय तहसँग सहकार्य गर्दै उद्यमशीलतामा संलग्न गराइने छ ।
- गैरआवासीय नेपालीको माध्यमबाट नेपाली कृषिजन्य उत्पादनहरूको अन्तर्राष्ट्रिय बजारीकरण गर्छौं ।
- गैरआवासीय नेपालीहरूबाट प्राप्त हुने आर्थिक सहयोगलाई एउटै वैधानिक कोषमार्फत नेपालको शिक्षा, स्वास्थ्य वा अन्य सामाजिक क्षेत्रमा पारदर्शी रूपमा भित्र्याउन र परिचालन गर्न हामीले नै प्रस्ताव गर्दै आएको 'गैरआवासीय नेपाली परोपकारी कोष'को प्रावधानलाई गैरआवासीय नेपाली सम्बन्धि ऐनमा समेट्छौं ।

## ३. ज्ञान, सिप तथा प्रविधि हस्तान्तरण सम्बन्धमा

गैरआवासीय नेपालीको लगानी, ज्ञान र सिपलाई पूर्वाधार विकासमा जोड्छौं र विज्ञताको सदुपयोग गर्छौं । यसका लागि;

- रोजगारी, उद्यमशीलता तथा पूर्वाधार विकासमा गैरआवासीय नेपालीको लगानी, ज्ञान, सिप र प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्छौं ।
- गैरआवासीय नेपाली विज्ञहरूले स्वास्थ्य, शिक्षा, पर्यावरण, सूचना प्रविधि, पर्यटन लगायतका क्षेत्रमा विदेशमा आर्जन गरेको ज्ञान, दक्षता र प्रविधिलाई नेपालको आर्थिक तथा सामाजिक विकासमा सदुपयोग गर्न नेपालका सम्बन्धित निकायसँग सहकार्य गराउने नीति लागु गर्छौं ।
- स्वदेश फर्कन चाहने वा स्वदेशमा नआई आफ्नो बसोबासरत स्थानबाटै योगदान गर्न चाहने गैरआवासीय नेपाली विज्ञहरूका लागि उपयुक्त कानुनी व्यवस्था गर्छौं ।
- उच्च पेसागत दक्षता हासिल गरेका डायस्पोराभित्रका नेपाली विज्ञहरूको डेटाबेस बनाई तिनलाई देशको नीति निर्माण, अनुसन्धान र विकासमा जोड्न Knowledge and Innovation Center स्थापना गर्छौं ।

## ४. दोस्रो पुस्ताको सहभागिता सम्बन्धमा

पुस्ता फेरिए पनि नाता नटुटोस् भन्ने सुनिश्चित गर्न दोस्रो पुस्ताका गैरआवासीय नेपालीको मातृभूमिसँगको सम्बन्धलाई सुदृढ पार्छौं । यसका लागि;

- दोस्रो पुस्ताका गैरआवासीय नेपालीसँग नेपालको सम्बन्धलाई दिगो बनाउँदै उनीहरूले नेपालको कुनै प्रत्यक्ष लगानी बिना नै विदेशमा आर्जन गरेको ज्ञान, सिप र अनुभव नेपालमा भित्र्याउन विशेष कार्यक्रम सञ्चालन गर्छौं ।
- गैरआवासीय नेपाली युवालाई नेपालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिताहरूमा सहभागी गराई नेपालीत्वको भावना अभिवृद्धि गराउन र समग्र नेपालको खेलकूद क्षेत्रको विकास गर्न कानुनी व्यवस्था गर्छौं ।
- दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरूको नेपालसँगको अपनत्व अभिवृद्धिका लागि हाम्रो देशलाई बुझाउने र अध्ययन गराउने उद्देश्यले निजी क्षेत्रद्वारा सञ्चालित विद्यालयहरूमा 'आवासीय समर स्कूल' सञ्चालन गर्न प्रेरित गर्छौं ।
- नेपालको संस्कृति, धर्म, दर्शन, परम्परा, भाषा, कला, साहित्य, गीत, संगीत, चलचित्र, ज्ञान र विज्ञानलाई गैरआवासीय नेपालीका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा विस्तार गरी नेपाली राष्ट्रियता र पहिचानको प्रवर्धन गर्छौं ।

## ५. सरकार– डायस्पोरा सामुदायिक विकास कोष

माटोको माया र समुदायको विकासमा नेपाली डायस्पोरालाई जोड्ने छौं; यसका लागिः

**माटोको माया र समुदायको विकासमा नेपाली डायस्पोरालाई जोड्छौं**

- विश्वका कतिपय देशमा सञ्चालित र सामुदायिक विकासमा उल्लेखनीय योगदान दिइरहेको सरकार-डायस्पोरा विकास साझेदारी मोडेलको अनुशरण गर्दै हामी विदेशमा रहेका नेपालीहरूले आफू जन्मेको गाउँ, ठाउँका सामुदायिक पूर्वाधारहरूको विकासमा आर्थिक योगदान गर्न चाहेमा त्यसको कदर गर्दै सरकार डायस्पोरा सामुदायिक विकास कोषको व्यवस्था तथा सञ्चालन सम्बन्धी कानुनको निर्माण गर्छौं ।
- गैरआवासीय नेपाली वा डायस्पोराका संस्थाहरूले स्थानीय तहसँग समन्वय गर्दै आफ्नो जन्मथलोमा आफूले नै चयन गरेका शिक्षा, स्वास्थ्य, खाने पानी वा अन्य सार्वजनिक पूर्वाधार निर्माणका लागि परोपकारी योगदान गरे बराबरको थप रकम नेपाल सरकारले उपलब्ध गराउने छ ।

# हाम्रो सभ्यता, हाम्रो संस्कृति

## भाषा, साहित्य, कला र संस्कृति : आधुनिक नेपालका अमूल्य निधि

*नेपाली कांग्रेस सनातन सभ्यता, सांस्कृतिक विविधता र गौरवशाली विरासतलाई राष्ट्रिय एकताको आत्मा र आधारको रूपमा आत्मसात गर्दै आधुनिक, सभ्य, समावेशी र सहिष्णु समाज निर्माण गर्न दृढ सङ्कल्पित छ ।*

नेपाली कांग्रेसले ऐतिहासिक रूपमा विभिन्न जातजाति र समुदायको भाषा, साहित्य, कला र संस्कृतिलाई राष्ट्रिय मूलधारमा ल्याउन नेतृत्वदायी भूमिका खेले को वास्तविकता घाम जतिकै छर्लङ्ग छ । स्थापनाकालदेखि नै नेपालको सनातन सभ्यता, सांस्कृतिक विविधता र मौलिक पहिचानलाई संरक्षण र संवर्धन गर्दै आएको वास्तविकतालाई आत्मसात गर्दै काङ्ग्रेस समाजका जीवित धरोहर र लोकज्ञानको अनुसन्धान गरी राष्ट्रिय डिजिटल आर्काइभ बनाउने तथा सांस्कृतिक उद्योगलाई रोजगारी र उद्यमसँग जोड्ने सङ्कल्प गर्दछ ।

**समुन्नत नेपाल : सम्मानित नेपाली**को मूल ध्येय बोकेको नेपाली काङ्ग्रेसले भाषा, साहित्य, कला, संस्कृतिलाई राष्ट्र निर्माणको अपरिहार्य तत्त्व मानेको छ । यी क्षेत्रको विकासबिना भौतिक विकासले मात्रै देशको सर्वाङ्गीण विकास हुँदैन भन्ने काङ्ग्रेसले ठानेको छ । भाषा, साहित्य, कला, संस्कृतिको विकासले मानवीय मूल्यको संरक्षण र सामाजिक लोकतन्त्रको प्रवर्धनमा मदत पुग्दछ भन्ने विश्वास यसले लिएको छ । नेपालमा भएका सबै जातजातिका भाषा, साहित्य, कला, संस्कृतिको संवर्धन गरी बहुलवादमा आधारित समुन्नत नेपाल निर्माण गर्ने सङ्कल्प नेपाली कांग्रेसको छ ।

सभ्यता, संस्कृति, कला र साहित्यलाई केवल गौरवका रूपमा मात्र नभई राष्ट्रिय स्वाभिमान र पर्यटनको मेरूदण्डका रूपमा स्थापित गर्न कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । सांस्कृतिक सम्पदालाई केवल परम्पराका रूपमा मात्र हेर्दा यसलाई आधुनिक अनुभवमा आधारित अर्थतन्त्र र रोजगारीसँग प्रभावकारी रूपमा जोड्न सकिएको छैन । त्यसकारण विभिन्न आदिवासी जनजाति

समुदायको मौलिक परम्परा, रैथाने ज्ञान, सिप, गुठी एवम् शिल्पीहरूको बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार संरक्षणका लागि थुप्रै कानुनी र संस्थागत सुधार गर्नुपर्ने छ । त्यसैले नेपाली कांग्रेस सङ्कल्प गर्दछ :

### १. सांस्कृतिक धरोहरको संरक्षण र गुठी प्रणालीको सुदृढीकरण

- जात्रा, सांस्कृतिक प्रथा, संस्कार, परम्परागत ज्ञानसिप लगायतका मूर्त-अमूर्त सम्पदाको कानुनी दर्ता तथा अभिलेख (डिजिटाइजेसन) सहित संरक्षण गर्छौं ।
- मन्दिर, चैत्य, दरबार क्षेत्र, उत्सव र सार्वजनिक स्थलको व्यवस्थापनमा गुठी, परम्परागत संस्था र स्थानीय समुदायलाई आधिकारिक भूमिका दिइने छ र राज्यले आर्थिक तथा प्राविधिक सहयोग गर्ने छ ।
- सम्पदा क्षेत्रबाट उठ्ने राजस्वको निश्चित प्रतिशत सम्बन्धित समुदाय तथा गुठीमै फिर्ता गर्ने व्यवस्था गर्छौं ।
- सम्पदा संरक्षणमा युवालाई तालिम दिई 'सम्पदा स्वयम्सेवक' रूपमा परिचालन गरिने छ ।
- पुराना बस्तीमा 'सम्पदा (मैत्रीभवन) संहिता' लागु गरी मौलिक वास्तुकला र सार्वजनिक संरचना संरक्षण गर्छौं ।

### २. राष्ट्रिय कला, संस्कृति र बौद्धिक सम्पत्तिको संरक्षण

- सातै प्रदेशमा एम्फिथिएटर, कला ग्यालरी, प्रशिक्षण कक्ष, डिजिटल अभिलेख सहितको बहुउद्देश्यीय कला केन्द्र स्थापना गर्छौं ।
- उदीयमान कलाकारका लागि स्टुडियो (आवासिय कार्यक्रम र सिर्जनात्मक उत्पादन) सुविधाको व्यवस्था गर्छौं ।
- कलाकार एवम् शिल्पीहरूको बौद्धिक सम्पत्ति, कपिराइट र रोयल्टी सुनिश्चित गर्न आर्टिस्ट सपोर्ट डेस्कमार्फत कानुनी सहायता र सेवा उपलब्ध गर्छौं ।
- यान्त्रिक बौद्धिकता, डिजिटल चोरी, नक्कल र अनधिकृत प्रयोग रोक्न लाइसेन्सिङ, राइट्स म्यानेजमेन्ट र मापदण्डसहितको कानुनी व्यवस्था गर्छौं ।
- परम्परागत ज्ञान र सामूहिक बौद्धिक सम्पत्तिको दुरूपयोग रोक्न विशेष कानुन ल्याउँछौं ।

## ३. राष्ट्रिय डिजिटल आर्काइभ र सभ्यता अध्ययन केन्द्रको स्थापना

- नेपाली सभ्यता, संस्कार र अमूर्त धरोहरको अनुसन्धान गरी राष्ट्रिय डिजिटल आर्काइभ निर्माण एवम् तिनको प्रवर्धन र प्रसारका लागि राष्ट्रिय अभियान सञ्चालन गर्छौं । यस अभियनामार्फत संस्कृतिलाई कर्मकाण्डका रूपमा मात्र नभई सामाजिक ज्ञान, जीवन पद्धति र राष्ट्रिय पहिचानको रूपमा स्थापित गर्ने छौं ।
- इतिहास, दर्शन र संस्कृतिको वैज्ञानिक अध्ययनका लागि 'नेपाल सभ्यता अध्ययन केन्द्र' स्थापना गर्छौं ।
- लोपोन्मुख भाषाहरूको वर्णमाला, शब्दकोश, लिपि र मौखिक इतिहासलाई डिजिटल प्लेटफर्ममा संरक्षण गर्छौं ।
- ऋषिमुनि, ज्ञानी र योगीहरूको जीवन दर्शनलाई झल्काउने ज्ञान परम्पराको प्रवर्धन गर्छौं ।
- युनेस्कोको अमूर्त सांस्कृतिक सम्पदा सूचीमा नेपालका जीवित परम्परा सूचीकृत गर्न विशेष पहल गर्छौं ।

## ४. आधुनिक शिक्षासँगै सभ्यता, संस्कृति र कलाको अध्ययन

- पाठ्यक्रममा इतिहास, दर्शन, स्थानीय कला, साहित्य र सभ्यता सम्बन्धी विषयहरू समावेश गरी विद्यालय शिक्षालाई नैतिकता, सदाचार र मुल्यमा आधारित बनाउने छौं ।
- 'शिक्षक-कलाकार' अवधारणामार्फत स्थानीय भाषा, परम्परा, सिपलाई कक्षाकोठासँग गर्छौं ।
- विभिन्न समुदायमा प्रचलित चित्रकला, ललितकला र प्रदर्शनकला प्रवर्धनका लागि राष्ट्रिय 'कला केन्द्र' स्थापना गर्छौं ।
- नेपालमा प्रचलित सबै मातृभाषा र मातृभाषासम्बद्ध साहित्य, सङ्गीत र सिनेमाको संरक्षण र प्रवर्धन गर्छौं ।
- प्रत्येक विद्यालयमा आधारभूत कला सामग्री, वाद्ययन्त्र र अभ्यास स्थलको व्यवस्था गर्छौं ।
- कला-संस्कृतिसम्बन्धी अध्ययन र अनुसन्धान गर्ने विद्यार्थीका लागि छात्रवृत्ति र फेलोसिपको व्यवस्था गर्छौं ।
- युवा लक्षित सांस्कृतिक क्याम्प र कार्यशालाहरू सञ्चालन गरी रैथाने ज्ञानसिपको पुस्तान्तरण सुनिश्चित गर्छौं ।

## ५. विश्वस्तरीय आध्यात्मिक नगर र सभ्यताको पुनर्जागरण

- बृहत्तर जनकपुर क्षेत्रलाई मिथिला-जानकी सभ्यता नगरु; सिम्रौनगढ-तिरहुत सभ्यता पुनर्जागरण; पशुपतिनाथ-शैव शाक्त आगम अध्ययन केन्द्र र लुम्बिनीलाई विश्व शान्ति, ध्यान र बुद्ध दर्शन केन्द्रका रूपमा विकास गर्छौं ।
- जनकपुर र लुम्बिनी जोड्ने हुलाकी राजमार्गलाई 'सीता-सिद्धार्थ सम्पदा मार्ग' का रूपमा स्तरोन्नति गर्छौं ।
- लुम्बिनी क्षेत्र विकासको अन्तर्राष्ट्रिय समितिलाई पुन:संरचना गरी संयुक्त राष्ट्रसङ्घीय र वैश्विक सहभागिता सुनिश्चित गर्छौं ।
- दक्षिण एसिया र दक्षिण-पूर्वी एसियाका देशहरूसँग जानकी मन्दिर र रामायण सर्किटको प्रवर्धनमा साझेदारी गर्छौं ।
- कोशी, कर्णाली र गण्डकी नदी सभ्यताका आधारमा नवीन आध्यात्मिक पर्यटन पूर्वाधारहरू निर्माण गरिने गर्छौं ।
- लुम्बिनीमा अन्तर्राष्ट्रिय शान्ति, मेलमिलाप र द्वन्द्व व्यवस्थापन केन्द्र स्थापना गरिने गर्छौं ।

## ६. सांस्कृतिक पर्यटन र सिर्जनशील अर्थतन्त्र

- सांस्कृतिक उत्सव र जात्रालाई अन्तर्राष्ट्रियस्तरम नेपालका विश्वब्रान्डका रूपमा प्रवर्धन गर्छौं ।
- हस्तकला, सङ्गीत, सिनेमा र रङ्गमञ्च जस्ता सांस्कृतिक उद्योगमा संलग्न उद्यमीलाई सहुलियत ऋण, बिमा र बजारमा पहुँच गर्छौं ।
- होमस्टे र होटलबिच ज्ञान साझेदारी तथा हस्तकला प्रदर्शनिस्थल र बजारका लागि सार्वजनिक-निजी साझेदारी गर्ने छौं ।
- नेपाली सांस्कृतिक गन्तव्यहरूमा अन्तर्राष्ट्रिय चलचित्रहरूको छायाङ्कनलाई आकर्षित गर्न सहुलियत प्याकेज, लागत फिर्ता, अनुमति प्रक्रिया एकै बिन्दुमा अनलाइनमार्फत सम्पन्न हुने व्यवस्था गर्छौं ।
- पर्यटक प्रवेश बिन्दुहरूमा विश्वस्तरीय सांस्कृतिक सूचना केन्द्रहरू स्थापना गर्छौं ।
- थारू सभ्यता, मैथिली सभ्यता, भोजपुरी सभ्यता, नेवारी सभ्यता, किरात सभ्यता आदि मौलिक सभ्यताहरूको जगेर्ना गर्दै पर्यटन प्रवर्धन गर्छौं ।

- ऐतिहासिक संरचना र पुराना बस्तीहरूको संरक्षणमा विपद्को जोखिम न्यूनीकरण योजना र विकासमा सांस्कृतिक प्रभाव मूल्याङ्कन अनिवार्य गर्छौं ।
- कलाकेन्द्र र सांस्कृतिक भवनहरूमा सौर्य ऊर्जा; वर्षाको पानी सङ्कलन र ऊर्जा दक्षता डिजाइन अनिवार्य गर्छौं ।
- जीर्ण सम्पदाहरूको पुनरूत्थानका लागि निजी क्षेत्रसँग सम्पदामैत्री साझेदारी गर्छौं ।
- विपद्को समयमा सम्पदा सुरक्षाका लागि स्थानीय सम्पदा रक्षक टोली परिचालन गर्छौं ।

## ७. प्रादेशिक पहिचान र राष्ट्रिय सम्पदा संरक्षण

- युनेस्कोको मापदण्ड पुगेका तर सूचीकृत नभएका स्थल र परम्परालाई राष्ट्रिय सम्पदाको दर्जा दिने छौं ।
- हिमाली, कर्णाली (खस), सुदूरपश्चिम, आदिवासी र किरात सभ्यताको संरक्षणका लागि समुदायको सहभागितामा क्षेत्रगत विशेष सांस्कृतिक योजना लागु गर्छौं ।
- अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको सांस्कृतिक अभिव्यक्तिको स्वतन्त्रताको प्रत्याभूति गर्छौं ।
- ऐतिहासिक स्थल र प्राचीन बस्तीका मौलिक नाम तथा पहिचानको पुनर्स्थापनालाई प्राथमिकता दिन्छौं ।

## ७. सहिष्णु समाज र परम्पराको वैज्ञानिक विश्लेषण

- परम्परागत मूल्य-मान्यता र संस्कारहरूको सामाजिक तथा वैज्ञानिक पक्षहरूका बारेमा तथ्य अन्वेषण गरी उपयोगी पक्षहरूको संरक्षण तथा प्रवर्धन गर्छौं ।
- अतिथि सत्कार र वसुधैव कुटुम्बकम्लाई विश्वभर नेपालीपनको विश्व ब्रान्डिङका रूपमा प्रवर्धन गर्छौं ।
- विविध धर्म, संस्कृति, भाषा र समुदायबिच सांस्कृतिक संवाद, सहअस्तित्व र सामाजिक सद्भावका कार्यक्रम सञ्चालन गर्छौं ।

# खेलकुद

## खेल्ने नेपाल, चिनिने नेपाल

*नेपाली कांग्रेस खेलकुदलाई आम मानिसको राष्ट्र निर्माणमा सहभागिता र विकासको माध्यम, राष्ट्रिय पहिचानको आधार र एक आकर्षक उद्योगका रूपमा विकास गर्न चाहन्छ । हामी खेलकुदलाई मनोरञ्जनबाट माथि उठाई 'राष्ट्रिय पहिचान' र 'राष्ट्र निर्माणमा युवा सहभागिता' को मेरूदण्ड बनाउने सङ्कल्प गर्दछौं । यसका लागि मौजुदा नीति र संरचनामा व्यापक सुधार गर्दै खेलाडीको वृत्ति-विकास, खेल अर्थतन्त्र (Sports Economy) र खेल कुटनीति (Sports Diplomacy) लाई राज्यको नयाँ प्राथमिकताका रूपमा स्थापित गरिने छ ।*

## खेलकुदमा रूपान्तरण ल्याउने नेपाली कांग्रेस

नेपाली खेलकुदलाई आधुनिक र व्यावसायिक बनाउने ऐतिहासिक जग नेपाली कांग्रेसकै पालामा बसेको हो । तर, बदलिँदो विश्व परिवेश अनुसार अबको खेलकुदलाई केवल 'रहर' मा मात्र सीमित राख्न सकिँदैन । हामी खेलकुदलाई देशको 'सफ्ट पावर', युवाको सिर्जनिशील सहभागिता र अर्थतन्त्रको बलियो हिस्सा बनाउन चाहन्छौं । हाम्रो लक्ष्य खेलकुद ऐनको पुनरावलोकन मार्फत राखेप तथा खेल सङ्घलाई व्यवस्थित बनाउने, खेललाई व्यावसायिक बनाउने, अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार निर्माण गर्ने र नेपाली खेलाडीलाई विश्वका व्यावसायिक लिगसम्म पुऱ्याउन सक्ने सक्षम इकोसिस्टमको निर्माण गर्नु हो ।

## खेलकुदको चौतर्फी विकासका लागि हाम्रा सङ्कल्पहरू

**१. कानुनी सुधार र संस्थागत सुदृढीकरण:** खेलकुदलाई मानव विकास, राष्ट्रिय गौरव र उद्योगका रूपमा स्थापित गर्न ६ महिनाभित्र 'खेलकुद ऐन' परिमार्जन

गरी समयानुकूल बनाइने छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई एक वर्षभित्र पुनर्संरचना गरी संस्थाको नेतृत्व खुला र पारदर्शी प्रतिस्पर्धाबाट छानिएका खेल क्षेत्रका योग्य व्यक्तिले मात्र नेतृत्व गर्ने सुनिश्चित गरिने छ । साथै, सबै खेल सङ्घहरूको सुशासन ढाँचालाई पारदर्शी, उत्तरदायी र नतिजामुखी बनाइने छ । विश्व एन्टि-डोपिङ संहिता (WADA) को मापदण्ड र धारा १८ को मर्म अनुरूप अविलम्ब छुट्टै 'एन्टि-डोपिङ ऐन' जारी गरी 'नेपाल एन्टि-डोपिङ एजेन्सी (NADA)' लाई पूर्ण स्वायत्त, शक्तिशाली र पर्याप्त बजेटयुक्त निकायका रूपमा स्थापित गरिने छ ।

**२. खेल अर्थतन्त्र र पूर्वाधार :** 'एक प्रदेश - एक अत्याधुनिक रंगशाला' को अवधारणा अन्तर्गत सातै प्रदेशमा अन्तर्राष्ट्रिय मापदण्डका खेल पूर्वाधारहरू निर्माण गरिने छ र प्रत्येक २ वर्षमा राष्ट्रिय खेलकुद आयोजनाको सुनिश्चितता गरिने छ । खेलकुदलाई व्यावसायिक उद्योगका रूपमा विकास गर्न सम्भावना भएका फुटबल, क्रिकेट, राष्ट्रिय खेल भलिबल, बास्केटबल जस्ता खेलहरूमा निजी क्षेत्रको लगानीलाई विशेष सहुलियत दिँदै फ्रेन्चाइज लिग र व्यावसायिक क्लबहरूलाई प्रोत्साहित गरिने छ ।

**३. खेल कुटनीति र पर्यटन :** खेलकुदलाई सफ्ट पावरको रूपमा प्रयोग गर्दै नेपाललाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको 'तटस्थ आयोजना स्थल' का रूपमा स्थापित गर्न विशेष पहल गर्दै 'क्रिकेट कुटनीति' मार्फत नेपालको अन्तर्राष्ट्रिय छवि सुधार र कुटनीतिक सम्बन्ध विस्तार गरिने छ । नेपालको विशिष्ट भूगोललाई साहसिक खेल को केन्द्र र 'उच्च उचाइ प्रशिक्षण' स्थलको रूपमा विकास गरिने छ । क्रिकेट, फुटबल र साहसिक खेलका साथै म्याराथन जस्ता खेलहरूलाई पर्यटनसँग जोड्दै नेपाललाई आकर्षक 'स्पोर्टस् टुरिजम' गन्तव्य बनाइने छ ।

**४. खेलमै जीवन, खेलमै भविष्य :** खेलाडी खेलबाट पलायन हुनुपर्ने अवस्थाको अन्त्य गर्न नियमित लिग हुने वातावरण, उचित पारिश्रमिक र पुरस्कार राशि समयमै पाउने व्यवस्था गरिने छ । चोटपटकको निःशुल्क उपचार र सन्यास पछिको जीवनका लागि 'खेलाडी सुरक्षा कोष' खडा गरेर आधुनिक तालिम केन्द्रमार्फत सन्तुलित आहार र खेल विज्ञानमा आधारित प्रशिक्षण सुविधा उपलब्ध गराइने छ । पदक विजेताहरूलाई सरकारी सेवामा सम्मानजनक रूपमा समायोजन गर्ने कानुनी

व्यवस्था गरी खेलकुदलाई 'भरोसायोग्य करियर' बनाइने छ । साथै, राखेपमा रिक्त प्रशिक्षक, प्राविधिक र प्रशासनिक पदहरू तत्काल पूर्ति गर्दै प्रशिक्षक, रेफ्री र व्यवस्थापकका लागि खेल उद्योगभित्रै दिगो रोजगारीका अवसरहरू सिर्जना गरी समग्र खेल क्षेत्रलाई 'आत्मनिर्भर र व्यावसायिक' बनाइने छ ।

५. **डिजिटल मैदान :** ई-स्पोर्टस्मा व्यावसायिक भविष्यः ई-स्पोर्टस्लाई आधिकारिक मान्यता दिँदै गेमरहरूलाई 'प्रोफेसनल खेलाडी' को रूपमा पहिचान गरिने छ । यसका लागि कर ढाँचा, अनुबन्ध नियमावली, र अन्तर्राष्ट्रिय भिषा सहजीकरणका लागि नीतिगत व्यवस्था गरी डिजिटल पूर्वाधारमा लगानी गरिने छ ।

६. **विद्यालयदेखि रंगशालासम्म :** हाम्रा विधालयलाई नयाँ खेलाडी पहिचानको आधारभुत केन्द्रको रूपमा विकास गर्दै तल्लो तहदेखि नै प्रतिभा पहिचान गर्न र वृत्ति विकासको लागी स्थानीय तहमा खेल प्रशिक्षकको व्यवस्था सहित विधालय स्तरमा नियमित प्रतियोगिता र स्पोर्टस् छात्रवृत्तिको व्यवस्था गर्दै 'मिसन च्याम्पिन' कार्यक्रम सञ्चालन गरिने छ । विद्यालयको आधारभूत तहदेखि नै राष्ट्रिय खेलकुद पाठ्यक्रम लागु गरी सम्बन्धित खेल सङ्घ-संस्थाहरूसँगको सहकार्यमा सम्बन्धित खेलहरूको राष्ट्रिय खेल फिलोसोफी (National Sports Philosophy) निर्माण गरी लागु गरिने छ ।

७. **'मिशन पदक' अन्तर्राष्ट्रिय सफलता र सम्मानः** अन्तर्राष्ट्रिय पदकको उच्च सम्भावना भएका खेलहरूको वर्गीकरण गरी ओलम्पिक, एसियाड र दक्षिण एसियाली खेलकुदमा नेपालको बलियो उपस्थिति सुनिश्चित गरिने छ । **"मिशन पदक"** अभियानमार्फत उत्कृष्ट खेलाडीहरूका लागि प्रयाप्त मासिक पारिश्रमिक, उच्च दक्ष प्रशिक्षण र विशेष बजेटको व्यवस्था गरिने छ ।

८. **खेलको वर्गीकरण र मौलिक खेलको जगेर्ना :** नेपाली खेलकुदलाई व्यवस्थित र नतिजामुखी बनाउन खेलहरूको वैज्ञानिक वर्गीकरण गरिने छ । व्यावसायिक सम्भावना भएका, अन्तर्राष्ट्रिय सफलता दिलाउन सक्ने, र पर्यटनसँग जोड्न सकिने खेलहरूको पहिचान गरी सोही अनुरूप लगानी र प्रशिक्षणको रणनीति बनाइने छ । साथै, डन्डीबियो र बाघचाल जस्ता हाम्रा परम्परागत एवम् मौलिक खेलहरूको संरक्षण, प्रवर्धन र विस्तार गर्दै यसलाई नेपाली संस्कृतिको अभिन्न अङ्ग र पर्यटकीय आकर्षणका रूपमा स्थापित गरिने छ ।

**९. सिप विश्वको, खेल नेपालको :** विश्वका विभिन्न मुलुकमा रहेका नेपाली नागरिक र गैरआवासीय नेपाली (NRN) खेल प्रतिभाहरूलाई नेपालको घरेलु प्रतियोगिताहरूमा निर्बाध सहभागी हुने वातावरण बनाइने छ । विदेशमा बसेर अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण र अनुभव हासिल गरेका खेलाडीहरूलाई राष्ट्रिय टोलीमार्फत नेपालको प्रतिनिधित्व गर्न पाउने गरी आवश्यक कानुनी र नीतिगत बाधाहरू फुकाइने छ । यसबाट विश्वभर छरिएर रहेका दक्ष नेपाली खेलाडीहरूको क्षमतालाई देशको प्रतिष्ठा बढाउन र अन्तर्राष्ट्रिय मञ्चमा नेपालको विजय यात्रालाई थप बलियो बनाउन उपयोग गरिने छ ।

## १०. सहासिक खेलकुद र खेल पर्यटन

- नेपाललाई High Altitude Adventure Sports मा एसियाको प्रमुख केन्द्रका रूपमा विकास गरी High Altitude Trail Running र Ultra-Endurance sports को केन्द्रका रूपमा नेपाललाई विकास गरिने छ ।
- नेपालका विभिन्न हिमाली क्षेत्रहरूमा अन्तराष्ट्रिय स्तरका Trail Race / Training Camp हरू सञ्चालन गर्न विशेष प्रोत्साहन तथा सहयोग गरी नेपाललाई विश्वस्तरको Mountain Biking and Gravel Cycling गन्तव्यको रूपमा स्थापित गर्न स्थानीय सरकारसँगको साझेदारीमा पहाडी र हिमाली क्षेत्रमा Dedicated trail हरू निर्माण गरिने छ ।
- प्याराग्लाइडिङ, र्‍याफ्टिङ, कायकिङ, क्यानोनिङ, रक क्लाइम्बिङ र जिप-लाइनिङ जस्ता बहु-साहसिक खेललाई व्यावसायिक र मर्यादित खेल पर्यटनको रूपमा विकसित गर्न आवश्यक कानुनी तथा प्राविधिक व्यवस्था गरिने छ ।
- "अपाङ्गता भएका व्यक्तिको सर्वाङ्गिण विकासका लागि 'पारा खेलकुद'मा पहुँच, अवसर र सम्मान सुनिश्चित गरिने छ ।"

# संविधानको संस्थागत विकास र सङ्घीयताको सबलीकरण

नेपाली कांग्रेसले आफ्नो प्रतिज्ञापत्रमा उल्लेख गरेका कतिपय विषय संविधान संशोधनसँग सम्बन्धित छन् । हाम्रो पार्टी, स्थापनाकालदेखि अंगीकार गर्दै आएका मार्गनिर्देशक सिद्धान्त एवम् संविधानको भावना र सिद्धान्तलाई आत्मसात गर्दै अभ्यासका क्रममा देखिएका कतिपय समस्यालाई संशोधनमार्फत सम्बोधन गरी सङ्घीय प्रणाली र समावेशितालाई थप प्रभावकारी, जनमुखी र परिणाममुखी बनाउन सकिन्छ भन्ने ठान्दछ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानका मूल्य-मान्यता र नागरिक अधिकारलाई अझै फराकिलो दायराबाट संस्थागत गरी संविधानलाई थप गतिशील बनाउन र जनभावना अनुरूप सेवा प्रवाह (Delivery) लाई प्रभावकारी बनाउन राजनीतिक दल, नागरिक समाज, युवा पुस्ता र आम जनतासँग संवाद र परामर्श गरी बृहत् सहमतिका आधारमा संविधान संशोधनका लागि नेपाली कांग्रेसले पहलकदमी लिने छ ।

सबै धर्म, संस्कृति, भाषा, जाति, वर्ग, भूगोलको पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठा सुनिश्चित गर्न सबै तहका सरकारमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गरी उत्तरदायी प्रणालीको रूपमा विकसित गर्न नेपाली कांग्रेस निम्न सङ्कल्प गर्दछ :

## १. संविधानको संस्थागत विकासमा हाम्रो प्रतिबद्धता

- हामी संविधानमा लिपिबद्ध लोकतन्त्र, गणतन्त्र, सङ्घीयता नागरिक सर्वोच्चता, बहुलवाद, संसदीय व्यवस्था, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायतका सारभूत मूल्य मान्यताप्रति पूर्ण प्रतिबद्ध छौं ।
- हामी समाजमा विद्यमान भौगोलिक, लैङ्गिक, धार्मिक, सामाजिक, सांस्कृतिक, जातीय, भाषिकलगायत सबै प्रकृतिका असमानता र विभेदको अन्त्य गरी थप समावेशी, थप लैङ्गिकमैत्री र जनतालाई अझ अधिकारसम्पन्न बनाउँदै विभेदरहित समन्यायिक र समतामूलक समाज निर्माणमा प्रतिबद्ध छौं ।

- हामी सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीनै तहका सरकारबिचको राज्यशक्तिको बाँडफाँट र सङ्घीय शासकीय प्रणालीलाई थप सबल बनाउन आवश्यक नीतिगत, संस्थागत र संरचनागत सुधार गरी विद्यमान लोकतान्त्रिक प्रणालीलाई प्रभावकारी डेलिभरी गर्ने प्रणालीको रूपमा विकसित गर्नेछौं ।

- हामी संविधानमा लिपिबद्ध समावेशी सिद्धान्त र समानुपातिक प्रतिनिधित्वको विषयलाई थप विस्तारित र सुदृढ गर्दै त्यसको कार्यान्वयन गर्न प्रतिबद्ध छौं ।

- नेपाली कांग्रेस नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तराष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरी हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीतिमा विश्वास गर्दछ । त्यसैले कुनै पनि प्रकृतिको प्रतिरक्षा, सैन्य तथा सुरक्षा सवाल एवम् शक्ति राष्ट्रहरू बिचको सामरिक प्रतिस्पर्धामा नेपाल प्रत्यक्ष वा परोक्ष संलग्न हुने छैन ।

- **आध्यात्मिक, सांस्कृतिक वैभवः** नेपालको आध्यात्मिक-सांस्कृतिक वैभवको अन्तर्राष्ट्रिय केन्द्र र नेतृत्व प्रदान गर्न सक्ने गुरू राष्ट्र हो । हजारौं वर्षदेखि हिमालयको काखमा बसेको नेपालले सनातन वैदिक संस्कृति र सभ्यताको संरक्षण र पोषण गर्दै आएको छ - जुन संस्कृतिले बहुसंख्यक हिन्दूहरूको आध्यात्मिक ऊर्जालाई मात्र होइन परिवार र समाजको सम्बन्ध र दैनिकीलाई पनि मार्गदर्शन गर्ने गरेको छ । नेपाल बुद्धको जन्मभूमि हो । यो सत्य नै हाम्रो राष्ट्रिय गौरव र पहिचान स्थापित गर्ने सुदृढ आधार हो । संसारभरिका लाखौं बौद्धमार्गीहरू शान्तिदूत गौतम बुद्ध, पवित्र लुम्बिनी तथा सानो एवम् सुन्दर नेपालको आकर्षणमा प्रार्थनारत छन् र प्रेरणा पाउँछन् ।

  नेपाल हजारौं वर्षदेखि किरात धर्म र प्राकृत धर्म मान्नेहरूको ऐतिहासिक कर्मभूमि हो, जसले प्रकृति र भूमिको पूजा-अर्चना मात्र होइन प्राकृतिक सम्पदाको संरक्षण र प्रकृतिमैत्री बन्ने चेतना पनि संरक्षण गर्दै आएको छ । जलवायु परिवर्तनको विश्वव्यापी पीडा र प्रभावबाट आक्रान्त आधुनिक विश्वका लागि प्रकृति पूजा र संरक्षणको यो अध्यात्मिक-सांस्कृतिक परम्परा

एउटा उदाहरण बन्न सक्छ ।

हिन्दू, बौद्ध, किरात र प्राकृत धर्म-संस्कृति र सभ्यताको उद्‌गमस्थल नेपाल धार्मिक सहिष्णुताको अनुपम उदाहरण पनि हो । यी सभ्यतालगायत अन्य अल्पसंख्यक मुस्लिम, क्रिश्चियन, सिख, जैन, बोन र बहाई लगायतका धार्मिक समुदायका आस्थाहरूबिच पारस्परिक सहिष्णुता, सांस्कृतिक विविधताबिच सहअस्तित्व, एकता र पारस्परिक प्रेरणा नेपालमा जस्तै अन्यत्र कहीँ छैन । हाम्रा यी अध्यात्मिक-सांस्कृतिक वैभवप्रतिको विश्वको बढ्दो आकर्षण र प्रेरणालाई नेपाली कांग्रेसले राष्ट्रिय पुनर्जागरणको सबल माध्यम बनाउने छ ।

## २. संविधान संशोधनको विषय

- संविधान गतिशील दस्तावेज हो । हामी संविधानका मूल्य-मान्यता, नागरिक अधिकार तथा समानुपातिक समावेशी सिद्धान्तलाई संकुचित हुन नदिई, त्यसलाई अझै फराकिलो र विस्तारित बनाउँदै संविधान जारी भएको एक दशकको अनुभवका आधारमा कार्यान्वयनको अवस्था र उपलब्धिलाई समीक्षा गरी निर्वाचन प्रणाली, संवैधानिक परिषद्‌को संरचना र आयोगहरूको नियुक्तिको विषय, तहगत अधिकारको स्पष्टताको विषय, शासकीय स्वरूप र युवा प्रतिनिधित्व लगायतका विषयमा नेपाली जनताको अपनत्व र स्वामित्व थप वृद्धि गर्न संविधान संशोधनको नेतृत्व लिने छौं ।
- संविधानलाई सम्पूर्ण नेपाली जनताले अपनत्व र स्वामित्व ग्रहण गर्ने साझा र समृद्ध दस्तावेजको रूपमा विकास गर्न साझा धारणा निर्माणका लागि नेपाली कांग्रेसले सबै राजनीतिक दलहरू, नागरिक समाजलगायत सबै सरोकारवाला सङ्घसंस्थाहरूसँग संवादको नेतृत्व लिने छ ।

## ३. सङ्घीय प्रणालीको सुदृढीकरण र सबलीकरण

सङ्घीयतासम्बन्धी नेपालको संविधानको सिद्धान्त, मर्म र भावनालाई आत्मसात गर्दै सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीनै तहका सरकार र शासकीय प्रणालीमा आवश्यक संवैधानिक, संस्थागत र संरचनागत सुधार गर्छौं । सङ्घीयता

कार्यान्वयनलाई प्रभावकारी र जनतामैत्री बनाई जनताको विश्वास र भरोसा बढाउने उद्देश्यले देहाय बमोजिमका नीति अख्तियार गर्छौं :

- **सङ्घीयतासम्बन्धी सिद्धान्त र दृष्टिकोणः** 'सबै अट्ने देश, सबैलाई समेट्ने कांग्रेस' र 'पहिचान भेटिने, द्वन्द्व मेटिने' बनाउन सबै धर्म, संस्कृति, जाति, भाषा, वर्ग, सम्प्रदायको भावना र मागको आधारमा सम्पूर्ण नेपाली नागरिकबिच थप भावनात्मक एकता विकसित हुने तथा डेलिभरी गर्ने प्रणालीको रूपमा विकसित गर्ने बृहत्तर आयामबाट सङ्घीयताको सुदृढीकरण र सबलीकरण गर्छौं ।

- **सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारका कार्य र जिम्मेवारीः** संविधानको अनुसूची ५ देखि ९ सम्मका एकल र साझा अधिकारमा भएको अस्पष्टता र विद्यमान दोहोरोपन हटाएर कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जन गरी तहगत सरकार सञ्चालन सम्बन्धी छाता ऐन तर्जुमा गर्छौं ।

- **मितव्ययी सङ्घीयताः** सङ्घीय प्रणालीलाई सफल र प्रदेश संरचनालाई प्रभावकारी बनाउन संविधानप्रदत्त अधिकार बिना शर्त प्रदेश र स्थानीय सरकारलाई अविलम्ब निक्षेपण गर्ने नीति अख्तियार गर्छौं ।

- **प्रशासनिक व्यवस्थापन :** विगतमा गरिएको कर्मचारी समायोजनका असन्तुष्टि सम्बोधन गरी विभिन्न आयोगले दिएको सुझाव बमोजिम तीनै तहका सांगठनिक संरचनाको पुनरावलोकन गरी छरितो र कार्यमूलक संरचना बनाउँछौं । सार्वजनिक सेवा ऐन तर्जुमा गरी तीनै तहको सेवा प्रवाह, विकास व्यवस्थापन र कार्यदक्षता बढाउँछौं । प्रदेश र स्थानीय सरकारको वित्तीय, प्रशासकीय र प्राविधिक क्षमताको अभिवृद्धि गर्छौं ।

- **अन्तर-प्रदेश परिषद् र प्रदेश समन्वय परिषद् :** सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्धलाई सुमधुर बनाउनका लागि अन्तर-प्रदेश परिषद् र प्रदेश समन्वय परिषद्लाई प्रभावकारी बनाउँछौं ।

- **प्रभावकारी समन्वय र सबल संरचनाः** विषयगत समितिलाई क्रियाशील र जवाफदेही बनाउँछौं । सङ्घीय विषयगत मन्त्रालयहरू, राष्ट्रिय प्राकृतिक

स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको समन्वयमा खर्च आवश्यकता अध्ययन गरी सो बमोजिम बजेट विनियोजन गर्छौं । दक्षता र दिगो नतिजा ल्याउने गरी जिम्मेवारी तोकी कार्यान्वयन गराउने छौं । तहगत सरकारका राजस्व सम्भाव्यताको पूर्ण उपयोग गर्ने एकीकृत राजस्व सुधार योजना तर्जुमा गरी कार्यान्वयनमा गर्छौं ।

- **नियमन, अनुगमन, मूल्याङ्कन :** तीनै तहका सरकारको जवाफदेही पद्धति सुदृढ गरी सङ्घीय संसदका समितिहरू, प्रदेश सभा र स्थानीय तहका सभाका समितिहरूलाई क्रियाशील र जवाफदेही बनाउँछौं । प्रमाणमा आधारित (**Evidence Based**) निर्णय प्रक्रिया अवलम्बन गरी नियमनकारी स्वायत्तता सबलीकरण गर्छौं ।

- **सन्तुलित विकास :** सन्तुलित विकासलाई विकासको मूल मर्म मान्दै विकास, सेवा र पूर्वाधारको न्यूनता भएका क्षेत्रहरूमा विशेष कार्यक्रम सञ्चालन गर्छौं । मानव विकास सूचकाङ्कमा कमजोर रहेको मधेस लगायतका प्रदेशहरू र खास गरी सीमाना क्षेत्रका स्थानीय तहमा गरिबी र सहरी गरिबी न्यूनीकरणका विशेष कार्यक्रम सञ्चालन गर्छौं ।

- **आर्थिक क्रियाकलापको सुदृढीकरण :** हुलाकी लगायतका राजमार्ग आसपास नदी, औद्योगिक क्षेत्रका कोरिडोरमा सार्वजनिक निजी साझेदारी, नगर पालिका, गाउँपालिकाको सहकार्य, सङ्घीय र प्रदेशका विषयगत मन्त्रालयको प्राविधिक सहयोग र समन्वयमा उत्पादनमूलक रोजगारी सिर्जना, स्वरोजगार र आय आर्जनका कार्यक्रमहरू कार्यान्वयन गर्छौं ।

- **सङ्घीयताको मूल्याङ्कन :** सङ्घीयताको एक दशकको कार्यान्वयन मूल्याङ्कन गर्ने, प्रशासनिक संरचना, जनशक्ति व्यवस्थापनको समीक्षाका लागि अधिकार सम्पन्न सङ्घीयता सुदृढीकरण आयोग गठन गरी सङ्घीयता कार्यान्वयनलाई सशक्त र प्रभावकारी बनाउँछौं ।

- **वित्तीय स्रोत व्यवस्थापन :** कार्य जिम्मेवारी अनुरूप वित्तीय स्रोतको न्यायिक र सन्तुलित व्यवस्थापनका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको क्षमता बढाई सक्षम, प्रभावकारी र जवाफदेही बनाउँछौं । सङ्घ, प्रदेश

र स्थानीय तहको समन्वयको आधारमा दोहोरोपन नहुने गरी स्रोत र साधनको अधिकतम उपयोगका लागि योजनाहरूको प्राथमिकीकरण गर्छौं । वित्तीय स्रोत व्यवस्थापन प्रभावकारी र पारदर्शी बनाउन सङ्घीय विषयगत मन्त्रालयहरूबाट आ-आफ्नो विषय क्षेत्रको मापदण्ड, मानक र व्यवस्थापन प्रभावकारी बनाई जवाफदेहिता पद्धति सुनिश्चित गर्छौं ।

- **वित्तीय जवाफदेहिता र आर्थिक अनुशासन** : सार्वजनिक स्रोत उपभोगमा कार्यदक्षता, मितव्ययिता, आन्तरिक नियन्त्रण, अनुशासन र जवाफदेहिता कायम राख्न आवश्यक कानुनी, संस्थागत र कार्यगत सुधार गर्छौं । सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण प्रणालीलाई प्रभावकारी र अझ विश्वसनीय बनाउँछौं । प्राकृतिक स्रोत उपयोग राजस्व बाँडफाँट र रोयल्टी वितरणमा सुधार गरी वित्तीय सन्तुलन र समतामूलक स्रोत वितरण प्रणाली अवलम्बन गर्छौं ।

- **आयोजना बैङ्क** : तीनै तहमा देखिएको आयोजना छनौटको समस्या समाधान गर्न सङ्घ, प्रदेश र स्थानीय तीनै तहले प्रयोग गर्ने र दोहोरो नपर्ने गरी राष्ट्रिय आयोजना बैङ्कलाई प्रभावकारी बनाउँछौं । सो प्रणालीमा स्थान विशेष (spatial) सबै सूचना समावेश गर्नु पर्ने बाध्यात्मक व्यवस्था गर्छौं ।

- **वित्तीय हस्तान्तरण**: तीनै तहको सरकारको कार्यविभाजनले तोकेको दायित्व बमोजिम सङ्घ प्रदेश र स्थानीय तहको लागतको अनुमान गर्ने र तीनै तहमा रहेको स्रोतको आधारमा अन्तरसरकारी वित्तीय हस्तान्तरण निर्धारण गर्ने गरी राष्ट्रिय प्राकृतिक स्रोत र वित्त आयोगसँग सहकार्य गर्छौं ।

  अन्तरसरकारी वित्तीय हस्तान्तरणको अनुमानित परिमाण प्रदेश र स्थानीय सरकारहरूले बजेट कार्यक्रम बनाउने प्रारम्भिक समयमा नै जानकारी गराउँछौं । सङ्घीय अन्तरसरकारी वित्तीय हस्तान्तरण, विशेषगरी वित्तीय समानिकरण अनुदानको आधारमा प्रदेश र स्थानीय तहले बजेट तथा कार्यक्रम बनाउने भएको हुनाले विनियोजन भैसकेपछि पनि घटाउने परिपाटीको अन्त्य गर्छौं ।

- सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन तीनै तहको सरकारहरूसँग सहकार्य गरी कार्यान्वयन गर्छौं ।

- प्रदेश र स्थानीय सरकारहरूले प्रयोग गर्ने वित्तीय सूचना प्रणालीहरूलाई चुस्त दुरूस्त बनाउँछौं ।

## ४. स्थानीय स्वशासन सबलीकरण

- **तृणमूल तहमा सेवा सुविधा विस्तार** : वास्तविक विकास स्थानीय शासन मजबुत नभएसम्म सङ्घीयताको सपना अपूरै रहन्छ । राज्यको तृणमूल तहमा गुणस्तरीय शिक्षा, स्वास्थ्य र विकास पुगेपछि मात्र नेपालको वास्तविक विकास हुन्छ भन्ने दृढ मान्यता स्थापित गर्न राजनीतिक इच्छाशक्ति, प्रशासनिक सुधार र जनताको सहभागिताबिच संयोजन गर्छौं । स्थानीय शासन सबलीकरणका आधारभूत मान्यताहरू **अधिकार दिने, जवाफदेही बनाउने, सक्षम बनाउने, सेवा केन्द्रित हुनुपर्ने र निरन्तर सुधार गर्दै जाने** पाँच मूल सिद्धान्तमा काम गर्छौं ।

- **कामको दोहोरोपना र वित्तीय स्वायत्तता** : सबै प्रकारका नागरिक सेवाहरू स्थानीय तह, अझ वडा तहमै सहज उपलब्ध हुनेगरी सङ्घ तथा प्रदेशबाट प्रवाह हुने सेवाहरू समेत स्रोत साधन सहित निक्षेपण गर्छौं । संवैधानिक अधिकारको व्यवहारिक कार्यान्वयनमा देखिएको समस्या र कामको दोहोरोपनाले स्रोतको दोहन भएको, वित्तीय स्वायत्तताको अभावले राजस्व अधिकार सीमित भएको, मानव संसाधन व्यवस्थापनमा भएको कमजोरीले क्षमता र विशेषज्ञताको अभाव रहेको एवम् राजनीतिक हस्तक्षेप समेतले भएको सेवा वितरणको असक्षमतालाई सँधैका लागि निराकरण गर्छौं ।

- **संवैधानिक र कानुनी सशक्तिकरण** : संवैधानिक र कानुनी सशक्तिकरण गरी स्थानीय तहको वित्तीय अधिकार बढाउन, सङ्घ तथा प्रदेशबाट हुने अनुदान प्रणाली सुधार तथा वृद्धि गर्न र राजस्व सङ्कलन क्षमता बढाउन स्थानीय स्वशासन सशक्तिकरणका कार्यक्रम ल्याउँछौं । प्रधानमन्त्रीले अध्यक्षता गर्ने राष्ट्रिय समन्वय परिषद्लाई सक्रिय बनाई स्थानीय स्वशासनको सबलीकरण गर्छौं ।

# कसरी कार्यान्वयन गर्छौं ?

## नेपाली कांग्रेसको प्रतिज्ञा कार्यान्वयनको खाका

*नेपाली कांग्रेसले आसन्न निर्वाचनका लागि आफ्ना प्रतिबद्धतालाई घोषणा मात्र नभई प्रतिज्ञाको रूपमा प्रस्तुत गरेको छ । हाम्रो प्रतिज्ञापत्र- पाँच वर्षपछि मूल्याङ्कन गरिने परम्परागत दस्तावेज होइन, हरेक महिना जनताले जाँच्न सक्ने रिपोर्ट कार्ड सहितको संकल्प हो ।*

हामीले अघि सारेका सुशासन र क्षेत्रगत विकासका लक्ष्य चमत्कारी चुनावी नारा होइनन्, बरू राज्य संरचना र कार्यशैलीमा आमूल परिवर्तनको दृढ निश्चय र कार्यान्वयन हुनसक्ने ठोस योजनाहरू हुन् । प्रतिज्ञापत्रमा हाम्रा जुन प्राथमिकताहरू छन्, ती लामो समयदेखि **Project Government** अभियानका क्रममा हामीले विभिन्न क्षेत्रका राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञहरूसँग गरिएको गहन छलफलबाट आएका हुन् । त्यस अभियानको अनुभव, अनुसन्धान, ठोस तथ्य र उपलब्ध तथ्याङ्क (**Evidence-based and Data-driven**) का आधारमा गम्भीर गृहकार्य सहित तयार परिएको यो विस्तृत कार्ययोजना पनि हो । केवल प्राथमिकतामात्र नतोकी हाम्रा वाचाहरूको कार्यान्वयनका लागि आवश्यक थुप्रै नीतिगत, संस्थागत, संरचनागत र कतिपय संवैधानिक सुधारका विषयलाई समयसीमा सहित प्रस्तुत गरेका छौं ।

यति ठूलो सुधार कुनै एक व्यक्ति, एउटा दल वा संस्था मात्रले गरेर सम्भव छैन । हामी सबैलाई मिलाएर, सबैको सहयोग लिँदै, सबैका चिन्ता र सरोकारको सम्बोधन गर्दै, सबैका विचार र पहिचानको सम्मान गर्दै अगाडि बढ्नेछौं । मुलुकलाई निकास दिन 'अहिले नै सबै दलहरूसँग सहकार्य गरौं' भन्ने आग्रह गरिरहेको नेपाली कांग्रेसले आफ्ना सुधारहरूमा सरोकारवाला सबैको अपनत्व सुनिश्चित गर्नेछ । कांग्रेस सबैलाई जोडेर मुलुकलाई निकास दिने भरोसायोग्य राजनीतिक शक्ति हो भन्ने फेरि एकचोटि प्रमाणित गर्नेछौं ।

## १. पहिलो वर्षभित्रै संवैधानिक सुधार

हामीले प्रतिज्ञापत्रमा गरेका प्रतिबद्धताहरू पुरा गर्नका लागि संविधानमा केही नयाँ बुँदाहरू थप्नुपर्ने छ भने कतिपय ठाउँमा समयसापेक्ष परिमार्जन जरूरी छ । उदाहरणका लागि, सुशासनको खण्डमा हामीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायतका संवैधानिक निकायहरूमा आमूल परिवर्तन ल्याउने वाचा गरेका छौं । तर संवैधानिक परिषद्को अहिलेकै संरचना कायम राखेर त्यसो गर्न सम्भव छैन । त्यस्तै, न्याय परिषद्को पुरानै संरचना कायम राखी न्यायालयमा भइरहेको दलीयकरण र अनुचित राजनीतिक हस्तक्षेप रोक्न सकिँदैन ।

त्यसैले प्रतिज्ञापत्रमा समेटिएका विभिन्न क्षेत्रको सुधारका लागि व्यक्त प्रतिबद्धताहरू पुरा गर्न संविधानका कुन कुन व्यवस्थाले कार्यसम्पादनमा अवरोध पुऱ्याएका छन्, शासकीय विसंगति निम्त्याएका छन् र कसरी सुधार गर्ने भन्नेबारे गम्भीर गृहकार्य गरेर हामीले एउटा सूची नै तयार पारिसकेका छौं ।

यद्यपि, संविधान संशोधन नेपाली कांग्रेस एक्लैले मात्र गर्न सम्भव हुँदैन । यसमा संसदभित्र र बाहिरका सबै राजनीतिक दलहरूको सक्रिय सहभागिता र बृहत्तर राष्ट्रिय सहमति आवश्यक छ । यसका लागि संसद शूरू हुने बित्तिकै त्यहाँभित्रका दलहरूबीच सहकार्यका लागि एउटा अन्तर-दलीय सहकार्य संरचना (Inter-party Collaboration Framework) निर्माण गरिनेछ र त्यसको नेतृत्व नेपाली कांग्रेसले गर्नेछ । त्यो संरचनामा एउटा न्यूनतम समझदारी कायम गरी त्यही समिति मार्फत संसद बाहिरका अन्य धेरै राजनीतिक दलहरू, नागरिक समाज र सरोकारवाला सबैसँग संवाद र सहमति गरेर छिटोभन्दा छिटो संविधान संशोधनको विषयलाई टुङ्ग्याउनेछौं, जसले हाम्रा प्रतिज्ञाहरूको कार्यान्वय सम्भव बनाउनेछ ।

## २. पहिलो वर्षभित्रै संस्थागत सबलीकरण

हाम्रो प्रतिज्ञापत्रमा उल्लेख लोकतन्त्रलाई सुदृढ र जनमुखी बनाउँदै मुलुकको आमूल रूपान्तरण गर्ने प्रतिबद्धताहरू संघीय सरकारको कुनै एउटा निर्णय वा प्रधानमन्त्री एक्लैको इच्छाशक्तिले पनि पुरा गर्न सम्भव छैन । त्यसका लागि राज्यका हरेक संस्था आफैंमा स्वतन्त्र र सबल हुनुपर्छ । तिनमा दायित्वको गहनतालाई इमानदारीपूर्वक आत्मसात गर्ने प्रवृत्ति, पर्याप्त संस्थागत क्षमता र प्राविधिक ज्ञान समेत हुनुपर्छ ।

हाम्रा नियामक संस्थाहरू वा सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरू, शैक्षिक संस्थाहरू, विभिन्न सार्वजनिक संस्थानहरू आदि सबैलाई दलीयकरणबाट पूर्ण रूपमा मुक्त गरी व्यवसायिक र चुस्त बनाउनु पर्ने छ । तिनको नेतृत्वमा 'राइट म्यान इन द राइट प्लेस' को अवधारणा अनुरूप योग्य व्यक्तिहरू नियुक्त गर्नुपर्छ । यसका लागि हाम्रो 'नियत' सफा हुनुपर्छ ।

यद्यपि, राम्रो नियतसँगै हाम्रा 'नीति'हरूले पनि ती संस्थाहरूलाई सबल बनाउन मद्दत गर्नुपर्छ । यसरी संस्थाहरूलाई सुधार र सुदृढ गर्ने विषयमा के-कस्ता कानूनहरू बदल्नु पर्नेछ, कहाँकहाँ नीतिगत हस्तक्षेप जरूरी छ, त्यसको पनि एउटा सूची नै तयार गरेका छौं ।

सबैसँग सहमति र सहकार्य गर्दै पहिलो वर्षभित्रै प्राथमिकताका आधारमा हामी तमाम संस्थागत र कानूनी जटिलतालाई फुकाउने छौं । यसरी आवश्यक सबै संस्थाहरूलाई यो प्रतिज्ञापत्र कार्यान्वयनका लागि सक्षम र सबल बनाउनेछौं ।

## ३. नीतिगत र शासकीय सुधार

हाम्रा वाचाहरू पुरा गर्ने क्रममा विद्यमान कतिपय कानून, कार्यविधि र निर्देशिकाहरू बाधक हुनेछन् । संविधान जारी हुनु अगाडिदेखिका आजसम्म क्रियाशील यस्ता असान्दर्भिक सयौं कानूनहरूको हामीले पहिचान गरिसकेका छौं । तिनलाई या त खारेज गर्नेछौं, या समयानुकूल बनाउन परिमार्जन गर्छौं । केही कानूनहरूमा 'सनसेट क्लज' (निश्चित समयपछि आफैं निष्क्रिय हुने) राखेर संशोधन गरिनेछ । यसरी प्रतिज्ञापत्रको कार्यान्वयनमा देखिन सक्ने सबै कानूनी र नीतिगत जटिलताको पहिचान गरिसकेका छौं ।

त्यस्तै संसद वा संसदीय समितिहरूको कार्यशैली, क्षमता र प्रक्रियागत जटिलतासँग हामी परिचित छौं । अहिले कायम ढाँचालाई मात्र अवलम्बन गर्दा हामीले प्रस्ताव गर्ने कानूनहरूको निर्माण अपेक्षित गतिमा पुरा हुन सक्दैन । त्यसैले संसदको काम गर्ने शैलीमा परिवर्तन ल्याउने र संसदीय समितिहरूलाई स्पष्ट कार्यादेश र पर्याप्त स्रोत-साधनको प्रबन्ध गर्दै प्रभावकारी बनाउने प्रक्रियाको नेतृत्व पनि नेपाली कांग्रेसले नै गर्नेछ । यसरी हाम्रा प्रतिज्ञाहरूलाई मूर्त रूप दिन आवश्यक सयौं कानूनहरूलाई द्रुत विधायन (Fast-track Legislation) प्रकियामार्फत परित गर्छौं ।

## ४. स्रोतको व्यवस्थापन

हामीलाई थाहा छ, यहाँ घोषणा गरिएका लोककल्याणकारी संकल्पहरू, विकासका योजना र कार्यक्रमहरूलाई सफलतापूर्वक र तोकिएको समयमा लागू गर्न हामीसँग पर्याप्त स्रोत उपलब्ध छैन । तर त्यो अतिरिक्त स्रोत जुटाउने उपायहरूको हामीले पहिचान गरेका छौं । हामीले बाचा गरेका नीतिगत सुधारका कारणः

- अर्थतन्त्रको आकार बढ्नेछ । त्यसबाट राज्यको राजस्व बढ्छ र खर्च गर्ने क्षमतामा पनि उल्लेखनीय वृद्धि हुनेछ ।
- सार्वजनिक सम्पत्तिहरूको मौद्रिकीकरण हुनेछ ।
- अनुत्पादक क्षेत्रमा हुने खर्च कटौतीबाट बचत हुनेछ ।
- आन्तरिक तथा प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धि हुनेछ । सार्वजनिक-निजी साझेदारीको अधिकतम उपयोगमात्र होइन, निजी स्रोतहरू पनि परिचालन हुनेछ ।
- सहुलितपूर्ण वैदेशिक ऋण र सहायता आकर्षित गर्ने सबल कूटनीतिक परिचालन गरिने छ ।
- नेपाली बैंकहरूमा रहेको ठुलो पुँजीको उत्पादनशिल परिचालन गरिने छ ।
- रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ ।
- आन्तरिक ऋण र पूँजी बजारको सदुपयोग हुनेछ ।
- डायस्पोराको ज्ञान, पुँजी र प्रविधि आकर्षित हुनेछ ।
- अन्य वैकल्पिक वित्तीय विधि (Alternative Financing Method) हरू जस्तै हरित ऋणपत्र, Blended Finance विशेष प्रयोजन कोष, कार्बन व्यापार, सार्वभौम ऋणपत्र आदी प्रयोग गरी सरकारी बजेटभन्दा बाहिरका आधुनिक र नवप्रवर्तनकारी वित्तीय स्रोतहरूलाई आकर्षित गरिनेछ ।

यसरी हामी आवश्यक स्रोत जुटाउने र बढाउने नीति लिनेछौं र प्राथमिकता निर्धारण गरी ती स्रोतहरूको सदुपयोग गर्दै हाम्रा योजनाहरूलाई सम्पन्न गर्नेछौं ।

## ५. साझेदारी (टिम नेपाल)

हाम्रा प्रतिबद्धताहरूको कार्यान्वयन संघीय सरकार एक्लैले मात्रै गर्न सक्दैन । यी संकल्पहरू पुरा गर्न 'पार्टनरसिप' वा साझेदारीको नयाँ संस्कृति र सहकार्य चाहिन्छ । त्यसका लागिः

- हामी सातवटै प्रदेश र संघीय सरकारका सबै संस्थाहरूलाई समान हैसियतका साझेदार मानेर व्यवहार गर्नेछौं । यो साझेदारीमा देशका सबै ७५३ पालिका र अझ ६७४३ वडाहरू नै हिस्सेदार हुनेछन् ।

- संविधान र कानूनको संशोधनका लागि सबै राजनीतिक दलहरू, सरोकार वाला नागरिक समाज, संघ-संस्थाहरूसँग साझेदारी गर्नेछौं ।

- सरकार बाहिरको सबैभन्दा ठूलो र समृद्धि निर्माणमा उल्लेखनीय योगदान दिइरहेको निजी क्षेत्रसँग साझेदारी नगरी हाम्रा पूर्वाधार र विकासका थुप्रै आयोजनाहरू अगाडि बढ्न सक्दैनन् । हामी निजी क्षेत्रका नीतिगत समस्या समाधान गरी यस्तो साझेदारी निर्माण गर्नेछौं ।

- नेपाल संलग्न विभिन्न अन्तर्राष्ट्रिय बहुपक्षीय मञ्चमा हाम्रो उपस्थिति र संलग्नतालाई अझ सघन र प्रभावकारी बनाउँदै अन्तर्राष्ट्रिय साझेदारी बलियो बनाउँछौं र त्यसबाट प्राप्त हुने सहयोग र अवसरहरूको अधिकतम उपयोग गर्छौं ।

- संसारभरी छरिएर रहेका नेपाली समुदायको पनि कानूनी समस्या हल गरेर उनीहरूको भावना, ज्ञान, सिप र पुँजीलाई नेपाली माटोसँग जोड्दै मुलुकको समुन्नतिको 'पार्टनर' बनाउँछौं ।

यसरी नेपाली कांग्रेस मुलुकको हित, शान्ति र समुन्नतिका लागि एक्लै हिँड्ने छैन । कांग्रेस नेतृत्वको सरकारले 'टिम नेपाल'को भावनालाई प्रवर्धन गर्दै सहमति र सहकार्यको संस्कृतिलाई अँगालेर, सबैसँग मिलेर, सबैलाई मिलाएर एउटै लयमा बाँध्दै, जिम्मेवारीलाई बाँड्दै, सबैलाई देश निर्माणको एउटै दिशामा डोऱ्याउनेछ ।

## ६. नागरिक सहभागिता र राष्ट्रिय पुनर्जागरण

हाम्रा प्रतिबद्धताहरू एवं हामीले चाहेको परिवर्तनलाई साकार र दिगो बनाउने अर्को महत्त्वपूर्ण आधार हाम्रा नागरिक हुन् । नागरिकको सक्रिय सहभागिता र परिवर्तनप्रतिको अपनत्व बिना हाम्रा संकल्पहरू पुरा हुन सक्दैनन् । विकास र समुन्नति निर्माणमा नागरिकको अपनत्व भएन र आफ्नो कर्त्तव्यप्रति जागरूक हुने अवस्था सृजना भएन भने सरकार एक्लैले समुन्नति निर्माण गर्न सक्दैन । यस तथ्यमा सचेत रहँदै नेपाली कांग्रेसले जागरूक नागरिक र गतिशील समाजका लागि 'राष्ट्रिय पुनर्जागरण' अभियान सञ्चालन गर्ने छ । यस अभियानले नागरिकलाई अधिकारका प्रति सचेत र कर्त्तव्य पालनाका लागि प्रेरित गर्ने छ ।

- सामुदायिक संघसंस्थाहरू, स्थानीय क्लबहरू, विदेशमा बस्ने नेपालीहरूका संघसंस्थाहरू, नागरिक समाजहरूजस्ता आम नागरिकले आफ्नै पहलमा सञ्चालन गरेका संस्थाहरूलाई यो अभियानमा परिचालन गर्नेछौं ।
- यो अभियानमा हामी हरेक पुस्तालाई समान रूपले सहभागी गराउँछौं, जसले युवाहरूको जोस र जेष्ठ नागरिकहरूको अनुभवलाई राष्ट्र निर्माणमा जोड्नेछ । कांग्रेसको नेतृत्वले सबैलाई प्रोत्साहन र उत्प्रेरणा दिनेछ ।
- नेपाली कांग्रेसले नागरिकलाई मतदाता र करदाता मात्र नठानी नीति-निर्माण गर्न सल्लाह लिने र राज्य सञ्चालनमा आफ्नो कामको परीक्षण गर्ने सक्रिय सहभागी मान्नेछ ।

## ७. पारदर्शी र उत्तरदायी नेतृत्व

हाम्रो प्रतिज्ञा अब नेपालको अवस्था बदल्ने हो र यो प्रतिज्ञापत्रमा त्यही उद्देश्य मुखरित छ । नेपाली कांग्रेसले आफ्ना लोकतान्त्रिक मूल्य-मान्यता, मध्यमार्गी सिद्धान्त र चरित्रका आधारमा संवाद, सहमति र सहकार्यमार्फत देशको अवस्था बदल्नेछ । नेपाललाई समुन्नत र सम्मानित नेपालीको साझा घर बनाएरै छाड्ने आत्मविश्वासका साथ पुनःजागृत भएर आएको पार्टीका योजना र तयारीलाई हामीले प्रतिज्ञापत्रमा प्रष्टसँग प्रस्तुत गरेका छौं ।

हामीलाई आजको नेपाली समाजमा भइरहेको परिवर्तनलाई आत्मसात गर्ने, युवा आवाज बुझ्ने र अग्रजहरूको भरोसा जित्ने, नागरिकको आलोचना र सुझावलाई

उदारतापूर्वक ग्रहण गरेर सुधारिन सक्ने नेतृत्व चाहिएको छ । प्रतिकूल समयमा संयम राखेर विषयवस्तुलाई परिपक्व ढंगले हल गर्न र सबैसँग सहकार्य गर्न सक्ने व्यक्तिको नेतृत्वमा मात्र पार्टीले नागरिकमाझ गरेका प्रतिज्ञाहरू पूरा गर्ने सामर्थ्य राख्छ । मुलुकको वर्तमान विशिष्ट परिस्थितिमा हामीलाई जोसमात्र नभई होस पनि भएको र आवेग मात्र नभई विवेक पनि भएको नेतृत्व चाहिएको छ ।

तसर्थ, नेपाली कांग्रेसले समयको मागलाई सम्बोधन गर्नसक्ने, देशभित्र र बाहिरका नेपालीको भावना बुझेको उदार नेतृत्वलाई प्रधानमन्त्रीको रूपमा प्रस्ताव गर्दै आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि यो प्रतिज्ञापत्र जारी गरेको छ ।

## ८. मासिक रिपोर्ट कार्डको जवाफदेही अभ्यास

नेपाली कांग्रेस सरकारको सञ्चालन सिंहदरबारका बन्द कोठामा बसेर होइन जनताको प्रश्न र निगरानीका बीचमा रहेर हुनेछ । हामी प्रतिबद्ध छौं– सरकारले पाँच वर्षपछि होइन प्रत्येक महिना जनतालाई जवाफ दिने नवीन लोकतान्त्रिक अभ्यासको शुरूआत गर्नेछ । नेपाली कांग्रेसले सरकार गठन भएकै महिनादेखि महिनाको पहिलो दिन आगामी महिनाको कार्ययोजना र महिनाको अन्त्यमा उपलब्धिहरू सार्वजनिक गर्नेछ । हामी प्रत्येक मन्त्रालयको नेतृत्वलाई यो प्रतिज्ञापत्र अनुरूप स्पष्ट कार्यदेश तोकेर हरेक महिना वस्तुगत ढङ्गले परीक्षण गर्नेछौं ।

यसरी महिनाभरी प्राप्त भएका उपलब्धिहरू समेटेको 'मासिक रिपोर्ट कार्ड' देखाउने पद्धतिलाई हामी केन्द्रदेखि स्थानीय तहसम्मै संस्थागत गर्नेछौं । हामी अबको पाँच वर्ष सरकार सञ्चालनमा नैतिकता र जवाफदेहिताको यही पद्धति अँगालेको गतिशील नेतृत्व दिनेछौं । जनताको स्नेह र भरोसालाई कहिल्यै टुट्न दिने छैनौं ।

जय नेपाल ।

सुशासन र समुन्नतिको सङ्कल्प
नवीन कांग्रेस नयाँ युगको विकल्प

# रुख चिन्हमा मतदान गरौं !
# नेपाली कांग्रेसलाई जिताऔं !!

प्रकाशक
नेपाली कांग्रेस, केन्द्रिय कार्यालय
बी. पी. नगर, सानेपा, ललितपुर-३, बागमती प्रदेश